# नगर प्रमुखको मन्तव्य

**रोल्पा नगरपालिकाको समृद्धिको आधार**

**कृषि, संस्कृति, पर्यटन र पूर्वाधार**

रोल्पा नगरपालिकाको पाँच बर्षे आवधिक नगर विकास योजना आ.व ( २०७८/७९– २०८३/८४) तर्जुमा गरी कार्यान्वयनमा लैजान पाउदा खुसीको अनुभूति मिलेको छ । नेपालको संविधान २०७२ ले तीन तहका सरकारका वीचमा समन्वय, सहकार्य र सहअस्थित्वको आधारमा अन्तरसम्वन्ध रहने उल्लेख गरेको छ। स्थानीय सरकारलाई संविधानको अनुसूचिमा २२ वटा एकल र थुप्रै साझा अधिकारहरु प्रदान गरेको छ। नीति योजना तथा कार्यक्रमहरुको कार्यन्वयनको शिलसिलामा प्रदेश तथा सघींय सरकारसँग समेत समन्वय र सहकार्यको जरुरी देखिन्छ। यसै मर्मलाई आत्मसाथ गरी रोल्पा नगरपालिकाको विकास र समृद्धिको पाँच बर्षे आवधिक योजना तयार गरिएको छ।

रोल्पा नगरपालिकाको आफ्नै मौलिक विशेषता र संम्भावनाहरु छन । परम्परागत कृषि, पशुपालनका अतिरिक्त पर्यटन, कृषि र जडिवुटिमा आधारित उद्योग, भौतिक पूर्वाधारको विकास, गुणस्तरीय शिक्षा, आधारभूत स्वास्थ्यको सुनिश्चितता, शुद्ध पिउनेपानी ,सरसफाईको माध्यमले समृद्ध नगरपालिका बनाउने हाम्रो अभिलाषालाई आवधिक नगर विकास योजनाले लिपिवद्ध गरेको छ। योजनाले रोल्पा नगरपालिकाको समृद्धिको आधार कृषि, सस्कृति, पर्यटन र पूर्वाधार विकासलाई समृद्धिका आधारको रुपमा लिएको छ।

योजना निर्माणमा प्राविधिक सहयोग गर्ने प्रदेश पशिक्षण प्रतिष्ठान र विज्ञ सेवा उपलव्ध गराउने फेनापति कन्सल्टेन्ट , प्रारम्भिक चरणको छलफल देखि नै सहभागि भई सुझाव सल्लाह उपलव्ध गराउने सवै राजनीतिक दल सघंसस्थाका प्रतिनिधिहरु, कार्यपालिकाका सदस्यहरु, कर्मचारी, पत्रकार लगायत सवैलाई हार्दिक धन्यवाद एवंम् आव्हार व्यक्त गर्दै कार्यन्वयनमा सवैको रचनात्मक साथ र सहयोगको अपेक्षा गर्दछु।

श्री पूर्ण के.सी

नगर प्रमुख

# दुई शब्द

पाचँ बर्षे कार्यकालको एउटा महत्वपूर्ण उपलव्धिको रुपमा रोल्पा नगरपालिकाको पाँच बर्षे आवधिक नगर विकास योजना आ.व ( २०७८/७९— २०८३/८४) तर्जुमा गरी कार्यान्वयनमा लैजान पाउदा खुसीको अनुभूति मिलेको छ। नेपालको संविधान २०७२ ले तीन तहका सरकारका वीचमा समन्वय, सहकार्य र सहअस्थित्वको आधारमा अन्तरसम्वन्ध रहने उल्लेख गरेको छ।

कृषि, सस्कृति, पर्यटन र पूर्वाधार विकासलाई समृद्धिका आधारको रुपमा योजनाले लिएको छ। हाम्रो पाँच बर्षे कार्यकालको समयमा अनुभूति गरेका विषयवस्तुहरु, रोल्पा नगरपालिकाको संम्भावना र आवश्यकतालाई योजनाका माध्यमले लिपिवद्ध गरिएको छ। आगामि कार्यकालका जनप्रतिनिधिहरुलाई समेत यो नगर विकास योजना मार्गदर्शक र उपयोगीसिद्ध सावित हुनेछ भन्ने विश्वास लिएको छु।

योजना निर्माणमा खटिनुहुने राजनीतिक दल सघंसस्थाका प्रतिनिधिहरु, कार्यपालिकाका सदस्यहरु, कर्मचारी, पत्रकार लगायत सवैलाई हार्दिक धन्यवाद एवंम् आव्हार व्यक्त गर्दै कार्यन्वयनमा सवैको साथ र सहयोग रहनेछ भन्ने विश्वास व्यक्त गर्न चाहान्छु।

श्री मनकुमारी घर्तीमगर

नगर उपप्रमुख

# नगर विकास योजना सन्दर्भमा

योजना भाविश्यमा गरिने कार्यको मार्गदर्शक हो। मुलुकमा सघीयता अवलम्वन सँगै तीनै तहका सरकारहरुले आफ्नो कार्यक्षेत्रमा नीति, योजना तथा कार्यक्रमहरु कार्यन्वय गर्दै आइरहेका छन। समन्वय, सहकार्य र सहअस्थित्वको सिद्धान्तको आधार तीनै तहका सरकारको कोर भ्यालुको रुपमा रहेको छ। नागरिकको नजिकको सरकारको रुपमा कार्य गर्ने स्थानीय सरकारको तमाम कार्यक्षेत्र र जिम्मेवारी भएपनि प्राथमिकिकरण र योजनावद्ध अभ्यास जरुरी देखिन्छ।

निर्वाचित पदाधिकारीहरुको पहिलो कार्यकालको अन्त्यतिर भएपनि रोल्पा नगरको विकास र समृद्धिको मार्गचित्रको रुपमा यो ५ बर्षे आवधिक योजना तर्जुमा भएको छ। यो मूलत जनप्रतिनिधिहरुको भोगाई, अनुभव, अनुभूति गरेका आवश्यकता र आगामी पाँच बर्षभित्रमा हाम्रो मौजुदा स्रोत साधन र सम्भावनाले धान्न सक्ने कार्यहरुलाई आधार बनाएर तयार गरिएको छ। योजना निर्माण पूर्णतया सहभागितामूलक ढँगले नै रहेकोले आषाछ योजनामा लिपिवद्ध भएका कार्यकलापहरु कार्यन्वयमा लैजान सहज नै हुनेछ।

नगरको आफ्नै मौलिकपन र संम्भावनाहरुको उपयोग , लुम्विनी प्रदेशको आवधिक योजना, नेपाल सरकारको प्रन्धौ योजना, सरकारका नीति योजना र प्राथमिकताहरुलाई समेत मध्यनजर गरी तयार गरिएको यो दस्तावेज योजनाको रुपमा मात्र सीमित नरहि हामीले राखेको आकाक्षां समृद्धि हासिल हुने दिशामा अग्रसर होस भन्ने सुभेच्छा व्यक्त गर्दै योजना निर्माणको क्रममा साथ, सहयोग , सल्लाह र मार्गदर्शन गर्नुहुने सम्पूर्ण अग्रजहरु प्रति धन्यवाद एवंम कृतज्ञता व्यक्त गर्न चाहान्छु।

धन्यवाद

महेन्द्र पराजुली

प्रमुख प्रशासकिय अधिकृत

# नगर उपप्रमुखको मन्तव्य

रोल्पा नगरपालिकाको उपमेयरको तर्फवाट पहिलो कार्यकालको अन्त्यतिर आइपुग्दा कार्यअवधिमा गरेका कार्यहरुलाई समेटेर नगर पुस्तिका प्रकाशन गर्न पाउँदा गर्वको अनुभूति भएको छ । नगरको सीमित स्रोत साधनका बावजुत पनि हामिले सकेसम्म यो कार्यकालमा नगरक्षेत्रको विकास र समृद्धिका लागि सक्दो प्रयास गर्‍यौ । यद्धपि केहि कार्यहरु आगामि जनप्रतिनिधिहरुको जिम्ममा छाडेर विदा हुदैछौं । सघीय सरकार, प्रदेश सरकार,विभिन्न सहयोगी सघंसस्था, नागारिकहरुको समेत सहयोग र  सहकार्यमा हाम्रो कार्यकालमा भएका विकास निर्माण, सेवाप्रवाह र शुसासनको वहाली गर्ने सन्र्दभमा भएका मुख्य मुख्य कार्यहरुलाई संग्रहित गरी पुस्तकको रुपमा प्रकाशन गरेका छौ ।

पुस्तक एकातर्फ नगरको विकास र समृद्धिमा भए गरेका कार्यहरुको अभिलेख रहनेछ भने अर्कोतर्फ नयाँ पुस्ताका लागि प्रेरणाको स्रोत वन्नेछ भन्ने मैले विश्वास लिएकी छु । सामग्री संकलन र प्रकाशनमा खटिने सवैलाई धन्यवाद दिदै आगामी दिनमा समेत यस प्रकारका रचनात्मक कार्यहरुको निरन्तरताका लागि शुभकामना व्यक्त गर्न चाहान्छु ।

मनकुमारी घर्तीमगर

नगर उपप्रमुख

# पुस्तकको सन्दर्भमा

रोल्पा नगरपालिकाले नगरक्षेत्रको विकास, समृद्धि, सेवाप्रवाह र सुशासनका क्षेत्रमा गरेका कार्यहरुलाई समेटेर पुस्तक प्रकाशन गर्न लागेकोमा खुसी लागेको छ । एकातर्फ पुस्तककले पाँच बर्षे अवधिमा भएगरेका मुख्य मुख्य कार्यहरुलाई समेटने छ भने अर्कोतर्फ नागरिकहरुमाझ नगरपालिकाले सम्पादन गरेका कार्यहरुका बारेमा शुसुचित गर्ने कार्य गर्नेछ।

ह्ामिले गरेका असल अभ्यासहरुलाई अन्यत्र पनि पुराउने र अन्य पालिकाहरुको अभ्यासलाई सिको गर्दै सिक्दै, सुधार गर्दै अघि वढ्ने भएकोले आषा छ पुस्तक सबैका लागि उपयोगीसिद्ध नै हुनेछ। पुस्तक तयार गर्ने क्रममा खटिने सबै साथिहरुलाई धन्यवाद दिदै आगामि दिनमा समेत यस प्रकारका कार्यहरुले निरन्तरता पाउन भन्ने शुभकामना व्यक्त गर्न चाहान्छु।

**महेन्द्र पराजुली**

प्रमुख प्रशासकिय अधिकृत

## विषय सुचि


| शिर्षक | पेज नं. |
|---|---|
| **परिच्छेद एक परिचय** | १ |
| १.१ पृष्ठभूमि | १ |
| १.२ नगरपालिकाको परिचय | २ |
| १.३ नगरपालिकाका समृद्धिका आधारहरु | ८ |
| १.४ योजना तर्जूमाका मार्गदर्शक आधारहरु | ८ |
| १.५ आवधिक योजना तर्जुमाको कार्यक्षेत्र | ९ |
| १.६ आवधिक योजना तर्जुमाका कानूनी तथा नीतिगत आधारहरु | ९ |
| १.७ आवधिक योजना पूर्वतयारी कृयाकलाप तथा चरण | १० |
| **परिच्छेद २ विगतका योजनाको क्षेत्रगत समिक्षा तथा स्थिति विश्लेषण** | **१३** |
| २.१ आर्थिक विकास | १३ |
| २.२ सामाजिक विकास | १४ |
| २.३ पूर्वाधार विकास | १५ |
| २.४ वन, वातावरण तथा विपद व्यवस्थापन | १६ |
| २.५ संस्थागत विकास र सुशासन | १६ |
| **परिच्छेद ३ योजना खाका** | **१७** |
| ३.१ पृष्ठभूमि | १७ |
| ३.२ समस्या | १७ |
| ३.३ चुनौती र अवसर | १७ |
| ३.४ दिगो विकास लक्ष्यहरुसँग आवधिक योजनाको तादम्यता | १८ |
| ३.५ राष्ट्रिय पन्ध्रौं योजनाको सोच | १९ |
| ३.६ प्रादेशिक प्रथम योजनाको सोच र लक्ष्य | १९ |
| ३.७ नगरपालिकाको दिर्घकालिन सोच | १९ |
| ३.८ नगरपालिकाको लक्ष्य | २० |
| ३.९ उद्देश्यहरु | २० |
| ३.१० प्राथमिकता क्षेत्र | २० |
| ३.११ परिमाणात्मक लक्ष्य | २१ |
| ३.१२ रणनीति | २६ |
| ३.१२.१ कार्यनीति तथा मुख्य कार्यक्रम | २६ |
| ३.१५ अपेक्षित उपलब्धि | २७ |
| **परिच्छेद ४ आर्थिक क्षेत्र** | **२८** |
| ४.१ पृष्ठभूमि | २८ |

| | |
|---|---|
| ४.२ कृषि विकास | ३१ |
| ४.२.१ विद्यमान अवस्था | ३१ |
| ४.२.२ सम्भावना÷ अवसर  तथा समस्या /चुनौती | ३१ |
| ४.२.३ दीर्घकालिन सोच, लक्ष्य, उद्देश्य, रणनीति, कार्यनीति, मुख्य कार्यक्रम तथा तर्कवद्ध खाका | ३२ |
| ४.३ पशुपन्छी विकास | ४४ |
| ४.३.१ विद्यमान अवस्था | ४४ |
| ४.३.२ सम्भावना /अवसर तथा समस्या/चुनौती | ४४ |
| ४.३.३ दीर्घकालिन सोच, लक्ष्य, उद्देश्य, रणनीति, कार्यनीति, मुख्य कार्यक्रम तथा तर्कवद्ध खाका | ४४ |
| ४.४ घरेलु तथा साना उद्योग | ५५ |
| ४.४.१ विद्यमान अवस्था | ५५ |
| ४.४.२ सम्भावना /अवसर तथा समस्या/चुनौती | ५५ |
| ४.४.३ दीर्घकालिन सोच, लक्ष्य, उद्देश्य, रणनीति, कार्यनीति, मुख्य कार्यक्रम तथा तर्कवद्ध खाका | ५५ |
| ४.५ पर्यटन विकास | ६४ |
| ४.५.१ विद्यमान अवस्था | ६४ |
| ४.५.२ सम्भावना /अवसर तथा समस्या/चुनौती | ६४ |
| ४.५.३ दीर्घकालिन सोच, लक्ष्य र उद्देश्य रणनीति, कार्यनीति, मुख्य कार्यक्रम तथा तर्कवद्ध खाक | ६४ |
| ४.६ वैंक सहकारी तथा वित्तिय संस्था | ७२ |
| ४.६.१ विद्यमान अवस्था | ७२ |
| ४.६.२ सम्भावना /अवसर तथा समस्या/चुनौती | ७२ |
| ४.६.३ दीर्घकालिन सोच, लक्ष्य, उद्देश्य,  रणनीति, कार्यनीति, मुख्य कार्यक्रम तथा तर्कवद्ध खाक | ७२ |
| ४.७ वैदेशिक रोजगार तथा सुरक्षित आप्रवासन | ८१ |
| ४.७.१ विद्यमान अवस्था | ८१ |
| ४.७.२ सम्भावना /अवसर तथा समस्या/चुनौती | ८१ |
| ४.७.३ दीर्घकालिन सोच, लक्ष्य, उद्देश्य,  रणनीति, कार्यनीति, मुख्य कार्यक्रम तथा तर्कवद्ध खाका | ८१ |
| **परिच्छेद ५ सामाजिक विकास** | ८८ |
| ५.१पृष्ठभूमि | ८८ |
| ५.२ शिक्षा | ९१ |
| ५.२.१ विद्यमान अवस्था | ९१ |
| ५.२.२ सम्भावना /अवसर तथा समस्या/चुनौती | ९१ |
| ५.२.३ दीर्घकालिन सोच, लक्ष्य, उद्देश्य, रणनीति, कार्यनीति, मुख्य कार्यक्रम तथा तर्कवद्ध खाका | ९१ |
| ५.३ स्वास्थ्य तथा पोषण | १०३ |
| ५.३.१ विद्यमान अवस्था | १०३ |
| ५.३.२ सम्भावना /अवसर तथा समस्या/चुनौती | १०३ |
| ५.३.३ दीर्घकालिन सोच, लक्ष्य, उद्देश्य, रणनीति, कार्यनीति, मुख्य कार्यक्रम तथा तर्कवद्ध खाका | १०३ |
| ५.४ खानेपानी तथा सरसफाई | ११५ |

५.४.१ विद्यमान अवस्था १९५
५.४.२ सम्भावना /अवसर तथा समस्या/चुनौती १९५
५.४.३ दीर्घकालिन सोच, लक्ष्य, उद्देश्य, रणनीति, कार्यनीति, मुख्य कार्यक्रम तथा तर्कवद्ध खाका १९५
५.५ लैङ्गिग समानता तथा सामाजिक समावेशीकरण १२३
५.५.१ विद्यमान अवस्था १२३
५.५.२ सम्भावना अवसर तथा समस्या चुनौती १२३
५.५.३ दीर्घकालिन सोच, लक्ष्य र उद्देश्य १२३
(क) महिला १२४
दीर्घकालिन सोच, लक्ष्य, उद्देश्य, रणनीति, कार्यनीति, मुख्य कार्यक्रम तथा तर्कवद्ध खाका १२४
(ख) जेष्ठ नागरिक १३०
दीर्घकालिन सोच, लक्ष्य, उद्देश्य, रणनीति, कार्यनीति, मुख्य कार्यक्रम तथा तर्कवद्ध खाका
(ग) अपाङ्गता १३५
दीर्घकालिन सोच, लक्ष्य, उद्देश्य, रणनीति, कार्यनीति, मुख्य कार्यक्रम तथा तर्कवद्ध खाका
(घ) आदिवासी जनजाति, दलित तथा उत्पिडित वर्ग १४०
दीर्घकालिन सोच, लक्ष्य, उद्देश्य, रणनीति, कार्यनीति, मुख्य कार्यक्रम तथा तर्कवद्ध खाका
(ङ) बालअधिकार तथा बाल संरक्षण १४६
दीर्घकालिन सोच, लक्ष्य, उद्देश्य, रणनीति, कार्यनीति, मुख्य कार्यक्रम तथा तर्कवद्ध खाका
५.६ युवा तथा खेलकुद १५२
५.६.१ विद्यमान अवस्था १५२
५.६.२ सम्भावना /अवसर तथा समस्या/चुनौती १५२
५.६.३ दीर्घकालिन सोच, लक्ष्य, उद्देश्य, रणनीति, कार्यनीति, मुख्य कार्यक्रम तथा तर्कवद्ध खाका १५२
५.७ कला भाषा, साहित्य तथा सस्कृति १५८
५.७.१ विद्यमान अवस्था १५८
५.७.२ सम्भावना /अवसर तथा समस्या/चुनौती १५८
५.७.३ दीर्घकालिन सोच, लक्ष्य, उद्देश्य, रणनीति, कार्यनीति, मुख्य कार्यक्रम तथा तर्कवद्ध खाकf १५८
**परिच्छेद ६ भौतिक पूर्वाधार विकास** **१६४**
६.१ पृष्ठभूमि १६४
६.२ सडक तथा पुल १६७
६.२.१ विद्यमान अवस्था १६७
६.२.२ सम्भावना /अवसर तथा समस्या/चुनौती १६७
६.२.३ दीर्घकालिन सोच, लक्ष्य, उद्देश्य, रणनीति, कार्यनीति, मुख्य कार्यक्रम तथा तर्कवद्ध खाकf १६७
६.३ सिंचाई १७७
६.३.१ विद्यमान अवस्था १७७
६.३.२ सम्भावना /अवसर तथा समस्या/चुनौती १७७
६.३.३ दीर्घकालिन सोच, लक्ष्य, उद्देश्य, रणनीति, कार्यनीति, मुख्य कार्यक्रम तथा तर्कवद्ध खाका १७७

६.४ सुञ्चार तथा सुचना प्रविधि	१८३
६.४.१ बिद्यमान अवस्था	१८३
६.४.२ सम्भावना /अवसर तथा समस्या/चुनौती	१८३
६.४.३ दीर्घकालिन सोच, लक्ष्य, उद्देश्य, रणनीति, कार्यनीति, मुख्य कार्यक्रम तथा तर्कवद्ध खाकf	१८३
६.५ आवास तथा वस्ती विकास	१८९
६.५.१ विद्यमान अवस्था	१८९
६.५.२ सम्भावना /अवसर तथा समस्या/चुनौती	१८९
६.५.३ दीर्घकालिन सोच, लक्ष्य, उद्देश्य, रणनीति, कार्यनीति, मुख्य कार्यक्रम तथा तर्कवद्ध खाकf	१८९
६.६ विद्युत तथा बैकल्पिक उर्जा	१९५
६.६.१ विद्यमान अवस्था	१९५
६.६.२ सम्भावना /अवसर तथा समस्या/चुनौती	१९५
६.६.३ दीर्घकालिन सोच, लक्ष्य, उद्देश्य, रणनीति, कार्यनीति, मुख्य कार्यक्रम तथा तर्कवद्ध खाका	१९५

**परिच्छेद ७ वन, वातावरण संरक्षण एवम् विपद व्यवस्थापन	२०१**

७.१ पृष्ठभूमि
७.२ वन तथा जैविक विविधता	२०४
७.२.१ विद्यमान अवस्था	२०४
७.२.२ सम्भावना /अवसर तथा समस्या/चुनौती	२०४
७.२.३ दीर्घकालिन सोच, लक्ष्य, उद्देश्य, रणनीति, कार्यनीति, मुख्य कार्यक्रम तथा तर्कवद्ध खाका	२०४
७. ३. भू तथा जलाधार व्यवस्थापन	२१०
७.३.१ विद्यमान अवस्था	२१०
७.३.२ सम्भावना /अवसर तथा समस्या/चुनौती	२१०
७.३.३ दीर्घकालिन सोच, लक्ष्य, उद्देश्य, रणनीति, कार्यनीति, मुख्य कार्यक्रम तथा तर्कवद्ध खाका	२१०
७.४. वातावरण तथा स्वच्छता	२१६
७.४.१ विद्यमान अवस्था	२१६
७.४.२ सम्भावना /अवसर तथा समस्या/चुनौती	२१६
७.४.३ दीर्घकालिन सोच, लक्ष्य उद्देश्य, रणनीति, कार्यनीति, मुख्य कार्यक्रम तथा तर्कवद्ध खाका	२१६
७.५.विपद् व्यवस्थापन तथा जलवायु परिवर्तन	२२२
७.५.१ विद्यमान अवस्था	२२२
७.५.२ सम्भावना /अवसर तथा समस्या/चुनौती	२२२
७.५.३ दीर्घकालिन सोच, लक्ष्य, उद्देश्य, रणनीति, कार्यनीति, मुख्य कार्यक्रम तथा तर्कवद्ध खाक	२२२

**परिच्छेद – आठ संस्थागत विकास तथा सुशासन	२३२**

८.१ पृष्ठभूमि
८.२ सुशासन, ऐन, नियम तथा जवाफदेहिता	२३५
८.२.१ विद्यमान अवस्था	२३५

८.२.२ समस्या /चुनौती तथा सम्भावना÷ अवसर २३५
८.२.३ दीर्घकालिन सोच, लक्ष्य, उद्देश्य, रणनीति, कार्यनीति, मुख्य कार्यक्रम तथा तर्कवद्ध खाका २३५
८.३ संस्थागत संरचना तथा मानव संशाधन २४१
८.३.१ विद्यमान अवस्था २४१
८.३.२ समस्या /चुनौती तथा अवसर /सम्भावना २४१
८.३.३ दीर्घकालिन सोच, लक्ष्य, उद्देश्य, रणनीति, कार्यनीति, मुख्य कार्यक्रम तथा तर्कवद्ध खाका २४१
८.४ श्रोत परिचालन २४७
८.४.१ विद्यमान अवस्था २४७
८.४.२ समस्या /चुनौती तथा अवसर/ सम्भावना २४७
८.४.३ दीर्घकालिन सोच, लक्ष्य, उद्देश्य, रणनीति, कार्यनीति, मुख्य कार्यक्रम तथा तर्कवद्ध खाकf २४७
८.५ योजना व्यवस्थापन २५२
८.५.१ विद्यमान अवस्था २५२
८.५.२ समस्या÷ चुनौती तथा अवसर/ सम्भावना २५२
८.५.३ दीर्घकालिन सोच, लक्ष्य, उद्देश्य, रणनीति, कार्यनीति, मुख्य कार्यक्रम तथा तर्कवद्ध खाका २५२
**परिच्छेद् ९ वित्तिय विश्लेषण २५७**
९.१ स्रोत व्यवस्थापनको प्रवित्ति २५७
९.२ राजश्व (आय) प्रक्षेपण २५७
९.३. रणनीतिक कार्यक्रम र श्रोत अनुमान (व्यय प्रक्षेपण) २५७
९.४ घाटा वजेटको परिपुर्ति २६१
**परिच्छेद दश आयोजना वैंक २६२**
१०.१ पृष्ठभूमि २६२
१०.२ नगर गौरवका आयोजना २६३
१०.३ अन्तरपालिका सहकार्यमा सम्पन्न गर्न सकिने आयोजना २६५
१०.४ रुपान्तरणकारी आयोजना २६६
१०.५ वडागत योजना २६७
**परिच्छेद– एघार अनुगमन तथा मूल्याङ्कन** २७५
११.१ अवसर र चुनौती २७५
११.२ उद्देश्य / असर २७५
११.३ रणनीति २७६
११.४ अनुगमन मुल्याङ्कन खाका २७६

## तालिका सुचि


| क्रसं | विवरण | पेज नम्वर |
|---|---|---|
| १ | तालिका १: वडागत विभाजन | २ |

| | | |
|---|---|---|
| २ | तालिका २ : जनसंख्या विवरण | ३ |
| ३ | तालिका ३ : पशुपालन फर्मको विवरण | ४ |
| ४ | तालिका ४ : वैंक तथा वित्तिय संस्था सम्वन्धि विवरण | ५ |
| ५ | तालिका ५: विद्यालय सम्वन्धि विवरण | ५ |
| ६ | तालिका ६ : स्वास्थ्य संस्था सम्वन्धि विवरण | ६ |
| ७ | तालिका ७: सञ्चार सेवा सम्वन्धि विवरण | ७ |
| ८ | तालिका ८ : आर्थिक क्षेत्रका मुख्य प्रगति विवरण | १३ |
| ९ | तालिका ९ : सामाजिक क्षेत्रको प्रगति विवरण | १४ |
| १० | तालिका १० : पूर्वाधार क्षेत्रको प्रगती विवरण | १५ |
| ११ | तालिका ११: वन वातावरण तथा विपद् व्यवस्थापन क्षेत्रको प्रगति | १६ |
| १२ | तालिका १२ : दीगो विकास लक्ष्य तथा सुचक | १८ |
| १३ | तालिका १३: दीर्घकालिन राष्ट्रिय लक्ष्य तथा सुचक | १८ |
| १४ | तालिका १४: दीर्घकालिन प्रदेश लक्ष्य तथा सुचक | १९ |
| १५ | तालिका १५ : राष्ट्रिय तथा लुम्बिनी प्रदेशको लक्ष्य | २२ |
| १६ | तालिका १६: रोल्पा नगरपालिकाको परिमाणात्मक लक्ष्य | २३ |
| १७ | तालिका १७: आर्थिक क्षेत्रका लक्ष्य परिणाम | ३० |
| १८ | तालिका १८ : सामाजिक क्षेत्रको लक्ष्य परिमाण | ९० |
| १९ | तालिका १९ : पूर्वाधार क्षेत्रको लक्ष्य परिणाम | १६६ |
| २० | तालिका २० : वन, वातावरण तथा विपद् व्यवस्थापन क्षेत्रको लक्ष्य परिणाम | २०३ |
| २१ | तालिका २१: सुशासन तथा संस्थागत क्षेत्रको लक्ष्य परिणाम | २३४ |
| २२ | तालिका २२: नगरपालिकाको वित्तिय स्रोतको प्रवृत्ति | २५७ |
| २३ | तालिका २३ राजश्व प्रक्षेपण | २५९ |
| २४ | तालिका २४ : क्षेत्रगत वजेट विनियोजन (सारांश) | २६० |
| २५ | तालिका २५ : योजना छनौटका आधारहरु | २६२ |
| २६ | तालिका २६ :आवधिक योजनाको अनुमान तथा मूल्याङ्कन प्रक्रिया | २७७ |

## शब्द संक्षेप

| | | |
|---|---|---|
| अ.मु. | : | अनुगमन तथा मूल्याङ्कन |
| आ.व. | : | आर्थिक वर्ष |
| आ.वि. | : | आधारभुत विद्यालय |
| उ.स. | : | उपभोक्ता समिति |
| कि.मि. | : | किलोमिटर |
| गाविस | : | गाउँ बिकास समिति |
| जिसस | : | जिल्ला समन्वय समिति |
| नपा | : | नगरपालिका |
| नकापा | : | नगर कार्यपालिका |
| प्रा.वि. | : | प्राथमिक विद्यालयख |
| मा.वि. | : | माध्यमिक विद्यालय |
| रायोआ | : | राष्ट्रिय योजना आयोग |
| रु. | : | रुपैंयाँ |
| लि | : | लिटर |
| व. नं. | : | वडा नम्वर |
| स.सं | : | सहकारी संस्था |
| सा.सं | : | सामुदायिक संस्था |
| हे. | : | हेक्टर |

# परिच्छेद - एक

## परिचय

### १.१ पृष्ठभूमि

राजनीतिक व्यवस्थाको रुपान्तरण सँगै वि.सं. २०१३ सालदेखि शुरु भएको योजनाबद्ध विकास प्रणालीमा पनि समय सापेक्ष रुपान्तरण हुदै आएको पाइन्छ । संघीय राजनीतिक व्यवस्थालाई व्यवस्थित गर्न निर्माण गरिएको वर्तमान संविधानले संघ, प्रदेश तथा स्थानीय तहका बीच सहकार्य, समन्वय तथा सहअस्थित्वका आधारमा समग्र देशको समृद्धिको आधार तय गर्ने कुरालाई अंगिकार गरेको छ । संविधानले राज्य शक्तिको बाँडफाँड तथा वित्तीय हस्तान्तरण मार्फत तीन तहका सरकारलाई नीति तथा योजना तर्जुमा तथा त्यसको कार्यान्वयनका लागि समान हैसियत प्रदान गरेको छ भने समग्र देशको तिव्र विकासका लागि तीन तहका सरकार बीच परिपुरकताको सम्बन्ध हुनु पर्ने कुराको परिकल्पना गरेको छ । यस संदर्भमा, संघीय तथा प्रदेश सरकारले आवधिक योजना तर्जुमा गरी योजनाबद्ध विकासलाई संस्थागत गरिरहेको सन्दर्भमा स्थानीय सरकारले पनि संघीय तथा प्रदेश सरकारको विकास सँग तादाम्यता मिलाउन आवधिक योजना तर्जुमा गर्नुपर्ने आवश्यकता महसुस गरिएको छ ।

नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा २४, राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग, २०७४, अन्तरसरकारी वित्त व्यवस्थापन ऐन २०७४, संघीय तथा प्रदेश सरकारले जारी गरेका नीति तथा निर्देशिका, स्थानीय तहमा बजेट तर्जुमा, कार्यान्वयन, आर्थिक व्यवस्थापन तथा सम्पत्ति हस्तान्तरण सम्बन्धी निर्देशिका, २०७४ लगायतका ऐन तथा नीति नियमले स्थानीय सरकारहरुले आवधिक योजना तर्जूमा गरी त्यसका आधारमा वार्षिक तथा रणनीतिक योजनाहरु जारी गर्नुपर्ने कुरालाई जोड दिएको छ ।

संघीय सरकारले जारी गरेका ऐन तथा दिग्दर्शनहरुले स्थानीय सरकारले बनाउने वार्षिक योजनाहरु मध्यकालिन खर्च संरचना र दीर्घकालीन रुपमा निर्माण गरिएका योजनाहरुको अंशको रुपमा रहनुपर्ने नीतिगत व्यवस्था गरेको छ । तसर्थ स्थानीय सरकारले मध्यकालिन खर्च संरचना लगायतका व्यवस्थाहरुको अन्तरवस्तुलाई सम्बोधन गर्नका लागि आवधिक विकास योजना तर्जुमा गर्न आवश्यक देखिन्छ । अर्कोतर्फ संयुक्त राष्ट्र संघले घोषणा गरेको दीगो विकासका लक्ष्य, राष्ट्रिय लक्ष्य तथा प्रादेशिक लक्ष्यहरुलाई व्यवहारिक रुपमा सम्बोधन गर्ने प्रमुख जिम्मेवारी स्थानीय सरकारको हुने भएकाले स्थानीय तहले आवधिक विकास योजना निर्माण गर्नुपर्ने अपरिहार्यता रहेको छ ।

संघीय शासन व्यवस्थाको शुरुवातसँगै साविकको लिवाङ, खुमेल, जंकोट, ह्वामा, धावाङ, कोटगाउ गाविस ,जेदवाङ र कोर्चावाङका केहि वडाहरु गाभिएर गठन गरिएको रोल्पा नगरपालिकाले हालसम्म वार्षिक रुपमा अभ्यास गरिदै आएको सात चरणको योजना तर्जुमा प्रक्रियालाई वार्षिक योजना तथा बजेट तर्जुमा प्रक्रियाको

रुपमा अंगिकार गर्दै आएको देखिन्छ । नगरपालिका वस्ती तहवाट माग र पहिचान भएका आयोजना कार्यान्वयन गर्ने देखि दीगो विकास, राष्ट्रिय तथा प्रादेशिक लक्ष्यलाई स्थानीयकरण गर्दै परिणाममुखी, दीगो र नागरिक तहमा योगदान पुऱ्याउन सक्ने कार्यक्रमहरु निर्माण र कार्यान्वयनमा सहजता ल्याउन आवधिक योजना मार्गदर्शकको रुपमा रहनेछ ।

संविधान र स्थानीय सरकार सञ्चालन ऐनले सरकारको रुपमा परिभाषित गरेको यो नगरपालिकाले सामाजिक तथा आर्थिक लगायतका क्षेत्रहरुमा आफूलाई अव्वल सावित गर्न तथा संघ सरकार र लुम्बिनी प्रदेश सरकारको योजनासँग तादाम्यता मिलाउन दीर्घकालीन सोच, लक्ष्य, उद्देश्य तथा रणनीति निर्माण गरी काम गर्नु पर्ने अपरिहार्यता पनि छ। तसर्थ नगरपालिकाले आ.व २०७८/७९ देखि लागु हुने गरी प्रथम पञ्चवर्षिय योजना आ.व ( २०७८/७९– २०८३/८४) तर्जुमा गरेको छ । यो आवधिक योजनाले वि.सं २०८६ सम्ममा विकासोन्मुख देशको रुपमा स्तरोन्नती हुने र वि.सं. २१०० सम्ममा समृद्ध नेपाल सुखी नेपालीको सपना साकार पार्ने सपनालाई मुर्त रुप दिन नगरपालिकाको तर्फबाट योगदान पुऱ्याउने अपेक्षा गरिएको छ ।



## १.२ नगरपालिकाको परिचय

### १.२.१ नगरपालिकाको भौगोलिक अवस्थिती

लुम्बिनी प्रदेश अन्तर्गतको रोल्पा नगरपालिका ८२ डिग्री ३० सेकेण्ड देखि ८२ डिग्री ४५ सेकेण्ड पुर्वी देशान्तर तथा २८ डिग्री १५ सेकेण्ड देखि २८ डिग्री  २५ सेकेण्ड उत्तरी अक्षांशमा अवस्थित छ ।  पूर्वमा सुनिल स्मृति गाउँपालिका, उत्तरमा थवाङ र सुनछहरी गाउँपालिका, पश्चिममा माडस गाउँपालिका, दक्षिणमा रुन्टीगढी गाउँपालिका र त्रिवेणी गाउँपालिका रहेको यो नगरपालिका रोल्पा जिल्लाको सदरमुकाम पनि हो ।

**तालिका १: वडागत विभाजन**

| वडा नं. | समावेश भएका साविक गा.वि.स |
|---|---|
| १ | लिवाङ (३,४,८), |
| २ | लिवाङ (५,६) |

| | |
|---|---|
| ३ | लिवाङ (१,२) |
| ४ | लिवाङ (७,९) |
| ५ | जेदवाङ (१–६) |
| ६ | कोटगाउँ (२–७,९) |
| ७ | कोटगाउँ (१,८) |
| | कार्चावाङ (३–५) |
| | जंकोट (१) |
| ८ | जंकोट (२–९) |
| ९ | ह्वामा (१–९) |
| १० | धवाङ (१–९) |

रोल्पा तथा सल्यान जिल्लाको सिमामा पर्ने रोल्पाथुमको नामबाट नामाकरण भएको यो नगरपालिकाको कुल क्षेत्रफल २७०.३ वर्ग कि।मि। रहेको छ भने कुल १० वटा वडामा पालिका विभाजित रहेको छ । जलजला क्षेत्र , माडिचौर, सातदोबाटो र दारवोट जस्ता मनोरम ठाउँहरु नगरपालिकाका प्राकृतिक आकर्षणका क्षेत्रहरु हुन भने मगर, गुरुङ, नेवार लगायतका जातजातिको रिति-रिवाज, भाषा, धर्म र संस्कृति यहाँका सांस्कृतिक आकर्षणका क्षेत्रहरु हुन ।

### १.२.२ प्रशासनिक अवस्था

कुल १० वटा वडामा विभाजित रोल्पा नगरपालिकामा साविक लिवाङ, कोटगाउँ, का र्चावाङ, जंकोट, ह्वामा र धवाङ गा.वि.स. गाभिएका छन । क्षेत्रफलका हिसाबले नगरपालिकाको वडा नं. १०, ९ र ८ ले नगरपालिकाको ठूलो हिस्सा ओगटेको छन भने अरु वडाहरु भौगोलिक आकार र विभाजन लगभग समान प्रकृतिको छ । लिवाङ बजार रोल्पा नगरपालिकाको प्रमुख व्यावसायिक तथा आवासीय क्षेत्र हो । पछिल्लो समयमा खुमेल, बामरुक, रेउघा, माडिचौर, सातदोवाटो, दार्वोट लगायतका क्षेत्रहरु पनि बजारउन्मुख क्षेत्रका रुपमा विकसित हुदै गइरहेका छन ।

# २.२ जनसंख्या, जातजाति र धर्म

➧ **जनसंख्या तथा घरधूरी :**

| तालिका २ : जनसंख्या विवरण | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| वडा नं | घरधुरी संख्या | जम्मा जनसंख्या | पुरुष | महिला | अन्य | पुरुष घरमुली | महिला घरमुली | औषत परिवार सख्या |
| १ | ७३९ | ३२३६ | १६२१ | १६१५ | ० | ६२३ | ११५ | ४.३८ |
| २ | ७९१ | ३७५४ | १८२१ | १९३२ | १ | ६५८ | १३३ | ४.७५ |
| ३ | ५५३ | २९२६ | १४७२ | १४५४ | ० | ४३९ | ११४ | ५.२९ |
| ४ | ५०९ | २६९९ | १३३६ | १३६१ | २ | ४०९ | १०० | ५.३० |
| ५ | ४८४ | २६१६ | १३१२ | १३०३ | १ | ४१५ | ६८ | ५.४० |
| ६ | ७९७ | ४१२५ | २१२१ | २००४ | ० | ५९२ | २०५ | ५.१८ |
| ७ | ५३२ | २६५१ | १३०७ | १३४४ | ० | ४५३ | ७९ | ४.९७ |
| ८ | ४९६ | २५८८ | १२७१ | १३०८ | १ | ३९३ | १०३ | ५.२२ |
| ९ | ८२४ | ४३३८ | २१३२ | २२०४ | २ | ६४३ | १७८ | ५.२६ |
| १० | १०७६ | ६०६६ | ३०८८ | २९७६ | २ | ८६६ | २१० | ५.६४ |
| जम्मा | ६८०१ | ३४९९९ | १७४८९ | १७५०१ | ९ | ५४९१ | १३०४ | ५.१५ |

स्रोत : घरधुरी सर्बेक्षण,२०७७

कुल जनसंख्या ३४,९९९ रहेको रोल्पा नगरपालिकामा पुरुष १७,४८९ र महिला १७,५०१ छन । त्यसैगरी कुल ६,८०१ घरधुरी मध्ये पुरुष घरमुली भएका घरधुरी ५४९१ र महिला घरमुली भएका घरधुरी १३०४ (१९ प्रतिशत) छन । वडागत जनसंख्या हेर्दा सबैभन्दा बढी जनसंख्या वडा नं १० मा ६,०६६ र सबैभन्दा कम वडा नं ८ मा २,५८८ रहेको छ । घरधुरी अनुसार, सबैभन्दा बढी घरधरी वडा नं १० मा १,०७६ र सबैभन्दा कम वडा नं ५ मा ४८४ रहेको छ । नगरपालिकाको औंषत परिवार संख्या ५.१५ रहेको छ ।

➧ **जातजाति र धर्म**

रोल्पा नगरपालिकामा हिन्दु, बौद्ध, प्रकृति, ईस्लाम, आदि धर्म मान्नेको बसोबास रहेको पाईन्छ, जसमा हिन्दु धर्म मान्ने ३१,६९६ (९० प्रतिशत),बौद्ध धर्म ३,००२ (८.५ प्रतिशत), र अन्य धर्महरु मान्नेको संख्या नगन्य छ । नगरपालिका क्षेत्रमा हिन्दु धर्मालम्वीको बाहुल्यता भएको कारण यहाँ दशैं, तिहार, माघी, तिज मेला, पुर्णिमा मेला, देवालीजस्ता चाड पर्व संस्कृतिहरु मनाइन्छ साथै किसमस तथा इद पनि मनाइने गरिन्छ ।

जातीय हिसाबले आदिवासी जनजाति समुदायको वाहुल्यता रहेको यो नगरपालिकामा मगर समुदाय कुल जनसंख्याको ३८ प्रतिशत छन भने अन्य जनजातिमा गुरुङ, नेवार, राई आदिको बसोबास छ । त्यसैगरी क्षेत्री २९ प्रतिशत छन भने दलित समुदाय पनि १६ प्रतिशतको हारहारीमा रहेका छन ।

नगरपालिकामा बसोबास गर्ने अन्य अल्पसंख्यक समुदायहरुमा बादी, छन्त्याल, गाइने, घले, आदि पर्दछन ।

### ➧ उमेरका आधारमा जनसंख्या विवरण

उमेर समूहका आधारमा रोल्पा नगरपालिकामा ६३ प्रतिशत जनसंख्या आर्थिक रुपले सक्रिय जनसंख्या (१५-५९) बर्षका समूह भित्र पर्दछ भने ४० प्रतिशत जनसंख्या २५ देखि ४५ वर्ष उमेर समूहका छन । त्यसै गरी शिशु देखि ५ वर्ष उमेर समूहका ८ प्रतिशत, ५ देखि १४ वर्ष उमेर समूहका १८ प्रतिशत र ६० वर्ष भन्दा माथिको जनसंख्या पनि ८ प्रतिशत रहेको छ । आर्थिक रुपमा सक्रिय जनसंख्याको बाहुल्यता रहेकाले यो नगरपालिकाको समग्र विकास प्रक्रियालाई द्रुत गतिमा अगाडि बढाउन सहज हुने देखिन्छ ।

## २.३ आर्थिक स्थिति

नगरपालिकाका आर्थिक रुपमा सक्रिय जनसंख्या कृषि, नोकरी, ज्यालादारी, दक्ष रोजगारी, वैदेशिक रोजगारी, व्यापार, उद्योग, घरधन्दा आदि पेशामा आवद्ध छन । जसमा कृषिमा ५,७०५ (८०.१%), नोकरीमा १,२८६ (६%), ज्यालादारीमा १,५२५ (७%), दक्ष रोजगारीमा २९२ (१%), व्यापार तथा उद्योगमा ५५३ (३%) रहेका छन । आर्थिक रुपमा सक्रिय जनसंख्याको ठुलो हिस्सा कृषि क्षेत्रमा संलग्न छ भने करिब ९ प्रतिशत वैदेशिक रोजगारमा गएका छन । नगरपालिकामा करिब ३ प्रतिशत बेरोजगार छन भने २० प्रतिशतले घरधन्दामै दैनिकी गुजारीरहेको अवस्था छ । त्यसैगरी करिब १८ प्रतिशत जनसंख्या कुनै निश्चित पेशा नभएका छन ।

### ➧ कृषि तथा पशुपालन :

तालिका ३ : पशुपालन फर्मको विवरण

| | |
|---|---|
| गाई फर्म | ३ |
| भैसी फर्म | ३ |
| बाखा फर्म | ८८ |
| कुखुरा फर्म | १११ |
| दुध डेरी | ४ |
| बंगुर फर्म | ८९ |

स्रोतः वडागत सर्वेक्षण, २०७८

परम्परागत कृषि तथा रोल्पा नगरपालिकाको प्रमुख पेशाको रुपमा रहेको छ । वडा नं. ४ मा बाहेक अरु वडामा अधिकांश घरधुरी कृषिमा आवद्ध छन । मकै, गहुँ, जौ, कोदो, फापर आदि यहाँका मुख्य खाद्यान्न वाली हुन भने बन्दा, काउली, बोडी, सिमी, टमाटर, साग, आलु, मुला, लसुन, प्याज जस्ता तरकारी वालीको र सुन्तला, कागती, मौसम, केरा, अम्बा, ओखर, नासपाती, आँप, च्युरी जस्ता फलफुलको पनि व्यावसायिक उत्पादन हुने गरेको छ । नगरपालिकामा उत्पादित खाद्य वस्तु, तरकारी तथा फलफुल नगन्य मात्रामा दाङ, बुटवल, काठमाण्डौ, नेपालगञ्ज जस्ता ठुला शहर र स्थानीय बजारमा निर्यात हुने गरेको छ ।

पशुपालन तर्फ परम्परागत शैलीका साथै आधुनिक शैलीको व्यावसायिक फर्महरुको सञ्चालन तर्फ पनि

रोल्पाका कृषक अग्रसर भएका छन । हाल नगरपालिका भरी करिव ८८ वटा बाख्रा फार्म, १११ वटा कुखुरा फार्म र ८९ वटा बंगुर फार्म सञ्चालनमा रहेका छन । यसको अतिरिक्त वडा नं. ५ का करिब ५० प्रतिशत घरधुरी मौरी पालनमा गरीरहेका छन भने वडा नं. ७ मा ४ वटा माछा पालन फर्म पनि रहेको छ। खाद्यान्न तथा तरकारी खेतीको तुलनामा पशुपंक्षी जन्य उत्पादनको निर्यात राम्रो देखिन्छ। नगरपालिकामा खाद्यान्न तथा फलफुलको हिस्सा लगभग ४५ प्रतिशत रहेको छ भने आयातित पशुजन्य वस्तुको हिस्सा १४ प्रतिशत रहेको वडागत सर्वेक्षण २०७८ ले देखाउछ ।

- **उद्योग व्यवसाय एवंम् वित्तीय सेवा :**

| तालिका ४ : वैंक तथा वित्तीय संस्था सम्बन्धी विवरण | |
|---|---|
| वैंक | ७ |
| माइक्रो फाइनान्स | १३ |
| बीमा एवम् सहकारी संस्था | ७ |
| सहकारी | 21 |
| वडामा मौद्रिक कारोवार गर्ने आमा समूहहरु | ९४ |

स्रोतः वडागत सर्वेक्षण, २०७८

रोल्पा नगरपालिकामा हाल ७ वटा बैंक, १३ वटा माइक्रो फाइनान्स, ७ वटा बीमा कम्पनी, २१ वटा सहकारी तथा ९४ वटा आमा समूहले आम नागरिकलाई मैद्रिक पहुँच पुर्‍याउन योगदान गरेका छन । नगरपालिकामा वडा नं. ४ र ७ मा प्रत्यक्ष वैकिङ पहुच छ भने सहकारी संस्था लुडग्री माडी कृषि सहकारी, दीगो कोष सहकारी, मेचीकाली सहकारी र सगरमाथा सहकारी गरी ४ रहेका छन । अर्को तर्फ नगरपालिकामा हाल साना ठुला गरेर ६५ वटा उद्योग सञ्चालनमा रहेका छन भने करिब ५५३ वटा व्यावसायिक फर्महरु छन । उद्योग र व्यावसायिक फर्मले करिब ४ प्रतिशत रोजगारी सिर्जना गरेका छन ।

## २.४ सामाजिक अवस्था

- **शिक्षा एवंम् शैक्षिक पूर्वाधारः**

**तालिका ५: विद्यालय सम्बन्धी विवरण**

| विद्यालयका प्रकार | वडा नं. | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | १ | २ | ३ | ४ | ५ | ५ | ६ | ७ | ८ | ९ | १० |
| सामुदायिक विद्यालय | ६ | ६ | ५ | २ | ८ | ९ | ४ | ८ | १० | १२ | ७० |
| निजी | १ | २ | ० | ३ | ० | ० | १ | ० | ० | ० | ७ |
| क्याम्पस /बहुप्राविधिक शिक्षालय | १ | १ | ० | | ० | ० | १ | ० | ० | ० | ३ |
| मावि | २ | १ | १ | १ | १ | १ | १ | ० | १ | १ | १० |
| आधारभूत | ४ | ६ | ४ | १ | ७ | ८ | ३ | ८ | ९ | ११ | ६१ |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| पक्की संरचना भएका शैक्षिक संस्था | २ | ५ | १ | ३ | १ | १ | १ | २ | १ | २ | १९ |
| पक्की शौचालय भएका विद्यालय | २ | ३ | १ | २ | ० | ५ | ० | २ | ३ | ५ | २३ |
| महिला मैत्री शौचालय भएका विद्यालय | ३ | २ | २ | १ | १ | ३ | ० | ५ | ३ | ४ | २४ |
| अपाङ्गमैत्री शौचालय भएका विद्यालय | १ | ० | ० | ० | ० | ० | ० | ० | २ | ० | ३ |
| बाल मैत्री विद्यालय | ७ | ८ | ५ | ० | ८ | ९ | ४ | ८ | १० | १२ | ७१ |
| कुल शैक्षिक संस्थाको विवरण | ७ | ८ | ५ | ५ | ८ | ९ | ५ | ८ | १० | १२ | ७७ |
| स्रोतः वडागत सर्वेक्षण, २०७८ | | | | | | | | | | | |

कुल ७७ वटा शैक्षिक संस्था भएको रोल्पा नगरपालिकामा सामुदायिक विद्यालय ७० वटा, क्याम्पस २ वटा, वहुप्राविधिक शिक्षालय एक र निजी विद्यालय ७ वटा रहेका छन । नगरपालिकामा वडा नं. ८ बाहेक सबै वडामा माध्यमिक विद्यालय रहेका छन भने सबै वडा गरी कुल ६१ वटा आधारभूत विद्यालय छन । कुल ७७ शैक्षिक संस्था मध्ये पक्की संरचना भएका शैक्षिक संस्था १९ वटा (२४ %) मात्र छन भने पक्की शौचालय भएका २३ (२९.८%) वटा, महिला मैत्री शौचालय भएका २४ (३०%), अपाङ्गमैत्री ३ वटा र अन्य शौचालयहरु बालमैत्री बन्दै छन । विद्यालयका वितरण सबै वडामा समान प्रकृतिको भए पनि भौतिक संरचना अझै पनि पुर्ण रुपमा विद्यार्थी मैत्री तथा समावेशी भैसकेको अवस्था छैन । पहुँचका हिसावले ९६ प्रतिशतको हाराहारीमा रहेपनि गुणस्तर भने कमजोर नै देखिन्छ ।

- **स्वास्थ्य :**

**तालिका ६ : स्वास्थ्य संस्था सम्बन्धी विवरण**

| **स्वास्थ्य विवरण** | **संख्या** | **कैफियत** |
|---|---|---|
| स्वास्थ्य चौकीको संख्या | ९ | वडा नं.३ मा २ र ५ मा एउटा गाउँघर क्लिनिक |
| स्वास्थ्य इकाइ | १३ | |
| स्वास्थ्य सुविधा | बर्थिङ सेन्टर, ओपिडी, सामान्य जाच (सबै वडामा) | वडा नं. १, २, ३ र ६ मा बर्थिङ सेन्टर, ओपिडी, सामान्य अपरेसन, एक्स रे, ल्याब |
| स्रोतः वडागत सर्वेक्षण, २०७८ | | |

रोल्पा नगरपालिकामा जिल्ला जनस्वास्थ्य कार्यलय १, सरकारी अस्पताल १,आयुर्बेद अस्पताल १, निजि अस्पताल १, फार्मेसी १, चिकित्सकको संख्या २,महिला स्वंम सेविका ६३, टि बि उपचार केन्द्र ७ रहेको छ । त्यसै गरी वडा नं. ७ बाहेक सबै वडामा स्वास्थ्य चौकी छन भने कुल १३ वटा स्वास्थ्य इकाइ रहेका छन । अर्को तर्फ सबै वडा बर्थिङ सेन्टर, खोप, सामान्य जाँच लगायतका स्वास्थ्य सुविधा उपलब्ध छन भने जिल्ला अस्पतालमा बर्थिङ सेन्टर, ओपिडी, सामान्य अपरेसन, एक्स रे, ल्याबको पनि सुविधा उपलब्ध छ ।

- **खानेपानी तथा सरसफाई :**

नगरपालिकामा हाल सुचारु (शहरी खानेपानी) तथा निर्माणाधीन गरी ५१ वटा आयोजनाहरु सञ्चालनमा रहेका छन । वडा नं. १ मा हाल निर्माणाधिन आयोजनाले करिब १०० घरधुरीलाई खानेपानी उपलब्ध हुने प्रक्षेपण गरिएको छ भने वडा नं. २ मा ६० प्रतिशत, ३ मा ८० प्रतिशत, ४ मा ८० प्रतिशत, ६ मा ८५ प्रतिशत, ७ मा ८० प्रतिशत, ८ मा २० प्रतिशत, ९ मा ७५ प्रतिशत र १० मा ९० प्रतिशत घरधुरी खानेपानी आयोजना बाट लाभान्वित छन । नगरपालिकाका कतिपय वडाहरुमा अझै पनि पूर्ण रुपमा खानेपानीको पहुँच विस्तार भैसकेको अवस्था छैन ।

## २.५ भौतिक पूर्वाधार

- **सडक यातायात सञ्जाल :**

रोल्पा नगरपालिकामा सडक सञ्जालबाट प्राय सबै जसो वडा तथा वस्तीहरु जोडिसकेका छन । नगरपालिकामा पक्की तथा कालेपत्रे सडक २४ कि.मि, ग्रावल सडक ६५ कि.मि, कच्चाी सडक १०५ कि.मि, मुल बाटो २०३ कि.मि, सिढि तथा खुडकिला ५५० मिटर भन्दा वढि रहेका छन । चकचके –लिवाङ सडक, लिवाङ– मसिना –सल्लिबोट– माडिखोला सडक, भैंसीगैरा –खेवासे –बाजबिसौना सडक (वडा नं. १), रिठाबोट– देउराली सडक, क्याम्पस –धनमुडा सडक, साततले –थलिबाङ सडक (वडा नं. २), लम्बुजा –बराहथान सडक, वडा कार्यालय –लाकुरी सडक (वडा नं. ३), लिवाङटोल मोटरबाटो, सिद्धथान – निपनी मोटरबाटो (वडा नं. ४, लिबाङ –सल्लिबोट –कोछाप –उघा – घलेबाङ– दाङ सडक, लिबाङ –बाजाबाङ –जेदबाङ –गोगनपानी रुन्टी सडक (वडा नं. ५), लिबाङ– दारबोट सडक, बेलैटी धाराकोपो सडक (वडा नं. ६), माडिचौर– कोटगाँउ सडक, माडिचौर –जङखोला सडक (वडा नं. ७), माडिचौर –कुरेली सडक, माडिचौर –गैराकुटी सडक (वडा नं. ८), लिवाङ –ह्वमा टुटुमिरुल सडक, गर्पा –तममरी फाल्जा –लटाबाङ सडक, माडिचौर–रिसबाङ सडक (वडा नं. ९), र लिबाङ –धबाङ –जलजला सडक, लकसमारे– धबाङ, नपा –धाङ्सी सडक (वडा नं. १०) नगरपालिकाका मुख्य सडक सञ्जालहरु हुन ।

- **विद्युतीकरण :**

रोल्पा नगरपालिकामा वडा नं. ५, ९ र १० बाहेक सम्पूर्ण वडामा विद्युतको पहुँच विस्तार भैसकेको अवस्था छ । वडा नं. ५ मा करिब ५० प्रतिशतले र ९ मा २५ प्रतिशत घरधुरीले मात्र राष्ट्रिय प्रशासरण लाईनको विद्युत उपभोगको पहुँच प्राप्त गरेका छन । नगर वस्तुगत विवरण २०७६ अनुसार नगरपालिकामा कुल ग्राहस्थ लाइन को संख्या १५,२२१, औद्योगिक लाइन को संख्या २०५, व्यापारिक लाइनको संख्या ५९, मन्दिरमा बितरित लाइन को संख्या १६, खानेपानीमा लाइनको संख्या ३, सडक बत्ती ३, अस्थायी बत्ती ५, सिँचाइ लाइन को संख्या ५ र ट्रान्सफर्मरको संख्या १५५ रहेको छ ।

**संचार सेवा :**

| तालिका ७: सञ्चार सेवा सम्बन्धी विवरण | |
|---|---|
| **सञ्चार सेवाको किसिम** | **परिमाण** |
| टेलिफोन लाइन | ८५२ |
| इन्टरनेट तथा जि.पि.आर.एस.सेवा | २२ |
| मोवाइल टावर जि.एस.एम | ६ |
| मोवाइल टावर स्काइ | २ |
| जि.एस.एम  मोबाइल सीम | ३०८५७ |
| स्काइ पोष्टपेड मोबाइल सीम | ३१७ |
| स्काइ प्रिपेड मोबाइल | १३२८९ |

स्रोत : नेपाल सरकार दुरसंचार संस्थान

नगरपालिकाका सबै वडा कार्यालयहरुमा इन्टरनेट सुविधा उपलब्ध छ भने वडा नं. ५, ९ र १० बाहेकका सम्पूर्ण स्वास्थ्य चौकी, विद्यालयहरु, सार्वजनिक सेवा प्रदायकहरुमा सूचना प्रविधिको व्यवस्था रहेको छ । नगरपालिकामा सूचना प्रविधिको पहुँच तथा व्यवस्थापनका लागि सेवा प्रादयक संस्थाहरुले सक्रियता देखाएको पाइन्छ । यद्धपि नगरक्षेत्रका १०,९ ५ र १ का केहि वडाहरुमा अझै पनि अपेक्षाकृतरुपमा सञ्चार सेवाको प्रभावकारीता देखिदैन ।

**सिँचाइ सेवा :**

नगरपालिकाको सबैजसो वडामा सिँचाइका आहयोजनाहरु रहेको पाइन्छ । डोरनी सिँचाइ योजना वडा नं ४, सार्लिबाङ सिँचाइ योजना वडा नं ४, लिबाङ सातदोबाटो लिफ्ट सिँचाइ योजना वडा नं ३, परेमा खोला सिँचाइ योजना वडा नं ७, छापढुंगा सिँचाइ योजना वडा नं ४, मुडाखोला ठाटीधारा सिँचाइ योजना वडा नं १, धाराखेत सिँचाइ योजना वडा नं १, नगरपालिकाका प्रमुख सिँचाइ योजना हुन जसले नगरपालिकामा सिँचाइ सुविधा सञ्चालनमा रहेका छन ।

## २.६ सुशासन र संस्थागत विकास

- **वित्तीय स्रोतको परिचालन :**

संघ र प्रदेश सरकारबाट प्राप्त हुने वित्तीय समानीकरण अनुदान, राजश्व बाँडफाँड, विशेष, ससर्त, समपुरक अनुदान तथा आन्तरिक आय रोल्पा नगरपालिकाको वित्तीय स्रोतका मुख्य स्रोत हुन । विगत तीन वर्षमा नगरपालिकालाई प्राप्त हुने कुल बजेट घट्दो दरमा वृद्धि भएको देखिन्छ । आर्थिक वर्ष २०७६/७७ मा २५.१६ प्रतिशतले वृद्धि भएको कुल बजेट आ. व २०७७/७८ मा ६.७८ प्रतिशत र आ.व २०७८/७९ मा १.८१ प्रतिशतले वृद्धि भएको छ । अर्को तर्फ आ.व २०७६/७७ मा आन्तरिक राजश्वको वृद्धिदर नकारात्मक थियो भने आ. व २०७७/७८ मा वृद्धिदर अघिल्लो आ.व को तुलनामा

१०० प्रतिशत भन्दा बढी थियो । आन्तरिक स्रोतलाई मजवुत वनाई राख्न करको दायरा विस्तार गर्दै प्रगतिशिल कर प्रणाली अवलम्वन गर्नुपर्ने स्थिति देखिन्छ ।

## १.३ नगरपालिकाका समृद्धिका आधारहरु

नगरपालिकाका सरोकारवालाहरुसँगको छलफल तथा अन्तरक्रिया र संम्भावनाका आधारमा नगरपालिकाले समृद्धि हासिल गर्न योगदान गर्नसक्ने मुलभुत क्षेत्रहरुलाई तल प्रस्तुत गरिएको छ ।

### १.३.१ कृषि तथा पशुपालन

रोल्पा नगरपालिकाको अर्थतन्त्रको मुख्य आधारको रुपमा रहेको कृषि पशुपालन क्षेत्रमा ८५ प्रतिशत भन्दा बढी घरधुरी प्रत्यक्ष रुपमा संलग्न छन । विगत चार वर्षमा नगरपालिकाले कृषि क्षेत्रको विकासका लागि सम्भावनाका आधारमा विभिन्न वडालाई पकेट क्षेत्र तथा पशुपालन क्षेत्रका रुपमा विकास गरेर यस क्षेत्रको विकासका लागि आधारशिला तयार पारेको छ (परिच्छेद २ मा कृषि क्षेत्रमा गरिएको प्रगति प्रस्तुत गरिएको छ ।) । अब उक्त आधारशिलालाई टेकेर नगरपालिकाले कृषि र पशुपालन क्षेत्रमा लगानी केन्द्रित गर्ने छ ।

### १.३.२ पर्यटन

रोल्पा नगरपालिकाको वडा नं. ३ स्थित सातदोबाटोमा ढुंगे बगैंचा सहितको दश तले जनयुद्ध स्मिृति टावर हाल रहेको छ भने वडा नं. २ मा रेउघा मगर होम स्टे, वडा नं. ८ मा मगर सांस्कृतिक संग्राहलय र युद्ध पर्यटन क्षेत्र वडा नं. १० मा स्याकाई होम्स्टे, ओखेनी छेडा जलजला बेसक्याम्प,गुरुङगाउ होमस्टे, कालीपोखरी, चुनारीभिर, मधुरीमा,कोटगाउको दलित संग्राहलय लगायतका पर्यटकिय पुर्वाधारको आधारशिला तयार हुदै गरेको सन्दर्भमा नगरपालिकाको समृद्धिको आधारका रुपमा पर्यटन क्षेत्रको प्रवर्द्धन पनि रहन सक्ने देखिन्छ ।

### २.३.३ प्राकृतिक (जलस्रोत/खनिज/वनस्पती) सम्पदा

नगरपालिकाले हाल माडी - दाङ डाईभर्जन बहुउद्देश्यीय आयोजना तथा धाङ्सी खोला साना जलविद्युत आयोजना जस्ता बहुउद्देश्यीय योजनालाई नगरपालिकाको समग्र आर्थिक तथा सामाजिक रुपान्तरणका लागि अघि सारिरहेको अवस्था छ । यसका अलावा फलाम तथा तामा खानीको उपलब्धताका साथै टिमुर, अल्लो, पाचँऔले, समायो, तिते, दालचिनी, ढुङ्गेफूल, सुनाखरी, सर्पगन्धा जस्ता बहुमूल्य वनस्पतीजन्य जडीबुटीहरु पनि प्रशस्त मात्रामा पाईने भएकाले नगरपालिकाले जलस्रोत/खनिज/वनस्पतीलाई समृद्धिको आधारमा रुपमा अंगिकार गर्न सक्ने देखिन्छ ।

## १.४ आवधिक योजना तर्जुमाका उद्देश्यहरु

- नगरपालिकाको बास्तविक वस्तुस्थिती तथा साधन श्रोतको पहिचान र विश्लेषण गरी स्थानीय सरकारको मूल्य मान्यता तथा स्थानीय आवश्यकताका आधारमा नगरपालिकाको विकासको खाका कोर्ने,

- पन्ध्रौ पञ्चवर्षीय योजनाको आधारपत्र तथा संयुक्त राष्ट्रसंघका दीगो विकासका लक्ष्यहरु प्राप्ति र स्थानीयकरणका लागि योगदान पुऱ्याउने,
- नगरपालिकाको दीर्घकालीन सोच, निर्देशक सिद्धान्त, लक्ष्य, रणनीति र प्राथमिकता निर्धारण गर्ने,
- आवधिक योजनाको कार्यान्वयनका लागि मध्यकालीन तथा वार्षिक कार्यान्वयन कार्ययोजना, अनुगमन र समीक्षा सूचकहरुको खाका तयार पार्ने,
- भविष्यमा विषय क्षेत्रगत रणनीतिक योजना (Sectoral Plan) तथा विकास प्राथमिकता प्राप्त कार्यक्रमहरु तर्जुमा गर्न मार्ग निर्देशित गर्ने,
- समष्टि र विषय क्षेत्रगत रुपमा प्राथमिकता प्राप्त योजना र क्रियाकलापमा लगानी सुरक्षित गर्न मध्यकालीन खर्च संरचना (Medium Term Expenditure Framework- MTEF) तयार गर्न र विकास साझेदार तथा निजी क्षेत्रको लगानी प्रर्वद्धनका लागि मार्ग प्रशस्त गर्ने ।
- नगरपालिकाले अंगिकार गरेको नीति तथा कार्यक्रम, दीर्घकालीन सोच, लक्ष्य तथा क्षेत्रगत उद्देश्यलाई मुर्तरुप दिनसक्ने कार्यनीति तथा प्रमुख कार्यक्रमहरू तय गर्ने ।

## १.५ आवधिक योजना तर्जुमाको कार्यक्षेत्र

- नगरपालिकाको वस्तुगत अवस्था (जनसंख्या वितरण, धरातलीय अवस्था, आर्थिक, सामाजिक, पुर्वाधार, वन वातावरण तथा विपद् व्यवस्थापन र सुशासन तथा वित्तीय व्यवस्था) को विश्लेषण गर्ने,
- नगरपालिकाको आर्थिक, सामाजिक, पूर्वाधार, वन वातावरण तथा संस्थागत विकासका सम्भावना तथा अवसरको पहिचान,
- नगरपालिकाको क्षेत्र तथा उपक्षेत्रगत दीर्घकालीन सोच, लक्ष्य, उद्देश्य, रणनीति, कार्यनीति, तथा मुख्य कार्यक्रमहरु,
- प्रत्येक उपक्षेत्रको प्रतिफल, असर तथा प्रभाव तह झल्कने तर्कवद्ध खाकाको तयारी
- नगरपालिकाको विगत तीन वर्षको वित्तीय स्रोतको प्रवित्ति तथा आगामी पाँच वर्ष (आ.व २०७८/७९–२०८३/८४) को वित्तीय स्रोत प्रक्षेपण
- आयोजना वैंक
- आवधिक योजना तर्जुमा, कार्यान्वयन, र अनुगमन तथा मुल्यांकनको खाका तयार गर्ने,

## १.६ आवधिक योजना तर्जुमाका कानूनी तथा नीतिगत आधारहरु

रोल्पा नगरपालिकाले तर्जुमा गरेको आवधिक योजना संघ तथा प्रदेशका योजनाहरुसँगमात्र नभई दीगो विकास लक्ष्यसँग पनि उत्तिकै सम्बन्धित छन । तसर्थ प्रस्तुत आवधिक योजनाले संघ तथा प्रदेश सरकारले

तय गरेका कानुनी आधारहरुलाई पनि सम्बोधन गर्नु पर्ने हुन्छ।  नेपाल सरकारबाट स्वीकृत संघ, प्रदेश र स्थानीय तहको अधिकारको कार्य विस्तृतीकरण प्रतिवेदनमा आवधिक योजना, वार्षिक योजना तथा बजेट स्वीकृती सम्बन्धी कार्यलाई स्थानीय तहको कार्यसूचीमा सूचीकृत गरेको छ। स्थानीय शासन सञ्चालन सम्बन्धी संघीय कानून, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ६ को दफा २४ को उपदफा १ अनुसार नगरपालिकाले आफ्नो अधिकार क्षेत्रभित्रका विषयमा स्थानीयस्तरको विकासका लागि वार्षिक, विषय क्षेत्रगत, मध्यकालीन तथा दीर्घकालीन विकास योजना बनाई लागू गर्नुपर्ने व्यवस्था गरेको छ। यस प्रकार योजना बनाउँदा नेपाल सरकार र प्रदेश सरकारको नीति, लक्ष्य, उद्देश्य, समयसीमा प्रक्रियासँग अनुकूल हुने गरी सुशासन, वातावरण, बालमैत्री, वातावरण तथा जलवायु परिवर्तन अनुकूलन, विपद् व्यवस्थापन, लैंगिक तथा सामाजिक समावेशीकरण जस्ता अन्तरसम्बन्धित विषयहरूलाई पनि ध्यान दिनुपर्ने व्यवस्था गरेको छ।

यसका अतिरिक्त स्थानीय सरकार सञ्चालन ऐनले तथा नगरपालिकाले योजना बनाउँदा देहायअनुसार गर्नुपर्ने समेत व्यवस्था गरेको छ।

- योजना बनाउँदा मध्यम तथा दीर्घकालीन प्रकृतिका आयोजनाहरुको सूचीसमेत तयार गर्नुपर्ने,
- योजना तर्जुमा तथा कार्यान्वयन गर्दा स्थानीय बुद्धिजिवी, विषयविज्ञ, अनुभवी, पेशाविद्, सीमान्तकृत तथा लोपोन्मुख समुदाय, महिला, बालबालिका, दलित, युवा, अल्पसंख्यक, अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक लगायतका सरोकारवालाको अधिकतम सहभागिता गराउनु पर्ने,
- योजना तर्जुमा गर्दा आयोजनाहरुको सम्भाव्यता अध्ययनको आधारमा स्रोत साधनको पूर्वानुमान, आयोजनाको प्राथमिकता निर्धारण, योजना कार्यान्वयन तालिका र अनुगमन तथा मूल्याङ्कन योजना समेत तयार गर्नुपर्ने,
- नेपाल सरकार र प्रदेश सरकारले विशेष कार्यक्रमका लागि अनुदान प्रदान गरी कार्यान्वयन प्रक्रिया निर्धारण गरेकोमा नगरपालिकाले सोही प्रक्रिया बमोजिम सो कार्यक्रम कार्यान्वयन गर्नुपर्ने,
- नेपाल सरकार वा प्रदेश सरकारको संयुक्त लगानी वा सार्वजनिक निजी साझेदारीमा संभाव्य आयोजना सञ्चालन तथा व्यवस्थापन गर्ने
- संघीय र प्रदेशस्तरको आयोजना कार्यान्वयनमा समन्वय, सहजीकरण र सहयोग गर्नुपर्ने
- स्थानीयस्तरका विकास आयोजनाहरुको आवश्यक अध्ययन, अनुसन्धान तथा प्रभाव मूल्याङ्कनको कार्य गर्ने
- गैर सरकारी संस्था, उपभोक्ता समिति, सहकारी संस्था र सामुदायिक संस्थाले स्थानीय सरकारसँग समन्वयमा रही कार्य गर्नुपर्ने र आफ्नो वार्षिक योजना, कार्यक्रम तथा बजेट स्थानीय सरकारको वार्षिक बजेट तथा कार्यक्रममा समावेश गराउनु पर्ने एवंम् स्थानीय तहले तोकेको संयुक्त अनुगमन तथा प्रगति प्रतिवेदन प्रणाली अपनाउनु पर्ने
- नेपाल सरकारको पूर्व स्वीकृति लिएर मात्र कुनै पनि अन्तराष्ट्रिय गैरसरकारी संस्थाले स्थानीय तहसँग समन्वयमा कार्य गर्नुपर्ने

संवैधानिक दायित्व तथा स्थानीय सरकार सञ्चालन सम्बन्धी संघीय कानूनका अतिरिक्त स्थानीय तहको

आवधिक योजना तर्जुमा प्रक्रियामा देहायअनुसार कानूनी तथा नीतिगत दस्तावेजहरुलाई आधार लिइएको छ :

- संयुक्त राष्ट्र संघका दीगो विकास लक्ष्यहरु
- राष्ट्रिय भूउपयोग नीति, २०६९
- विषयगत ऐन तथा नीतिहरू
- नेपाल पक्ष भएका सन्धी सम्झौताहरु
- राष्ट्रिय योजना आयोगबाट जारी राष्ट्रिय अनुगमन तथा मूल्याङ्कन निर्देशिका
- राष्ट्रिय, प्रादेशिक तथा जिल्ला स्तरीय विषयगत गुरुयोजनाहरू

## १.७ आवधिक योजना पूर्वतयारी क्रियाकलाप तथा चरण

### १.७.१ सन्दर्भ सामग्रीको अध्ययन

आवधिक योजना तर्जुमाका लागि रोल्पा नगरपालिका सँग सम्बन्धित अभिलेखका अतिरिक्त आर्थिक, सामाजिक, ऐतिहासिक, सांस्कृतिक, भौगोलिक, प्राकृतिक लगायतका सम्भावनाका विविध पक्ष र वस्तुस्थितिको समीक्षा गरियो । यसका अतिरिक्त रोल्पा नगरपालिकाको समग्र सम्भावना तथा चुनौतीका क्षेत्रको विश्लेषणका साथै नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, राष्ट्रिय प्राकृतिक श्रोत तथा वित्तीय आयोग अन्तर्गतका ऐन, कानून तथा निर्देशिका, प्रदेश सरकारका नीति तथा कार्यक्रम, रोल्पा नगरपालिका सँग सिमाना जोडिएका अन्य तहका नीति तथा कार्यक्रम, राष्ट्रिय योजना आयोग अन्तर्गतका आवधिक योजना तर्जुमा निर्देशिका तथा अन्य सम्बन्धित स्रोत सामग्रीको अध्ययन गरियो । उल्लिखित अध्ययनहरुको आधारमा रोल्पा नगरपालिकाले अंगिकार गर्नुपर्ने नीति तथा कार्यक्रमहरुको विश्लेषण समेत गरेर यो योजनालाई अगाडि वढाइएको छ ।

### १.७.२ बहुसरोकारवालाहरुसँगको  प्रारम्भिक छलफल तथा अभिमुखीकरण

प्रारम्भिक चरणमा नगरपालिका कार्यालयको सहयोगमा नगरपालिका स्थित बहुसरोकारवालाहरुसँग योजना निर्माणको सैद्धान्तिक पक्षलाई समेटेर नगरपालिकाका सरोकारवाला (राजनीतिक दलका प्रतिनिधि, स्थानीय जानकार, संस्थाका प्रतिनिधि, शिक्षक, कृषक समूह, महिला तथा आमा समूह, लक्षित वर्गका प्रतिनिधि आदि) को सहभागितामा भएको उक्त छलफलमा संघीय संरचना अन्तरगत स्थापित स्थानीय सरकारहरुले अवलम्बन गर्नुपर्ने योजनाबद्ध विकासको आवश्यकताको बारेमा अन्तरक्रिया भयो । बहुसरोकारवालाहरु सँगको प्रारम्भिक छलफल तथा अभिमुखीकरण, क्षेत्रगत छलफल र योजनाको अन्तिम दस्तावेजको छलफलमा सहभागिहरुको विवरण अनुसूचिमा राखिएको छ ।

### १.७.३ तथ्याङ्क संकलन तथा वस्तु स्थिती विश्लेषण

आवधिक योजना तर्जुमा पूर्व नगरपालिकाको जनसांखिक, आर्थिक, समाजिक, पूर्वाधार, वन वातावरण तथा संस्थागत विकास सम्बन्धि आधारभूत तथ्याङ्क संकलनका लागि संस्थागत सर्वेक्षण गरियो । तथ्यमा आधारित योजनाले मात्र नगरपालिकाको सोंच र लक्ष्यलाई दिशाबोध गर्न सक्ने भएकाले तथ्याङ्कका आधारमा नगरपालिकाको वस्तुस्थिती विश्लेषणको कार्यलाई पनि अघि बढाईयो । वस्तुस्थिती विश्लेषणको मुख्य उद्देश्य नगरपालिकाको विविध क्षेत्रको धरातलीय यथार्थको जानकारी लिनु थियो ।

### १.७.४ वडा स्तरीय परामर्श भेला

रोल्पा नगरपालिकाको आर्थिक, सामाजिक, सांस्कृतिक, पुरातात्विक, ऐतिहासिक, प्राविधिक, भौगोलिक, मानविय र प्राकृतिक श्रोतको वर्तमान अवस्थाको आँकलन गर्दै आवधिक योजना तर्जुमा कार्यका लागि वडा वडाको वस्तुस्थिति विश्लेषणका लागि २०७८ पौष २४ गते देखि माघ ५ गतेसम्म प्रत्येक वडासँग सम्बन्धित राजनीतिक दलका प्रतिनिधि, निर्वाचित जनप्रतिनिधि, स्थानीय जानकार, विभिन्न संघ संस्थाका प्रतिनिधि, नीजि क्षेत्र, उद्यमी, आमा/महिला समूह प्रतिनिधि, कृषक समूह आदिको उपस्थितीमा वडास्तरीय परामर्श भेला आयोजना गरिएको थियो ।

### १.७.५ आवधिक योजना तर्जुमा कार्यशाला

रोल्पा नगरपालिकाका आर्थिक, सामाजिक, सांस्कृतिक, पुरातात्विक, ऐतिहासिक, प्राविधिक, भौगोलिक, मानविय र प्राकृतिक श्रोतको वर्तमान अवस्थाको वस्तुपरक विश्लेषण, सोको आधारमा दीर्घकालीन सोंच, आवधिक लक्ष्य, विषयक्षेत्रगत उद्देश्य, रणनीति, समष्टिगत लक्ष्य सहित कार्यक्रमहरु तर्जुमा गर्ने उद्देश्यले २०७८ फागुन १३ गते देखि १७ गते गतेसम्म राजनीतिक दलका प्रतिनिधि, नगरपालिका, कार्यपालिका, स्थानीय जानकार, विभिन्न संघ संस्थाका प्रतिनिधि, नीजि क्षेत्र, उद्यमी, आमा/महिला समूह प्रतिनिधि, कृषक समूह आदिको उपस्थितीमा पाँच दिवसीय योजना तर्जुमा कार्यशालाको आयोजना गरिएको थियो ।

### १.७.६ तथ्याङ्कको प्रशोधन, विश्लेषण तथा मस्यौदा प्रतिवेदन तयारी

पालिका स्तरीय कार्यशालाले निर्धारण गरेको दुरदृष्टी, लक्ष्यलाई दृष्ट्रिगत गरि विषयगत क्षेत्रहरुका अवसर र चुनौतीको विश्लेषणका आधारमा समूहबाट आएका विषयगत उद्देश्य, रणनीति र प्रमुख कार्यक्रमहरु, उपलब्ध मापनका सूचकहरुलाई प्लेनरी छलफल गरि अन्तिम रुप दिईयो । यसको अलावा अन्तरपालिका, प्रदेश तथा संघीय सरकारसँग सरोकार राख्ने योजनाहरु, पालिकाले सेवाग्राहीलाई सेवा प्रदान गर्न आवश्यक पर्न जाने पालिकाको प्रशासनिक भौतिक पूर्वाधार, संस्थागत विकास र मानव श्रोत संसाधनको विकास र व्यवस्थापनलाई पनि छलफल गरिएको थियो । यसको साथै आवधिक योजनाको लागि आवश्यक पर्ने जिआईएस नक्साहरु तयार गरिएको छ । अन्तमा, नगरपालिकाको पार्श्वचित्र तथा कार्यशालाबाट निर्माण गरिएका दस्तावेजको सहयोगमा नगरपालिकाको पाँच वर्षे (२०७८/०७९-२०८३/०८४) मस्यौदा योजना तयार गरियो ।

### १.७.७ प्रमाणीकरण कार्यशाला

नगर क्षेत्रका तथ्य, तथ्यांक र वस्तुस्थितिलाई २०७९।०१।१९ गते पुन एकिन गर्न कार्यशालाको आयोजना गरिएको थियो ।

### १.८.८ अन्तिम प्रतिवेदन पेश

प्रतिवेदनको मस्यौदा खाकामा भएको छलफल तथा सुझावहरुको सम्बोधन गरी अन्तिम प्रतिवेदन तयार पारी नगर कार्यापालिकाको बैठकवाट पारित गरीएको छ ।

## १.९ सिमा, जोखिम तथा पूर्वानूमान

- प्रस्तुत आवधिक योजना तर्जूमा प्रक्रियाको प्रयोजनका लागि २०७८ पौष २४ गते देखि माघ ५ गतेसम्म भएको वडागत भेलाबाट प्राप्त तथ्याङ्क, नगरपालिकाको पार्श्व चित्र, २०७७, नगरपालिकाको शाखा कार्यालयबाट प्राप्त अद्यावधिक तथ्याङ्क प्रस्तुत गरिएको छ ।
- आवधिक योजना तर्जुमाका क्रममा प्रयोग गरिएका परिमाणात्मक लक्ष्य प्रस्तावित हुन जसले यथार्थ अवस्थाको प्रतिनिधित्व नगर्न पनि सक्छन् ।
- पार्श्वचित्रमा प्रस्तुत कतिपय तथ्याङ्क द्वितिय स्रोत (शाखा, नगरपालिका योजना पुस्तिका) बाट लिइएको हुनाले यसले वर्तमान अवस्थाको चित्रण नगर्न पनि सक्छ ।
- आवधिक योजनामा प्रस्तुत दीर्घकालीन सोच, लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीतिको सहज प्रतिफल संघीय व्यवस्थाको प्रभावकारी कार्यान्वयन, स्थिर सरकार तथा अन्य कुनै प्राकृतिक तथा अकल्पनिय घटना नघटेको अवस्थामा मात्र प्राप्त हुनेछ ।
- **आवधिक योजना को सफल कार्यान्वयनका निमित्त देहायका अवस्थाहरुको सहयोग अपरिहार्य हुनेछः**
  - संघीयताका मर्म बमोजिम संघ, प्रदेश र स्थानीय तहको संरचनात्मक विकास भएको हुनेछ ।
  - संघ, प्रदेश र स्थानीय तहका आवश्यक कानुनहरुको निर्माण भएको हुनेछ ।
  - स्थानीय सरकारले संवैधानिक रुपमा प्रदत्त अधिकारको प्रयोग गर्न पाउनेछन् ।
  - स्थानीय आवश्यकताका आधारमा कानून निर्माण भएको हुनेछ ।
  - सरकारी, सहकारी, गैरसरकारी र निजी क्षेत्रको लगानी र कार्यक्रममा वृद्धि हुनेछ ।
  - पालिकाले रणनीतिक कार्यक्रमको कार्यान्वयन लाभ लागत विश्लेषणका आधारमा गर्नेछ ।
  - जलवायु परिवर्तन वा अन्य कुनै प्रकारले हुने प्राकृतिक विपद्को अवस्था सामना गर्नु पर्ने छैन ।

# परिच्छेद - दुई

# विगतका योजनाको क्षेत्रगत समिक्षा र स्थिति विश्लेषण

मुलुक संघीय व्यवस्थामा रुपान्तरण भईसकेपछि संवैधानिक रुपमा सरकारको दर्जा पाएका स्थानीय तहले जनतालाई सिंहदरबार आँगनमा आएको महसुस गराउने चुनौतीको सामना गरेका थिए । रोल्पा नगरपालिका स्थानीय सरकारको हैसियतले उक्त चुनौतीलाई सामना गर्ने अठोटका साथ अगाडि बढेको नगरपालिका हो । नगरपालिकाको पहिलो निर्वाचन पछिको वर्तमान नेतृत्वले विगत चार वर्षमा जनतालाई विकास र परिवर्तनको आभास गराउन विकासको आधारस्तम्भ निर्माण गर्न आर्थिक, सामाजिक, पुर्वाधार लगायतका क्षेत्रमा लगानी विस्तार गरेको छ । स्थानीय सेवाग्राहीको आकांक्षा पुरा गर्न नगरपालिकाले विषय क्षेत्रगत रुपमा नगरपालिकाले विगत ५ वर्षमा गरेका कामहरुलाई तल प्रस्तुत गरिएको छ ।

## २.१ आर्थिक क्षेत्र

### कृषि तथा पशुपालन

**तालिका ८ : आर्थिक क्षेत्रका मुख्य प्रगति विवरण**

| उप क्षेत्र | मुख्य क्रियाकलाप |
|---|---|
| कृषि | पकेट क्षेत्र निर्धारण, उन्नत विउ विजन वितरण , फलफुल बिरुवा वितरण, बाली उपचार सेवा, तालिम भ्रमण, वीउ उत्पादन, हाटबजार निर्माण, औजार उपकरण वितरण |
| पशुपालन | नश्ल सुधार, धाँस विउ/बिरुवा वितरण, दुग्ध उत्पादन कार्यक्रम, चिलिङ मेशिन, दुध ट्याङकर खरिद, तालिम, पशुपंक्षी उपचार सेवा |
| उद्योग | अल्लो प्रशोधन, सिलाई वुनाई, वेदवाँस टपरी लगायतका तालिम सञ्चालन |
| पर्यटन | भ्युटावर निर्माण, युद्ध पर्यटन पूर्वाधार संरक्षण, वृत्तचित्र निर्माण, ढुंगे बगैंचा निर्माण, गुरुङगाउँ सामुदायिक स्तरोन्नती, मगर, दलित संग्राहलय, सामुदायिक भवन निर्माण |
| वैंक वित्तीय संस्था | सहकारी संस्थाहरु दर्ता र व्यवस्थापन, वित्तीय संस्थासँग सहकार्य |

स्रोत, वडागत सर्वेक्षण, नगरपालिका २०७८

विगत चार वर्षमा कृषि तथा पशुपालनलाई आधुनिक तथा प्रतिष्पर्धी बनाउन विभिन्न प्रयत्नहरु गरेको देखिन्छ । वडा नं. १ देखि १० सम्म सम्बन्धित वडाको विशेषता अनुरुपका क्रियाकलापहरु

विगतका वर्षहरुमा भएका छन । वडा नं. १ को पाहाना, पेटिखोला र धारापानी क्षेत्रलाई सुन्तला खेतीको पाकेट क्षेत्र घोषणा साथै एकल महिला समूहलाई बाख्रा वितरण गरिएको छ । वडा नं. २ मा बिउबिजन र बिरुवा वितरण, वडा नं. ३ र ४ मा भैंसिपालन, बोयर बोका वितरण र बाख्रापालनमा अनुदान प्रदान, वडा नं. ५ मा मौरीपालन र बाख्रापालनको पकेट क्षेत्र घोषणा, बोयर बोका र लेस कुखुरा वितरण, वडा नं. ६ मा पशु शिविर सञ्चालन, पशुपालनका लागि घाँस खेती गर्न किंबुको बिरुवा वितरण, वडा नं. ७ मा पशुपालनमा जर्सी गाई खरिदमा अनुदान प्रदान, रेशम खेती पाकेट क्षेत्र घोषणा, वडा नं. ८ मा सुन्तला र कागती रोपनका लागि अनुदान, वडा नं. ९ मा बोयर बोका वितरण, र वडा १० लाई आलु उत्पादन (कुटिबाङ, पेवा, माझिम, दबाङ, थाङ्सी) र सुन्तला खेति (भुम, भनभने, धबाङ) को पाकेट क्षेत्र घोषणा, बिउबिजनमा अनुदान प्रदान, राँगा र बोयर बोकामा अनुदान प्रदान गर्ने कार्य नगरपालिकाले गरेको छ ।

### उद्योग तथा व्यापार

नगरपालिकाले सिलाई कटाई अनुदानमा सिलाई मेशिन वितरण, फर्निचर उद्योगलाई वनबाट केही काठहरु वितरण, हाट बजार सञ्चालन, बासका उत्पादन, टपरी निर्माण, स्यानीटरी प्याडको उत्पादन, अल्लो उद्योगलाई अनुदान प्रदान जस्ता क्रियाकलाप उद्योग तथा व्यावसायिक क्षेत्रको विकासका लागि गरेको छ ।

### पर्यटन विकास

भदौरे मन्दिर निर्माण र तारबार, मसिनाडाँडा पिकनिक स्पोट, रक गार्डेन र भ्यु टावर निर्माण, होम स्टे प्रवर्द्धन र टुडिखेल निर्माण, राष्ट्रिय दालित संग्रहालय निर्माण, कालेठोक कोटालिम, ङर्कोबाङ, काफलबोट र दारबोटमा पार्क निर्माण र मगर सांकृतिक संग्रहालय निर्माण नगरपालिकाले पर्यटन क्षेत्रमा गरेका मुख्य काम हुन ।

**तालिका ९ : सामाजिक क्षेत्रको प्रगति विवरण**

| उप क्षेत्र | मुख्य क्रियाकलाप |
|---|---|
| शिक्षा | शुन्य दरबन्दी भएका सा.विद्यालयमा स्वयंसेवक शिक्षकको व्यवस्था, विपन्न लक्षित समूहका १०० विद्यार्थीलाई प्राविधिक छात्रबृत्तिको व्यवस्था, माध्यमिक तहमा ICT LAB पुस्तकालयको व्यवस्था, नगर शिक्षा योजना निर्माण, स्थानीय पाठ्यक्रम निर्माण र कार्यान्वयन, विद्यालय भवन निर्माण, क्षिक्षक क्षमता विकास तालिम, नगर शिक्षा ऐन र नियमावली निर्माण, सबै विद्यालयमा (कक्षा १ देखि ५ सम्म) दिवा खाजाको व्यवस्था, किशोरीहरुलाई स्यानीटरी प्याडको व्यवस्था, नगर पुस्तकालयको स्थापना र सृदृढिकरण । |

| | |
|---|---|
| स्वास्थ्य तथा पोषण | आधारभूत स्वास्थ्य सेवा केन्द्र भवनको निर्माण, ५ वटा शहरी स्वास्थ्य केन्द्रको निर्माण, स्वास्थ्य चौकी तथा आधारभुत स्वास्थ्य केन्द्रहरुमा कम्प्युटर प्रदान, ELMFS को सञ्चालन, ७ वटा स्वास्थ्य चौकी तथा ३ वटा आधारभुत स्वास्थ्य सेवा केन्द्रबाट DHRS reporting कार्यक्रम |
| खानेपानी तथा सरसफाई | नगर WASH योजना निर्माण, फोहोर व्यवस्थापन वडा नं. ३ र ४ |
| सामाजिक समावेशीकरण | महिलाहरुलाई सिप विकास तालिम, पुर्ण अशक्त अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक(९० वर्ष माथिका) लाई न्यानो कपडा वितरण, यौनिक तथा लैङ्गिक अल्पसंख्यक पहिचान, बालबिवाह न्युनीकरण पञ्चवर्षीय रणनीतिक योजना निर्माण, महिला तथा किशोरी समूह र सञ्जाल गठन र परिचालन कार्यविधि निर्माण, हिंसा पिडित महिला तथा बालबालिकाकालागि सेफ हाउस निर्माण |
| युवा तथा खेलकुद | मेयर कप (२ पटक) तथा राष्ट्रपति रनि**ङ** सिल्ड (३ पटक सञ्चालन, जिल्ला, प्रदेश तथा राष्ट्रिय स्तरका खेलकुद प्रतियोगितामा सहभागिता, पाराओलम्पिक खेलकुद प्रतियोगितामा टेवल टेनिसका १ जना खेलाडी सहभागी |
| स्थानीय भाषा, संस्कृति, कला तथा साहित्य | प्रथम रोल्पा साहित्य मेला, गुराँस साहित्य मेला, राष्ट्रिय कविता प्रतियोगिता, माघि संक्रान्ति मेला, तमु लोसार सञ्चालन |

स्रोत, वडागत सर्वेक्षण, नगरपालिका २०७८

**सहकारी**

विपन्न र अल्पसंख्यक वर्गलाई केन्द्रित सहकारी क्षेत्रको लगानी तथा कृषकलाई विना धितो ऋण उपलब्ध गराउनु वित्तीय क्षेत्रका मुख्य कार्य हुन ।

## २.२ सामाजिक क्षेत्र

- **शिक्षा**

तारा मा. वि., बामरुकमा बौद्धिक अपांगता कार्यक्रम सञ्चालन, स्वयमसेवक शिक्षकहरुको व्यवस्था, कक्षा ५ विद्यालयमा दिवा खाजा कार्यक्रम सञ्चालन विद्यालयको भवन निर्माण गर्न अनुदान, छात्राहरुलाई स्यानिटरी प्याडको व्यवस्था, विद्यालय पूर्वाधार विकास आदि शैक्षिक क्षेत्रका मुख्य कार्यहरु हुन ।

- **स्वास्थ्य क्षेत्र**

करारमा स्वास्थ्य जनशक्तिहरुको व्यवस्थापन, विद्यालयमा छात्राहरुलाई स्यानिटरी प्याड वितरण, स्वास्थ्य भवन लगायत उपकरण औषधीमा अनुदान प्रदान, बर्थिङ सेन्टरमा कर्मचारी नियुक्ती, शहरी

क्लिनिक स्थापना र सञ्चालन, नगरद्वारा स्वास्थ्य परिक्षणका लागि ल्याब स्थापना (३ कर्मचारी र २ सहयोगी), स्वास्थ्य ईकाई स्थापना, स्वास्थ्य जनशक्ति करारमा परिचालन आदि नगरपालिकाले स्वास्थ्य क्षेत्रमा गरेका प्रमुख कार्यहरु हुन ।

- **खानेपानी व्यवस्थापन तथा सरसफाई**

कालीपोखरी मसिनामा डम्पिङ साईट निर्माण, पात्लखोला खानेपानी आयोजना निर्माण, सातदोबाटो लिफ्ट खानेपानी आयोजना, प्रमुख चोकहरुमा फोहोर फाल्नलाई डस्टबिनको व्यवस्था, खानेपानी तथा सरसफाई टोल विकास समिति गठन, सरसफाई सचेतना कार्यक्रम सञ्चालन, पाईप वितरण, मुहान र संरचना मर्मत, नयाँ योजना निर्माण र पुराना योजनाहरुको मर्मतसम्भार खानेपानी तथा सरसफाई क्षेत्रका प्रमुख कार्यक्रम हुन ।

**तालिका १० : पूर्वाधार क्षेत्रको प्रगती विवरण**

| उप क्षेत्र | मुख्य क्रियाकलाप |
|---|---|
| सडक, पुल यातायत | १० वटै वडा कार्यालयसम्म सडकको पहुँच (५० कि.मि.), ८० प्रतिशत बस्तीहरुमा कच्ची सडकको पहुँच (५०० कि.मि.), ५ वटा झोलुङ्गे पुल नर्माण सम्पन्न |
| आवास, बस्ती विकास तथा सार्वजनिक निर्माण | ८३ वटा भवन निर्माण, सम्पन्न, ७०५ वटा खरको छानो भएका घरहरुलाई जस्तापाता वितरण, भ्यु टावर, रंगशाला, शहिद स्मारक, छ वटा पार्क र प्रवेशद्वार निर्माण, छ वटा शौचालय निर्माण |
| सिँचाइ | १४ वटा ठूला सिँचाइ योजना निर्माण |
| सूचना तथा सञ्चार प्रविधि | पत्रकार महासंघको भवन निर्माणमा सहयोग |

स्रोत, वडागत सर्वेक्षण, नगरपालिका २०७८

## सामाजिक समावेशीकरण, युवा खेलकुद, कला भाषा साहित्य

नगरपालिकाले समाजको सबै तह र तप्काका नागरिकको आवश्यकतालाई ध्यानमा राख्दै सामाजिक समावेशीकरणका मजवुतिकरणका लागि विभिन्न सचेतना कार्यक्रमहरु सञ्चालन गरेको छ भने खेलकुद तर्फ वडाका युवा क्लबहरुलाई भलिबल नेट लगायतका अन्य सामाग्री वितरण, हरेक वर्ष मेयर कप सञ्चालन, महिला पञ्चेवाजा समूह, रेडक्रससँग ब्लड बैंक साझेदारी, वडाका भलिबल मैदानहरुमा केही अनुदान प्रदान, वडा नं. ७ माडिचौरमा रंगशाला निर्माण आदि कामहरु भएका छन । पछिल्लो आवमा युवा कलवहरुका लागि प्रस्तावमा आधारित अनुदान कार्यविधि र कार्यक्रमको छनौट त्यसै गरी स्थानीय कला, भाषा तथा संस्कृति संरक्षणका लागि नगर स्तरिय रोल्पा कवि सम्मेलन सञ्चाालन तथा बाजागाजा संरक्षण कार्यक्रम गरिएको छ ।

## २.३ पूर्वाधार विकास

विगत चार वर्षमा नगरपालिकाले सडक पूर्वाधार नपुगेका वडाहरुमा सडक तथा ट्रयाक निर्माणको काम गरेको छ । निम्री - चङ्लिङ र परेमाखोला - रिम्सक सडक निर्माण जस्ता मुख्य सडकहरु नगरपालिकाले निर्माण गरेको छ । त्यसै गरी शहिद गेटको निर्माण, फुसको छाना हटाउने कार्यक्रम, विद्युत नपुगेको ठाउँमा विद्युतिकरण गर्न पोलहरुको व्यवस्था, विद्यालयमा सोलार बत्ती जडान, जनता आवास कार्यक्रम सञ्चालन, निशुल्क मिटर वितरण, दारबोट सोलार लिफ्ट सिँचाइ आयोजनामा अनुदान प्रदान, सवै सामुदायिक विद्यालयहरुलाई इन्टरनेट वापत बार्षिक रु १२००० को व्यवस्था, दारबोट प्रहरी चौकी र स्वास्थ्य भवनमा वाईफाई वितरण, Worldlink सँगको सहकार्यमा विद्यालयमा ईन्टरनेट प्रदान नगरपालिकाले पूर्वाधारको क्षेत्रमा गरेका प्रमुख कार्य हुन

## २.४ वन, वातावरण तथा विपद् व्यवस्थापन

| तालिका ११ः वन वातावरण तथा विपद् व्यवस्थापन क्षेत्रको प्रगति | |
|---|---|
| **उप क्षेत्र** | **मुख्य क्रियाकलाप** |
| वन तथा जैविक विविधता | डिभिजन वन कार्यालय र सामुदायिक वन उपभोक्ता महासंघसँग समन्वय तथा सहकार्य |
| भूमि तथा जलाधार व्यवस्थापन | पानीका मुहानहरुको संरक्षण,  रिचार्ज पोखरीको निर्माण |
| वातावरण तथा स्वस्छता | फोहोर मैला व्यवस्थापनका लागि डम्पिङसाईडको निर्माण, फोहोरमैला तथा लेदो व्यवस्थापन, आवश्यक स्थानहरुमा डस्टविन तथा स्टेन वितरण, नगर क्षेत्रको अव्यवस्थित स्थानमा ढल तथा नाला निर्माण |
| जलवायु परिवर्तन तथा विपद् व्यवस्थापन | आवश्यक स्थानमा ग्याविन तारजाली वितरण, बाढी पहिरो पिडितलाई राहात सहयोग, नीजि आवास पुन निर्माण तथा पुनस्थापना अनुदान कार्यक्रममा पिडितहरुको निवेदन संकलन गरी जिल्ला विपद् व्यवस्थापन समितिमा पेश गरिएको । |

स्रोत, वडागत सर्वेक्षण, नगरपालिका २०७८

टोड्के र खालमा रिचार्ज पोखरी निर्माण, वृक्षारोपण, तटबन्धन, आगलागीलाई ध्यानमा राखेर पालिकामा फुसको छानो हटाउने कार्यक्रम, प्राकृतिक प्रकोप पीडितलाई अनुदान टिमुर रोपण, घाँसको लागि किंबु वितरण, जोखिम बस्तीमा ग्याबिन जाली प्रदान, फुलगमला वितरण, पहिरो प्रभावित क्षेत्रमा राहत प्रदान, प्रकोप पिडीतलाई राहत प्रदान आदि वन, वातावरण तथा विपद् व्यवस्थापन क्षेत्रका प्रमुख कार्यक्रम हुन ।

## २.५ संस्थागत विकास र सुशासन

नगरपालिकाले जनशक्ति अभावलाई परिपुर्ति गर्न आवश्यक कर्मचारी तथा नगर प्रहरीको नियुक्ति गरेको छ भने कर्मचारीको वृत्ति विकासका लागि ऐनको निर्माण गरेको छ। वार्षिक म.ले.प. प्रतिवेदन सार्वजनिक गर्नु, मासिक रुपमा सार्वजनिक सुनुवाई गर्नु, चौमासिक रुपमा आ.ले.प. प्रतिवेदन प्रकाशित गर्नु, कर्मचारीको क्षमता विकासका लागि तालिम सञ्चालन गर्नु, विभिन्न ऐन, नियम र कानुनको निर्माण गर्नु, विद्युतीय प्रणाली मार्फत सेवा प्रवाहलाई व्यवस्थित गर्नु, गुनासो पेटिका, इ–हाजिरीको व्यवस्था गर्नु, तथा सम्पूर्ण वडा कार्यालय निर्माण गर्नु नगरपालिकाको संस्थागत तथा सुशासन अन्तर्गतका प्रमुख कार्यक्रमहरु हुन ।

## परिच्छेद - तीन

# योजना खाका

## ३.१ पृष्ठभूमि

संविधानको धारा २३२ ले संघ, प्रदेश र स्थानीय तह बीचको अन्तर सम्बन्ध सहकारीता, सह अस्तित्व र समन्वय सिद्धान्तमा आधारित हुने व्यवस्था गरेर तीनै तहबीच समान सोच, लक्ष्य, उद्देश्य र रणनीति सहितको सहकारीताबाट मात्र राज्यले सोचेको समृद्धिको सपना पुरा हुने कुराको परिकल्पना गरेको छ । तसर्थ स्थानीय सरकारले निर्माण गर्ने योजना संघीय र प्रादेशिक योजनाको आधार स्तम्भमा तय गर्नुपर्ने हुन्छ । रोल्पा नगरपालिकाको हकमा पनि दीगो विकास लक्ष्य, संघीय सरकारको पन्ध्रौ पञ्चवर्षीय योजना, लुम्बिनी प्रदेशले अंगिकार गरेको प्रादेशिक रणनैतिक योजना र नगरपालिकाको वस्तुस्थिती र स्थानीय आवश्यकताका आधारमा योजना तर्जुमा गरिएको छ ।

### ३.२ समस्या

रुपान्तरणकारी परिवर्तनका लागि आवश्यक दक्ष जनशक्तिको कमि हुनु, सहभागितामूलक योजना पद्धतिको प्रभावकारी कार्यान्वयन नहुँदा योजनागत अनुशासन खस्किदै जानु, स्थानीय तहमा कर्मचारीको व्यवस्थापन जटिल बन्दै जानु, स्थानीय तहको बढ्दो स्रोत र जिम्मेवारी अनुरुपको संस्थागत क्षमता विकास हुन नसक्नु, आयोजना कार्यान्वयनमा प्राविधिक एवम् दक्ष जनशक्तिको कमिले कामको गुणस्तर सन्तोषजनक नहुनु, आन्तरिक राजश्व तथा वित्तीय स्रोतको व्यवस्थापन कमजोर हुनु, उपभोक्ता समिति तथा ठेक्का पट्टाको कामलाई मापदण्डको पालना र गुणस्तर कायम गराउने कार्यमा उत्तरदायी बनाउन नसक्दा निर्मित पूर्वाधार योजनाहरु दीगो, गुणस्तरीय र वातावरणमैत्री बन्न नसक्नु र सडक निर्माणमा भएको लगानीको अनुपातमा उपयोगिता न्यून रहनु पनि समस्याकै रुपमा देखिएका छन् । रोल्पा नगरपालिकामा अधिकांश सडकहरु बाह्रै महिना सञ्चालन हुन सक्ने अवस्थामा नरहनु, सञ्चार सुविधामा कठिनाई हुनु, शिक्षा, स्वास्थ्य, जनचेतनाको कमी, अन्तरपालिका समन्वय र सहकार्यको अभाव, परम्परागत तथा अवैज्ञानिक खेती प्रणाली, प्राविधिक ज्ञान तथा सीपको अभाव, व्यवस्थित बस्तीविकासको मापदण्ड नहुनु, कमजोर आन्तरिक आय, स्रोत साधनमा कमजोर पहूँच आदि नगरपालिकाका मुख्य समस्या हुन ।

## ३.३ चुनौती तथा अवसर

### चुनौती

संघीय पद्धतिमा रुपान्तरण भै सकेको सन्दर्भमा नगरपालिकाले सरकारको हैसियतमा काम गर्नुपर्ने हुन्छ जुन आफैमा चुनौतीपूर्ण छ । संविधान प्रदत्त २२ वटा एकल अधिकार र संघ प्रदेश र स्थानीय तहका १५

वटा साझा अधिकारलाई पूर्ण रुपमा कार्यान्वयन गर्न नगरपालिकासँग पर्याप्त ऐन तथा नीतिहरु तर्जुमा भएको हुनुपर्ने हुन्छ । अन्तरपालिका समन्वय र सहकार्यका आधारमा विकासका गतिविधिहरु सञ्चालन गर्नु, विकासका प्रक्रियामा दक्ष मानव संसाधनको प्रयोग गर्नु, उपलब्ध स्रोत साधनको उच्चतम प्रयोग गर्नु आदि नगरपालिकाका लागि चुनौतिपूर्ण देखिन्छ ।

**अवसर**

टिमुर, दालचिनी, विभिन्न जडीबुटी जस्ता जडीबुटी जन्य वनस्पती जन्य उत्पादन, सुन्तला कागती लगायतका फलफुल उत्पादन नदिजन्य पदार्थ, पर्यटन, जलविद्युत आदि रोल्पा नगरपालिकालाई व्यावसायिक रुपमा सफल र समृद्ध बनाउने योगदान पुर्‍याउने क्षेत्रहरु हुन । सहकार्य, समन्वय तथा सहकार्यको संवैधानिक अधिकार प्रयोग गरी आफ्नो आर्थिक तथा सामाजिक पहिचालनको व्यावसायिक प्रयोग मार्फत उच्चतम प्रतिफल प्राप्त गर्ने अवसर नगरपालिकासँग रहेको छ । सुनिलस्मृति, थवाङ, सुनछहरी, माडी, रुन्टिगडी र त्रिवेणी गाउँपालिका गरी छ वटा स्थानीय तहसँग जोडिएको रोल्पा नगरपालिकाले छिमेकी पालिकाहरुसँगको सहकार्यमा साझा चासोका क्षेत्रमा संयुक्त रुपमा लगानी गरी उच्चतम प्रतिफल हासिल हुने आयोजनाहरु कार्यान्वयन गर्न सक्छन जसले नगरवासी लगायत सम्पूर्ण रोल्पाकै मुहार फेर्न महत्वपूर्ण भूमिका खेल्न सक्छ ।

## ३.४ दीगो विकास, राष्ट्रिय र प्रदेश लक्ष्यसँग आवधिक योजनाको तादाम्यता

नगरपालिकाका आर्थिक, समाजिक, पुर्वाधार, वन वातावरण तथा विपद् व्यवस्थापन तथा संस्थागत विकास गरी पाँच विषयगत क्षेत्र अन्तर्गतका उपक्षेत्रगत मुख्य कार्यक्रमहरु तथा नतिजा खाकालाई दीगो विकास लक्ष्यका सूचक, राष्ट्रिय समृद्धि सूचक तथा प्रदेश समृद्धि सूचकसँग तादाम्यता हुने गरी सम्बन्धित परिच्छेदमा प्रस्तुत गरिएको छ ।

**तालिका १२: दीगो विकास लक्ष्य तथा सूचक**

| दीगो विकास लक्ष्य (दिविल) | सूचक नं. |
|---|---|
| हरेक क्षेत्रमा रहेका सबै स्वरुपका विषम गरीवीको अन्त्य | १ |
| भोकमरीको अन्त्य गर्ने, खाद्य सुरक्षा तथा उन्नत पोषण प्राप्ति र दीगो कृषिको प्रवर्द्धन | २ |
| सबै उमेर समूहका व्यक्तिको स्वस्थ जीवनको सुनिश्चितता | ३ |
| समावेशी तथा समतामूलक गुणस्तरीय शिक्षा | ४ |
| लैङ्गिक समानता हासिल गर्ने | ५ |
| खानेपानी तथा सरसफाईको उपलब्धता र यसको दीगो व्यवस्थापन | ६ |
| खर्चले धान्न सकिने, भरपर्दो, दीगो र आधुनिक उर्जामा सबैको पहुँच | ७ |

| | |
|---|---|
| स्थिर, समावेशी र दीगो आर्थिक वृद्धि, पूर्ण उत्पादनशील रोजगारी र मर्यादित श्रम | ८ |
| उत्थानशील पूर्वाधारको निर्माण, समावेशी र दीगो औद्योगीकिकरण र नव प्रवर्तन | ९ |
| मुलुक भित्र र अन्य मुलुक बीचको असमानता कम गर्ने | १० |
| शहर र मानव बस्तीलाई समावेशी, शुरक्षित, उत्थानशील र दीगो बनाउने | ११ |
| दीगो उपभोग र उत्पादन | १२ |
| जलवायु परिवर्तन | १३ |
| स्थानीय तहका लागि असान्दर्भिक | १४ |
| पारिस्थितिकीय प्रणालीको दीगो उपयोग | १५ |
| दीगो विकासका लागि शान्ति र समावेशी समाजको विकास गर्ने, सबैका लागि न्यायको पहुँच, प्रभावकारी, जवाफदेही तथा समावेशी संस्थाको निर्माण गर्ने | १६ |
| दीगो विकासका लागि विश्व व्यापी साझेदारीलाई जीवनत तुल्याउने | १७ |

**तालिका १३: दीर्घकालीन राष्ट्रिय लक्ष्य तथा सूचक**

| दीर्घकालीन राष्ट्रिय लक्ष्य (दिराल) | सूचक नं. |
|---|---|
| समृद्धिका सूचक | १ |
| उच्च समता मूलक राष्ट्रिय आय | १ |
| मानव पूँजी निर्माण तथा सम्भावनाको पूर्ण उपभोग | २ |
| सबै सुलभ आधुनिक पूर्वाधार एवम् सघन अन्तर आवद्धता | ३ |
| उच्च र दीगो उत्पादन तथा उत्पादकत्व | ४ |
| सुखका दीर्घकालीन राष्ट्रिय लक्ष्य | |
| परिष्कृत तथा मर्यादित जीवन | ५ |
| सुरक्षित सभ्य र न्याय पूर्ण समाज | ६ |
| स्वस्थ र सन्तुलित पर्यावरण | ७ |
| सुशासन | ८ |
| सबैल अर्थतन्त्र | ९ |
| राष्ट्रिय एकता, सुरक्षा र सम्मान | १० |

**तालिका १४: दीर्घकालीन प्रदेश लक्ष्य तथा सूचक**

| दीर्घकालीन प्रदेश लक्ष्य (दिप्रल) | सूचक नं. |
|---|---|
| उत्पादन र उत्पादकत्व वृद्धि गरी आर्थिक दर बढाउने | १ |
| भौतिक पुर्वाधारको निर्माण र विस्तार | २ |
| गुणस्तरीय शिक्षा र स्वास्थ्य वृद्धि गरी मानवीय पुँजीको निर्माण | ३ |
| सामाजिक समावेशिता र लैङ्गिक समता | ४ |
| विपद् व्यवस्थापन र जलवायु परिवर्तन अनुकुलित विकास | ५ |
| विधिको शासन र सेवाग्राही मैत्री प्रशासन | ६ |

## ३.५ राष्ट्रिय पन्ध्रौ योजनाको सोच

- **दीर्घकालीन राष्ट्रिय सोच : समृद्ध नेपाल सुखी नेपाली**

समुन्नत, स्वाधीन र समाजवाद उन्मुख अर्थतन्त्र सहितको समान अवसर प्राप्त, स्वस्थ, शिक्षित, मर्यादित र उच्च जीवनस्तर भएका सुखी नागरिक बसोबास गर्ने मुलुक ।

- **दीर्घकालीन राष्ट्रिय लक्ष्य**

| क) समृद्ध नेपाल | क) सुखी नेपाली |
|---|---|
| १. सबै सुलभ आधुनिक पूर्वाधार एवम् सघन अन्तरआबद्धता | १. परिष्कृत तथा मर्यादित जीवन |
| २. मानवपूँजी निर्माण तथा सम्भावनाको पूर्ण उपयोग | २. सुरक्षित, सभ्य र न्यायपूर्ण समाज |
| ३. उच्च र दीगो उत्पादन तथा उत्पादकत्व | ३. स्वस्थ र सन्तुलित पर्यावरण |
| ४. उच्च र समतामूलक राष्ट्रिय आय | ४. सुशासन |
| | ५. सबल लोकतन्त्र |
| | ६. राष्ट्रिय एकता, सुरक्षा र सम्मान |

## ३.६ प्रादेशिक प्रथम योजनाको सोच र लक्ष्य

- **सोच : सम्वृद्ध प्रदेश, खुशी जनता**

उच्च आर्थिक वृद्धि सहित सम्बृद्ध अर्थतन्त्र, रोजगारी सहित जीवन निर्वाहका लागि, पर्याप्त आम्दानी आधारभुत भौतिक सुविधाको उपलब्धता, सुरक्षा र स्वच्छ वातावरण कायम रहने सम्वृद्ध प्रदेशका खुशी जनता ।

- **प्रादेशिक लक्ष्य**

समाजवाद उन्मुख, सामाजिक न्यायमा आधारित, समावेशी, सन्तुलित र दीगो विकासको माध्यमबाट आर्थिक वृद्धिदरलाई उच्च पार्दै प्रदेशवासी जनताको जीवनमा गुणात्मक परिवर्तन ल्याउनु ।

## ३.७ रोल्पा नगरपालिकाको दीर्घकालीन सोच

**रोल्पा नगरपालिकाको समृद्धिको आधार**

**कृषि संस्कृति पर्यटन र पूर्वाधार**

## ३.८ लक्ष्य

कृषि तथा पशुपंक्षीपालनमा आधुनिकीकरण र व्यावसायिकरण, जलश्रोतमा लगानीको वातावरण निर्माण, गुणस्तरीय प्राविधिक शिक्षा, आधारभुत स्वास्थ्य सेवामा सहज पहुँच, सीप उद्यमशिलता विकास रोजगारी वृद्धि, सामाजिक सद्भाव सहितको समतामूलक समाज, पर्यावरण मैत्री दीगो पूर्वाधार,जैविक विविधताको संरक्षण र पर्यटन प्रवर्द्धन, सर्वसुलभ सेवा प्रवाह, सुशासन प्रत्याभूति सहित रोल्पा नगरको समृद्धि आधारशिला रहेका छन ।

## ३.९ उद्देश्य

- कृषि तथा पशुपंक्षीपालनको आधुनिकीकरण र व्यावसायिकरण मार्फत आय आर्जनमा वृद्धि गरी रोजगारीका अवसरहरु सिर्जना गर्नु,
- माडी, धाङ्सी लगायतका जलाधार प्रणालीको उच्चतम तथा बहुउद्देश्यीय उपभोगका लागि अन्तरपालिका तथा बाह्य सहकार्यको वातावरण निर्माण गर्नु
- युद्ध, पर्यावरणीय तथा सांस्कृतिक पर्यटनको विकास तथा सम्वर्द्धन गरी पालिकालाई आकर्षक गन्तव्यको रुपमा विकास गर्नु,
- गुणस्तरीय व्यावसायिक तथा प्राविधिक शिक्षा तथा आधारभूत स्वास्थ्य क्षेत्रमा सहज पहुँच विस्तार गर्दै समतामूलक समाजको निर्माण गर्नु,
- स्थानीय स्तरमा रोजगारीका अवसर सिर्जना गर्न नगरपालिकाका कृषि, पर्यटन तथा पर्यावरणमैत्री उद्यमशीलताको विकास गर्नु
- पुर्वाधार विकासलाई दीगो र गुणस्तरीय तथा वातावरणमैत्री बनाउनु,
- पर्यावरणमैत्री पालिका निर्माणका लागि वातवरण संरक्षण जैविक विविधताको संरक्षण गर्नु,
- नगरपालिकाको सेवा प्रवाह प्रणालीलाई सहज र सुलभ बनाउदै सुशासनको प्रत्याभूति दिलाउने ।

## ३.१० प्राथमिकता क्षेत्र

नगरपालिकाले अङ्गिकार गरेको दीर्घकालीन सोच, आवधिक नगर विकास योजनाले निर्धारण गरेको लक्ष्य र वृहत तथा क्षेत्रगत उद्देश्य हासिल गर्न देहाय अनुसारका विषय क्षेत्रलाई विशेष प्राथमिकता दिइने छ ।

क) कृषि

ख) पर्यटन

ग) पर्यावरण

घ) जडिवुटि

ङ) गुणस्तरीय शिक्षा स्वस्थ्य

## ३.११ परिमाणात्मक लक्ष्य

तालिका १२ र १३ मा राष्ट्रिय तथा लुम्बिनी प्रदेशले अल्पकालिन, मध्यकालिन र दीर्घकालीन रुपमा परिकल्पना गरेको समृद्धि र सुखका लक्ष्यका आधारमा रोल्पा नगरपालिकाको आवधिक लक्ष्यको अवस्था चित्रण गरिएको छ ।

**तालिका १५ : राष्ट्रिय तथा लुम्बिनी प्रदेशको लक्ष्य**

| क्र.स. | सूचक | इकाई | राष्ट्रिय लक्ष्य | | | लुम्बिनी प्रदेशको लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | आधार वर्ष आ.व. | | वि सं. | आधार वर्ष आ.व. | | वि सं. |
| | | | ०७५/७६ | ०८०/८१ | २१०० | ०७५/७६ | ०८०/८१ | २१०० |
| | समृद्धिका अल्पकालिन, मध्यकालिन र दीर्घकालीन लक्ष्य | | | | | | | |
| 1 | आर्थिक वृद्धिदर | प्रतिशत | 6.8 | 9.6 | 10.5 | 7.4 | 9.4 | |
| 2 | प्रति व्यक्ति वार्षिक आय | डलर | 1047 | 1595 | 12100 | 803 | 1600 | |
| 3 | कृषि क्षेत्रको योगदान | प्रतिशत | 27 | 19.4 | 9 | | | |
| 4 | उद्योग क्षेत्रको योगदान | प्रतिशत | 15.2 | 16.7 | 30 | | | |
| 5 | सेवा क्षेत्रको योगदान | प्रतिशत | 57.8 | 64.2 | 61 | | | |
| 6 | आम्दानीमा माथिल्लो १० र तल्लो ४० प्रतिशत जनसंख्याको अनुपात | अनुपात | 1:3 | 1 | 1 | | | |
| 7 | सम्पत्तिमा आधारित गिनी गुणक | गुणक | 0.31 | 0.29 | 0.25 | | | |
| 8 | अपेक्षित आयु (जन्म हुँदाको) | प्रतिशत | 69.7 | 72 | 80 | 69:3 | 72 | |
| 10 | मातृ मृत्युदर (प्रति लाख जिवित जन्ममा | संख्या | 239 | 99 | 20 | | | |
| 11 | पाँच वर्ष मुनिका वाल मृत्युदर (प्रति हजार जिवित जन्ममा | संख्या | 39 | 24 | 8 | 45 | 25 | |
| 12 | साक्षरता (१५ वर्ष माथि) | प्रतिशत | 58 | 90 | 98 | 58 | 85 | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| 13 | युवा साक्षरता दर (१५ देखि २४ वर्ष | प्रतिशत | 85 | 99 | 100 | | | |
| | ९ देखि १२ कक्षाको खुद भर्ना दर | | | | | 74=7 | 93 | |
| 14 | आधारभूत तहमा (१ देखि ८ कक्षा) खुद भर्ना दर | प्रतिशत | 92.3 | 99.5 | 100 | | | |
| 15 | श्रम शक्ति सहभागिता दर | प्रतिशत | 38=5 | 48.5 | 72 | | | |
| 16 | बेरोजगार दर | प्रतिशत | 11=4 | 6 | 3 | 11=2 | 6 | |
| 17 | रोजगारीमा औपचारिक क्षेत्रको अंश | प्रतिशत | 36=5 | 50 | 70 | | | |
| 18 | राष्ट्रिय र प्रादेशिक लोक मार्ग (कालोपत्रे) | कि.मि. | 6969 | 15000 | 33000 | 1938 | 3500 | |
| 19 | रेल मार्ग | कि.मि. | 42 | 200 | 2200 | | | |
| 20 | ३० मिनेटको दुरीमा यातायात पहुँच भएको घरपरिवार | प्रतिशत | 78.9 | 95 | 99 | | | |
| 21 | विद्युत सेवामा पहूच भएको जनसंख्या | संख्या | 90.7 | 99 | 100 | 81=3 | 100 | |
| 22 | आधारभूत खानेपानीको पहुँच पुगेका घरपरिवार | किमी | 94=9 | 99 | 100 | 89.83 | 100 | |
| 23 | इन्टरनेट प्रयोग कर्ता | प्रतिशत | 55=4 | 75 | 100 | 49=4 | 85 | |
| 24 | जलविद्युत उत्पादन जडित क्षमता | मेवा | 1074.1 | 5000 | 40000 | | | |
| 25 | प्रति व्यक्ति प्रतिवर्ष विद्युत उपभोग | कि वा | 198 | 700 | 3500 | | | |
| 26 | कृषि उत्पादकत्व (धान मकै गहुँ) | टन /हे | 2=97 | 4 | 6 | | | |
| | सुखका अल्पकालिन, मध्यकालिन र दीर्घकालीन लक्ष्य | | | | | | | |
| २७ | गरिवीको रेखा मुनी रहेको जनसंख्या | प्रतिशत | 18=7 | 11 | 1 | 18.2 | 10 | |
| २८ | बहुआयामिक गरिबीमा रहेको जनसंख्या | प्रतिशत | 28.6 | 13 | 3 | 29.9 | 15 | |
| २९ | ५ वर्ष मुनीका कम तौल भएका बालबालिका | प्रतिशत | 27 | 15 | 2 | | | |
| ३० | मानव विकास सूचांक | सूचांक | 0.57 | 0.62 | 0.76 | | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ३१ | आफ्नै स्वामित्वको आवासमा बसोबास गर्ने परिवार | प्रतिशत | 85.3 | 89 | | | | |
| ३२ | जीवनकालमा शारीरिक वा मानसिक वा यौन हिंसा पीडित महिला | प्रतिशत | 26.3 | 13 | | | | |
| ३३ | दर्ता भएका लैङ्गिक हिंसा लगायतका अपराधका घटना र अनुसन्धानको अनुपान | प्रतिशत | 96.5 | 100 | 100 | | | |
| ३४ | आधारभूत सामाजिक सुरक्षामा आवद्ध जनसंख्या | प्रतिशत | 17 | 60 | 100 | | | |
| ३५ | हेलो सरकारमा प्राप्त उजुरीको फछ्र्यौट | प्रतिशत | 48.13 | 98 | 99 | | | |
| ३६ | राष्ट्रिय परिचय पत्र प्राप्त गरेका नेपाली नागरिक | प्रतिशत | 0 | 100 | 100 | | | |
| ३७ | पाँच वर्ष मुनिका बालबालिकाको जन्म दर्ता | प्रतिशत | 56 | 100 | 100 | | | |
| ३८ | आधारभुत खाद्य सुरक्षाको स्थितीमा रहेका जनसंख्या | प्रतिशत | 48.2 | 70 | 100 | | | |

## तालिका १६: रोल्पा नगरपालिकाको परिमाणात्मक लक्ष्य

| नतिजाको तह | सूचकहरु | इकाइ | आधार वर्ष | आर्थिक वर्ष : लक्ष्य परिमाण | | | पुष्याईको आधार | पूर्वानुमान तथा जोखिम |
|---|---|---|---|---|---|---|---|---|
| | | | ०७८/७९ | ०७९/८० | ०८०/८१ | ०८३/८४ | | |
| **प्रभाव :** आयस्तरमा अभिवृद्धिका साथै समतामूलक एवंम् सुसंस्कृत समाज निर्माण | **आर्थिक विकास** | | | | | | | |
| | मानव विकास सूचांक* | | | | | | प्रदेश नीति तथा योजना आयोग * | |
| | बहुआयामिक गरिवी* | | | | | | प्रदेश नीति तथा योजना आयोग * | |
| | निरपेक्ष गरिवी | प्रतिशत | २० | १९ | १४ | १० | पार्श्व चित्र, २०७६/७७ | |
| | आफ्नो उत्पादन तथा आयले वर्षभरी खान पुग्ने जनसंख्या | प्रतिशत | ७० | ७५ | ८० | ९० | पार्श्व चित्र, २०७६/७७ | |
| | बेरोजगारी दर | प्रतिशत | ४.५ | ४ | ३ | २ | पार्श्व चित्र, २०७६/७७ | |
| **असर - १** **(आर्थिक विकास क्षेत्र)** रोजगारी अवसर हरु श्रृजना एवंम् आय वृद्धि | रोजगारीमा गैरकृषि क्षेत्रको योगदान | प्रतिशत | ५.१ | ८ | १० | १५ | पार्श्व चित्र, २०७६/७७ | |
| | कृषि पेशामा संलग्न जनसंख्या | प्रतिशत | ८३ | ८० | ७५ | ७० | | |
| | आयात-निर्यातको वार्षिक औषत अनुपात | अनुपात | ४:१ | ३:२ | २:३ | १:४ | पार्श्व चित्र, २०७६/७७ | |

| नतिजाको तह | सूचकहरु | इकाइ | आधार वर्ष ०७८/७९ | आर्थिक वर्ष : लक्ष्य परिमाण | | | पुष्याईको आधार | पूर्वानुमान तथा जोखिम |
|---|---|---|---|---|---|---|---|---|
| | | | | ०७९/८० | ०८०/८१ | ०८३/८४ | | |
| **असर- २** **(सामाजिक विकास क्षेत्र)** समन्यायिक, समतामूलक एवंम् सुसंस्कृत समाज निर्माण | **सामाजिक विकास** | | | | | | | |
| | माध्यामकि तह (९-१२) को खूद भर्नादर | प्रतिशत | ३७.४ | ४० | ४५ | ६० | पार्श्व चित्र, २०७६/७७ | |
| | साक्षरता दर | प्रतिशत | ७३ | ७५ | ७७ | ८५ | पार्श्व चित्र, २०७६/७७ | |
| | औषत आयु | वर्ष | ७० | ७० | ७० | ७१ | पार्श्व चित्र, २०७६/७७ | |
| | ५ वर्ष मुनीको कुपोषण दर | प्रतिशत | २.६ | २.५ | २ | १ | पार्श्व चित्र, २०७६/७७ | |
| | झाडापखालाको संक्रमण दर (प्रति हजारमा) | संख्या | ८०५ | ८०० | ५०० | १०० | पार्श्व चित्र, २०७६/७७ | प, स त ु त परिमाणात्मक प्रक्षेपणनगरपालिका संघ, प्रदेश तथा स्थानीय सरकार बीच सहकार्य भएको अवस्थामा, कुनै दैवी प्रकोप नआएको अवस्थामा र सहज आर्थिक तथा सामाजिक गतिविधि भएको अवस्थामा मात्र लागु हुनेछ |
| **असर - ३** **(पूर्वाधार विकास क्षेत्र)** आधारभूत सेवा सुविधामा पहुँच अभिवृद्धि | **भौतिक पूर्वाधार विकास** | | | | | | | |
| | विद्युत सेवामा पहुँच प्राप्त घरधुरी | प्रतिशत | ६७ | ६८ | ७० | ८० | पार्श्व चित्र, २०७६/७७ | |
| | दीगो, सुरक्षित र नियमित सडक यातायात सेवाबाट लाभान्वित जनसंख्या | प्रतिशत | ५ | ७ | १५ | ३० | पार्श्व चित्र, २०७६/७७ | |
| | नियमित सिञ्चित क्षेत्र | हेक्टर | ३९३० | ४००० | ४३०० | ५००० | पार्श्व चित्र, २०७६/७७ | |
| | निःशुल्क इन्टरनेट सेवा वाइफाई उपलब्ध भएका क्षेत्रहरु | प्रतिशत | ८० | ८२ | ८५ | ९० | पार्श्व चित्र, २०७६/७७ | |
| | **वन वातावरण र विपद्** | | | | | | | |
| | वन जंगलले ढाकेको क्षेत्र | प्रतिशत | ४७ | ५० | ५२ | ५५ | पार्श्व चित्र, २०७६/७७ | |
| **असर - ४** **(संस्थागत विकास तथा सुशासन क्षेत्र)** सुशासनको अनुभूति | **सुशासन र संस्थागत विकास** | | | | | | | |
| | पालिकाको सेवा प्रवाहबाट सन्तुष्ट अनुभूति गर्ने सेवाग्राही | प्रतिशत | ७६ | ७८ | ८० | ९० | पार्श्व चित्र, २०७६/७७ | |

* प्रदेश नीति तथा योजना आयोग, प्रथम पञ्चवर्षिय योजना २०७६/७७–८०/८१

## ३.१२ रणनीति

रोल्पा नगरपालिकाले हालसम्म गरेको विकास र परिवर्तनको जगमा आगामी योजनाहरु निर्माण हुनुपर्ने भएकाले योजना तर्जूमा कार्याशाला गोष्ठीले सुझाएका समष्टिगत रणनीतिलाई तल प्रस्तुत गरिएको छ ।

- ✓ नगरपालिकालाई युद्ध तथा पर्यापर्यटनको केन्द्रको रुपमा विकास गर्ने,
- ✓ कृषि तथा पशुपंक्षी पालनलाई व्यावसायिक तथा आधुनिकीकरणको माध्यमबाट तुलानात्मक तथा प्रतिष्पर्धात्मक लाभका आधारमा विकास गर्ने ।
- ✓ प्राकृतिक तथा सांस्कृतिक सम्पदाको संरक्षण, सम्वर्धन र दीगो तथा उच्चतम व्यवस्थापनको नीतिगत व्यवस्थाबाट समुदायको आर्थिक विकास गर्ने,
- ✓ पूर्वाधार विकासको गुणस्तरीयता तथा दीगोपना कायम गर्न नीतिगत व्यवस्था र त्यसको कार्यान्वयन गर्ने,
- ✓ गुणस्तरीय तथा व्यावसायिक शिक्षा तथा आधारभूत स्वास्थ्य सुविधामा नगरपालिकाका सबै नागरिकको पहुँच विस्तार गर्दै लगिने,
- ✓ समुदायलाई वाताबरण संरक्षण, फोहरमैलाको व्यवस्थापन सम्बन्धि सचेतना अभिवृद्धि गरि सरसफाईको उचित व्यवस्थापन गर्ने,
- ✓ जलवायु परवर्तनको असर न्युनिकरंण र दैविप्रकोप व्यवस्थापनका लागि वडा स्तरमानै सामुदायिक दैवीप्रकोप व्यवस्थापन समितिहरु गठन गरि परिचालन गर्ने,
- ✓ नागरिकहरुलाई प्रत्यक्ष करको भार नपर्ने गरि आन्तरिक राजस्वका क्षेत्रको खोजि गरि तिनको दीगो परिचालन गर्ने,
- ✓ नगरपालिकाको संस्थागत संरचना (राजनीतिक प्रतिनिधि, कर्मचारी प्रशासन, विषय विज्ञ तथा भौतिक पूर्वाधार) को वर्तमान अवस्थालाई अत्याधुनिक, स्मार्ट, उच्च मनोबल युक्त, सकारात्मक र परिणाममुखी बनाउने नीतिगत व्यवस्था गरिने ।

### ३.१२.१ कार्यनीति तथा मुख्य कार्यक्रम

| कार्यनीति | मुख्य कार्यक्रम |
|---|---|
| कृषि तथा पशुपालन प्रणालीलाई आधुनिक, व्यावसायिक र प्रविधियुक्त बनाई कृषि तथा पशुपंक्षी पालनलाई नगरपालिकाको आर्थिक समृद्धि, आयआर्जन, र रोजगारको प्रमुख स्रोतको रुपमा अगाडि वढाईने छ । | कृषि तथा पशुपंक्षीपालन क्षेत्रको व्यावसायिकरण, आधुनिकीकरण तथा सौन्दर्यीकरण कार्यक्रम |
| छिमेकी स्थानीय तहहरुसँगको सहकार्यमा नगरपालिकालाई युद्ध पर्यटनको आकर्षक क्षेत्रको रुपमा विकास गरिनेछ । | एकीकृत पर्यटन विकास कार्यक्रम |
| आवासीय बहुप्राविधिक शिक्षालय र (९–१२) को व्यावसायिक विद्यालयको स्थापना गरिनेछ । | प्राविधिक तथा उच्च विद्यालय शिक्षा रुपान्तरण कार्यक्रम |

| | |
|---|---|
| वन, खनिज तथा जलाधार क्षेत्रको विकासका लागि अन्तरपालिका तथा संघ तथा प्रदेश सरकारसँग सहकार्यको वातावरण मिलाईने छ । | वन तथा जलाधार क्षेत्र संरक्षण तथा सौन्दर्यीकरण कार्यक्रम |
| पुर्वाधार विकासलाई दीगो, समावेशी तथा वतावरण मैत्री बनाइनेछ । | एकीकृत पुर्वाधार विकास कार्यक्रम |
| संस्थागत विकासको आधारशिला तयार गर्न संठनात्मक संरचनाको विकास तथा वित्तीय स्रोतको परिचालनलाई उच्चतम प्रतिफल युक्त बनाइनेछ । | रोल्पा नगरपालिका संगठन( ात्मक विकास तथा वित्तीय क्षेत्र सबलीकरण कार्यक्रम |

**३.१३ प्रमुख कार्यक्रम**

| क्र स | कार्यक्रम | सहकार्य | | | | | | जन सहभागिता |
|---|---|---|---|---|---|---|---|---|
| | | पालिका | अन्तरपालिका | संघ | प्रदेश | नीजि क्षेत्र | सहकारी | |
| १ | कृषि तथा पशुपंक्षीपालन क्षेत्रको व्यावसायिकरण, आधुनिकीकरण तथा सौन्दर्यीकरण कार्यक्रम | √ | √ | √ | √ | | | √ |
| २ | एकीकृत पर्यटन विकास कार्यक्रम | √ | √ | √ | √ | √ | √ | √ |
| ३ | उच्च तथा विद्यालय शिक्षा रुपान्तरण कार्यक्रम | √ | √ | √ | √ | | | |
| ४ | वन तथा जलाधार क्षेत्र संरक्षण तथा सौन्दर्यीकरण कार्यक्रम | | √ | √ | √ | √ | | √ |
| ५ | एकीकृत पुर्वाधार विकास कार्यक्रम | | √ | √ | √ | | | |
| ६ | रोल्पा नगरपालिका संगठनात्मक विकास तथा वित्तीय क्षेत्र सबलीकरण कार्यक्रम | √ | | | | | | |

## ३.१५ अपेक्षित उपलब्धि

- ✓ व्यवसायिक कृषि, उन्नत पशुपालनका माध्यमले नगरवासीहरुको आम्दानी तथा जीवनस्तर सुधार भएको हुने,
- ✓ नगरपालिकामा रोजगारीका अवसरहरु वृद्धि भई गरीवी निवारण तथा खाद्य सुरक्षामा सकारात्मक प्रभाव परेको हुने
- ✓ गुणस्तरीय सडक सञ्जाल, सूचना प्रविधिको वढ्दो उपयोग भएको हुने,
- ✓ गुणस्तरीय शिक्षा र आधारभूत स्वास्थ्यको प्रत्याभूति भएको हुने
- ✓ पर्यावरणको संरक्षणका साथै उत्पादनमूलक प्रयोगमा वृद्धि भएको हुने
- ✓ सहकारीतामा आधारित विकासको थालनीबाट नगरपालिकाको आन्तरिक आय तथा पुँजी निर्माण मैत्री लगानीमा वृद्धि भएको हुने ।
- ✓ नागरिक मैत्री सेवा प्रवाहका माध्यमले सुशासनको वहाली भएको हुनेछ ।

# परिच्छेद - चार

## आर्थिक क्षेत्र

### ४.१ पृष्ठभूमि

संविधानले मौलिक हकका रुपमा खाद्य सुरक्षा, मर्यादित सुरक्षित रोजगारी र आय जस्ता अधिकारको सुनिश्चितता गरेको छ । संवैधानिक रुपमा सुनिश्चित गरिएका उल्लिखित अधिकारहरुको व्यवहारिक कार्यान्वयनका लागि संघ, प्रदेश एवंम् स्थानीय सरकारको भूमिका महत्वपूर्ण हुने भएकाले यो प्राप्तिका लागि तीनै तहका सरकारहरुबाट योजनाबद्ध प्रयासहरु हुँदै आएका छन् । यसैक्रममा रोल्पा नगरपालिकाले उपरोक्त पक्षको सुनिश्चितताका लागि संघ तथा लुम्बिनी प्रदेश सरकारको कानून, नीति, योजना र लक्ष्यलाई समेत मनन गरी समग्र आर्थिक विकासको खाका तयार गरेको छ। आर्थिक विकासका लागि प्रमुख सम्भाव्य श्रोतका रुपमा रहेको कृषि, पशु, उद्योग व्यवसाय, पर्यटन जस्ता क्षेत्रको विद्यमान अवस्था, समस्या तथा चुनौति एवंम् उद्देश्य, लक्ष्य परिमाण र सोको प्राप्तिका लागि अवलम्बन गर्नुपर्ने रणनीति तथा प्रमुख कार्यक्रमहरु देहायअनुसार प्रस्तुत गरिएको छ ।

### ४.१.१ वर्तमान अवस्था

रोल्पा नगरपालिकाको अर्थतन्त्रको मुख्य आधार कृषि तथा पशुपालन रहेको छ। यहाँ लगभग ८५ प्रतिशत घरधुरी कृषिमा आश्रित छन । वडा नं. ४ स्थित नगरपालिकाको मुकाम लिवाङमा बाहेक अन्य वडाहरुमा जिविकोपार्जनको मुख्य स्रोत कृषि तथा पशुपालन छ भने लिवाङ बजारमा करिब ३५ देखि ४० प्रतिशत घरधरी पुर्णतया व्यावसायिक क्षेत्रमा आवद्ध रहेका छन। परम्परागत कृषि जिविकोपार्जनको मुख्य स्रोत कृषि भए पनि कृषि उत्पादकत्व उत्साहजनक देखिदैन । वार्षिक करिब १३५०० मे.टन खाद्यान्न उत्पादन हुने गरेको भएपनि ३० मे.टन मात्र बिक्री वितरण हुने गरेको छ। त्यसै गरी नगर क्षेत्रमा वार्षिक ७०५ मे टन नगदेवाली उत्पादन हुने गरेको छ जसबाट वार्षिक २ करोड ५० लाख बराबरको कारोवार हुने गरेको छ। नगदेवालीको तुलनामा पशुपालनबाट प्राप्त हुने आम्दानी राम्रो देखिन्छ। नगरपालिकाबाट करिव ४ करोड बराबरको गाई, खसी वोका, बंगुर तथा कुखुरा लगायतका पशुपंछिको उत्पादन तथा बिक्री हुने गरेको छ। कृषि क्षेत्र बाहेक नगरपालिकामा सञ्चालित उद्योग तथा व्यवसायबाट करिब ५ करोडको आर्थिक कारोवार हुने गरेको छ। भने गैर कृषि क्षेत्रले करिब ४ प्रतिशत रोजगारी प्रदान गरेको छ। अर्को तर्फ नगरपालिकाको करिब ९० प्रतिशत माग आयातित वस्तु तथा सेवाले भारपर्नुपरेको देखिन्छ।

## ४.१.२ आर्थिक विकासको दीर्घकालीन सोच, लक्ष्य, उद्देश्य, रणनीति तथा लक्ष्य परिमाण

- **सोच**

  सबल तथा दीगो ग्रामिण अर्थतन्त्र

- **लक्ष्य**

  स्थानीय प्रकृति पदत्त स्थानीय पहिचानमा आधारित उत्पादनको उच्चतम उपभोगबाट रोजगारीता तथा उद्यमशिलता अभिवृद्धि गर्दै आर्थिक समृद्धि हासिल गर्ने ।

- **उद्देश्य**

  "स्थानीय श्रोत साधन श्रम र पूँजीको वैज्ञानिक पद्धति र आधुनिक प्रविधिको अधिकतम उपयोग गर्दै उत्पादन र उत्पादकत्वमा वृद्धि गरी दीगो आर्थिक समृद्धि हासिल गर्ने आधारशिला तयार गर्नु"

**रणनीति**

- आर्थिक विकास क्षेत्र अन्तर्गत कृषि विकास तथा खाद्य सुरक्षा, पशु विकास, वैदेशिक रोजगार तथा सुरक्षित आप्रवासन, पर्यटन विकास, उद्योग, ब्यापार व्यवसाय, वित्तीय तथा सहकारी क्षेत्रसंग सम्बन्धित संविधान प्रदत्त एकल अधिकार तथा संघीय र प्रादेशिक कानून बमोजिम साझा अधिकार क्षेत्र भित्रका विषयमा आवश्यक नीति, कानून, कार्यविधि, मापदण्ड तथा संरचना निर्माण गरी कार्यान्वयनमा ल्याउने, अनुगमन र नियमन गर्ने,

- संघीय तथा प्रादेशिक सरकारबाट प्राप्त आर्थिक विकास क्षेत्रसंग सम्बन्धित नमूना कानूनका मस्यौदालाई स्थानीय परिवेश अनुसार अनुकूलन, परिमार्जन र पारित गरी कार्यान्वयनमा ल्याउने,

- संविधान प्रदत्त अधिकार तथा कार्य जिम्मेवारीको अधिनमा रही संघ र प्रदेशसंग सहकारिता, सहअस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्दै जनसहभागिता, उत्तरदायित्व र पारदर्शिता सुनिश्चित गरी आर्थिक विकास क्षेत्र अन्तर्गतका सेवाहरु समन्वयात्मक, सुलभ र गुणस्तरीय रुपमा प्रवाह गर्ने,
- लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण, सुशासन, जलवायु अनुकूलन तथा विपद् व्यवस्थापन जस्ता अन्तर सम्बन्धित विषयहरुलाई आर्थिक विकास अन्तर्गतका सबै उपक्षेत्रमा उपयुक्त रुपमा समावेश र सम्बोधन गर्ने,

- आर्थिक विकास क्षेत्र अन्तर्गतका लक्ष्य (प्रभाव तह), उद्देश्य (असर तह) र उपलब्धि (प्रतिफल तह) को लक्ष्य परिमाण हासिल गर्ने तर्फ नीति, कार्यक्रम र श्रोत विनियोजन भए नभएको अनुगमन तथा मूल्याङ्कन पद्धतिको विकास गर्ने ।

## तालिका १७: आर्थिक क्षेत्रका लक्ष्य परिणाम

| सूचकहरु | इकाइ | आधार वर्ष ०७८/७९ | आर्थिक वर्ष : लक्ष्य परिमाण | | | पुष्ट्याईको आधार | पूर्वानुमान तथा जोखिम पक्ष |
|---|---|---|---|---|---|---|---|
| | | | ०७९/८० | ०८१/८२ | ०८३/८४ | | |
| वार्षिक खाद्यान्न उत्पादन (मकै, गहुँ, धान, कोदो, जौ, फापर) | मे.टन | १३५४० | १४००० | १५००० | १७००० | न.पा, ०७८ | |
| खाद्यान्नको वार्षिक बिक्री | मे.टन | ३० | ३२ | ८० | १०० | न.पा, ०७८ | |
| प्रतिव्यक्ति वार्षिक खाद्यान्न उत्पादन | केजी | ४१३ | ४३० | ४५० | ७०० | न.पा, ०७८ | |
| व्यावसायिक एवंम् आधुनिक तरिकाको खेतीले ओगटेको भूभाग | हेक्टर | २१ | ५०० | १००० | ३००० | न.पा, ०७८ | |
| कृषि उपजहरुको वार्षिक उत्पादन | रु. लाखमा | ६२५ | ७०० | ७५० | ८०० | न.पा, ०७८ | |
| कृषि पेशामा संलग्न जनसंख्या | प्रतिशत | ८३ | ७५ | ७० | ६० | न.पा, ०७८ | |
| कृषि तथा गैरकृषि पेशामा रोजगार जनसंख्या | प्रतिशत | ८.७ | १० | १५ | ३० | न.पा, ०७८ | |
| पशुपंक्षीको वार्षिक उत्पादन (गाईभैसी, खसीवोका, बंगुर, कुखुरा, हाँस) | रु. लाखमा | ४३३ | ४५० | ५०० | ७०० | न.पा, ०७८ | |
| पशुपंक्षीजन्यको वार्षिक बिक्री | रु. लाखमा | ४०० | ४५० | ५०० | ७०० | न.पा, ०७८ | |
| उच्च स्तरको नगदे र वेमौसमी वालीको वार्षिक उत्पादन | मे.टन | ७०५ | ७८० | ९०० | १२०० | न.पा, ०७८ | |
| उच्च स्तरको नगदे र वेमौसमी वालीको वार्षिक बिक्री | रु. | २५० | ३०० | ४०० | ५०० | न.पा, ०७८ | |
| गैरकृषि पेशा (उद्यम, व्यापार र जागिर) मा निर्भर जनसंख्या | प्रतिशत | ४.२५ | ५ | ७ | १० | न.पा, ०७८ | |
| होमस्टे लगायत पर्यटन व्यवसायबाट प्राप्त वार्षिक आय | रु. लाखमा | ४ | ५ | ६ | ८ | न.पा, ०७८ | |
| कृषि क्षेत्रमा वित्तीय संस्थाहरुको कर्जा प्रवाह | रु. लाखमा | १५९४ | १६०० | १७०० | २००० | न.पा, ०७८ | |
| उत्पादन र बजारीकरण सहकारीमा आवद्ध सदस्य | संख्या | १५७० | १६०० | १७०० | १८०० | न.पा, ०७८ | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| उत्पादनमूलक क्षेत्रमा विप्रेषण आय लगानी | रु. लाखमा | २० | ४० | ८० | २०० | न.पा, ०७८ | |
| औपचारिक र अनौपचारिक क्षेत्रहरुमा कार्यरतको दैनिक ज्याला दर | रु. | ८५० | ९०० | ९०० | १००० | न.पा, ०७८ | |
| सुचारु औद्योगिक ग्राम | संख्या | ० | ० | १ | १ | न.पा, ०७८ | |
| विकसित प्रमुख बजार क्षेत्रहरु | संख्या | ४ | ४ | ४ | ५ | न.पा, ०७८ | |
| सञ्चालित उद्योग, व्यापार, व्यवसायबाट भएको वार्षिक आर्थिक कारोवार | रु. | ५०० | ५५० | ६०० | ७०० | न.पा, ०७८ | |
| पालिकाको वार्षिक आयात निर्यातको अनुपात | अनुपात | ४:१ | | | | न.पा, ०७८ | |

समग्र आर्थिक क्षेत्रको दीर्घकालीन सोच, लक्ष्य उद्देश्य तथा रणनीतिलाई मुर्त रुप दिन आर्थिक विकासलाई कृषि, पशुपालन, उद्योग तथा व्यापार, वैंक वित्तीय संस्था तथा सहकारी, तथा वैदेशिक रोजगार तथा सुरक्षित आप्रवासन गरी छ वटा उपक्षेत्रमा विभाजन गरी प्रत्येक उपक्षेत्र अन्तर्गतका दीर्घकालीन सोच, लक्ष्य उद्देश्य तथा रणनीति कार्यनीति नतिजा खाका तथा मुख्य कार्यक्रमलाई तल प्रस्तुत गरिएको छ ।

## ४.२ कृषि विकास

### ४.२.१ विद्यमान अवस्था

८० प्रतिशत भन्दा बढी घरधुरी कृषि क्षेत्रमा संलग्न रहेको यो नगरपालिकामा मुख्यतया परम्परागत खेती गरिन्छ । मकै, जहुँ, धान, कोदो, तोरी यहाँको प्रमुख खाद्यान्न वाली हो भने वडा नं. ८, ९ र १० मा फापर, भटमास र भाङको उत्पादन हुने गरेको छ । उत्पादित खाद्यान्नको ठुलो हिस्सा व्यक्तिगत उपभोगमा नै प्रयोग हुने गरेको छ । परम्परागत वालीका अलावा व्यावसायिक कृषि तर्फ पनि कृषकको आकर्षण बढेको छ । हाल नगरपालिकामा व्यावसायिक कृषि उत्पादनमा संलग्न कृषक ५२५ जना, अगुवा तथा व्यावसायिक कृषक ४९० जना, कृयाशिल ग्रामिण कृषि कार्यकर्ता १४ जना, विभिन्न क्षेत्रमा तालिम प्राप्त कृषक ३०० जना छन भने व्यावसायिक कृषि फार्मको संख्या ४३५ रहेको छ । त्यसैगरी वार्षिक १२०० मे टन जैविक मलको उत्पादन हुने गरेको छ भने २ मे टन क्षमताका रष्टिक स्टोरको स्थापना पनि भएको छ । त्यसै गरी करिब २५०० कृषकले आधुनिक कृषि प्रविधिको प्रयोग गर्ने गरेका छन

समग्रमा नगरपालिकाको कृषि क्षेत्र क्रमिक रुपमा प्रविधि मैत्री बन्दै गईरहेको छ । वैंक तथा वित्तीय

संस्थाहरुले पनि व्यावसायिक कृषि क्रियाकलापका लागि ऋण प्रवाह गर्ने गरेका छन । हाल करिब १४०० कृषकले त्यस्तो ऋण सुविधा लिएका छन ।

### ४.२.२ सम्भावना/ अवसर तथा समस्या /चुनौती

| सम्भावना/ अवसर | समस्या /चुनौती |
|---|---|
| • वडा नं. १, ४, ६, ७, ९ र १० लाई गहुँ र मकै खेतीको पाकेट क्षेत्रको रूपमा विकास गर्न सकिने ।<br>• कृषकलाई उपयुक्त तालिम र आधुनिकिकरण सम्बन्धी कार्यक्रमहरुको व्यवस्था गर्न सकिने,<br>• वडा नं. ३, ९, ६, ८, ९ र १० लाई आलुको पकेट क्षेत्र बनाउन सकिने,<br>• वडा नं. ४ मा उत्पादन भन्डारण गर्न कोल्ड स्टोरेज तथा हाटबजार स्थापना गर्न सकिने,<br>• वडा नं. २, ४ र ७ लाई तरकारी पकेट क्षेत्रका रुपमा विकास गर्न सकिने<br>• वडा नं. १, ४, ८, ९ र १० लाई सुन्तला र कागतीको पकेट क्षेत्रको रुपमा विकास गर्न सकिने<br>• वडा नं. ९ र १० लाई किवी र अलैंचीको पकेट क्षेत्रका रुपमा विकास गर्न सकिने<br>• वडा नं. ३, ६, ८, ९ र १० मा ओखर पकेट क्षेत्र विकास गर्न सकिने | • प्राविधिक र दक्ष जनशक्तीको आभव रहेको।<br>• बिउ बिजन र मल उपलब्धताको समस्या ।<br>• अबैज्ञानीक खेती / माटो परिक्षण अभाव।<br>• कृषिमा आधुनिकिकरण<br>• सिँचाइ र बजार उपलब्धताको अभाव ।<br>• लगानी अनुसारको प्रतिफल नआउनु ।<br>• पर्याप्त मात्रामा खेतियोग्य जमिनको अभाव<br>• कृषि र पशुपालनमा रुचि र निरन्तरताको अभाव<br>• भौगोलिक रूपमा टाढा भएको वडा (वडा नं. ५)<br>• कृषिका लागि आवश्यक अन्य संरचनाको अभाव भएको ।<br>• विषादीको प्रयोग धेरै भएर माटोको उर्वराशक्ती घट्दै जानु ।<br>• अन्नबालिमा रोग र किराको समस्या वढ्नु |

### ४.२.३ दीर्घकालीन सोच, लक्ष्य, उद्देश्य, रणनीति, कार्यनीति, मुख्य कार्यक्रम तथा तर्कवद्ध खाका

➧ **सोच**

व्यावसायिक कृषिबाट रोजगार उन्मुख दीगो अर्थतन्त्र निर्माण

➧ **लक्ष्य**

कृषि क्षेत्रको आधुनिकीरण तथा यान्त्रिकरणका माध्यमबाट रोजगारी सृजना गरी गरिवी न्युनिकरण गर्ने ।

➧ **उद्देश्य**

परम्परागत कृषिप्रणालीलाई आधुनिकीकरण, यान्त्रिकीकरण एवंम् व्यवसायीकरण गर्दै खाद्यान्न, तरकारी, फलफुलको उत्पादकत्व वृद्धि र व्यवस्थित बजारीकरणबाट आर्थिक समृद्धि हासिल गर्नु,

- **रणनीति तथा कार्यनीति**

| रणनीति | कार्यनीति |
|---|---|
| कृषि प्रणालीलाई आधुनिकीकरण गर्दै उत्पादकत्व वृद्धि गर्ने, | एक वडा एक उत्पादनको अवधारणा अन्तर्गत खाद्यान्न, तरकारी तथा फलपूल खेती पकेट क्षेत्र विकास गरिनेछ। |
| | कृषि प्रणालीको यान्त्रिकरणका लागि कृषि सामग्री खरिदमा तथा कृषि उत्पादनको बजारीकरणमा अनुदानको व्यवस्था गरिनेछ। |
| | कृषि जन्य वस्तुको भण्डारणका लागि संकलन केन्द्र तथा चिस्यान केन्द्रको स्थापना गरिनेछ। |
| | कृषि तथा कृषक बिमा कार्यक्रम सञ्चालन गरिनेछ। |
| | परम्परागत कृषि वाली तथा नगदेवालीलाई मुल्य श्रृङखलामा आवद्ध गरिनेछ |
| | कम्पोष्ट तथा जैविक मल उत्पादन उद्योगको स्थापना गरिनेछ। |
| | कृषि क्षेत्रमा युवा वर्गलाई आकर्षण गर्न करार खेती कार्यक्रम सञ्चालन गरिनेछ। |
| | कृषकलाई सहुलियत पूर्ण कर्जाका लागि नगरपालिका तथा वैंक बीच सहकार्य गरिनेछ। |
| कृषक एवंम् कृषि सेवामा आधारित संस्थाहरुको क्षमता अभिवृद्धि गर्ने | कृषक तथा कृषि फार्महरुको सिप, क्षमता अभिवृद्धि एवंम् व्यावसायिकता विकासमा सहजीकरण गरिनेछ। |
| | संस्थागत विकासका लागि अगुवा महिला तथा मिश्रित कृषक समूह गठन र कृषि सहकारी संस्था गठन गर्न प्रोत्साहन गरिने, अगुवा कृषक परिचयपत्र वितरण र सोही अनुसार सुविधा एवंम् अनुदानहरुको व्यवस्था गरी कृषि पेशालाई एक पुरस्कृत एवंम् सम्मानित गरिनेछ। अगुवा कृषकहरुलाई यस कार्यमा संलग्न गराइनेछ। |
| | बेरोजगार युवाहरुमा सिप विकास तालिमहरु प्रदान गरी कृषि मजदुर तथा जनशक्तिका अभावलाई न्यूनीकरण गर्दै स्थानीय स्तरमा युवाहरुको रोजगारीका लागि सहजीकरण गरिनेछ । |
| | कृषि जनशक्ति विकास तथा युवाहरुलाई कृषि पेशामा आवद्ध गर्न बहुप्राविधिक शिक्षालय र माडिचौर कलेजसँग समन्वय गरिनेछ। अगुवा कृषकहरुलाई समय समयमा तालिम र क्षमता विकासको व्यवस्था मिलाइनेछ। |
| | कृषकद्वारा कृषकमा सिप अभिवृद्धि कार्यक्रम सञ्चालनका लागि प्रत्येक कृषक समूहमा महिला र पुरुष कृषक अगुवाको विकास गरी संस्थागत प्रसारको व्यवस्था गरिनेछ। |
| | कृषक तथा कृषि फार्महरुको सिप, क्षमता अभिवृद्धि एवंम् व्यावसायिकता विकासमा सहजीकरण गरिनेछ। |
| | बेरोजगार युवाहरुमा सिप विकास तालिमहरु प्रदान गरी कृषि मजदुर तथा जनशक्तिका अभावलाई न्यूनीकरण गर्दै स्थानीय स्तरमा युवाहरुको रोजगारीका लागि सहजीकरण गरिनेछ । |

- **प्रमुख कार्यक्रम**

| कार्यक्रम | सहकार्य | | | | | | अनुमानित लागत (लाखमा) |
|---|---|---|---|---|---|---|---|
| | पालिका | अन्तरपालिका | संघ | प्रदेश | नीजि क्षेत्र | सहकारी तथा वित्तीय संस्था | |
| नगर कृषि नीति तर्जुमा | √ | | | | | | १० |
| चिस्यान केन्द्रको स्थापना | √ | √ | √ | √ | | √ | २०० |
| आधुनिक कृषि सामग्री खरीद तथा कृषि उत्पादनको बजारीकरणमामा अनुदान | √ | | √ | √ | | √ | ५०० |
| कृषि पकेट तथा जोन क्षेत्र विकास कार्यक्रम | √ | | √ | √ | √ | √ | १५०० |
| नगरपालिका वैंक सहकारीता कार्यक्रम | √ | | | | | √ | १००० |
| करार कृषि कार्यक्रम | √ | | | | | | ४०० |
| रैथाने वाली अर्गानिक उत्पादन कार्यक्रम | √ | | | | | √ | ५०० |
| कृषि मुल्य श्रीङ्खला कार्यक्रम | √ | | | | | | ३०० |
| कृषि उपज संकलन केन्द्र, बजार प्रवर्द्धन केन्द्र (हाट बजार)को स्थापना) | √ | | | | | | २०० |
| व्यावसायिक तथा प्राविधिक तालिम कार्यक्रम | √ | | | | | | ५० |
| कम्पोष्ट र जैविक मल उत्पादन | √ | | | | | | ४० |
| जम्मा | | | | | | | ४७०० |

## ➧ तर्कवद्ध खाका

| नतिजा स्तर | नतिजा | सूचक | इकाई | आधार वर्ष ०७८/७९ | आर्थिक वर्ष : लक्ष्य परिमाण | | | पुष्टयाईको स्रोत | जिम्मेवार निकाय | दिविल | दिराल | दिप्रल |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | ०७९/८० | ०८०/८१ | ०८३/८४ | | | | | |
| प्रभाव | कृषि तथा पशुपालन क्षेत्रको आधुनिकीरण तथा यान्त्रिकरणका माध्यमबाट रोजगारी सृजना भई गरिवी न्युनीकरण भएको हुने | निरपेक्ष गरिवी | प्रतिशत | २० | २० | १८ | १६ | नपा पार्श्व चित्र | नपा | २ | ४ | १ |
| | | आयात-निर्यातको वार्षिक औषत अनुपात | अनुपात | ४:१ | ४:१ | ३:२ | १:४ | नपा पार्श्व चित्र | नपा | २ | ४ | १ |
| | | | | | | | | | | | | |
| असर | परम्परागतकृषिप्रणालीलाई आधुनिकीकरण, यान्त्रिकीकरण एवंम् व्यवसायीकरण गर्दै खाद्यान्न, तरकारी, फलफुलको उत्पादकत्व वृद्धि र व्यवस्थित बजारीकरणबाट आर्थिक समृद्धि हासिल भएको हुने | व्यावसायिक कृषि उत्पादनमा संलग्न कृषक | संख्या | ५२५ | ५५० | ६०० | ६५० | नपा पार्श्व चित्र | नपा | २ | ४ | १ |
| | | सुचारु सामुदायिक खेती तथा करार खेतीले ओगटेको भूमि | हेक्टर | ११ | ३० | ३५ | ५० | नपा पार्श्व चित्र | नपा | २ | ४ | १ |
| | | अगुवा वा व्यावसायिक कृषक | संख्या | ४९० | ५०० | ५५० | ६०० | नपा पार्श्व चित्र | नपा | २ | ४ | १ |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | सक्रिय व्यावसायिक कृषक समूह | संख्या | ७६ | ९० | १०० | १२० | नपा पार्श्व चित्र | नपा | २ | ४ | १ |
| | | क्रियाशिल ग्रामीण कृषि कार्यकर्ता | संख्या | १४ | २० | ३४ | ४० | नपा पार्श्व चित्र | नपा | २ | ४ | १ |
| | | विभिन्न क्षेत्रमा तालिम प्राप्त कृषिक | संख्या | ३०० | ३५० | ४०० | ६०० | नपा पार्श्व चित्र | नपा | २ | ४ | १ |
| | | स्थानीय व्यावसायिक कृषि फार्म | संख्या | ४३५ | ४५० | ५०० | ६०० | नपा पार्श्व चित्र | नपा | २ | ४ | १ |
| | | कम्पोष्ट र जैविक मल उत्पादन | मे.टन | १२०० | १३०० | १४०० | १६०० | नपा पार्श्व चित्र | नपा | २ | ४ | १ |
| | | व्यावसायिक कृषि नर्सरी | संख्या | ८ | ८ | १२ | २० | नपा पार्श्व चित्र | नपा | २ | ४ | १ |
| | | व्यावसायिक कृषिबाट प्रदान भएको प्रत्यक्ष रोजगारीता | संख्या | ५८० | ६०० | ६५० | ७०० | नपा पार्श्व चित्र | नपा | २ | ४ | १ |
| | | कृषि उपज संकलन केन्द्र, बजार प्रवर्द्धन केन्द्र, तथा सामुदायिक कृषि प्रसार सेवा केन्द्र | संख्या | २ | २ | २ | ३ | नपा पार्श्व चित्र | नपा | २ | ४ | १ |
| | | कृषि सहकारी संस्था | संख्या | १९ | १९ | १९ | २० | नपा पार्श्व चित्र | नपा | २ | ४ | १ |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | कृषि सहकारीमा आवद्ध कृषक | संख्या | ७६० | ७६० | ७६० | ७९० | नपा पार्श्व चित्र | नपा | २ | ४ | १ |
| | | कोल्ड स्टोर तथा रष्टिक स्टोर क्षमता | मे.टन | २ | २ | ३ | ३ | नपा पार्श्व चित्र | नपा | २ | ४ | १ |
| | | उन्नत विउ, जैविक मल र विषादी प्रयोग गर्ने, आधुनिक कृषि प्रविधि प्रयोग गर्ने कृषक | संख्या | २५०० | ३००० | ३५०० | ४००० | नपा पार्श्व चित्र | नपा | २ | ४ | १ |
| | | कृषिवालीमा लाग्ने किराबाट भएको क्षति | रु. | १२५००० | ९००० | ७००० | ४००० | नपा पार्श्व चित्र | नपा | २ | ४ | १ |
| | | जलवायु परिवर्तन, अतिवृष्टी, अनावृष्टि बाढी पहिरोबाट कृषिवालीमा भएको क्षति | रु. लाखमा | ५५ | ५० | ४५ | ४० | नपा पार्श्व चित्र | नपा | २ | ४ | १ |
| | | किसान क्रेडिट कार्डबाट लाभान्वित कृषकहरु | संख्या | ० | ५० | ६० | ७० | नपा पार्श्व चित्र | नपा | २ | ४ | १ |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | कृषि बीमा सेवाबाट लाभान्वित कृषक | संख्या | ५० | ७० | १०० | ३०० | नपा पार्श्व चित्र | नपा | २ | ४ | १ |
| | | आधुनिक कृषि औजारहरु प्रयोग गर्ने कृषकहरु<br><br>(आधुनिक औजार हरुः पावर टिलर, मिनि टिलर, ड्रम सिडर, रिपर, हाते ट्याक्टर, थ्रेसर, सिड ड्रिल आदि) | | १२४५ | १३०० | १३५० | १४०० | नपा पार्श्व चित्र | नपा | २ | ४ | १ |
| | | प्रधानमन्त्री तथा कृषि आधुनिकीकरण परियोजनाबाट लाभान्वित किसान | संख्या | १२४६ | १३०० | १३५० | | नपा पार्श्व चित्र | नपा | २ | ४ | १ |
| | | कृषि व्यवसायमा सहुलियत ऋण, कृषि सामानमा अुदान तथा यान्त्रिकीकरणमा पूँजीगत अनुदानबाट लाभान्वित कृषिक | संख्या | १४०० | १५०० | १६०० | १८०० | नपा पार्श्व चित्र | नपा | २ | ४ | १ |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | वित्तीय संस्थाहरुबाट परियोजना धितोमा सहुलियतपूर्ण कृषि कर्जा प्रवाह रकम | रु. लाखमा | ९९ | ११५ | १२० | १३० | नपा पार्श्व चित्र | नपा | २ | ४ | १ |
| | | सञ्चालनमा रहेको कृषिबजार, हाटबजार तथा कृषि थोकबजार | संख्या | १ | १ | २ | २ | नपा पार्श्व चित्र | नपा | २ | ४ | १ |
| | | कृषि सूचना तथा बजार मूल्य जानकारी का लागि वनाइएको मोवाइल एप्सबैाट लाभान्वित कृषिक | संख्या | १० | | | | नपा पार्श्व चित्र | नपा | २ | ४ | १ |
| | | सञ्चालनमा रहेको कृषि व्लक, पकेट, जोन तथा सुपरजोन | संख्या | १६ | १७ | २० | २२ | नपा पार्श्व चित्र | नपा | २ | ४ | १ |
| | | कृषि उपजहरु विक्रिका लागि नजिकको बजार क्षेत्रमा पुग्न लाग्ने समयावधि | घण्टा | ३ | ३ | २ | १ | नपा पार्श्व चित्र | नपा | २ | ४ | १ |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | तरकारी व्यावसायिक उत्पादन क्षेत्र | हेक्टर | २१ | १०० | ४०० | १००० | नपा पार्श्व चित्र | नपा | २ | ४ | १ |
| | | तरकारी उत्पादन | मे.टन | ३१५ | ४०० | १२०० | ३००० | नपा पार्श्व चित्र | नपा | २ | ४ | १ |
| | | तरकारी उत्पादन बिक्री | रु. लाखमा | ८७ | ९० | ९५ | १०० | नपा पार्श्व चित्र | नपा | २ | ४ | १ |
| | | फलफुल उत्पादन | मे.टन | १५ | २० | ४० | १०० | नपा पार्श्व चित्र | नपा | २ | ४ | १ |
| | | फलफुल उत्पादन बिक्री | रु. लाखमा | १० | २० | ४० | ८० | नपा पार्श्व चित्र | नपा | २ | ४ | १ |
| | | आलु खेतीले ओगटेको भूभाग | हेक्टर | ४० | १०० | १५०० | ४००० | नपा पार्श्व चित्र | नपा | २ | ४ | १ |
| | | आलु खेतीबाट वार्षिक उत्पादन | मे.टन | ४०० | ८०० | १२०० | २००० | नपा पार्श्व चित्र | नपा | २ | ४ | १ |
| | | आलुको वार्षिक बिक्री | रु. लाखमा | ७५ | १५० | २०० | ४०० | नपा पार्श्व चित्र | नपा | २ | ४ | १ |
| | | अदुवा, लसुन लगायत मसलाजन्य उत्पादन | मे.टन | २६१ | ३०० | ३५० | ५०० | नपा पार्श्व चित्र | नपा | २ | ४ | १ |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | अदुवा, लसुन लगायत मसलाजन्य बिक्री | रु. लाखमा | ६० | ७० | ९० | १५० | नपा पार्श्व चित्र | नपा | २ | ४ | १ |
| | | अलैची ले ओगटेको क्षेत्र | हेक्टर | २ | ५ | ५० | १०० | नपा पार्श्व चित्र | नपा | २ | ४ | १ |
| | | अलैचीको वार्षिक उत्पादन | मे.टन | १.५ | २ | ४ | १० | नपा पार्श्व चित्र | नपा | २ | ४ | १ |
| | | नगदेवालीको वार्षिक निकासी | रु. लाखमा | १० | २० | ५० | २०० | | | | | |
| | | **प्रतिफल तह (कृषि १.१) अन्तर्गतका इकाइ नगरपालिकाले आफ्नो अनुकूलमा तय गर्ने** | | | | | | | | | | |
| **प्रतिफल** | प्रस्तुत कार्यक्रमले कृषि क्षेत्रका असर तहमा सकारात्मक प्रभाव पारेको हुने | नगर कृषि नीति तर्जुमा | संख्या | | | | | नपा पार्श्व चित्र | नपा | २ | ४ | १ |
साक्षर जिल्ला घोषणा भइसकेपनि अझैपनि वित्तिय साक्षरता र डिजिटल साक्षरता लगायतका साक्षरताका नविनतम आयमहरुमा अझै धेरै मिहनेत गर्नुपर्ने देखिन्छ । विगतमा साक्षर भएकाहरुका लागि समेत निरन्तर र जीवनप्रयान्त सिकाई अवसरहरुको उपलव्धता गराउदै जानुपर्नेछ । औपचारिक शिक्षा तर्फ रोल्पा नगरपालिकामा १५ मिनेटको दुरीमा आधारभूत तहको विद्यालयमा पहुँच हुने घरधुरी ९० प्रतिशत रहेका छन । स्वास्थ्य क्षेत्रको पहुँच पनि सन्तोषजनक भएपनि करिब ३ प्रतिशत बालबालिकामा कुपोषणको समस्या देखिएको छ भने झाडा पखाला तथा श्वास प्रश्वासको संक्रमण दर क्रमश ८०५ र ९५३.६ प्रति हजार रहेको छ । त्यसै गरी यहाँ करिब २० प्रतिशत घरधुरीले मात्र प्रशोधित खानेपानीको प्रयोग गर्ने गरेका छन ।

नगरपालिकाको प्रमुख समस्याको रुपमा बालविबाह रहेको देखिन्छ । करिब कुल जनसंख्याको ३० प्रतिशतले उमेर नपुगी विवाह गर्ने गरेका छन । सार्वजनिक क्षेत्रमा महिलाको सहभागिता क्रमिक रुपमा बढ्दै गएको देखिन्छ। नगरपालिकामा हाल व्यावसायिक सिपमूलक तालिम प्राप्त महिला २१२ जना रहेका छन भने आमा समूह १०० वटा रहेका छन । अर्को तर्फ करिब २२ प्रतिशत युवा उद्योग व्यापार तथा व्यवसायमा आवद्ध छन भने प्रधानमन्त्री रोजगार कार्यक्रमबाट लाभान्वित युवा ३४० जना रहेका छन ।

## ५.१.२ सामाजिक क्षेत्र विकासको दीर्घकालीन सोच लक्ष्य, उद्देश्य, लक्ष्य परिमाण, रणनीति तथा प्रमुख कार्यक्रम

- **सोच**

स्वस्थ, शिक्षित र चेतनशिल नागरिक सहितको समावेशी समाज

**लक्ष्य**

गुणस्तरीय प्राविधिक शिक्षा लगायतका सामाजिक पुर्वाधारको सुनिश्चितताको विकास गरी नगरबासीको मानवीय विकासमा योगदान पुऱ्याउने

- **उद्देश्य,**

"गुणस्तरिय तथा सर्वसुलभ शिक्षा, स्वास्थ्य, स्वच्छ खानेपानीको सुनिश्चितता गर्दै लक्षित वर्गको समावेशी र समुन्नतिका साथै भाषा, साहित्य, कला, संस्कृति र खेलकुदको समानुपातिक विकास सहित न्यायिक समाजको निर्माण गरेर जीवनस्तर सुधार भएको हुनेछ" ।

- **रणनीतिहरु:**

  - सामाजिक विकास क्षेत्र अन्तर्गत आधारभूत शिक्षा, आधारभूत स्वास्थ्य, खानेपानी तथा सरसफाई, लक्षित क्षेत्र, लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण, युवा तथा खेलकूद, भाषा, कला, साहित्य र संस्कृति संरक्षण क्षेत्रसंग सम्बन्धित संविधान प्रदत्त एकल अधिकार तथा संघीय र प्रादेशिक कानून बमोजिम साझा अधिकार क्षेत्र भित्रका विषयमा आवश्यक नीति, कानून, कार्यविधि, संरचना तथा मापदण्डहरू निर्माण गरी कार्यान्वयनमा ल्याउने,

  - सामाजिक विकास क्षेत्र अन्तर्गतका लक्ष्य (प्रभाव तह), उद्देश्य (असर तह) र उपलब्धि (प्रतिफल तह) को लक्ष्य परिमाण हासिल गर्ने तर्फ नीति, कार्यक्रम र श्रोत विनियोजन भए नभएको अनुगमन तथा मूल्याङ्कन पद्धतिको विकास गर्ने,

  - संघीय तथा प्रादेशिक सरकारबाट प्राप्त सामाजिक क्षेत्र विकाससंग सम्बन्धित नमूना कानूनका मस्यौदालाई स्थानीय परिवेश अनुसार अनुकूलन, परिमार्जन र पारित गरी कार्यान्वयनमा ल्याउने,

  - संविधान प्रदत्त अधिकार तथा कार्य जिम्मेवारीको अधिनमा रही संघ र प्रदेशसंग सहकारिता,

सहअस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्दै जनसहभागिता, उत्तरदायित्व र पारदर्शिता सुनिश्चित गरी सामाजिक क्षेत्र अन्तर्गतका सेवाहरु सुलभ र गुणस्तरीय रुपमा प्रवाह गर्ने,

- लैंङ्गिक समानता तथा सामाजिक समावेशीकरण, सुशासन, जलवायु अनुकूलन तथा विपद् व्यवस्थापन, जस्ता अन्तर सम्बन्धित विषयहरुलाई सामाजिक क्षेत्र विकास अन्तर्गतका सबै उपक्षेत्रमा उपयुक्त रुपमा समावेश र सम्बोधन गर्ने ।

## तालिका १८ : सामाजिक क्षेत्रको लक्ष्य परिमाण

| सूचक | इकाइ | आधार वर्ष | आर्थिक वर्ष : लक्ष्य परिमाण | | | पुष्ट्याईको आधार | पूर्वानुमान तथा जोखिम पक्ष |
|---|---|---|---|---|---|---|---|
| | | ०७८/७९ | २०७९/८० | २०८१/८२ | २०८३/८४ | | |
| १५ मिनेटको दुरीमा आधारभूत तहको विद्या( लयमा पहुँच हुने घरधुरी | प्रतिशत | ८० | ८० | ८५ | ९० | नपा, ०७८ | |
| साक्षरता दर | प्रतिशत | ९५ | ९६ | ९८ | १०० | नपा, ०७८ | |
| प्राविधिक शिक्षामा अध्ययनरत विद्यार्थी | संख्या | ४५० | ५०० | ५५० | ६०० | नपा, ०७८ | |
| उच्च शिक्षामा अध्ययनरत विद्यार्थी | संख्या | ५६८ | ६०० | ६५० | ७०० | नपा, ०७८ | |
| ३० मिनेटको दुरीमा नजिकको स्वास्थ्य सेवामा पहुँच भएका घरधुरी | प्रतिशत | | | | | नपा, ०७८ | |
| सबै प्रकारका खोप लिएका बालबालिका | प्रतिशत | ९६ | ९७ | ९८ | ९९ | नपा, ०७८ | |
| सुरक्षित खानेपानीमा पहुँच भएका जनसंख्या | प्रतिशत | २० | २५ | ४० | ५० | नपा, ०७८ | |
| सरसफाई सेवा उपलब्ध घरधुरी (निजी क्षेत्र तथा पालिकाबाट सेवा सञ्चालन) | प्रतिशत | २० | २५ | ३० | ४० | नपा, ०७८ | |
| खुल्ला दिसामुक्त घोषणा गरिएका वडा | संख्या | १० | १० | १० | १० | नपा, ०७८ | |
| लक्षित वर्गका लागि बजेट विनियोजन (महिला बालबालिका, पिछडिएका, विपन्न वर्ग) | रु ला( खमा | १०६ | ११० | १२० | १२५ | नपा, ०७८ | |
| प्राविधिक र व्यावसायिक क्षेत्रमा तालिम प्राप्त जनसंख्या | प्रतिशत | १७ | २० | २२ | २५ | नपा, ०७८ | |
| भाषा, साहित्य, संस्कृति, आदिवासी ज्ञान, सिप र कला प्रवर्द्धन | संख्या | १८ | २० | २५ | ३० | नपा, ०७८ | |
| जिल्ला/क्षेत्रीयस्तर व्यावसायिक खेलाडी | संख्या | | १५ | २५ | ४५ | नपा, ०७८ | |

यस विषयगत क्षेत्र भित्र निम्न विषयगत उपक्षेत्रहरु समावेश गरिएका छन् : शिक्षा विकास, आधारभूत स्वास्थ्य, खानेपानी तथा सरसफाई, लक्षित वर्ग तथा सामाजिक समावेशीकरण, युवा तथा खेलकुद एवंम् भाषा, साहित्य, कला तथा संस्कृति ।

## ५.२ शिक्षा

### ५.२.१ विद्यमान अवस्था

रोल्पा नगरपालिका शिक्षा क्षेत्रको विकासका सन्दर्भमा अग्रणी अवस्थामा छ । राष्ट्रिय जनगणना २०६८ मा ६३ प्रतिशत साक्षरता दर भएको यो जिल्ला साक्षर घोषणा भइसकेको छ । त्यसैगरी आधारभूत तह (कक्षा १ देखि ५) सम्मको खुद भर्नादर ९७.६ प्रतिशत र ६ देखि ८ कक्षासम्मको खुद भर्नादर ८६.५ प्रतिशत रहेको छ । त्यसै गरी कक्षागत सिकाई उपलब्धि कक्षा ३ को ६३, ५ को ६० र ८ को ४४ प्रतिशत रहेको छ ।

### ५.२.२ सम्भावना /अवसर तथा समस्या/चुनौती

| सम्भावना /अवसर | समस्या/चुनौती |
|---|---|
| • विद्यालयको भौतिक संरचना निर्माण तथा शिक्षक दरबन्दी पुरा गर्न सकिने ।<br>• जनसंख्या वृद्धि अनुसार मा.विको व्य( वस्था गर्न सकिने<br>• वडा नं. ४ लिवाङमा आवासीय विद्या( लय स्थापना गर्न सकिने<br>• वडा नं. ५ मा १२ सम्म को मा. वि. स्थापना गर्न सकिने<br>• ९ देखि १२ सम्मको प्राविधिक धार सामुदायिक माविमा स्थापना गर्न सकिने । | • उचित मात्रामा शिक्षक दरबन्दी अभाव ।<br>• आर्थिक अभावले धेरै विद्यार्थीहरु पढाई छोड्ने समस्या ।<br>• भौतिक संरचनाको कमी भएको ।<br>• विद्यार्थीहरुलाई मानसिक शिक्षाको कमी ।<br>• विद्यार्थी निरन्तरता कायम राख्न चुनौती रहेको ।<br>• शैक्षिक जनचेतनाको अभाव रहेको ।<br>• भौगोलिक जटिलताले गर्दा चुनौती रहेको ।<br>• कम्प्युटर, प्रयोगशाला र लाईब्रेरीको अभाव रहेको ।<br>• बाल र अपाङ्ग मैत्री भौतिक संरचनाको कमी<br>• शिक्षाको घट्दो गुणस्तर<br>• अभिभावकहरुको कम चासो र चिन्ता |

### ५.२.३ दीर्घकालीन सोच, लक्ष्य, उद्देश्य, रणनीति, कार्यनीति, मुख्य कार्यक्रम तथा तर्कवद्ध खाका

- **सोच**

  समतामूलक पहुँच सहितको गुणस्तरीय शिक्षा नगरपालिकाको प्रतिवद्धता

- **लक्ष्य**

  नवप्रवर्तन उन्मुख गुणस्तरीय, व्यावसायिक शिक्षा प्रणालीको विकास गरी दक्ष मानव संसाधन तयार गर्ने

- **उद्देश्य**

  सामुदायिक विद्यालयको शिक्षालाई गुणस्तरीयता अभिवृद्धि गर्दै प्रविधिक र व्यावसायिक शिक्षाको विस्तार गरी स्वरोजगारीको अवसर सृजना गर्नु ।

## ➧ रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| ➧ विद्यालय क्षेत्रको शैक्षिक पुर्वाधार तथा मानव संसाधनमा सुधार गर्ने | ➧ प्रत्येक विद्यालयमा न्युनतम शैक्षिक पूर्वाधार व्यवस्थापनको मापदण्ड वनाई लागु गरिनेछ। |
| | ➧ प्रत्येक विद्यालयमा नमुना बाल विकास केन्द्रको स्थापना गरिनेछ। बालविकासमा अध्ययनरत शिक्षकहरुका लागि न्यूनतम पारिश्रमिक, उत्प्रेरणमूलक कार्यक्रम र मन्टेश्वरी तालिमको प्रवन्ध मिलाइनेछ। |
| | ➧ मावि तहमा विषयगत शिक्षकको व्यवस्थापन र क्षमता अभिवृद्धिमा जोड दिईने छ। |
| | ➧ विद्यार्थीहरुको सिकाइ उपलब्धि नियमित परीक्षण र नतिजा सुधारका कार्यक्रमहरु सञ्चालन गरिनेछ। |
| | ➧ सामुदायिक विद्यालयमा नै कक्षा ९ देखि १२ मा प्राविधिक शिक्षा (कृषि, विद्युत, आईटी, संगीत) सञ्चालन गरिने |
| | ➧ जलजला क्याम्पस, माडिचौर प्राकृतिक स्रोत कलेज र बामरुकमा रहेको बहुप्राविधिक शिक्षालयसँगको समन्वय र सहकार्य अघि वढाइनेछ। |
| | ➧ नगरभित्रका दक्ष र विज्ञ मानवशक्ती पहिचान गरी विद्यालयमा परिचालन गरिनेछ। |
| | ➧ प्रत्येक विद्यालयको भौतिक संरचनालाई अपाङ्ग तथा महिला मैत्री बनाइनेछ। |
| | ➧ अपाङ्ग तथा फरक क्षमताका बालबालिकाका लागि आवासीय स्तरको अपाङ्गता लक्षित विद्यालयको स्थापना गरिनेछ। |
| | ➧ गरिव, विपन्न र लक्षित समुदायका वालवालिकाहरुलाई केन्द्रित गरी आवासीय विद्यालयल स्थापना र उच्च दक्षतायुक्त शिक्षकको व्यवस्था गरिनेछ। |
| | ➧ विद्यार्थी संख्या बढी भएका साथै शिक्षक दरबन्दी कम भएका विद्यालयमा शिक्षक व्यवस्थापन तथा क्षमता विकासमा जोड दिईनेछ साथै विद्यार्थी कम भएका विद्यालयलाई मर्जिङ गरीने छ। |
| | ➧ प्राविधिक शिक्षालयहरुको विस्तार र हाल सञ्चालनमा रहेका विद्यालयहरुमा सूचना प्रविधिको उपयोग र विकासमा जोड दिईनेछ |
| | ➧ बालबालिकाहरुलाई मनोसामाजिक परामर्श सेवा तथा स्वास्थ्य कर्मीको व्यवस्था गर्दै बालबालिकाहरुको सिकाईमा अभिवृद्धि ल्याइनेछ। |
| | ➧ शैक्षिक अनुगमन मूल्याङ्कन, विद्यालय अनुगमनलाई प्रभावकारी रुपमा सञ्चालन गर्न मापदण्ड बनाई कार्यान्वयनमा ल्याइनेछ । |
| | ➧ विषयगत, कक्षागत सिकाई उपलब्धि दर बढाउन नतिजामा आधारित मूल्याङ्कन प्रणालीको अवलम्बन गरी शिक्षामा गुणस्तर कायम राख्न पहल गरिनेछ। |
| | ➧ आधारभूत तहसम्म स्थानीय मातृभाषामा पठनपाठन गरी बालबालिकाहरुको सिकाइ स्तरमा अभिवृद्धि ल्याइनेछ। |

| | |
|---|---|
| ➧ माध्यमिक शिक्षालाई प्राविधिक तथा व्यावसायिक शिक्षाको रुपमा विस्तार गर्ने | ➧ नगरपालिका स्तरीय नमुना विद्यालयको स्थापना र विकास गरिनेछ<br>➧ प्रत्येक विद्यालयमा पुस्तकालय र कक्षामा बुक कर्नर अनिवार्य गरिनेछ<br>➧ व्यावसायिक तथा प्रविधिक शिक्षाका लागि प्राविधिक शिक्षकको व्यवस्था गरिनेछ |
| ➧ नवप्रर्वतन तथा अनुसन्धान केन्द्रको विकास गर्ने | ➧ विद्यालय तहदेखि नै बालवालिकाहरुको प्रतिमा पहिचान खोज र अनुसन्धानमा जोड दिने प्रणालीको विकास गर्दै लगिनेछ ।<br>➧ जलजाल बहुमुखी क्याम्पसलाई नवप्रर्वतन तथा अनुसन्धान केन्द्रको रुपमा विकास गरिनेछ<br>➧ रोल्पा नगरपालिकासँग सम्बन्धित विश्व भर छरिएर रहेका विभिन्न विषयमा विज्ञता हासिल गरेका मावन संसाधनको आल्मुनाई वनाई अनुसन्धान केन्द्र मार्फत उनीहरुको विज्ञता, ज्ञान र प्रविधिको हस्तान्तरणको वातावरण मिलाईने छ<br>➧ रोल्पा नगर स्तरीय शैक्षिक विज्ञ समूह गठन र परिचालन गरिनेछ । |

- **प्रमुख कार्यक्रम**

| कार्यक्रम | सहकार्य | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | पालिका | अन्तरपालिका | संघ | प्रदेश | नीजि क्षेत्र | सहकारी | अनुमानित लागत |
| न्युनतम शैक्षिक पूर्वाधार व्यवस्थापनको मापदण्ड तयारी | √ | | √ | √ | | | १५० |
| प्रत्येक विद्यालयमा नमुना बाल विकास केन्द्र तथा मन्टेश्वरी तालिम प्राप्त शिक्षक शिक्षिकाको व्यवस्था | √ | | | | | | १०० |
| प्रत्येक विद्यालयको भौतिक संरचनालाई अपाङ्ग तथा महिला मैत्री बनाइनेछ । | √ | √ | √ | √ | | | २०० |
| अपाङ्ग तथा फरक क्षमताका बालबालिकाका लागि आवासीय स्तरको अपाङ्गता लक्षित विद्यालयको स्थापना | √ | √ | √ | √ | | | ३०० |
| आवासीय विद्यालयलाई केन्द्रित गरी उच्च दक्षता युक्त शिक्षकको व्यवस्था गरिनेछ । | √ | √ | | | | | ४०० |
| शिक्षक व्यवस्थापन तथा क्षमता विकास तथा विद्यालय मर्जिङ कार्यक्रम | √ | | √ | | | | २०० |
| प्राविधिक शिक्षालयहरुको विस्तार र हाल सञ्चालनमा रहेका विद्यालयहरुमा सूचना प्रविधिको विकास | √ | √ | | | | | २०० |
| नगरपालिका स्तरीय नमुना आवाशिय विद्यालयको स्थापना । | √ | | | | | | ८०० |
| प्रत्येक वडामा  बालविकास सहितका मोडल विद्यालयको स्थापना । | √ | | √ | √ | | √ | ५०० |
| व्यावसायिक तथा प्रविधिक शिक्षाका लागि प्राविधिक शिक्षकको व्यवस्था गरिनेछ । | √ | | √ | √ | | | २०० |
| जम्मा | | | | | | | ३००० |

### तर्कवद्ध खाका

| नतिजा स्तर | नतिजा | सूचक | इकाई | आधार वर्ष ०७८/७९ | आर्थिक वर्ष : लक्ष्य परिमाण | | | पुष्टयाईको स्रोत | जिम्मेवार निकाय | दिविल | दिराल | दिप्रल |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | ०७९/८० | ०८१/८२ | ०८३/८४ | | | | | |
| **प्रभाव** | नवप्रवर्तन उन्मुख गुणस्तरीय, व्यावसायिक शिक्षा प्रणालीको विकास गरी दक्ष मानव संसाधन तयार भएको हुने | दक्ष, व्यावसायिक तथा प्राविधिक विद्यार्थी उत्पादन गर्ने विद्यालय | संख्या | ० | ० | २ | ३ | नगर पार्श्व चित्र | न.पा | ४ | २ | ३ |
| | | | | | | | | | | | | |
| **असर** | सामुदायिक विद्यालयको शिक्षालाई गुणस्तरीयता अभिवृद्धिगर्दैप्रविधिक र व्यावसायिक शिक्षाको विस्तारबाट स्वरोजगारीको अवसर सृजना भएको हुने | विद्यालय वाहिर रहेका ५-१५ वर्ष उमेर समूहका बालबालिका | प्रतिशत | २.४ | २ | १ | १ | नगर पार्श्व चित्र | न.पा | ४ | २ | ३ |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | आधारभूत तह सम्मको उत्तिर्ण दर | संख्या | ८५ | ८६ | ८९ | ९३ | नगर पार्श्व चित्र | न.पा | ४ | २ | ३ |
| | | माध्यामकि तह (९-१२) को खूद भर्नादर | प्रतिशत | ३७.४ | ४० | ४५ | ६० | नगर पार्श्व चित्र | न.पा | ४ | २ | ३ |
| | | कक्षा १२ को निरन्तरता दर | प्रतिशत | ३५ | ४० | ५० | ७० | नगर पार्श्व चित्र | न.पा | ४ | २ | ३ |
| | | कक्षा ८ सिकाई उपलब्धि दर | प्रतिशत | ४८ | ५० | ५४ | ६० | नगर पार्श्व चित्र | न.पा | ४ | २ | ३ |
| | | कक्षा ८ को निरन्तरता दर | प्रतिशत | ८६.५ | ८७ | ७० | ७६ | नगर पार्श्व चित्र | न.पा | ४ | २ | ३ |
| | | बालमैत्री सिकाइ विधि अवलम्बल गर्ने विद्यालय | प्रतिशत | ७०.५ | ७२ | ७५ | ८० | नगर पार्श्व चित्र | न.पा | ४ | २ | ३ |
| | | वालमैत्री आधारभूत पूर्वाधार र सुविधा (भवन, चर्पी, खानेपानी, खेलकुद मैदान, घेरावार, फर्निचर) उपलब्ध विद्यालय | संख्या | ६० | ६२ | ६५ | ७० | नगर पार्श्व चित्र | न.पा | ४ | २ | ३ |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | वालमैत्री, छात्रामैत्री, अपाङ्गतामैत्री र भूकम्प प्रतिरोधात्मक संचरना भएको विद्यालय | संख्या | ३० | ३२ | ३५ | ४० | नगर पार्श्व चित्र | न.पा | ४ | २ | ३ |
| | | आइसिटि सेवा उपलब्ध भएको विद्यालय | संख्या | ९ | १० | १२ | १४ | नगर पार्श्व चित्र | न.पा | ४ | २ | ३ |
| | | व्यवस्थित विज्ञान र कम्प्युटर प्रयोगशाला भएका विद्यालय | संख्या | ८ | १० | १३ | १५ | नगर पार्श्व चित्र | न.पा | ४ | २ | ३ |
| | | वालक्लब गठन भएका विद्यालय | संख्या | २८ | ३० | ३४ | ४० | नगर पार्श्व चित्र | न.पा | ४ | २ | ३ |
| | | शिक्षक विद्यार्थी अनुपात (आधारभूत र माद्यामिक) | संख्या | ७४ | ७० | ६५ | ५० | नगर पार्श्व चित्र | न.पा | ४ | २ | ३ |
| | | महिला शिक्षकको अनुपात (शिक्षकसंग) | संख्या | ४८ | ५० | ५५ | ६० | नगर पार्श्व चित्र | न.पा | ४ | २ | ३ |
| | | महिलामैत्री विद्यालय | संख्या | २५ | २८ | ३० | ३२ | नगर पार्श्व चित्र | न.पा | ४ | २ | ३ |
| | | अपाङ्ग मैत्री विद्यालय | संख्या | २९ | ३० | ३१ | ४० | नगर पार्श्व चित्र | न.पा | ४ | २ | ३ |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | बालमैत्री विद्यालय | संख्या | ४० | ४२ | ४४ | ५० | नगर पार्श्व चित्र | न.पा | ४ | २ | ३ |
| | | विषयगत तालिम प्राप्त शिक्षकहरु | संख्या | २९० | ३०० | ३१० | ३१५ | नगर पार्श्व चित्र | न.पा | ४ | २ | ३ |
| | | दिवा खाजा प्रदान गर्ने विद्यालयहरु | संख्या | ६६ | ६६ | ६६ | ६६ | नगर पार्श्व चित्र | न.पा | ४ | २ | ३ |
| | | सेनीटरी प्याड र नर्स सेवा उपलब्ध भएको विद्यालय | संख्या | २५ | ३० | ३० | ३० | नगर पार्श्व चित्र | न.पा | ४ | २ | ३ |
| | | विपद्, महामारी लगायत विविध कारण बाट भौतिक दूरी कायम राख्दै सूचना प्रविधिका माध्यमबाट अध्यापन गर्ने विद्यालय | संख्या | ८ | १० | १५ | ३० | नगर पार्श्व चित्र | न.पा | ४ | २ | ३ |
| | | उच्च शिक्षा अध्यापन गर्ने (क्याम्पस) शिक्षण संस्था | संख्या | १ | १ | १ | २ | नगर पार्श्व चित्र | न.पा | ४ | २ | ३ |
| | | सिटिइभिटिबाट सम्वर्द्धनमा सञ्चालित प्राविधिक विद्यालय | संख्या | १ | १ | १ | २ | नगर पार्श्व चित्र | न.पा | ४ | २ | ३ |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | आधारभूत तहमा स्थानीय मातृभाषामा पठनपाठन गर्ने विद्यालय | संख्या | ० | १ | १ | १ | नगर पार्श्व चित्र | न.पा | ४ | २ | ३ |
| | | नियमित अध्ययन गर्न नसक्ने विद्यार्थीका लागि माध्यामिक तह सम्मको खुल्ला शिक्षा वा अनौपचारिक दिने विद्यालय | संख्या | १ | १ | १ | १ | नगर पार्श्व चित्र | न.पा | ४ | २ | ३ |
| | | राष्ट्रपति शैक्षिक सुधार कार्यक्रमबाट लाभान्वित विद्यालय | संख्या | ५ | ६ | ६ | ६ | नगर पार्श्व चित्र | न.पा | ४ | २ | ३ |
| | | जनसंख्या वनौट र भौगोलिक अवस्थाको आधारमा नक्साङ्कन गरी समायोजन तथा एकीकरण भएका विद्यालय | संख्या | ३ | ४ | ५ | ५ | नगर पार्श्व चित्र | न.पा | ४ | २ | ३ |
| | | प्रतिफल तह २.१ शिक्षा, इकाइ नगरपालिकाले आफ्नो अनुकूल तय गर्ने छ | | | | | | | | | | |
| **प्रतिफल तह** | सम्पूर्ण विद्यालय नगरपालिकाले तयार पारेको शैक्षिकतथाभौतिक पूर्वाधार युक्त भएका हुने | न्युनतम शैक्षिक पूर्वाधार व्यवस्थापनको मापदण्ड तयारी | संख्या | ० | १० | १० | २८ | नगर पार्श्व चित्र | न.पा | ४ | २ | ३ |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | वाल मैत्री विद्यालयको व्यवस्थापनले वालबालिकाको क्षमता अभिवृद्धिमा सहयोग पुगेको हुने | प्रत्येक विद्यालयमा नमुना बाल विकास केन्द्र तथा मन्टेश्वरी तालिम प्राप्त शिक्षक शिक्षिकाको व्यवस्था | संख्या | ० | ८ | ८ | १६ | नगर पार्श्व चित्र | न.पा | ४ | २ | ३ |
| | विद्यार्थी शिक्षकको समानुपातिक वितरणबाट विद्यालय शिक्षा प्रभावकारी भएको हुने | प्रत्येक विद्यालयको भौतिक संरचनालाई अपाङ्ग तथा महिला मैत्री बनाइनेछ । | संख्या | ० | ४ | ५ | ६ | नगर पार्श्व चित्र | न.पा | ४ | २ | ३ |
| | अपाङ्ग तथा फरक क्षमताका बालबालिकाकाको शैक्षिक अवस्थामा सुधार आएको हुने | अपाङ्ग तथा फरक क्षमताका बालबालिकाका लागि आवासीय स्तरको अपाङ्गता लक्षित विद्यालयको स्थापना | संख्या | ० | | ४ | ७ | नगर पार्श्व चित्र | न.पा | ४ | २ | ३ |
| | आवाशिय विद्यालयको स्थापनाले विद्यार्थीले सहजरुपमा गुणस्तरीय शिक्षा पाएका हुने | आवासीय विद्यालयलाई केन्द्रित गरी उच्च दक्षता युक्त शिक्षकको व्यवस्था गरिनेछ । | संख्या | ० | २ | ३ | ५ | नगर पार्श्व चित्र | न.पा | ४ | २ | ३ |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | शिक्षक व्यवस्थापनमा चुस्तता, तथा शिक्षा प्रणालीमा सुधार आएको हुने | शिक्षक व्यवस्थापन तथा क्षमता विकास तथा विद्यालय मर्जिङ कार्यक्रम | संख्या | ३ | ८ | ८ | १२ | नगर पार्श्व चित्र | न.पा | ४ | २ | ३ |
| | व्यावसायिक, प्राविधिक तथा रोजगारउन्मुख गुणस्तरीय शिक्षा प्रणालीको शुरुवात भएको हुने | प्राविधिक शिक्षालयहरुको विस्तार र हाल सञ्चालनमा रहेका विद्यालयहरुमा सूचना प्रविधिको विकास | | १ | १ | १ | १ | नगर पार्श्व चित्र | न.पा | ४ | २ | ३ |
| | | नगरपालिका स्तरीय नमुना आवाशिय विद्यालयको स्थापना | | | १ | १ | १ | नगर पार्श्व चित्र | न.पा | ४ | २ | ३ |
| | | प्रत्येक वडामा वडाको नमूना विद्यालयको स्थापना | | ३ | ५ | ७ | १० | नगर पार्श्व चित्र | न.पा | ४ | २ | ३ |
| | | व्यावसायिक तथा प्रविधिक शिक्षाका लागि प्राविधिक शिक्षकको व्यवस्था गरिनेछ । | | ० | ३ | ५ | ६ | नगर पार्श्व चित्र | न.पा | ४ | २ | ३ |

## ५.३ स्वास्थ्य तथा पोषण

### ५.३.१ विद्यमान अवस्था

स्वास्थ्य तथा पोषणको सन्दर्भमा रोल्पा नगरपालिकाको अवस्था उत्साहजनक देखिदैन । नगरपालिकामा ६ वटा स्वास्थ्य चौकी, ३ वटा आधारभूत स्वास्थ्य केन्द्र र ५ वटा शहरी स्वास्थ्य केन्दहरु रहेका छन । स्वास्थ्य शाखाबाट प्राप्त तत्थ्याङ्क अनुसार नगरवासीको स्वास्थ्यको पहुँच सन्तोषजनक भएपनि बालबालिकामा कुपोषणको समस्या टड्कारो देखिन्छ । नगरपालिकामा २५०० ग्रामभन्दा कम जन्मतौल भएका शिशुहरु ४१ जना छन भने करिब ३ प्रतिशत बालबालिका कुपोषणबाट ग्रसित छन । उच्च दरको (प्रति हजार ८०५) झाडापखालाको संक्रमण दर तथा स्वासप्रश्वासको संक्रमण दर (प्रतिहजार ९५३) ले नगरपालिकाका नागरिकको कमजोर स्वास्थ्य सचेतनालाई देखाउछ ।

### ५.३.२ सम्भावना /अवसर तथा समस्या/चुनौती

| सम्भावना /अवसर | समस्या/चुनौती |
|---|---|
| • वडामा थप एउटा स्वास्थ्य संस्थाको स्थापना गर्न सकिने ।<br>• आधारभूत स्वास्थ्य सेवा केन्द्रहरुमा बर्थिङ सेन्टर स्थापना गर्न सकिने ।<br>• जिल्ला अस्पताललाई गुणस्तरीय तथा आधुनिक सुविधा युक्त बनाउने सकिने वडा नं. २<br>• लिवाङ स्वास्थ्य चौकीमा मेडिकल अफिसर तथा ल्यावको व्यवस्थापन गर्न सकिने<br>• स्वास्थ्य मापदण्ड अनुरुपको भवन निर्माण तथा औजार उपकरणको आपुर्ति गरिनु पर्ने | • बर्थिङ सेन्टरको अभाव रहेको (वडा नं. १, २, ७ र १०)<br>• स्वास्थ्यकर्मीको उचित ज्याला निर्धारण नभएको ।<br>• भौगोलिक दृष्टिले वडाको अर्को भेगमा पँहुच गार्हो भएको ।<br>• स्वास्थ्य चौकी विकट स्थानमा भएकाले उपयुक्त श्रोतसाधन जुटाउन चुनौती<br>• स्थाई स्वास्थ्य केन्द्रको निर्माणका लागि जग्गा उपलब्ध हुने कुरा चुनौती पूर्ण रहेको (वडा नं. ३)<br>• कार्यक्रम र बजेटको तालमेल नहुनु<br>• भैतिक पूर्वाधार, उपकरण र जनशक्ति व्यवस्थापन चुनौती पूर्ण<br>• स्वास्थ्य चौकी जिर्ण अवस्थामा रहेको |

### ५.३.३ दीर्घकालीन सोच, लक्ष्य, उद्देश्य, रणनीति, कार्यनीति, मुख्य कार्यक्रम तथा तर्कवद्ध खाका

- **सोच**

गुणस्तरीय स्वास्थ्य सेवा र सहज पहुँचको माध्यमबाट स्वस्थ र सवल नागरिकको विकास

- **लक्ष्य**

सबै वडाहरुमा सबैल स्वास्थ्य प्रणालीको विकास र विस्तार गरी समुदास्तरमा गुणस्तरीय स्वास्थ्य सेवाको पहुँच सुनिश्चित गर्ने

- **उद्देश्य**

आधारभूत स्वास्थ्य सेवामा आम नागरिकको पहुँच अभिवृद्धिका लागि नगरपालिकाका सबै वडामा स्वास्थ्य सेवाहरुको सन्तुलित विकास र विस्तार गर्नु ।

## ➧ रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| नगरपालिकामा सञ्चालित स्वास्थ्य संस्थाको क्षमता अभिवृद्धि गरी स्वास्थ्य सुविधाको पहुँचलाई सहज बनाउनु | |
| ➧ स्वास्थ्य सुविधालाई गुणस्तरीय बनाउने | ➧ नगरपालिका भित्रका स्वास्थ्य संस्थामा आवश्यक न्युनतम प्राविधिक तथा भौतिक पुर्वाधारको मापदण्ड तयार गरी कार्यान्वयन गरिनेछ। |
| | ➧ पालिकास्तरीय गुणस्तरीय स्वास्थ्य संस्था स्थापना गरिनेछ। |
| | ➧ नियमित खोप, परिवार नियोजन, मातृशिशु सेवालाई जनपक्षीय बनाउनका लागि महिला स्वयंसेविकालाई उत्प्रेरणा सहितको तालिम दिई परिचालन गरिनेछ। |
| | ➧ प्रत्येक वडामा वर्थिङ सेन्टर स्थापना गरिनेछ। |
| | ➧ सम्भाव्यताका आधारमा आयुर्वेदिक उद्यान तथा पोषण केन्द्रको स्थापना गरिनेछ। |
| | ➧ नीजि क्षेत्रसँगको सहकार्यमा बजार क्षेत्रमा व्यायामशाला सञ्चालन गरिनेछ। |
| | ➧ नगरपालिकाका सबै समुदायलाई स्वास्थ्य बिमाको दायरामा ल्याईने छ। |
| ➧ स्वास्थ्य सेवालाई सर्वसुलभ बनाइने | ➧ मातृ तथा शिशु स्वास्थ्य सेवाहरु, खोप सेवा, सुरक्षित मातृत्व तथा परिवार नियोजन सेवाहरु विस्तार तथा सेवा सुदृढीकरण गरिनेछ। यसका लागि आवश्यकता अनुसार समुदाय परिचालन गरिनेछ। |
| | ➧ सरकारबाट निःशुल्क उपलब्ध गरिने सबै प्रकारका औषधीहरु आवश्यकता अनुसार बर्गीकरण गरी सबै याममा उपलब्ध हुने बाताबरण श्रृजना गरिनेछ र औषधी वितरणलाई नियमित अनुगमन र नियमन गरिनेछ। |
| | ➧ स्वास्थ्य संस्थाहरुमा दक्ष प्रसुतिकर्मी तथा अन्य जनशक्तिको सुनिश्चितता गरी चौविसै घण्टा सेवा प्राप्त गर्न सकिने वातावरण श्रृजना गरिनेछ । |
| | ➧ स्वास्थ्य बीमालाई प्रभावकारी ढंगबाट परिचालन गरी स्वास्थ्य सेवा पहुँचमा सहजता ल्याइनेछ । |
| | ➧ निःशुल्क र सुरक्षित प्रसुति सेवा विस्तार गरी प्रसुति अघि र पछि स्वास्थ्य सेवा लिन प्रोत्साहन गरिनेछ। |

| | |
|---|---|
| ➧ स्वास्थ्य जनचेतना अभिवृद्धि गर्ने | ➧ बलविवाह न्यूनिकरण, जन्मान्तर, परिवार नियोजन, मातृ शिशु कल्याणका वारेमा सचेतनामूलक अभियान सञ्चालन गरिनेछ । |
| | ➧ सरसफाई र पोषणयुक्त खानेकुरामा जनचेतनाको अभिवृद्धि गरी कुपोषणलाई र रोग लाग्ने दरलाई घटाउँदै मानव स्वास्थ्यता निर्माणमा सहयोग पुऱ्याइनेछ |
| | ➧ स्वास्थ्य स्वयंसेविकाको सेवालाई प्रभावकारी रुपमा परिचालन गर्न अझै प्रोत्साहित गरिनेछ । |
| | ➧ बढी समस्या देखिएका सर्ने तथा नसर्ने रोगहरु लागुऔषध दुर्व्यसन, झाडा पखाला, मधुमेह, उच्च रक्तचाप, मुटुरोग, क्यान्सर तथा मोटोपनाका वारेमा जनचेतना अभिवृद्धि गरिनेछ । |
| | ➧ योग, ध्यान, वैकल्पिक उपचार (आयुर्वेदिक, होमोप्याथिक, प्राकृतिक, फिजियोथेरापी, लेजरथेरापी, अकुपंचर, अकुप्रेसर, म्युजिकथेरापी) का वारेमा प्रचार प्रसार गरी त्यसमा अभ्यस्तताका लागि प्रयास गर्दै शारीरिक र मानसिक स्वास्थ्यतामा अभिवृद्धि ल्याइनेछ । |
| | ➧ शरीर एवंम् स्वास्थ्यलाई हानी पुऱ्याउने रसायनिक पदार्थ, विषादीयुक्त, मिसावटजन्य एवंम् जंक फुड, सूर्तीजन्य पदार्थ, मदिरा सेबन जस्ता विकृति विरुद्ध अभियान सञ्चालन गरी नागरिकहरुमा चेतना अभिवृद्धि गरिनेछ । |
| | ➧ बाल विवाह, जन्मान्तर, परिवार नियोजन, मातृ शिशु कल्याणका वारेमा सचेतनामूलक अभियान सञ्चालन गरिनेछ । |
| | ➧ सरसफाई र पोषणयुक्त खानेकुरामा जनचेतनाको अभिवृद्धि गरी कुपोषणलाई र रोग लाग्ने दरलाई घटाउँदै मानव स्वास्थ्यता निर्माणमा सहयोग पुऱ्याइनेछ । |
| | ➧ स्वास्थ्य स्वयंसेविकाको सेवालाई प्रभावकारी रुपमा परिचालन गर्न अझै प्रोत्साहित गरिनेछ । |

### ➧ मुख्य कार्यक्रम

| कार्यक्रम | सहकार्य | | | | | | | अनुमानित लागत (लाखमा) |
|---|---|---|---|---|---|---|---|---|
| | पालिका | अन्तरपालिका | संघ | प्रदेश | नीजि क्षेत्र | सहकारी | जनसहभागिता | |
| नगरपालिका भित्रका स्वास्थ्य संस्थामा आवश्यक न्युनतम प्राविधिक तथा भौतिक पुर्वाधारको मापदण्ड तयार | √ | | | | | | | १० |
| पालिकास्तरीय गुणस्तरीय स्वास्थ्य संस्था स्थापना | √ | √ | √ | √ | | | | ५०० |
| नियमित खोप, परिवार नियोजन, मातृशिशु सेवालाई जनपक्षीय बनाउनेका लागि महिला स्वयंसेविकालाई उत्प्रेरणा सहितको तालिम | √ | | | | | | | ५० |
| प्रत्येक वडामा वर्थिङ सेन्टर स्थापना गरिनेछ । | √ | | √ | √ | | | | ५०० |
| सम्भाव्यताका आधारमा आयुर्वेदिक उद्यान तथा पोषण केन्द्रको स्थापना गरिनेछ । | √ | √ | | | | | | २०० |
| नीजि क्षेत्रसँगको सहकार्यमा बजार क्षेत्रमा व्यायामशाला (थियटर) सञ्चालन गरिनेछ । | √ | | | | √ | | | ३०० |
| स्वास्थ्य बिमामा जनताको पहुँच कार्यक्रम | √ | | | | | | | १०० |
| जम्मा | | | | | | | | १६६० |

## तर्कवद्ध खाक

| नतिजा स्तर | नतिजा | सूचक | इकाई | आधार वर्ष ०७८/७९ | आर्थिक वर्ष : लक्ष्य परिमाण | | | पुष्टयाईको स्रोत | जिम्मेवार निकाय | दिविल | दिराल | दिप्रल |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | ०७९/८० | ०८१/८२ | ०८३/८४ | | | | | |
| प्रभाव | सबै वडाहरुमा सबैल स्वास्थ्य प्रणालीको विकास र विस्तार गरी समुदास्तरमा गुणस्तरीय स्वास्थ्य सेवाको पहुँच सुनिश्चित भएको हुने | ३० मिनेट भित्र अस्पतालको पहुँचमा भएको जनसंख्या | प्रतिशत | ३० | ३५ | ४० | ५० | नपा पार्श्व चित्र | न पा स्वा शा | ३ | २ | ३ |
| | | औषत आयु | संख्या | ७० | ७० | ७० | ७१ | नपा पार्श्व चित्र | न पा स्वा शा | ३ | २ | ३ |
| | | | | | | | | | | | | |
| असर | आधारभूत स्वास्थ्य सेवामा आम नागरिकको पहुँच अभिवृद्धिकालागि नगरपालिकाका सबै वडामा स्वास्थ्य सेवाहरुको सन्तुलित विकास र विस्तार भएको हुने | विरामी पर्दा सर्वैप्रथम स्वास्थ्य चौकी/ प्राथमिक स्वास्थ्य केन्द्र/ अस्पताल जाने जनसंख्या | प्रतिशत | १२८.८ | १३० | १३२ | १४० | नपा पार्श्व चित्र | न पा स्वा शा | ३ | २ | ३ |
| | | नजिकको स्वास्थ्य संस्थामा (स्वास्थ्य चौकी/प्राथमिक स्वास्थ्य केन्द्र/ अस्पताल) पुग्न लाग्ने औषत समय | घण्टा | आधा देखि १ घण्टा सम्म | २० मि | २० | १५ मि. | नपा पार्श्व चित्र | न पा स्वा शा | ३ | २ | ३ |
| | | २५०० ग्रामभन्दा कम जन्मतौल भएका शिशुहरु | संख्या | ४१ | ३० | २० | ५ | नपा पार्श्व चित्र | न पा स्वा शा | ३ | २ | ३ |
| | | कुपोषणका कारण ५ वर्ष मुनीका वाल वालिकाहरुको पुड्कोपन र उचाई अनुसारको कम तौल भएकाहरु | संख्या | ३ (२.६ प्रतिशत) | २.५ | २ | १ | नपा पार्श्व चित्र | न पा स्वा शा | ३ | २ | ३ |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | स्वास्थ्य संस्थामा प्रसुति गराउने गर्भवती महिला | संख्या | ५५३ | ५५४ | | | नपा पार्श्व चित्र | न पा स्वा शा | ३ | २ | ३ |
| | | ४ पटक प्रसूति सेवा प्राप्त गर्ने महिला | संख्या | ३७६ प्रोटोकल अनुसार ४ पटक गर्भजाँच | | | | नपा पार्श्व चित्र | न पा स्वा शा | ३ | २ | ३ |
| | | प्रसुति सेवा उपलब्ध भएका स्वास्थ्य संस्थाहरु | संख्या | ७ | ७ | ८ | १० | नपा पार्श्व चित्र | न पा स्वा शा | ३ | २ | ३ |
| | | झाडापखालाको संक्रमण दर (प्रति हजारमा) | संख्या | ८०५ | ८०० | ५०० | १०० | नपा पार्श्व चित्र | न पा स्वा शा | ३ | २ | ३ |
| | | स्वाप्रश्वासको संक्रमण (ARI) दर प्रति हजारमा | संख्या | ९५३.६ | ९०० | ८०० | ५०० | नपा पार्श्व चित्र | न पा स्वा शा | ३ | २ | ३ |
| | | स्वास्थ्य संस्थामा कार्यरत स्वास्थ्यकर्मी | संख्या | १११ कार्यालय सहयोगी तथा स्वीपर समेत | १११ | ११२ | ११५ | नपा पार्श्व चित्र | न पा स्वा शा | ३ | २ | ३ |
| | | भिटामिन ए प्राप्त गर्ने बालबालिका | प्रतिशत | ९६ | ९७ | ९८ | ९९ | नपा पार्श्व चित्र | न पा स्वा शा | ३ | २ | ३ |
| | | परिवार नियोजनका साधनको प्रयोग दर | प्रतिशत | ३८.३२ | ४० | ४५ | ६० | नपा पार्श्व चित्र | न पा स्वा शा | ३ | २ | ३ |
| | | स्वास्थ्य बीमा गर्ने नागरिक | प्रतिशत | २४७७ परीवार संख्या | २५०० | २८०० | ३५०० | नपा पार्श्व चित्र | न पा स्वा शा | ३ | २ | ३ |
| | | आधारभूत स्वास्थ्य सेवाहरु उपलब्ध भएका वडाहरु | संख्या | १० ओटा | १० ओटा | १० ओटा | १० ओटा | नपा पार्श्व चित्र | न पा स्वा शा | ३ | २ | ३ |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | आधारभुत सुविधा (खानेपानी, शौचालय, वर्थिङ्ग वार्ड र परामर्श केन्द्र आदि) उपलब्ध भएका स्वास्थ्य संस्था | संख्या | मपदण्ड अनुसार १ ओटा मात्र स्वास्थ्य चौकी भवन भएको, सबै स्वास्थ्य संस्थामा वर्थिङ्ग सेन्टर भएको तर पर्याप्त कोठाको अभाव | | | | नपा पार्श्व चित्र | न पा स्वा शा | ३ | २ | ३ |
| | | क्रियाशिल महिला स्वास्थ्य स्वयंसेविका | संख्या | ६३ | ६३ | ६३ | ६४ | नपा पार्श्व चित्र | न पा स्वा शा | ३ | २ | ३ |
| | | योग, ध्यान तथा वैकल्पिक प्राकृतिक चिकित्सा (आयुर्वेदिक, होमियोप्याथिक, युनानी, अक्कुपञ्चर, आम्ची) उपचार पद्धति सञ्चालन गर्ने संस्था | संख्या | १ | १ | १ | २ | नपा पार्श्व चित्र | न पा स्वा शा | ३ | २ | ३ |
| | | सामुदायिक संस्थाको सहभागितामा सञ्चालित आरोग्य केन्द्र, योगा केन्द्र तथा व्यायामशाला | संख्या | १ख | १ | १ | १ | नपा पार्श्व चित्र | न पा स्वा शा | ३ | २ | ३ |
| | | गाउँघर /शहरी स्वास्थ्य क्लिनिकको संख्या | संख्या | १९ | १९ | १९ | १९ | नपा पार्श्व चित्र | न पा स्वा शा | ३ | २ | ३ |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | महामारी, भाइरसको संक्रमण तथा आपतकालीन उपचारका लागि उपकरण एवंम् जनशक्ति सहितको क्वारेण्टीन, आइसोलेशन कक्ष तथा आश्रय स्थाल | संख्या | आइसोलेसन सेन्टर नगरपालीकाको १ ओटा उपकरण रहित तथा प्रदेश अर्न्तगतको १ओटा उपकरण सहित | | | | नपा पार्श्व चित्र | न पा स्वा शा | ३ | २ | ३ |
| | | **प्रतिफल २.२ स्वास्थ्य, इकाइ नगरपालिकाले आफू अनुकूल तय गर्ने छ** | | | | | | | | | | |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| प्रतिफल तह | प्रत्येक वडामा आवश्यक पूर्वाधार सहितको स्वास्थ्य संस्था निर्माणबाट स्थानीय जनतामा स्वास्थ्य पहुँच सहज भएको हुने | नगरपालिका भित्रका स्वास्थ्य संस्थामा आवश्यक न्युनतम प्राविधिक तथा भौतिक पुर्वाधारको निर्माण | संख्या | ० | २ | २ | २ | नपा पार्श्व चित्र | न पा स्वा शा | ३ | २ | ३ |
| | गुणस्तरीय स्वास्थ्य संस्था स्थापनाबाट नगरिकले समयमै उपचार पाएको हुने | पालिका स्तरीय गुणस्तरीय स्वास्थ्य संस्था स्थापना | संख्या | ० | १ | | | नपा पार्श्व चित्र | न पा स्वा शा | ३ | २ | ३ |
| | महिला स्वयंसेविकालाई उत्प्रेरणा सहितको तालिमबाट समुदायमा न्युनतम स्वास्थ्य सुविधा पुऱ्याउन सहज भएको हुने | नियमित खोप, परिवार नियोजन, मातृशिशु सेवालाई जनपक्षीय बनाउनेका लागि महिला स्वयंसेविकालाई उत्प्रेरणा सहितको तालिम | संख्या | ० | १० | १० | ७ | नपा पार्श्व चित्र | न पा स्वा शा | ३ | २ | ३ |
| | प्रत्येक वडामा वर्थिङ सेन्टरको सञ्चालनबाट मातृ शिशु मृत्युदरमा कमी आएको हुने | प्रत्येक वडामा वर्थिङ सेन्टर स्थापना | संख्या | ३ | | २ | १ | नपा पार्श्व चित्र | न पा स्वा शा | ३ | २ | ३ |
| | आयुर्वेदिक उद्यान तथा प्रशोधन केन्द्र निर्माणबाट औषधि उपचारको सहज र वैकल्पिक प्रयोग बढेको हुने | सम्भाव्यताका आधारमा आयुर्वेदिक उद्यान तथा प्रशोधन केन्द्रको स्थापना | संख्या | ० | ३ | ६ | | नपा पार्श्व चित्र | न पा स्वा शा | ३ | २ | ३ |
| | बजार क्षेत्रका नागरिकहरुले दैनिक व्यायामको अभ्यास गर्न पाइ स्वस्थ भएका हुने | नीजि क्षेत्रसँगको सहकार्यमा बजार क्षेत्रमा व्यायाम शाला सञ्चालन | संख्या | ० | १ | | १ | नपा पार्श्व चित्र | न पा स्वा शा | ३ | २ | ३ |

## ५.४ खानेपानी तथा सरसफाई

### ५.४.१ विद्यमान अवस्था

शहरी खानेपानी आयोजना सञ्चालन सँगै नगरक्षेत्रका अधिकाशं क्षेत्रमा शुद्ध पिउने पानीको प्रवन्ध भएको पाइन्छ । नगरपालिकाको सबैजसो वडाहरुमा पुराना तथा नयाँ निर्माणाधिन आयोजनाहरुवाट करिव ९० प्रतिशत घरधुरीलाई खानेपानी उपलव्ध भएको छ । खानेपानीको सुविधा सर्म्पुण नगरवासीलाई क्रमिक रुपमा पुग्ने देखिए पनि शुद्ध तथा प्रशोधित खानेपानीको पहुँचमा भने लगभग २० प्रतिशत घरधुरी मात्रै भएको देखिन्छ ।

### ५.४.२ सम्भावना /अवसर तथा समस्या/चुनौती

| सम्भावना /अवसर | समस्या/चुनौती |
|---|---|
| • निर्माणाधिन योजनाले १५० घरधुरीलाई सुविधा पुऱ्याउने (वडा नं. १)<br>• लिफ्ट प्रणाली प्रयोग गरेर खानेपानी नपुगेको ठाउँमा खानेपानी पुर्याउन सकिने (वडा नं. २)<br>• सातदोबाटो, लाकुरी र चौरपानीमा खानेपानी आयोजनाको निर्माण<br>• वडामा सरसफाई समिति गठन गरेपछि सरसफाईको स्तिथीमा उल्लेखनिय सुधार आएको ।<br>• लिफ्ट खानेपानी आयोजना सञ्चलान गरेर वडामा खानेपानी सुविधा पुर्याउन सकिने ।<br>• वडाको ९० प्रतिशत घर धुरिलाई खानेपानी सुविधा पुगेको र ६० प्रतिशत को घरमा एक घर एक धारा (वडा नं. १०)<br>• खानेपानी परीक्षण केन्द्र स्थापना गर्न सकिने | • प्राचिन तथा परम्परागत प्रविधिमा आधारित खानेपानी (वडा नं. १)<br>• पर्याप्त मुहानहरुको अभाव ।<br>• फोहोरहरुको उचित व्यवस्थापन नभएको ।<br>• भौगोलिक जटिलता चुनौतीपुर्ण रहेको ।<br>• संरचना निर्माण र उचित व्यवस्थापन चुनौतीपुर्ण ।<br>• सम्पूर्ण वडामा खानेपानी वितरण नभएको ।<br>• मुलहरु भएपनि व्यवस्थापन अभाव । (वडा नं. २)<br>• आर्थिक श्रोत जुटाउन चुनौती ।<br>• पर्याप्त मुहानको अभाव रहेको ।<br>• कायम आयोजना र मुहानहरुको उचित व्यवस्थापन हुन नसकेको ।<br>• खानेपानीको शद्धिकरणमा समस्या<br>• फोहोर व्यवस्थापन चुनौतीपूर्ण<br>• वडाको आधा जनसंख्यामा खानेपानी सुविधा नपुगेको वडा नं. ५<br>• अपुग खानेपानी योजनाहरु, मुहान र श्रोत अभाव (वडा नं. ६<br>• २० प्रतिशतमा मात्र खानेपनी सुविधा, खानेपानिको विकराल समस्या (वडा नं. ८) |

### ५.४.३ दीर्घकालीन सोच, लक्ष्य, उद्देश्य, रणनीति, कार्यनीति, मुख्य कार्यक्रम तथा तर्कवद्ध खाका

- **सोच**

शुद्ध, स्वच्छ खानेपानीमा सबैको सहज पहुँच स्थापित गर्ने

- **लक्ष्य**

खानेपानीको मुहान पहिचान र संरक्षण गरी खानेपानीको सहज पहुँचको प्रत्याभूति गर्दै वातावरणलाई सफा र स्वच्छ बनाउने ।

- **उद्देश्य**

स्वच्छ खानेपानीको समानुपातिक वितरण तथा पुर्ण सरसफाई कायम गर्दै स्वस्थ जीवनयापनको प्रत्याभूति गर्नु

### ५.३.४ रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| स्वच्छ खानेपानीको समानुपातिक वितरण तथा पुर्ण सरसफाई कायम गर्दै स्वस्थ जीवनयापनको प्रत्याभूति गर्नु | |
| खानेपानीका स्रोत व्यवस्थापन र वितरणलाई सहज बनाउने | नगरपालिका स्तरीय खानेपानी तथा सरसफाई नीति तथा मापदण्ड तर्जुमा गरिनेछ |
| | खानेपानी वितरण प्रणालीलाई प्रभावकारी बनाइनेछ |
| | निजि जग्गामा रहेका पानीका मूलहरुको प्रयोगका लागि जनसहभागितामा आधारित कार्यक्रम कार्यान्वयन गरिनेछ (प्रदेश) |
| | स्रोतको सुनिच्छतता गर्दै सार्वजनिक धारालाई एक घर एक धारा नीति अनुसार निजि धारामा परिणत गरिनेछ (संघ, प्रदेश) |
| | खानेपानी तथा सरसफाई व्यवस्थापनका लागि उपभोक्ता समितिसँगको सहलगानीमा पालिका स्तरीय खानेपानी तथा सरसफाई केन्द्रको स्थापना गरिनेछ । |
| | खानेपानी आयोजनाको मुहान देखि धारासम्म सुद्धिकरणलाई जोड दिइनेछ। |
| | खानेपानी शुद्धिकरण तथा मर्मत सम्भारको कामलाई निरन्तरता दिईने छ । |

| | |
|---|---|
| ➧ नगरपालिकालाई पुर्ण सरसफाई युक्त बनाउने | ➧ पक्की शौचालय नभएका घरधुरीलाई लक्षित गरी नीजि शौचालय निर्माण कार्यलाई प्राथमिकता दिईने छ (संघ, प्रदेश) |
| | ➧ हरित रोल्पा नगरपालिका आयोजनालाई कार्यान्वयन गरिनेछ । |
| | ➧ फोहोरलाई न्यूनीकरण, पुनः प्रयोग, प्रशोधन जस्ता विधिबाट श्रोतमै फोहोर व्यवस्थापन गर्दै बजारलाई प्लाष्टिकमुक्त, सफा एवंम् सबैप्रकारका प्रदुषणहरुबाट मुक्त बनाउन महिला समूहको भूमिकालाई प्रभावकारी बनाइनेछ । |
| | ➧ अति विपन्न एवंम् सीमान्तकृत वर्गको श्रम लागत सहभागितामा घरघरमा चर्पी निर्माणलाई प्राथमिकता दिदै सरसफाईलाई प्रभावकारी ढंगबाट परिचालन गरिनेछ । |
| | ➧ स्थानीय समुदायको सहभागितामा सार्वजनिक शौचालय निर्माण एवंम् सरसफाईलाई व्यवस्थित गर्दै खुल्ला दिसामुक्त बनाइनेछ । |
| | ➧ घर शौचालयबाट निष्कृत फोहोर पानीलाई व्यवस्थित गर्न बजार क्षेत्रहरुमा ढल निकासको व्यवस्था गरिनेछ |
| | ➧ स्थानीयहरुको सहभागितामा स्यानेटेरी ल्यान्डफिल साइटलाई व्यवस्थित गरी सम्भावित रोग महामारीको नियन्त्रण गर्दै गाउँवासीलाई सुरक्षित राखिनेछ । |

## मुख्य कार्यक्रम

| कार्यक्रम | सहकार्य | | | | | | | अनुमानित लागत (लाखमा) |
|---|---|---|---|---|---|---|---|---|
| | पालिका | अन्तरपालिका | संघ | प्रदेश | नीजि क्षेत्र | सहकारी | जनसहभागिता | |
| नगरपालिका स्तरीय खानेपानी तथा सरसफाई नीति तथा मापदण्ड तर्जुमा | √ | | | | | | | १० |
| खानेपानी वितरण प्रणाली तथा ढल व्यवस्थापन | √ | | | | | | | ५० |
| निजि जग्गामा रहेका पानीका मूलहरुको प्रयोगका लागि जनसहभागितामा आधारित कार्यक्रम (प्रदेश) | | | | | | | | १०० |
| एक घर एक धारा कार्यक्रम (संघ, अन्तरपालिका प्रदेश) | √ | √ | √ | √ | | | | २०० |
| खानेपानी तथा सरसफाई व्यवस्थापनका लागि उपभोक्ता समितिसँगको सहलगानीमा पालिका स्तरीय खानेपानी तथा सरसफाई केन्द्रको स्थापना | √ | | | | | | | ३०० |
| हरित रोल्पा नगरपालिका आयोजना | √ | | | | | | | १०० |
| एक वडा एक नमुना खानेपानी आयोजना | √ | | √ | √ | | | | ५०० |
| खानेपानी शुद्धिकरण तथा मर्मत सम्भार कार्यक्रम | √ | | | | | | | २०० |
| एक घर एक शौचालय (संघ, प्रदेश) | √ | | √ | √ | | | | ३०० |
| जम्मा | | | | | | | | १७६० |

## तर्कबद्ध खाका

| नतिजा स्तर | नतिजा | सूचक | इकाई | आधार वर्ष ०७८/७९ | आर्थिक वर्ष : लक्ष्य परिमाण ०७९/८० | ०८१/८२ | ०८३/८४ | पुष्टयाईको स्रोत | जिम्मेवार निकाय | दिविल | दिराल | दिप्रल |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| प्रभाव | खानेपानीको मुहान पहिचान र संरक्षण गरी खानेपानीको सहज पहुँचको प्रत्याभूति तथा स्वच्छ वातावरणको प्रत्याभूति भएको हुने | उपचार गरिएको खानेपानी प्राप्त घरधुरी | प्रतिशत | १ | ३ | ५ | १० | नपा पार्श्व चित्र | न पा | ६ | ३ | ३ |
| | | फोहोरबाट कम्पोष्ट मल बनाउने परिवार | प्रतिशत | ७१.३ | ७५ | ७७ | ८० | नपा पार्श्व चित्र | न पा | ६ | ३ | ३ |
| | | | | | | | | | | | | |
| असर | स्वच्छ खानेपानीको समानुपातिक वितरण मार्फत समुदायको स्वस्थ जीवनयापनको प्रत्याभूति भएको हुने | पाइपलाइनको निजी धारा उपलब्ध भएका घरधुरी | प्रतिशत | ५० | ५५ | ६० | ८० | नपा पार्श्व चित्र | न पा | ६ | ३ | ३ |
| | | पाइपालाइनबाट वितरित खानेपानी उपभोग गर्ने घरधुरी (निजी तथा सामुदायिक धारा समेत) | प्रतिशत | ५० | ५६ | ६७ | ८० | नपा पार्श्व चित्र | न पा | ६ | ३ | ३ |
| | | उपचार गरिएको वा सुरक्षित खानेपानी सुविधा प्राप्त घरधुरी | प्रतिशत | ० | १० | ५० | ८० | नपा पार्श्व चित्र | न पा | ६ | ३ | ३ |
| | | कुवा, मुल, ढुङ्गेधाराको पानी उपभोग गर्ने घरधुरी | प्रतिशत | १० | ८ | ६ | १ | नपा पार्श्व चित्र | न पा | ६ | ३ | ३ |
| | | नदी, खोला, कुलोको पानी उपभोग गर्ने घरधुरी | प्रतिशत | ५ | ४ | २ | ० | नपा पार्श्व चित्र | न पा | ६ | ३ | ३ |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | खानेपानीका लागि नजिकको धारा, कुवा वा पानीको श्रोतमा पुग्न लाग्ने औषत समयावधि | घण्टा | १ | ३० मी | १५मी | १० मी | नपा पार्श्व चित्र | न पा | ६ | ३ | ३ |
| | | स्वच्छ (प्यान भएको) शौचालय भएका घरधुरी | प्रतिशत | ८० | ८५ | | | नपा पार्श्व चित्र | न पा | ६ | ३ | ३ |
| | | खाल्डे शौचालय भएको घरधुरी | प्रतिशत | १० | ८ | ६ | ४ | नपा पार्श्व चित्र | न पा | ६ | ३ | ३ |
| | | शौचालय नभएका तथा खुल्ला क्षेत्रमा शौच गर्ने घरधुरी | प्रतिशत | ५ | ३ | २ | ० | नपा पार्श्व चित्र | न पा | ६ | ३ | ३ |
| | | सार्वजनिक शौचालयहरु | संख्या | १० | १० | १० | १० | नपा पार्श्व चित्र | न पा | ६ | ३ | ३ |
| | | जोखिमयुक्त अवस्थामा साबुनपानीले हातधुने जनसंख्या | प्रतिशत | ८० | ८२ | ९० | ९५ | नपा पार्श्व चित्र | न पा | ६ | ३ | ३ |
| | | फोहोरको वर्गीकरण गरी विसर्जन गर्ने परिवार | प्रतिशत | ० | ५ | ६ | १० | नपा पार्श्व चित्र | न पा | ६ | ३ | ३ |
| | | सक्रिय खानेपानी र सरसफाई उपभोक्ता समिति | संख्या | ३० | ३० | ३० | ३२ | नपा पार्श्व चित्र | न पा | ६ | ३ | ३ |
| | | घर आँगन तथा शौचालयबाट निष्कृत फोहोरलाई व्यवस्थित गर्ने घरपरिवार | प्रतिशत | २० | २५ | ३० | ४० | नपा पार्श्व चित्र | न पा | ६ | ३ | ३ |
| | | **प्रतिफल तह २.३, खानेपानी तथा सरसफाई, इकाइ नगरपालिकाले आफू अनुकूल तय गर्ने छ** | | | | | | | | | | |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| प्रतिफल तह | खानेपानी तथा सरसफाईका न्युनतम पूर्वाधारको व्यवस्थापन तथा नियम पालनाको संस्कार वसेको हुने | नगरपालिका स्तरीय खानेपानी तथा सरसफाई नीति तथा मापदण्ड तर्जुमा | संख्या | | | | | नपा पार्श्व चित्र | न पा | ६ | ३ | ३ |
| | नगरपालिकाका सबै घरधुरीले सहजरुपमा शुद्ध खानेपानी प्राप्त गरेका हुने | खानेपानी वितरण प्रणाली तथा ढल व्यवस्थापन | पटक | | | | | नपा पार्श्व चित्र | न पा | ६ | ३ | ३ |
| | खानेपानी वितरण तथा सरसफाई प्रणाली प्रभावकारी भएको हुने | खानेपानी तथा सरसफाई व्यवस्थापनका लागि उपभोक्ता समितिसँगको सहलगानीमा पालिका स्तरीय खानेपानी तथा सरसफाई केन्द्रको स्थापना | प्याकेज | | | | | नपा पार्श्व चित्र | न पा | ६ | ३ | ३ |
| | नगरपालिकाको पर्यावरण स्वस्थ तथा सुन्दर भएको हुने | हरित रोल्पा आयोजना कार्यान्वयन | स्थान | | | | | नपा पार्श्व चित्र | न पा | ६ | ३ | ३ |
| | सबै वडा वासीले खानेपानी उपभोग गरेका हुने | एक वडा एक नमुना खानेपानी आयोजना | संख्या | | | | | नपा पार्श्व चित्र | न पा | ६ | ३ | ३ |
| | समुदायमा शुद्ध र सुरक्षित खानेपानीको प्रत्याभूति भएको हुने | खानेपानी शुद्धिकरण तथा मर्मत सम्भार | संख्या | | | | | नपा पार्श्व चित्र | न पा | ६ | ३ | ३ |
| | सबै समुदायको पक्की शौचालय निर्माण भएको हुने | नीजि शौचालय निर्माण कार्य | प्रतिशत | | | | | नपा पार्श्व चित्र | न पा | ६ | ३ | ३ |

## ५.५ लैङ्गिग समानता तथा सामाजिक समावेशीकरण

### ५.५.१ विद्यमान अवस्था

लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण अन्तर्गत रोल्पा नगरपालिकाको जनसंख्या वनौट तथा आर्थिक कारणले समाजमा परेको विविधतालाई समेटिएको छ । जनसंख्या वनौट अन्तर्गत नगरपालिकाको कुल जनसंख्या ३४९९९ मध्ये महिलाको संख्या १७५०१ र परुषको संख्या १७४८९ र तेस्रो लिङ्गी ९ जना रहेका छन भने महिला घरमुली भएको घरधुरी १३०५ रहेको छ ।

उमेरका आधारमा ५ वर्ष मुनिका बालबालिका ८ प्रतिशत, ५ देखि १४ वर्ष उमेर समूहका बालबालिका १८ प्रतिशत, १५ देखि २४ वर्ष उमेर समूहका २३ प्रतिशत, २५ देखि ५९ वर्ष उमेर समूहका ४० प्रतिशत र ६० वर्ष भन्दा माथिका ८ प्रतिशत रहेका छन । त्यसै गरी जातजाती अनुसार ३८ प्रतिशत मगर, २९ प्रतिशत क्षेत्री, ३ प्रतिशत सन्यासी तथा २ प्रतिशत व्राम्हण समुदायको बसोबास रहेको छ ।

### ५.५.२ सम्भावना अवसर तथा समस्या चुनौती

| सम्भावना /अवसर | समस्या/चुनौती |
|---|---|
| • समावेशी भौतिक संरचनाको निर्माण गर्न सकिने<br>• उचित कार्यक्रम गरेर जनचेतना फैलाउन सकिने ।<br>• गरीवी न्युनीकरण गरी सामाजिक न्याय स्थापित गर्न सकिने<br>• आर्थिक तथा सामाजिक रुपमा पछाडि पारिएका समुदायको शसक्तिकरण गर्न सकिने | • उचित सार्वजनिक संरचना र पुर्वाधारको कमी ।<br>• समाजमा उचित जनचेतनाको अभाव रहेको ।<br>• रुढीबादी बीचारहरु अन्त्य गर्न चुनौती ।<br>• अपाङ्ग, महिला र बालमैत्री संरचना अभाव ।<br>• समावेशीकरण सम्बन्धी कार्यक्रम अभाव ।<br>• समाजमा उचित जनचेतनाको अभाव रहेको ।<br>• भेदभावका केही घटना भाईहाले पनि त्यसलाई ढाकछोप गरेर सतहमा आउन नदिने प्रबिर्ती रहेको ।<br>• वढ्दो रुपमा रहेको वालविवाह<br>• हिंसा पीडितहरु उजुरी गर्न नआउने (वडा नं. ९) |

### ५.५.३ दीर्घकालीन सोच, लक्ष्य र उद्देश्य

- **सोच**

समाजका सबै तह र तप्काका नागरिकको समतामूलक तथा अर्थपूर्ण सहभागिता सुनिश्चित गर्नु

- **लक्ष्य**

महिला, दलित, बालबालिका, अपाङ्ग लगायत सबै समुदायको अर्थपूर्ण सहभागितामा जोड दिई विकासमा सबैको अपनत्व बढाउने ।

## (क) महिला

- **दीर्घकालीन सोच, लक्ष्य, उद्देश्य, रणनीति, कार्यनीति, मुख्य कार्यक्रम तथा तर्कवद्ध खाका**
  - **सोच**

लैङ्गिक हिंसामुक्त, सभ्य र समतामूलक रोल्पा नगरपालिका

- **लक्ष्य**

नगरपालिकाको निर्णय प्रक्रियामा महिलाको सक्रिय र अर्थपूर्ण सहभागिताको सुनिश्चितता गर्ने

- **उद्देश्य**

महिला विरुद्ध हुने सबै किसिमका हिंसा जन्य कार्य वा शोषणको अन्त्य गर्दै महिलालाई स्रोत साधन, अवसर तथा लाभको पहुँचमा स्थापित गराई आर्थिक रुपले सबैल र आत्मनिर्भर बनाउने

## रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| आधारभूत स्वास्थ्य, शिक्षा तथा रोजगारीका विभिन्न अवसरमा महिलाको पहुँच अभिवृद्धि गरी रोजगारीमा सुनिच्छित गर्ने | आर्थिक हैसियत कमजोर भएका महिलाहरुलाई सिपमूलक व्यवसाय सञ्चालन र व्यवसाय सञ्चालन र व्यवस्थापनमा आवश्यक सहयोग गरी लगानी मैत्री वातावरण सिर्जना सहयोग पुर्याइनेछ (संघ) |
| | दलित तथा विपन्न वर्गका महिलाहरुलाई विशेष जोड दिदैं विभिन्न निकायहरुसँगको सहकार्यमा सिप तथा क्षमता विकास गरी रोजगारीका अवसर मिलाइनेछ (संघ प्रदेश) |
| | महिलाहरुमा रहेको परम्परागत सिप प्रवर्द्धन गर्नुको साथै महिला उघमशिलता प्रवर्द्धन गर्न प्रत्येक वडामा महिला उघमशीलता केन्द्र स्थापनाको लागि सहयोग गरिनेछ (प्रदेश) |
| | शिक्षाको मूलधारबाट वन्चित समूहलाई गृहणी, प्रौढ एवंम् अभिभावक शिक्षाको माध्यमबाट साक्षर बनाइनेछ । |
| | एक घर एक स्वास्थ्य कर्मी लाई अभियानका रुपमा कार्यान्वयन गर्न विपन्न समुदायका किशोरीलाई अनमी तालिम प्रदान गर्न अनुदानको व्यवस्था गरिनेछ । |
| | धुँवा रहित चुलो विस्थापनालाई अभियानको रुपमा सञ्चालन गरिनेछ |
| महिलाको हक अधिकार सुनिश्चित गर्ने | घरेलु हिंसाबाट पिडित महिलाहरुको व्यवस्थापन तथा आवश्यकता सम्बोधन गर्न एकद्वार संकट व्यवस्थापन सेवा तथा सुचारु तथा व्यवस्थापन गरिनेछ । |
| | संरक्षण विहिन बालवालिका र महिलाहरुको उद्धार, संरक्षण तथा व्यवस्थापनका लागि संस्थागत व्यवस्थाका लागि संरक्षण केन्द्रको व्यवस्था गरिनेछ |
| | समान कामको समान ज्याला लागु गरिनेछ । |

### ➧ प्रमुख कार्यक्रम

| कार्यक्रम | सहकार्य | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | पालिका | अन्तरपालिका | संघ | प्रदेश | नीजिक्षेत्र | सहकारी | जनसहभागिता | अनुमानित लागत लाखमा |
| आर्थिक हैसियत कमजोर भएका महिलाहरुलाई सिपमूलक व्यवसाय सञ्चालन र व्यवसाय सञ्चालन र व्यवस्थापनमा वित्तीय अनुदान (संघ) | √ | | √ | √ | | | | १०० |
| दलित तथा विपन्न वर्गका महिलाहरुलाई सहकार्यमा आधारित सिप तथा क्षमता विकास (संघ प्रदेश) | √ | | √ | √ | | | | ५० |
| महिलाहरुमा रहेको परम्परागत सिप प्रवर्द्धन गर्नुको साथै महिला उघमशिलता प्रवर्द्धन गर्न प्रत्येक वडामा महिला उघमशीलता केन्द्र स्थापना (प्रदेश) | √ | | √ | √ | | | | १०० |

## तर्कवद्ध खाका

| नतिजा स्तर | नतिजा | सूचक | इकाई | आधार वर्ष ०७८/७९ | आर्थिक वर्ष : लक्ष्य परिमाण | | | पुष्टयाईको स्रोत | जिम्मेवार निकाय | दिविल | दिराल | दिप्रल |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | ०७९/८० | ०८१/८२ | ०८३/८४ | | | | | |
| प्रभाव | नगरपालिकाको निर्णय प्रक्रियामा महिलाको सक्रिय र अर्थपूर्ण सहभागिताको सुनिश्चितता गर्ने | समावेशी पूर्वाधारको अवस्था | प्रतिशत | ५ | १० | ३० | ६० | नपा पार्श्व चित्र | न पा | ५ | ६ | ४ |
| | | | | | | | | | | | | |
| असर | पिछडिएका समुदाय, महिला, दलित, आदिवासी जनजाती, बृद्ध बृद्धा, बालबालिका लगायत सम्पूर्ण समुदायको नगरपालिकाबाट प्राप्त हुने सम्पूर्ण सेवा तथा सुविधामा अर्थपुर्ण सहभागिता भएको हुने | महिला साक्षरता दर | प्रतिशत | ६० | | | | नपा पार्श्व चित्र | न पा | ५ | ६ | ४ |
| | | व्यावसायिक सिपमूलक तालिम प्राप्त महिला | संख्या | २१२ | २१५ | २५० | ३०० | नपा पार्श्व चित्र | न पा | ५ | ६ | ४ |
| | | महिला उद्यमशीलता, क्षमता तथा सिप विकास कार्यक्रमका लागि बजेट व्यवस्था | रु. लाखमा | १०६ | ११० | ११२ | १५० | नपा पार्श्व चित्र | न पा | ५ | ६ | ४ |
| | | सम्पत्ति माथिको स्वामित्व भएका महिला | प्रतिशत | | | | | नपा पार्श्व चित्र | न पा | ५ | ६ | ४ |
| | | महिला सञ्जाल तथा आमा समूहहरु | संख्या | १०० | १०० | १०० | १०० | नपा पार्श्व चित्र | न पा | ५ | ६ | ४ |
| | | अन्तरपाटी महिला सञ्जाल | संख्या | १ | १ | १ | १ | नपा पार्श्व चित्र | न पा | ५ | ६ | ४ |
| | | महिला सहकारी संस्था | संख्या | ४ | ४ | ४ | ४ | नपा पार्श्व चित्र | न पा | ५ | ६ | ४ |
| | | महिला सहकारी संस्थामा आवद्ध सदस्य | संख्या | ७०६ | ७०६ | ७०६ | ७०६ | नपा पार्श्व चित्र | न पा | ५ | ६ | ४ |
| | | बहुविवाह दर | प्रतिशत | १.७ | १ | ० | | नपा पार्श्व चित्र | न पा | ५ | ६ | ४ |
| | | कृषि, पशुपंक्षी, स्वास्थ्य, इन्जिनियरिङ लगायत क्षेत्रमा महिला प्राविधिक | संख्या | ५६ | ५७ | ५८ | ६० | नपा पार्श्व चित्र | न पा | ५ | ६ | ४ |
| | | हिंसापीडित महिलाको उद्धार, राहत, मनोसामाजिक परामर्श र कानूनी उपचारका लागि पुनर्स्थापना केन्द्र | संख्या | १ | १ | १ | १ | नपा पार्श्व चित्र | न पा | ५ | ६ | ४ |
| | | प्रतिफल तह २.४.१ महिला, इकाइ नगरपालिकाले आफु अनुकूल तय गर्नेछ | | | | | | | | | | |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| प्रतिफल तह | विभिन्न तह र तप्काका महिला वर्गका आर्थिक तथा सामाजिक शसक्तिकरणमा योगदान पुगेको हुने | आर्थिक हैसियत कमजोर भएका महिलाहरुलाई सिपमूलक व्यवसाय सञ्चालन र व्यवसाय सञ्चालन र व्यवस्थापनमा वित्तीय अनुदान (संघ) | संख्या | | | | | | न पा | २ | ३ | ६ |
| | | दलित तथा विपन्न वर्गका महिलाहरुलाई सहकार्यमा आधारित सिप तथा क्षमता विकास (संघ प्रदेश) | संख्या | | | | | | न पा | २ | ३ | ६ |
| | | महिलाहरुमा रहेको परम्परागत सिप प्रवर्द्धन गर्नुको साथै महिला उघमशिलता प्रवर्द्धन गर्न प्रत्येक वडामा महिला उघमशीलता केन्द्र स्थापना (प्रदेश) | संख्या | | | | | | न पा | २ | ३ | ६ |

## (ख) ज्येष्ठ नागरिक

- **दीर्घकालीन सोच, लक्ष्य, उद्देश्य, रणनीति, कार्यनीति, मुख्य कार्यक्रम तथा तर्कवद्ध खाका**
  - **सोच**

ज्येष्ठ नागरिकको संरक्षण, सम्मान तथा सामाजिक सुरक्षाको प्रत्याभूति

- **लक्ष्य**

ज्येष्ठ नागरिकको जीवनयापनलाई सम्मानित वनाई उनीहरुको ज्ञान, सिप र अनुभवलाई अन्तरपुस्ता हस्तान्तरण गरी नगरपालिकाको हितमा उपयोग गर्ने

- **उद्देश्य**

क) ज्येष्ठ नागरिकलाई आवश्यक सेवा सुविधा सहित सामाजिक सुरक्षा उपलब्ध गराउनु

ख) ज्येष्ठ नागरिकको ज्ञान सिप र अनुभवलाई आर्थिक सामाजिक रुपान्तरणमा प्रयोग गरी नगरपालिकाको विकासमा उपभोग गर्नु

ग) ज्येष्ठ नागरिकको पारिवारिक, आर्थिक र कानुनी हक अधिकार संरक्षण र प्रवर्द्धन गर्नु

## रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
### ६.३.१ विद्यमान अवस्था

कुल ४०,९२७ हेक्टर खेतीयोग्य जमिन भएको यो नगरपालिकामा हाल ३१,४९६ हेक्टर (७६ प्रतिशत) जमीनमा मात्र खेती गरिएको छ। त्यसै गरी कुल खेती गरिएको जमीनमा पनि लगभग १२ प्रतिशत (३,९३० हे.) जमीनमा बार्है महिना सिँचाइ सुविधा पुगेको छ भने ८ प्रतिशत जमीनमा मौसमी सिँचाइ सुविधा पुगेको अवस्था छ।

### ६.३.२ सम्भावना /अवसर तथा समस्या/चुनौती

| सम्भावना /अवसर | समस्या/चुनौती |
|---|---|
| • वडाको खेतियोग्य भूमिमा उपयुक्त सिँचाइ सुविधा पुर्याउन सके प्रशस्त उत्पादन बढाउन सकिने।<br>• वडाको सिबाङमा कृत्रिम ताल / बांध निर्माण गरे वर्षैभरी सिँचाइ सुविधा पुग्ने (वडा नं. २)<br>• आधुनिक प्रविधिमा पाईपद्वारा सिँचाइ योजना निर्माण गर्न सकिने।<br>• प्रचलनमा आएका योजना जिर्णोद्धार गर्न सकिने।<br>• समस्त वडामा सिँचाइ पुर्याउन लिफ्ट प्रबिधीको संभावना भएको (कालिमाटी र गुरुङ गाउँ, वडा नं. ४)<br>• ३५० भन्दा बढी घरधुरीलाई लगभग ३० - ३२ रोपनी क्षेत्रफलमा बाँध बाधेर सिँचाइ योजना निर्माण गर्ने महत्वकांक्षी परेमा खोला सिँचाइ आयोजनाको सम्भावना (वडा नं. ६)<br>• वडाको ४०० घरधुरिलाई सिँचाइ सुविधा पुगेको, दाङबाङ र घापामा सिँचाइ पोखरी स्थापना गर्न सकिने (वडा नं. ७) | • सिँचाईका लागि पानीको श्रोतको अभाव रहेको।<br>• भएका योजनाहरु पुरानो प्रविधिमा आधारित / जिर्ण हुँदै गएको।<br>• सिँचाई नीति र भौगोलिक अवस्थामा असमन्जस्यता रहेको।<br>• आवश्यक संख्यामा श्रोतहरु भएपनी सिँचाइ आयोजनाको अभाव।<br>• वडाका प्रायःजसो सबै कृषियोग्य जमिनमा सिँचाइ सुविधा नपुगेको।<br>• कुलोहरु जिर्ण हुँदै गएको।<br>• सिँचाइ आयोजना निर्माणका लागि आवश्यक लगानी जुटाउन चुनौती रहेको।<br>• भौगोलिक जटिलता, श्रोत पर्याप्त तर व्यवस्थापन अभाव, आयोजनाहरुको अभाव |

### ६.३.३ दीर्घकालीन सोच, लक्ष्य, उद्देश्य, रणनीति, कार्यनीति, मुख्य कार्यक्रम तथा तर्कवद्ध खाका

➧ **दीर्घकालीन सोच**

कृषि विकासको आधार : पर्याप्त र दीगो सिँचाइ सुविधा

➧ **लक्ष्य**

कृषि क्षेत्रमा भरपर्दो सिँचाइ पूर्वाधारका निर्माण गरी कृषि उत्पादन र उत्पादकत्व वृद्धिमा योगदान पुऱ्याउने।

- **उद्देश्य**

कृषि क्षेत्रको उत्पादकत्व वृद्धि गर्न भरपर्दो सिँचाइ सुविधा उपलब्ध गराउनु

- **रणनीति तथा कार्यनीति**

| रणनीति | कार्यनीति |
|---|---|
| खेतीयोग्य जमिनहरुमा प्रविधियुक्त सिँचाइ सुविधा उपलब्ध गराउने | सतह, भूमिगत, थोपा सिँचाइ आदि प्रविधिको विस्तार गरी भरपर्दो सिँचाइ सुविधा उपलब्ध गराईने छ । |
| | लिफ्ट प्रविधिको प्रयोग गरी सिँचाइ सुविधाको व्यवस्था गरिनेछ |
| | परेमाखोला लगायतका महत्वपुर्ण तथा बहुउद्देश्यीय सिँचाइ आयोजना सञ्चालन गरिनेछ |
| | परम्परागत सिँचाइ आयोजनाको जिर्णोद्वार गरिनेछ |
| | संघ र प्रदेश सँगको लागत सहभागितामा स्थानीय आवश्यकता अनुसारका सिँचाइ आयोजनाहरु कार्यान्वयन गरिनेछ । |
| वैकल्पिक सिँचाइ प्रविधिको व्यवस्था गर्ने | स्थानीय प्रविधि एवंम् सामाग्रीहरुको प्रयोग गर्दै वर्षातको पानी संकलन गर्न प्रोत्साहन गर्दै महिला, दलित र विपन्न वर्गको आय वृद्धिका लागि करेसावारीमा व्यावसायिक तरकारी खेती गर्न सहयोग उपलब्ध गराइने छ । |
| | पानी सुविधा उपलब्ध नभएका खेतीयोग्य वाँझो जमिनमा सिँचाइका वैकल्पिक प्रविधिहरुलाई (थोपा र छर्किने) प्रयोगमा ल्याउन प्रोत्साहन गर्दै थोरै पानीमा खेतीगर्न सकिने बालीहरु लगाउन जोड दिइनेछ । |
| | आकाशे पानी संकलनका लागि प्लाष्टिक पोखरी निर्माणमा र एक वडामा एक पोखरीका माध्यमबाट पानीको श्रोत संरक्षण समेत गरी सिँचाइ र पशुपंक्षीहरुलाई पानीको व्यवस्था गरिनेछ |
| सिँचाइ सम्बन्धी नीति तर्जुमा तथा योजना कार्यान्वयन गर्ने | सिँचाइ सम्बन्धी दीर्घकालीन नीति, कानून, मापदण्ड तर्जुमा गरी गुरुयोजना, त्यसको कार्यान्वयन र नियमन गरिनेछ ।<br>उपभोक्ताहरुको लागत सहभागितामा सिँचाइ आयोजनाहरु सञ्चालन गर्दै आयोजना माथि स्थानीयहरुको अपनत्व श्रृजना गर्ने, नियमित रुपमा तिनीहरुको मर्मत सम्भार गर्ने वातावरण विकास गरिनेछ ।<br>सिँचाइ योजना निर्माण गर्दा क्षेत्रगत, लैङ्गिक, जातीय समानुपातिक प्रतिनिधित्व सहितको उपभोक्ता समिति गठन गरी लक्षित वर्गलाई प्राथमिकता दिइनेछ र उक्त समितिको आवश्यकता अनुरुप क्षमता अभिवृद्धि गरिनेछ । |

## प्रमुख कार्यक्रम

| कार्यक्रम | सहकार्य | | | | | | | अनुमानित लागत (लाखमा) |
|---|---|---|---|---|---|---|---|---|
| | पालिका | अन्तरपालिका | संघ | प्रदेश | नीजि क्षेत्र | सहकारी | जन | |
| लिफ्ट्, सतह, तथा थोपा सिँचाइ आयोजनाको निर्माण | √ | √ | √ | √ | | | | १००० |
| परेमा खोला लगायतका महत्वपुर्ण तथा बहुउद्देश्यीय सिँचाइ आयोजना सञ्चालन | √ | √ | √ | √ | | | | १५०० |
| परम्परागत सिँचाइ आयोजनाको जिर्णोद्वार | √ | √ | √ | √ | | | | ४०० |
| संघ र प्रदेश सँगको लागत सहभागितामा स्थानीय आवश्यकता अनुसारका सिँचाइ आयोजनाहरु निर्माण | √ | √ | √ | √ | | | | २०० |
| जम्मा | | | | | | | | ३१०० |

## ➧ तर्कवद्ध खाका

| नतिजा स्तर | नतिजा | सूचक | इकाई | आधार वर्ष ०७८/७९ | आर्थिक वर्ष : लक्ष्य परिमाण ०७९/८० | ०८१/८२ | ०८३/८४ | पुष्टयाईको स्रोत | जिम्मेवार निकाय | दिविल | दिराल | दिप्रल |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| **प्रभाव** | कूल खेतीयोग्य जमिनमा १२ महिना पर्याप्त मात्रामा सिँचाइ सेवा उपलब्ध भएको हुने | १२ महिना सिँचाइ हुने क्षेत्र | प्रतिशत | १२ | १५ | २० | ३० | पार्श्व चित्र | नपा | ९ | ४ | १ |
| **असर** | कृषि क्षेत्रको उत्पादकत्व वृद्धि गर्न भरपर्दो सिँचाइ सुविधा उपलब्ध भएको हुनेछ | खेतीयोग्य जमिन मध्ये सिञ्चित भूमि | हेक्टर | ३१७४ | ३२०० | ३३०० | ३५०० | पार्श्व चित्र | नपा | ९ | ४ | १ |
| | | वर्षाको आकाशे पानीमा निर्भर सिँचाइ भूमि | हेक्टर | ३९९० | ३८०० | ३७०० | ३५०० | पार्श्व चित्र | नपा | ९ | ४ | १ |
| | | खोला तथा मुहानहरुबाट सिञ्चित भूमि | हेक्टर | २००० | २५०० | ३००० | ३५०० | पार्श्व चित्र | नपा | ९ | ४ | १ |
| | | प्रयोगमा आएका सिँचाइ प्रविधि (सतह, पोखरी, ड्रिप, लिफ्ट, आकाशे पानी संकलन, प्लाष्टिक पोखरी) | संख्या | ० | २ | ३ | ५ | पार्श्व चित्र | नपा | ९ | ४ | १ |
| | | सिँचाइका आधुनिक पूर्वाधार निर्माणबाट (नहर, लिफ्ट) सिँचाइ क्षेत्र विस्तार | हेक्टर | ५०० | ६०० | ९०० | १५०० | पार्श्व चित्र | नपा | ९ | ४ | १ |
| | | परम्परागत कूलो तथा पोखरीबाट भएको सिँचाइ भूमि | हेक्टर | १५०० | १३०० | ८०० | ५०० | पार्श्व चित्र | नपा | ९ | ४ | १ |

भूमि

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | प्रतिफल ३.२ सिँचाइ, इकाइ नगरपालिकाले आफ्नो अनुकूल तय गर्ने छ | | | | | | | | | | | |
| **प्रतिफल तह** | सहकार्य तथा समन्वयका आधारमा नगरपालिकाका प्रमुख सिँचाइ आयोजनाहरुको निर्माण भई कृषकहरु लाभान्वित भएका हुने | लिफ्ट, सतह, तथा थोपा सिँचाइ आयोजनाको निर्माण | हेक्टर | | | | | पार्श्व चित्र | नपा | ९ | ४ | १ |
| | | परेमा खोला लगायतका महत्वपुर्ण तथा बहुउद्देश्यीय सिँचाइ आयोजना सञ्चालन | संख्या | | | | | पार्श्व चित्र | नपा | ९ | ४ | १ |
| | | परम्परागत सिँचाइ आयोजनाको जिर्णोद्वार | | | | | | पार्श्व चित्र | नपा | ९ | ४ | १ |
| | | संघ र प्रदेशसँगको लागत सहभागितामा स्थानीय आवश्यकता अनुसारका सिँचाइ आयोजनाहरु निर्माण | | | | | | पार्श्व चित्र | नपा | ९ | ४ | १ |

## ६.४ सञ्चार तथा सूचना प्रविधि

### ६.४.१ विद्यमान अवस्था

यस नगरपालिकामा पत्रपत्रिका, रेडियो र टि.भि. जस्ता परम्परागत सञ्चारका साधनको प्रयोगका साथै आधुनिक प्रविधिको प्रयोग पनि बढ्दै गएको छ । नगरपालिकामा नेपाल टेलिकम र एनसेल दुवैको सेवा उपलब्ध छ । नगरपालिकामा World Link, ADSL, NCell, NTC आदि कम्पनीहरूले इन्टरनेट सेवा पुर्याउँदै आइरहेका छन भने डिसहोम र अन्य केवल नेटवर्कद्वारा नगरपालिकाबासीहरूले मनोरन्जनात्मक टि.भि कार्यक्रमहरू हेर्ने गरेको पाइन्छ । नगरपालिकामा रहेका कूल घरपरिवारहरूमध्ये मोबाइल फोन प्रयोगकर्ता ९५ प्रतिशत भन्दा माथि छ ।

नगरपालिकाको सम्पुर्ण वडामा इन्टरनेटको व्यवस्था छ । वडा नं. ५, ९ र १० बाहेकका स्वास्थ्य चौकी, विद्यालयहरु, सार्वजनिक सेवा प्रदायकहरुमा सूचना प्रविधिको व्यवस्था उपलब्ध छ ।

### ६.४.२ सम्भावना /अवसर तथा समस्या/चुनौती

| सम्भावना /अवसर | समस्या/चुनौती |
|---|---|
| • आवश्यक संरचना निर्माण गर्न सकिने ।<br>• सार्वजनिक सेवाप्रदायक निकाय र विद्यालयमा सूचना प्रविधि विकास गर्न सकिने ।<br>• मुख्य कार्यालय, चोक लगायतका ठाउँहरुमा फ्री वाई-फाई जोन बनाउन सकिने ।<br>• सूचना केन्द्रको निर्माण गर्न सकिने<br>• सूचनाको पहँच विस्तारका लागि आवश्यक कार्यक्रम सञ्चालन गर्न सकिने<br>• विद्युतीय पुस्तकालयको निर्माण गर्न सकिने | • आवश्यक जनचेतनाको कमी भएको ।<br>• सार्वजनिक सेवाप्रदायक निकाय र विद्यालयमा सूचना प्रविधिको अभाव ।<br>• सम्पूर्ण वडामा ईन्टरनेट सेवा नभएको ।<br>• जनचेतना र कार्यक्रमहरुको अभाव । |

### ६.४.३ दीर्घकालीन सोच, लक्ष्य, उद्देश्य, रणनीति, कार्यनीति, मुख्य कार्यक्रम तथा तर्कवद्ध खाका

- **सोच**

सूचना तथा सञ्चार प्रविधी मैत्री रोल्पा नगरपालिका ।

- **लक्ष्य**

सूचना तथा सञ्चार विघिलोई भरपर्दो, विश्वसनीय एवंम् गुणस्तरीय रुपमा विकास गर्दै नगरवासीको जीवनलाई सहज र सरल बनाउने ।

- **उद्देश्य**

नगरपालिका वासीमा सूचना तथा सञ्चार प्रविधिको पहुँचलाई सहज र सरल बनाउने ।

### ➧ रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| ➧ नगरपालिकालाई प्रविधि मैत्री पालिकाको रुपमा विकास गर्ने । | ➧ नगरपालिकाको आवश्यकता अनुरुप सूचना तथा सञ्चार नीति तर्जुमा गरिनेछ । |
| | ➧ आम जनतामा Digital Literacy बढाउन वडाहरूसँग सहकार्य मार्फत् तालिम र अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिनेछ । |
| | ➧ नगरपालिकाको प्रत्येक टेलिफोन तथा इन्टरनेट पहुँच विस्तार गरिनेछ |
| | ➧ हरेक सरकारी कार्यालयहरुमा र सामुदायिक भवनहरुमा सूचना प्रविधि पूर्वाधार विकास गरिनेछ । |
| | ➧ सुविधायुक्त टेलिसेन्टरहरूको विकास गरिनेछ । |
| | ➧ सूचना प्रविधिसँग सम्बन्धित प्राविधिक जनशक्तिलाई तालिम गराई उनीहरूको क्षमता अभिवृद्धि गरिनेछ । |
| ➧ सूचना संचार प्रविधि सेवालाई सरल र सुलभ बनाउने | ➧ भरपर्दो टेलिफोन नेटवर्कको व्यवस्था गर्दै दूरसंचार सेवामा आम नागरिकहरुको पहुँचमा सहजता ल्याइनेछ ।<br>➧ दूरसंचार सेवा विस्तार र भरपर्दो बनाउन निजीक्षेत्र संग सहकार्य गरिनेछ । |
| ➧ सूचनामा पहुँच अभिवृद्धि गर्ने | ➧ मुख्य सार्वजनिक क्षेत्रहरुमा फ्रि वाईफाई सञ्चालन गरी सूचना तथा संचारमा सहजता ल्याइनेछ ।<br>➧ स्थानीय स्तरमा अनलाईन सेवा, केवुल टिभि तथा एफएम रेडियो सञ्चालन गर्न निजी क्षेत्र, समुदाय संग सहकार्य गर्दै नागरिकहरुलाई अद्यावधिक खबर तथा सूचनाहरुबाट लाभान्वित गराइनेछ ।<br>➧ स्थानीय पत्रपत्रिकाको प्रकाशनलाई प्रोत्साहन गरिनेछ । |

◆ **प्रमुख कार्यक्रम**

| कार्यक्रम | सहकार्य | | | | | | | अनुमानित लागत (लाखमा) |
|---|---|---|---|---|---|---|---|---|
| | पालिका | अन्तरपालिका | संघ | प्रदेश | नीजिक्षेत्र | सहकारी | जन | |
| नगरपालिकाको आवश्यकता अनुरुप सूचना तथा सञ्चार नीति तर्जुमा । | √ | | √ | √ | | | | १० |
| आम जनतामा Digital Literacy बढाउन वडाहरूसँग सहकार्य मार्फत् तालिम र अभिमुखीकरण कार्यक्रम सञ्चालन | √ | | √ | √ | | | | २० |
| नगरपालिकाको प्रत्येक टेलिफोन तथा इन्टरनेट पहुँच विस्तार | √ | | √ | √ | | | | ५० |
| हरेक सरकारी कार्यालयहरुमा र सामुदायिक भवनहरुमा सूचना प्रविधि पूर्वाधार विकास | √ | | √ | √ | | | | ३० |
| सुविधायुक्त टेलिसेन्टरहरूको विकास | √ | √ | √ | √ | | | | ५० |
| सूचना प्रविधिसँग सम्बन्धित प्राविधिक जनशक्तिलाई क्षमता अभिवृद्धि तालिम | √ | | √ | √ | | | | १० |
| जम्मा | | | | | | | | १७० |

### ➧ तर्कबद्ध खाका

| नतिजा स्तर | नतिजा | सूचक | इकाई | आधार वर्ष ०७८/७९ | आर्थिक वर्ष : लक्ष्य परिमाण | | | पुष्टयाईको स्रोत | जिम्मेवार निकाय | दिविल | दिराल | दिप्रल |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | ०७९/८० | ०८१/८२ | ०८३/८४ | | | | | |
| **प्रभाव** | सूचना तथा सञ्चार विधिलाई भरपर्दो, विश्वसनीय एवंम् गुणस्तरीय रुपमा विकास गर्दै नगरवासीको जीवनलाई सहज र सरल भएको हुने | इन्टरनेट सेवा प्रयोग गर्ने परिवार | प्रतिशत | | | | | नपा पार्श्व चित्र | नपा | ९ | ३ | २ |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| असर | नगरपालिका वासीमा सूचना तथा सञ्चार प्रविधिको पहुँचलाई सहज र सरल भएको हुने | संचारका कुनै एक साधन उपलब्ध घरधुरी | प्रतिशत | **८०** | ८५ | ८७ | ९५ | " | | ९ | ३ | २ |
| | | संचार सेवाबाट वञ्चित घरधुरी | प्रतिशत | **२०** | **१५** | १३ | ५ | " | | ९ | ३ | २ |
| | | मोबाइल फोन प्रयोगकर्ता | प्रतिशत | **८०** | **८५** | ९० | ९५ | " | | ९ | ३ | २ |
| | | ल्याण्डलाइन टेलिफोन वितरण | संख्या | **२५०** | **२६०** | २७० | २७५ | " | | ९ | ३ | २ |
| | | स्थानीय केवल नेटवर्क सेवा प्रदायक संस्था | संख्या | **२** | **३** | ४ | ५ | " | | ९ | ३ | २ |
| | | स्थानीय पत्रपत्रिका प्रकाशन गर्ने संस्था | संख्या | **१०** | **१०** | १० | १० | " | | ९ | ३ | २ |
| | | सूचना प्रविधि सेवा पुगेको उद्योग, व्यापार, व्यवसाय संख्या | संख्या | **८००** | **८००** | ९०० | १००० | " | | ९ | ३ | २ |
| | | विद्यालय लगायत सार्वजनिक भवन तथा कार्यालयहरुमा इन्टरनेट सेवा सुचारु | संख्या | **२००** | | | | " | | ९ | ३ | २ |
| | | स्थानीय स्तरमा सञ्चालित एफएम रेडियो | संख्या | **३** | | | ४ | " | | ९ | ३ | २ |
| | | सार्वजनिक स्थाल तथा कार्यालयहरुमा जडित सि.सि.क्यामेरा | संख्या | **१०** | **११** | २० | २५ | " | | ९ | ३ | २ |
| | | क्रियाशील पत्रकारहरु | संख्या | **४५** | **५०** | ५५ | ६० | " | | ९ | ३ | २ |

**प्रतिफल ३.३ सूचना तथा सञ्चार प्रविधि, इकाइ नगरपालिकाले आफ्नो अनुकूल तय गर्ने छ**

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| **प्रतिफल तह** | सूचना तथा सञ्चार नीति, कानुन तथा मापदण्ड तयारी भएको हुने | नगरपालिकाको आवश्यकता अनुरुप सूचना तथा सञ्चार नीति तर्जुमा । | संख्या | | | | | ” | | ९ | ३ | २ |
| | | आम जनतामा Digital Literacy बढाउन तालिम र अभिमुखीकरण कार्यक्रम सञ्चालन | संख्या | | | | | ” | | ९ | ३ | २ |
| | नगर क्षेत्रमा सञ्चारको पहुँच सहज भएको हुने | नगरपालिकाको प्रत्येक टेलिफोन तथा इन्टरनेट पहुँच विस्तार | संख्या | | | | | ” | | ९ | ३ | २ |
| | सरकारी कामकारवाहीमा चुस्तता आएको हुने | हरेक सरकारी कार्यालयहरुमा र सामुदायिक भवनहरुमा सूचना प्रविधि पूर्वाधार विकास | संख्या | | | | | ” | | ९ | ३ | २ |
| | सुविधायुक्त टेलिसेन्टर हरूको विकास भएको हुने | सुविधायुक्त टेलिसेन्टरहरूको विकास | संख्या | | | | | ” | | ९ | ३ | २ |
| | सूचना प्रविधिसँग सम्बन्धित प्राविधिक जनशक्तिलाई तालिम गराई उनीहरूको क्षमता अभिवृद्धि भएको हुने | सूचना प्रविधिसँग सम्बन्धित प्राविधिक जनशक्तिलाई क्षमता अभिवृद्धि तालिम | संख्या | | | | | ” | | ९ | ३ | २ |

## ६.५ आवास तथा बस्ती विकास

### ६.५.१ विद्यमान अवस्था

नगरपालिकाका कुल ६६५७ घरहरु मध्ये करिब ९० प्रतिशत घरहरु माटोले बनेका छन भने ७ प्रतिशत घर सिमेन्टको जोडाई तथा २ प्रतिशत घरहरु आर सि सि प्रविधिबाट बनाईएका छन । व्यवस्थित बस्ति निर्माणमा वडावासीहरुको सोचाईमा एकरुपता नहुनु, अव्यवस्थित रुपमा बस्तीविकास हुनु, प्राविधिक तथा दक्ष जनशक्तिको अभाव हुनु, अधिकांश घर निर्माणमा भूकम्प प्रतिरोधी मापदण्ड पालना नगर्नु, घरनक्शा पास गर्नु पर्ने प्रावधानको वेवास्ता गर्नु, भवन आचारसंहिताको पालना हुन नसक्नु, आवास तथा बस्ती विकासका प्रमुख समस्या हुन ।

### ६.५.२ सम्भावना /अवसर तथा समस्या/चुनौती

| **सम्भावना /अवसर** | **समस्या/चुनौती** |
|---|---|
| • सुरक्षित आवास र बस्ती विकास सम्बन्धी जनचेतना विकास गर्न उचित कार्यक्रमको व्यवस्था गर्न सकिने ।<br>• आवश्यक संरचनाहरु र सुविधा भए बस्ती विकास गर्न सकिने ।<br>• गुरुङ गाउँमा बस्ती विकास गर्ने<br>• खुमेल क्षेत्र र नुवाकोट क्षेत्रमा बस्ती विकास गर्न सकिने । | • सडक निर्माणकार्य हुँदा बस्तीहरु प्रभावित भएका ।<br>• केही बस्तीहरुमा प्राकृतिक प्रकोपको खतरा रहेको । (चाहरेपानामा पहिरो र सुखादहमा आगलागी)<br>• जंगल नजिकका बस्तीमा आगलागीको जोखिम रहेको ।<br>• सुरक्षित आवास र बस्ती विकास सम्बन्धी जनचेतना कमी र उचित कार्यक्रम को अभाव ।<br>• वडागत बाटो निर्माण गर्दा सबै सम्बन्धित पक्ष अनुसार ट्र्याक निर्माण गर्न चुनौतिपूर्ण भएको ।<br>• बस्तीहरुमा प्राकृतिक प्रकोप नियन्त्रणको चुनौती रहेको ।<br>• छरिएर रहेको बस्ती ।<br>• संरचनाहरु भुकम्प प्रतिरोधी बनाउन चुनौती ।<br>• बस्ती विकास गर्न उपयुक्त स्थलहरुको अभाव (वडा नं. ७)<br>• धाङ्सी, पेवा, र्खामन र धबाङमा पहिरोको जोखिम (वडा नं. १०) |

### ६.५.३ दीर्घकालीन सोच, लक्ष्य, उद्देश्य, रणनीति, कार्यनीति, मुख्य कार्यक्रम तथा तर्कवद्ध खाका

#### दीर्घकालीन सोच

सुरक्षित आवास, दीगो बस्ती विकास, समृद्ध जीवन ।

#### लक्ष्य

नगरपालिका भित्रका आवास, सार्वजनिक भवन, तथा आवास क्षेत्रलाई सुरक्षित तथा भरपर्दो बनाउने ।

#### उद्देश्य

नगरपालिका क्षेत्र भित्रका आवास, सार्वजनिक जग्गा तथा व्यावसायिक क्षेत्रलाई दीर्घकालीन योजना अन्तर्गत व्यवस्थित गर्नु

## ➧ रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| ➧ आवास तथा भूमि व्यवस्थापन सम्बन्धी योजना बनाउने | ➧ आवास तथा भूमि व्यवस्थापन सम्बन्धी नीति तर्जुमा गरिनेछ । |
| | ➧ शहरी योजना तथा भवन निर्माण मापदण्ड, २०७२ को पूर्ण परिपालनामा जोड दिईनेछ |
| | ➧ अतिविपन्न, लोपोन्मुख र सीमान्तकृत वर्गका परिवारका लागि सुरक्षित, किफायती र वातावरणमैत्री आवास निर्माण गर्न सुरक्षित नागरिक आवास कार्यक्रम सञ्चालन गरिनेछ । |
| | ➧ जेष्ठनागरिक, अपाङ्ग तथा बिपद् व्यवस्थापनका लागि सुरक्षित सामाजिक आवास निर्माण गरिनेछ । |
| | ➧ सार्वजनिक जमिनको उच्चतम प्रतिफल युक्त प्रयोगका लागि नीजि क्षेत्रसँग सहकार्य गरि मुनाफाजन्य आयोजनाहरु सञ्चालन गरिनेछ |
| ➧ सुरक्षित र व्यवस्थित आवास तथा बस्ती विकास | ➧ प्रमुख बजार क्षेत्रहरुमा पूर्वाधारहरुको निर्माण तथा व्यवस्थापन गर्दै क्रमशः साना शहरी क्षेत्रको रुपमा विकास विस्तार गर्दै शहरीकरण गरिनेछ। गुरुङ गाउँ, खुमेल क्षेत्र र नुवाकोट मा व्यवस्थित एकिकृत बस्ती विकास विकास गर्न संघ र प्रदेश सरकारसँग सहकार्य गरिनेछ । |
| | ➧ विद्यमान बस्ती तथा समुदायहरुमा सबैप्रकारका पूर्वाधारहरुको सेवा सुविधाहरु उपलब्ध गराई बसाइसराइ लाई न्यूनीकरण गर्नमा सहयोग पुर्‍याइनेछ । |
| | ➧ आधारभूत भौतिक संरचनाहरु निर्माण गरी अति विपन्न समुदायको बस्तीहरुलाई सुविधा सम्पन्न बनाइनेछ । |
| | ➧ प्रमुख बजार क्षेत्रहरुमा पूर्वाधारहरुको निर्माण तथा व्यवस्थापन गर्दै क्रमशः साना शहरी क्षेत्रको रुपमा विकास विस्तार गर्दै शहरीकरण गरिनेछ । |
| ➧ समावेशी संरचना निर्माण गर्ने | ➧ सुरक्षित आश्रय स्थल, ज्येष्ठ नागरिक, युवा तथा बाल क्लब, पुस्तकालय समेत हुने गरी सामुदायिक भवन निर्माण गरिनेछ । |
| | ➧ लिवाङमा सभाहल निर्माण गरी सभा, सम्मेलन जस्ता कार्यक्रम सञ्चालनमा सहजता ल्याइनेछ । |
| | ➧ वडाहरुको उपयुक्त स्थानमा खुल्ला क्षेत्र, खेलमैदान सहितका संरचनाहरु निर्माण गरी सुविधा सम्पन्न बनाइनेछ । |
| | ➧ सार्वजनिक भौतिक संरचनाहरु बालमैत्री, अपाङ्गतामैत्री, महिला तथा ज्येष्ठ नागरिकमैत्री बनाइनेछ । |

## ➧ प्रमुख कार्यक्रम

| कार्यक्रम | सहकार्य | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | पालिका | अन्तरपालिका | संघ | प्रदेश | नीजिक्षेत्र | सहकारी | जन सहभागिता | अनुमानित लागत (लाखमा) |
| आवास तथा भूमि व्यवस्थापन सम्बन्धी नीति तर्जुमा। | √ | | √ | √ | | | | १० |
| गुरुङ गाउँ, खुमेल क्षेत्र र नुवाकोटमा व्यवस्थित एकिकृत बस्ती विकास | √ | | √ | √ | | | | १००० |
| अतिविपन्न, लोपोन्मुख र सीमान्तकृत वर्गका परिवारका लागि सुरक्षित, किफायती र वातावरणमैत्री आवास निर्माण गर्न सुरक्षित नागरिक आवास कार्यक्रम | √ | | √ | √ | | | | १००० |
| जेष्ठनागरिक, अपाङ्ग तथा बिपद् व्यवस्थापनका लागि सुरक्षित सामाजिक आवास निर्माण | √ | | √ | √ | | | | २०० |
| सार्वजनिक जमिनको उच्चतम प्रतिफल युक्त प्रयोगका लागि नीजि क्षेत्रसँग सहकार्य गरि मुनाफाजन्य आयोजनाहरु विकास | √ | √ | √ | √ | √ | √ | √ | १००० |
| जम्मा | | | | | | | | ३२१० |

## ➧ तर्कबद्ध खाका

| नतिजा स्तर | नतिजा | सूचक | इकाई | आधार वर्ष ०७८/७९ | आर्थिक वर्ष : लक्ष्य परिमाण | | | पुष्टयाईको स्रोत | जिम्मेवार निकाय | दिविल | दिराल | दिप्रल |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | ०७९/८० | ०८१/८२ | ०८३/८४ | | | | | |
| **प्रभाव** | नगरपालिका भित्रका आवास, सार्वजनिक भवन, तथा आवास क्षेत्रलाई सुरक्षित तथा भरपर्दो भएको हुने | प्रवर्तित, व्यवस्थित तथा सुरक्षित आवासमा बस्ने घरधुरी | प्रतिशत | ५ | १० | २० | ५० | पार्श्व चित्र | न पा | ११ | ६ | २ |
| | | | | | | | | | | | | |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| असर | नगरपालिका क्षेत्र भित्रका आवास, सार्वजनिक जग्गा तथा व्यावसायिक क्षेत्रलाई दीर्घकालीन योजना अन्तर्गत व्यवस्थित भएको हुने | सुरक्षित तथा प्रवर्द्धन गरिएका आवास क्षेत्र तथा बस्तीहरु | संख्या | ० | २ | ५ | १० | पार्श्व चित्र | न पा | ११ | ६ | २ |
| | | जोखिमयुक्त बस्तीहरु | संख्या | ५ | ७ | ८ | १० | पार्श्व चित्र | न पा | ११ | ६ | २ |
| | | भूकम्प प्रतिरोधी भवन निर्माण सम्बन्धी दक्ष जनशक्ति | संख्या | १०० | २०० | ३०० | ३०० | पार्श्व चित्र | न पा | ११ | ६ | २ |
| | | भूकम्प प्रतिरोधी प्रविधि र मापदण्ड अनुसार निर्माण भएका सार्वजनिक भवन तथा संरचना | संख्या | २५ | ३० | ३५ | ५० | पार्श्व चित्र | न पा | ११ | ६ | २ |
| | | भूकम्प प्रतिरोधी प्रविधि र मापदण्ड अनुसार निर्माण भएका निजी आवास तथा संरचनाहरु | संख्या | १०० | १२० | १५० | २०० | पार्श्व चित्र | न पा | ११ | ६ | २ |
| | | आधारभूत पूर्वाधार सहित व्यवस्थित बजार | संख्या | ५ | ६ | | १० | पार्श्व चित्र | न पा | ११ | ६ | २ |
| | | सुविधा सम्पन्न उद्यान सहितको खुल्ला पार्क क्षेत्र | संख्या | १० | | | १० | पार्श्व चित्र | न पा | ११ | ६ | २ |
| | | व्यवस्थित वसपार्क तथा वस स्टेशन | संख्या | ० | १ | | २ | पार्श्व चित्र | न पा | ११ | ६ | २ |
| | | सुविधा सम्पन्न (खानेपानी, शौचालय, विजुली, संचार) सामुदायिक भवन, महिला तथा ज्येष्ठ नागरिक भवन तथा सभाहल | संख्या | १२ | | | १२ | पार्श्व चित्र | न पा | ११ | ६ | २ |
| | **प्रतिफल ३.४ आवास तथा बस्ती विकास, इकाइ नगरपालिकाले आफ्नो अनुकूल तय गर्ने छ** | | | | | | | | | | | |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| प्रतिफल | नगरपालिकाको आवास तथा भूमि व्यवस्थापनको मापदण्ड तयार भएको हुने | आवास तथा भूमि व्यवस्थापन सम्बन्धी नीति तर्जुमा । | संख्या | | | | | पाश्र्व चित्र | न पा | ११ | ६ | २ |
| | | गुरुङ गाउँ, खुमेल क्षेत्र र नुवाकोट मा व्यवस्थित एकिकृत बस्ती विकास | प्याकेज | | | | | पाश्र्व चित्र | न पा | ११ | ६ | २ |
| | अतिविपन्न,लोपोन्मुख र सीमान्तकृत वर्गका परिवारका ले भुकम्प प्रतिरोधी आवास पाएका हुने | अ ति वि प न्न , लोपोन्मुख र सीमान्तकृत वर्गका परिवारका लागि सुरक्षित, किफायती र वातावरणमैत्री आवास निर्माण गर्न सुरक्षित नागरिक आवास कार्यक्रम | संख्या | | | | | पाश्र्व चित्र | न पा | ११ | ६ | २ |
| | जेष्ठनागरिक, अपाङ्ग तथा बिपद् व्यवस्थापनका लागि सुरक्षित सामाजिक आवास पाएको हुने | जेष्ठनागरिक, अपाङ्ग तथा बिपद् व्यवस्थापनका लागि सुरक्षित सामाजिक आवास निर्माण | संख्या | | | | | पाश्र्व चित्र | न पा | ११ | ६ | २ |
| | सार्वजनिक जमिनको प्रतिफलयुक्त क्षेत्रमा प्रयोग भएको हुने | सार्वजनिक जमिनको उच्चतम प्रतिफल युक्त प्रयोगका लागि नीजि क्षेत्रसँग सहकार्य गरि मुनाफाजन्य आयोजनाहरु विकास | संख्या | | | | | पाश्र्व चित्र | न पा | ११ | ६ | २ |

## ६.६ विद्युत तथा बैकल्पिक उर्जा

### ६.६.१ विद्यमान अवस्था

नगरपालिकाका कूल घरधुरीहरूमध्ये ६७ प्रतिशतले विद्युत र ३१ प्रतिशतले सोलार प्रयोग गरेका छन । त्यसैगरी नगरपालिकामा ९६ प्रतिशतले काठदाउरा र ३ प्रतिशत एल.पी ग्यास प्रयोग गर्ने गरेका छन । विद्युतका पोलहरु कमजोर तथा अव्यवस्थित हुनु, ट्रान्सफर्मरको खराबीका कारणले विद्युत अवरुद्ध हुनु, विद्युतका तारले रुखलाई छुदा दुर्धटना वढ्ने जोखिम हुनु, बाढी डुवान जास्ता प्राकृतिक जोखिमले विद्युत संरचनामा क्षती पुऱ्याउनु विद्युत तथा वैकल्पिक उर्जाका समस्या हुन ।

### ६.६.२ सम्भावना /अवसर तथा समस्या/चुनौती

| सम्भावना /अवसर | समस्या/चुनौती |
|---|---|
| • सबै घरधुरीमा विद्युत पहुँच पुऱ्याउन सकिने ।<br>• उचित कार्यक्रम सञ्चालन गरी वैकल्पिक उर्जाको प्रवर्धन गर्न सकिने ।<br>• प्रमुख चोक, सार्वजनिक संकाय लगायत विद्यालयमा सोलार बत्ती राख्न सकिने ।<br>• वैकल्पिक उर्जाको ठुलो सम्भावना रहेको<br>• लघु विद्युतीकरण आयोजना निर्माणको सम्भावना<br>• लघु विद्युतलाई राष्ट्रिय प्रसारण सँग जोड्न सकिने (वडा नं. ७) | • सबै घरधुरीमा विद्युतको पहुँच नभएको ।<br>• वैकल्पिक उर्जामा जनचासो नभएको ।<br>• पुर्वाधार मर्मत र जिर्णोद्धारको अभाव ।<br>• भौगोलिक जटिलता पार गर्न चुनौती ।<br>• नियमित विद्युत प्रवाहको चुनौती ।<br>• विद्युत नीति तथा मापदण्डको अभाव<br>• आधा घरधुरीमा विद्युतको पहुँच नभएको (वडा नं. ५)<br>• २५ प्रतिशत वडावासीलाई मात्र विद्युत सेवा (वडा नं. ९)<br>• वडाको ४० प्रतिशत जनसंख्या मात्र विद्युतको पहुँचमा (वडा नं. १०) |

### ६.६.३ दीर्घकालीन सोच, लक्ष्य, उद्देश्य, रणनीति, कार्यनीति, मुख्य कार्यक्रम तथा तर्कवद्ध खाका

- **दीर्घकालीन सोच**

विद्युत र वैकल्पिक उर्जामा आत्मनिर्भरता : नगरपालिकाको प्रतिवद्धता

- **लक्ष्य**

विद्युतमा समान पहुँच सहित सोलार तथा साना जलविद्युतको निर्माणमा जोड दिई नगरपालिकाको आर्थिक गतिविधि बढाउनु ।

- **उद्देश्य**

वैकल्पिक उर्जाको विकास गरी कृषि तथा औद्योगिक अभ्यासहरुलाई प्रविधिमैत्री तथा मितव्ययि बनाउने

### ➧ रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| ➧ विद्युत तथा वैकल्पिक उर्जालाई नगरपालिकाको आर्थिक समृद्धिको आधारका रुपमा विकास गर्ने | ➧ वैकल्पिक उर्जा सम्बन्धी नीति, कानुन तथा मापदण्ड तर्जुमा गरिनेछ |
| | ➧ सौर्य उर्जा प्लान्टको विस्तार गरिनेछ |
| | ➧ विद्युतीय पूर्वाधारलाई दीगो र गुणस्तरीय बनाइनेछ । |
| | ➧ विद्युतीय उर्जाको प्रयोगलाई सिँचाइ, कृषि तथा पशुपालन, उद्योग, पर्यटन, शिक्षा लगायतका बहुआयामिक क्षेत्रमा प्रयोग गर्नै नीतिगत व्यवस्था गरिनेछ |
| | ➧ परम्परागत उर्जा खपतलाई विस्थापना गर्न सुधारिएको चुलो, गोवरग्याँस प्लान्ट तथा अन्य वैकल्पिक उर्जाको उत्पादन तथा जडानका लागि अनुदानको व्यवस्था गरिनेछ । |
| ➧ विद्युतीय उर्जालाई सर्वसुलभ बनाउने | ➧ विद्युत सुविधा नपुगेका वडाहरुमा केन्द्रीय विद्युत प्रसारण ग्रिडबाट विद्युत आपूर्तिको व्यवस्था गरी विद्युत सेवा सुविधालाई भरपर्दो र नियमित आपूर्तिको व्यवस्था मिलाइनेछ । |
| | ➧ संघीय, प्रदेश तथा नीजि क्षेत्रसँगको सहलगानीमा धाडसीखोला जलविद्युत आयोजनाको निर्माण प्रक्रियालाई अघि वढाइनेछ । हालसम्म पनि विद्युत सुविधा नपुगेका सबै घरमा बिजुली बत्ति पुग्ने गरि सघं तथा प्रदेशसँग समन्वय र सहकार्य गरिनेछ । |
| | ➧ अति विपन्न घरपरिवार तथा बस्तीहरुमा सौर्य उर्जाको व्यवस्था निःशुल्क गरी विद्युत सेवाबाट लाभान्वित गराइनेछ । |

- **प्रमुख कार्यक्रम**

| कार्यक्रम | सहकार्य | | | | | | | अनुमानित लागत (लाखमा) |
|---|---|---|---|---|---|---|---|---|
| | पालिका | अन्तरपालिका | संघ | प्रदेश | नीजिक्षेत्र | सहकारी | जन | |
| वैकल्पिक उर्जा सम्बन्धी नीति, कानुन तथा मापदण्ड तर्जुमा | √ | | | | | | | १० |
| ग्रामिण विद्युतीकरण कार्यक्रम सञ्चालन | √ | √ | √ | √ | √ | √ | √ | ३०० |
| सौर्य उर्जा प्लान्टको विस्तार | √ | √ | √ | √ | √ | √ | √ | ५०० |
| परम्परागत उर्जा खपतलाई विस्थापन गर्न सुधारिएको चुलो, गोवरग्याँस प्लान्ट तथा अन्य वैकल्पिक उर्जाको उत्पादन तथा जडानका लागि अनुदानको व्यवस्था | √ | √ | √ | √ | | | | ५०० |
| जम्मा | | | | | | | | १३१० |

## vतर्कबद्ध खाका

| नतिजा स्तर | नतिजा | सूचक | इकाई | आधार वर्ष ०७८/७९ | आर्थिक वर्ष : लक्ष्य परिमाण | | | पुष्टयाईको स्रोत | जिम्मेवार निकाय | दिविल | दिराल | दिप्रल |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | ०७९/८० | ०८१/८२ | ०८३/८४ | | | | | |
| प्रभाव | विद्युतमा समान पहुँच सहित सोलार तथा साना जलविद्युतको निर्माणमा जोड दिई नगरपालिकाको आर्थिक गतिविधि बढेको हुने। | सोलार प्रणाली सहित विद्युत सेवा पुगेका घरपरिवार | प्रतिशत | ९० | ९३ | | ९५ | पार्श्व चित्र | न पा | ७ | ३ | २ |
| | | | | | | | | | | | | |
| असर | वैकल्पिक उर्जाको विकास गरी कृषि तथा औद्योगिक अभ्यासहरुलाई प्रविधिमैत्री तथा मितव्ययि भएको हुने | स्थानीय स्तरमा विद्युत उत्पादन | कि.वा | ० | | ७ | १५ | पार्श्व चित्र | न पा | ७ | ३ | २ |
| | | सोलार प्रणाली सहित विद्युत सेवा पुगेका घरधुरी | संख्या | ३१ | ३४ | ४० | ५० | पार्श्व चित्र | न पा | ७ | ३ | २ |
| | | सुधारिएको उर्जा (वायोग्यास, एलपि) प्रयोग गर्ने घरधुरी | संख्या | ३ | ५ | १० | २० | पार्श्व चित्र | न पा | ७ | ३ | २ |
| | | सुधारिएको वा धुँवारहित चुल्हो जडान भएका घरधुरी | संख्या | १ | ३ | ५ | १० | पार्श्व चित्र | न पा | ७ | ३ | २ |
| | | केन्द्रिय विद्युत लाइन प्रसारणबाट लाभान्वित घरधुरी | संख्या | ६७ | ७० | ७५ | ८० | पार्श्व चित्र | न पा | ७ | ३ | २ |
| | | सडकको किनारा तथा सार्वजनिक | संख्या | ० | ३ | ८ | १५ | पार्श्व चित्र | न पा | ७ | ३ | २ |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | प्रतिफल ३.५ विद्युत तथा वैकल्पिक उर्जा , इकाइ नगरपालिकाले आफ्नो अनुकूल तय गर्ने छ | | | | | | | | | | | |
| प्रतिफल | वैकल्पिक उर्जा तथा विद्युत नीति, कानुन तथा मापदण्डको तर्जूमा बाट नगरपालिकाको व्यवस्थापन चूस्त र प्रभावकारी भएको हुने | वैकल्पिक उर्जा सम्बन्धी नीति, कानुन तथा मापदण्ड तर्जुमा | संख्या | | | | | पार्श्व चित्र | न पा | ७ | ३ | २ |
| | वैकल्पिक तथा साना विद्युत आयोजनाको निर्माणबाट विद्युत सेवाबाट वञ्चित घरधुरी लाभान्वित भएका हुने | ग्रामिण विद्युतीकरण कार्यक्रम सञ्चालन | संख्या | | | | | पार्श्व चित्र | न पा | ७ | ३ | २ |
| | | सौर्य उर्जा प्लान्टको विस्तार | संख्या | | | | | पार्श्व चित्र | न पा | ७ | ३ | २ |
| | स्वच्छ उर्जाको प्रयोगबाट स्वास्थ्य मा सकारात्मक प्रभाव परेको हुने | परम्परागत उर्जा खपतलाई विस्थापना गर्न सुधारिएको चुलो, गोवरग्याँस प्लान्ट तथा अन्य वैकल्पिक उर्जाको उत्पादन तथा जडानका लागि अनुदानको व्यवस्था | अनुदान प्रतिशत | | | | | पार्श्व चित्र | न पा | ७ | ३ | २ |

# परिच्छेद - सात

# वन वातावरण तथा विपद् व्यवस्थापन

## ७.१ पृष्ठभूमि

प्रत्येक नागरिकलाई स्वच्छ वातावरणमा वाच्न पाउने हक नेपालको संविधानको भाग ३, धारा ३० ले प्रदान गरेको छ र प्राकृतिक श्रोतको संरक्षण, संवर्द्धन र उपयोग सम्बन्धी नीति अन्तर्गत प्राकृतिक प्रकोपबाट हुने जोखिम न्यूनीकरण गर्न पूर्वसूचना, तयारी, उद्धार, राहत एवंम् पुनर्स्थापना गर्ने प्रावधान समेत गरेको छ । विपद् व्यवस्थापनका समग्र चक्रहरु विपद् पूर्व गरिने जोखिम न्यूनीकरण, विपद् पश्चात्को उद्धार राहत सहितको प्रभावकारी प्रतिकार्य, दीगो विकासमूलक पुनर्स्थापना र पुनर्निर्माणका साथै चेतनामूलक क्रियाकलापहरुलाई व्यबस्थित र निर्देशन गर्ने हेतुले विपद् जोखिम न्यूनीकरण राष्ट्रिय नीति २०७५ को तीन वटै तहमा प्रभावकारी कार्यान्वयन मार्फत प्रभावकारी विपद् व्यवस्थापनको सुनिश्चितता गर्ने ध्येय सहितको विपद् उत्थानशील राष्ट्र निर्माणको दीर्घकालीन सोच राखेको छ। नेपालको संविधानको अनुसूची ८ ले विपद् व्यवस्थापन, जलाधार संरक्षण, बनयजन्तु, खानी तथा खनिज पदार्थको संरक्षण, वातावरण संरक्षण, जैविक विविधताको प्रर्वद्धन जस्ता क्षेत्रलाई स्थानीय तहको एकल अधिकारको सूचीमा राखेको छ ।

यसका अतिरिक्त देशले स्वीकार गरेको दीगो विकास लक्ष्य जस्ता अन्तर्राष्ट्रिय लक्ष्यहरू समेत हासिल गर्न तीनै तहका सरकारहरुको भूमिका अत्यन्त महत्वपूर्ण रहन्छ। बन, वातावरण, जलवायु परिवर्तन अनुकूलन, विपद् जोखिम व्यवस्थापन, भूसंरक्षण तथा जलाधार व्यवस्थापनका लागि आवधिक विकासको मार्गचित्र स्पष्ट गर्न यो योजना तर्जुमा गरिएको छ। यस योजनामा नगरपालिकाको उल्लेखित क्षेत्रहरूमा विद्यमान सम्भावना तथा अवसर र समस्या तथा चुनौतिको पृष्ठभूमिमा उद्देश्य, रणनीतिक तथा मुख्य मुख्य कार्यक्रम प्रस्तुत गरिएको छ ।

### ७.१.१ विद्यमान अवस्था

रोल्पा नगरपालिका जैविक विविधता युक्त नगरपालिका हो । यहाँका ११३ वटा सामुदायिक वनमा विभिन्न प्रकृतिका जनावर, पंक्षीका साथै औषधिजन्य जडीबुटी पाईन्छ। जलस्रोत तर्फ माडी खोला, परेमा खोला, छुङरी खोला, निम्री खोला यहाँका प्रमुख खोला नाला हुन। वातावरणीय संरक्षणका लागि नगरपालिकाले आवश्यक रणनीति बनाएर काम गरिरहेको अवस्था छ ।

## ७.१.२ वन, वातावरण तथा विपद् व्यवस्थापनका दीर्घकालीन सोच लक्ष्य उद्देश्य, रणनीति, लक्ष्य परिमाण तथा प्रमुख कार्यक्रम

- **दीर्घकालीन सोच**

दीगो, सुरक्षित तथा उच्च प्रतिफलयुक्त पर्यावरण

- **लक्ष्य**

नगरपालिकामा उपलब्ध प्राकृतिक स्रोत साधनको दीगो संरक्षण मार्फत उच्चतम प्रतिफल प्राप्त गरी नगरपालिकालाई समृद्ध बनाउने ।

- **उद्देश्य**

"विपद् न्यूनीकरण एवंम् जलवायु परिवर्तन अनुकूलता अभिवृद्धि गर्दै वन, जैविक विविधता, भूमि र जलाधार क्षेत्रको संरक्षण सम्वर्द्धन, वन सम्पदाको अधिकतम उपयोग गरी फोहोरमैलाको प्रभावकारी व्यवस्थापनबाट वातावरणीय स्वच्छता कायम भएको हुनेछ"

- **रणनीति**

  - वन, वातावरण तथा बिपद् व्यवस्थापन क्षेत्र अन्तर्गत स्थानीय वन तथा जैविक बिबिधता, भू तथा जलाधार संरक्षण, वातारण स्वच्छता र विपद् व्यवस्थापन जस्ता संविधान प्रदत्त एकल अधिकार तथा संघीय र प्रादेशिक कानून बमोजिम साझा अधिकार क्षेत्र भित्रका विषयमा आवश्यक नीति, कानून, कार्यविधि, संरचना तथा मापदण्डहरू निर्माण गरी कार्यान्वयनमा ल्याउने,
  - बन, वातावरण तथा विपद् व्यवस्थापन क्षेत्रको लक्ष्य (प्रभाव तह), उद्देश्य (असर तह) र उपलब्धि (प्रतिफल तह) को लक्ष्य परिमाण हासिल गर्ने तर्फ नीति, कार्यक्रम र श्रोत विनियोजन भए नभएको अनुगमन तथा मूल्याङ्कन पद्धतिको विकास गर्ने,
  - संघीय तथा प्रादेशिक सरकारबाट प्राप्त बन, वातावरण तथा विपद् व्यवस्थापन क्षेत्रसंग सम्बन्धित नमूना मापदण्ड मस्यौदालाई स्थानीय परिवेश अनुसार अनुकूलन, परिमार्जन र पारित गरी कार्यान्वयनमा ल्याउने,
  - संविधान प्रदत्त अधिकार तथा कार्य जिम्मेवारीको अधिनमा रही संघ र प्रदेशसंग सहकारिता, सहअस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्दै जनसहभागिता, उत्तरदायित्व र पारदर्शिता सुनिश्चित गरी बन, वातावरण र विपद् व्यवस्थापन क्षेत्र अन्तर्गतका सेवाहरु सुलभ र गुणस्तरीय रुपमा प्रवाह गर्ने,
  - लैंङ्गिक समानता तथा सामाजिक समावेशीकरण, सुशासन, जलवायु अनुकूलन तथा विपद् व्यवस्थापन जस्ता अन्तर सम्बन्धित विषयहरुलाई यस अन्तर्गतका सबै उपक्षेत्रमा उपयुक्त रुपमा समावेश र सम्बोधन गर्ने ।

### तालिका २० : वन, वातावरण तथा विपद् व्यवस्थापन क्षेत्रको लक्ष्य परिणाम

| सूचक | इकाइ | आधार वर्ष | आर्थिक वर्ष : लक्ष्य परिमाण | | | पुष्ट्याईको आधार | पूर्वानुमान तथा जोखिम पक्ष |
|---|---|---|---|---|---|---|---|
| | | ०७८/७९ | ०७९/८० | ०८१/८२ | ०८३/८४ | | |
| जैविक विविधता संरक्षण क्षेत्रफल | हेक्टर | १६२३९ | १७००० | २०००० | २३००० | | |
| संरक्षित तथा व्यवस्थित वन क्षेत्र | प्रतिशत | | | | | | |
| समुदायबाट व्यवस्थापन भएको वनको क्षेत्रफल | हेक्टर | १५८९८ | १५८९८ | १५८९८ | १५८९८ | | |
| वन/जडीवुटीमा आधारित उद्योग,व्यवसायबाट रोजगारीता | संख्या | १ | ५ | १० | १५ | | |
| विपद् व्यवस्थापनमा क्रियाशिल संस्था | संख्या | १० | | | | | |
| जलवायु परिवर्तन सम्बन्धी तालिम प्राप्त जनशक्ति | संख्या | ० | ४ | ८ | १० | | |
| वातावरणीय अध्ययन प्रतिवेदनका आधारमा निर्माणजन्य तथा नदी जन्य पदार्थ (स्लेट, ढुङ्गा, गिटी, वालुवा) गरिएको उत्खनन् क्षेत्रहरु | संख्या | २० | २० | २० | २० | | |
| प्रारम्भीक वातावरणीय परीक्षण र वातावरणीय प्रभाव मूल्याङ्कन गरी सञ्चालित उद्योग व्यवसाय | संख्या | २२ | २२ | २२ | २२ | | |

### ७.२ वन तथा जैविक विविधता

#### ७.२.१ विद्यमान अवस्था

नगरपालिका अन्तर्गत कुल ११३ वटा सामुदायिक वनहरु रहेका छन। जसमध्ये सबैभन्दा धेरै सामुदायिक वन वडा नं. ९ मा २२ वटा, वडा नं. १० मा १४ वटा र वडा नं. १, ६ र ८ मा ११/११ वटा वन रहेका छन। यी वनहरुमा तित्रा, कालिज, रतुवा, घोरल, बंदेल, बाँदर, खरायो, दुम्सी, स्याल लगायतका जनावर तथा पंक्षी तथा टिमुर, समायो, तिते, दालचिनी, ढुङ्गेफूल, सुनाखरी, सर्पगन्धा लगायतका जडीबुटी पनि पाईन्छ।

#### ७.२.२ सम्भावना /अवसर तथा समस्या/चुनौती

| सम्भावना /अवसर | समस्या/चुनौती |
|---|---|
| • उचित संरक्षण कार्यक्रमको व्यवस्था गर्न सकिने।<br>• जनचेतना अभिवृद्धि कार्यक्रम गर्न सकिने।<br>• टिमुर र दालचिनिको निर्यात गर्न सकिने।<br>• जडीबुटी निर्यात गर्न सकिने<br>• निकासी प्रवर्द्धन गर्न सकिने | • वन क्षेत्रमा आगलागीको समस्या।<br>• चोरी सिकारीको समस्या।<br>• आवश्यक संरक्षण कार्यक्रमको अभाव।<br>• वडामा वन सिमाना विवाद रहेको।<br>• वन पैदावरको व्यवस्थापन गर्न चुनौती।<br>• वन क्षेत्रमा पहिरोको समस्या।<br>• संरक्षण कार्यक्रम को अभाव।<br>• वन पैदावर आपुर्ति सहज नहुनु<br>• बाँदर, घोरल र दुम्सीको समस्या (वडा नं. ७)<br>• वनमा भुक्षय र पहिरो, वनमा कामलाग्ने रुखहरुभन्दा झाडिहरु धेरै |

#### ७.२.३ दीर्घकालीन सोच, लक्ष्य, उद्देश्य, रणनीति, कार्यनीति, मुख्य कार्यक्रम तथा तर्कवद्ध खाका

- **दीर्घकालीन सोच**

वन र जलाधार : जिविकोपार्जनको आधार

- **लक्ष्य**

सहकार्य, समन्वय र सहअस्थित्वलाई अंगिकार गर्दै वन तथा जैविक विविधताको दीगो व्यवस्थापन गर्ने

- **उद्देश्य**

वन तथा जैविक विविधतालाई आम्दानीमूलक दीगो स्रोतका रुपमा विकास गर्नु,

## ➧ रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| ➧ वनको वैज्ञानिक व्यवस्थापन गर्न नीतिगत संरचना तयार पार्ने | ➧ संवैधानिक व्यवस्था अनुसार वन क्षेत्रको वैज्ञानिक व्यवस्थापन गर्न सामुदायिकसँग को सहकार्यमा पालिका स्तरीय वन नीति मापदण्ड र संगठनात्मक संरचना तयार पारिने छ |
| | ➧ भिरालो तथा पहाडी धरातलमा सडक र पूर्वाधार निर्माणका लागि मापदण्ड तयार पारी डोजर लगायतका प्रविधिको प्रयोगलाई निरुत्साहित गरिनेछ। |
| ➧ वनजन्य उद्यमशिलता अभिवृद्धि गरी रोजगारीको अवसर सिर्जना गर्ने | ➧ जैविक विविधताको संरक्षण गर्दै वन क्षेत्र र वन पैदावरको उत्पादन वृद्धि गरी रोजगारीको सिर्जना गरिनेछ |
| | ➧ रैथाने वनस्पती लगायत उपयोगी जडीवुटीहरुको संरक्षण, विस्तार र उपयोग गरिनेछ । धवाब, दार्वोट, पातिहाल्ना-भीरखोला तथा ह्वामा क्षेत्रलाई जडीबुटी पकेट क्षेत्रको रुपमा विकास गरिनेछ। |
| | ➧ वन जन्य उद्योगको विकास तथा प्रवर्द्धन गरिनेछ |
| | ➧ महिला,दलित,आदिवासी तथा स्थानीय समुदाय सम्मिलित वन उपभोक्ता समूहद्वारा सहकारी निमार्ण र समुदाय,सरकारी र निजि क्षेत्रको साझेदारीमा पुँजी वृद्धि गरी वन पैदावारलाई नतिजामा आधारित पर्यापर्यटन,काष्ठ फर्निचर लगायतका उद्योगमा लगाउने वातावरण निमार्ण गरिनेछ |
| ➧ जैविक विविधताको संरक्षण गर्दै पुँजी निर्माण युक्त वनस्पतीको प्रवर्द्धनमा जोड दिने | ➧ जैविक विविधताको संरक्षण गर्न समुदाय स्तरमा चेतना अभिवृद्धि, वन उपभोक्ता समितिको क्षमता विकास कार्यक्रम सञ्चालन गरिनेछ। |
| | ➧ मिचाहा प्रजातिको बोट विरुवालाई नियन्त्रण, नर्सरी विस्तार, वृक्षारोपण, रिचार्ज पोखरी निर्माण, अग्नीरेखा, झाडी सफाई जस्ता क्रियाकलापहरुबाट जैविक सम्पदाको संरक्षण गरिनेछ। |
| | ➧ वनमा लाग्ने रोग, किरा र मिचाहा प्रजातिहरुको न्यूनीकरण गर्दै वन जंगल संरक्षण गरिनेछ। |
| | ➧ बन्यजन्तुहरुबाट हुनसक्ने सम्भावित क्षति न्यूनीकरण गर्न जंगल क्षेत्रमै उपयुक्त हुने घाँस, बिरुवा, फलफूलहरु रोपण गरी बन्यजन्तुको आहारा व्यवस्था मिलाइनेछ। |
| | ➧ वन्यजन्तुहरुको चोरी शिकारीलाई कडाईका साथ कार्यान्वयन गर्दै लोपोन्मुख चराचुरुङ्गीको वासस्थान संरक्षण गरिनेछ। |
| | ➧ व्यावसायिक मूल्य भएका जडीवुटी लगायतका आयमूलक रुखहरुको व्यापक वृक्षारोपण गरी जैविक विविधताको संरक्षण गर्दै दीगो उपयोगमा जोड दिइनेछ। |
| | ➧ चरिचरनका लागि निश्चित क्षेत्रहरु निर्धारण गरी छाडा चरिचरन, बन अतिक्रमण, आगलागी जस्ता क्रियाकलापहरुलाई पूर्ण बन्देज लगाई दण्ड जरिवानाको व्यवस्था गरिनेछ। |
| | ➧ जैविक विविधतालाई पर्यटन प्रवर्द्धनसंग जोड्दै वन क्षेत्रको सम्पदा तथा विविधताको प्रोफाइल तथा इन्भेष्ट्रि तयार पारी नियमित रुपमा अभिलेख अद्यावधि गरिनेछ। |

## मुख्य कार्यक्रम

| कार्यक्रम | सहकार्य | | | | | | अनुमानित लागत (लाखमा) |
|---|---|---|---|---|---|---|---|
| | पालिका | अन्तरपालिका | संघ | प्रदेश | नीजि क्षेत्र | उपभोक्ता समिति | |
| संवैधानिक व्यवस्था अनुसार वन क्षेत्रको वैज्ञानिक व्यवस्थापन गर्न सामुदायिक, कवुलीयती तथा नीजि वनसँग को सहकार्यमा पालिका स्तरीय वन नीति मापदण्ड र संगठनात्मक संरचना निर्माण | √ | √ | √ | √ | √ | | २० |
| सडक र पूर्वाधार निर्माणका लागि वातावरणीय मापदण्ड निर्माण | √ | √ | √ | √ | | | १० |
| रैथाने वनस्पती लगायत उपयोगी जडीवुटीहरुको संरक्षण, विस्तार र उपयोगका लागि प्रशोधन उद्योगको स्थापना | √ | √ | √ | √ | | | ५०० |
| महिला,दलित,आदिवासी तथा स्थानीय समुदाय सम्मिलित वन उपभोक्ता समूहद्धारा सहकारी निमार्ण र समुदाय,सरकारी र निजि क्षेत्रको साझेदारीमा पुँजी वृद्धि गरी वन पैदावारलाई नतिजामा आधारित पर्यापर्यटन,काष्ठ फर्निचर लगायतका उद्योगको विकास | √ | √ | √ | √ | | √ | ५०० |
| जम्मा | | | | | | | १३३० |

- **तर्कवद्ध खाका**

| नतिजा स्तर | नतिजा | सूचक | इकाई | आधार वर्ष ०७८/७९ | आर्थिक वर्ष : लक्ष्य परिमाण ०७९/८० | ०८१/८२ | ०८३/८४ | पुष्टयाईको श्रोत | जिम्मेवार निकाय | दीराल संकेत | दिविल संकेत | प्रसस संकेत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| **प्रभाव** | सहकार्य, समन्वय र सहअस्थित्वलाई अंगिकार गर्दै वन तथा जैविक विविधताको दीगो व्यवस्थापन भएको हुने | वन तथा जैविक विविधताको क्षेत्रको रोजगारीको अवस्था | प्रतिशत | १ | ३ | ५ | ८ | न पा | न पा | ७ | १३ | २.१ |
| **असर** | वन तथा जैविक विविधतालाई आम्दानीमूलक दीगो स्रोतका रुपमा विकास भएको हुने | जैविक संरक्षणका लागि मिचाहा प्रजाति नियन्त्रण, वृक्षारोपण, रिचार्ज पोखरी, अग्नीरेखा, झाडी सफाई जस्ता कार्यहरु भएको | संख्या | ११३ | ११३ | ११५ | १२० | " | " | ७ | १३ | २.१ |
| | | सामुदायिक वनले ओगटेको क्षेत्र | हेक्टर | १९१५४.०९ | १९१५४.०९ | १९१५४.०९ | १९१५४.०९ | न पा | न पा | ७ | १३ | २.१ |
| | | सामुदायिक वन उपभोक्ता समूहमा आवद्ध सदस्य संख्या | संख्या | ३९५५ | ३९५५ | ३९५५ | ३९५५ | न पा | न पा | ७ | १३ | २.१ |
| | | गैर काष्ठ वन पैदावरको व्यावसायिक खेती गरिएको क्षेत्र | हेक्टर | ० | १०० | ५०० | २००० | न पा | न पा | ७ | १३ | २.१ |
| | | वन तथा जडीबुटीमा आधारित उद्योग व्यवसाय | संख्या | २ | ५ | १० | २० | न पा | न पा | ७ | १३ | २.१ |
| | | **प्रतिफल ४.१ वन तथा जैविक विविधता, इकाइ नगरपलिकाले आफ्नो अनुकूलमा तय गर्ने छ।** | | | | | | | | | | |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| **प्रतिफल तह** | पालिका स्तरीय वन नीति मापदण्ड र संगठनात्मक संरचना निर्माण बाट नगरपालिकालाई वन क्षेत्रको कानुनी विकास भएको हुने | संवैधानिक व्यवस्था अनुसार वन क्षेत्रको वैज्ञानिक व्यवस्थापन गर्न सामुदायिक वन सँगको सहकार्यमा पालिका स्तरीय वन नीति मापदण्ड र संगठनात्मक संरचना निर्माण | संख्या | | | | | न पा | न पा | ७ | १३ | २.१ |
| | | भिरालो तथा पहाडी धरातलमा सडक र पूर्वाधार निर्माणका लागि मापदण्ड निर्माण | | | | | | न पा | न पा | ७ | १३ | २.१ |
| | वनमा आधारित उद्यम विकास तथा रोजगारी अभिवृद्धिमा टेवा पुगेको हुने | रैथाने वनस्पती लगायत उपयोगी जडीवुटीहरुको संरक्षण, विस्तार र उपयोगका लागि प्रशोधन उद्योगको स्थापना | संख्या | | | | | न पा | न पा | ७ | १३ | २.१ |
| | | महिला, दलित, आदिवासी तथा स्थानीय समुदाय सम्मिलित वन उपभोक्ता समूहद्धारा सहकारी निमार्ण र समुदाय,सरकारी र निजि क्षेत्रको साझेदारीमा पुँजी वृद्धि गरी वन पैदावारलाई नतिजामा आधारित पर्यापर्यटन,काष्ठ फर्निचर लगायतका उद्योगको विकास | प्रतिशत | | | | | न पा | न पा | ७ | १३ | २.१ |

## ७. ३. भू तथा जलाधार व्यवस्थापन

### ७.३.१ विद्यमान अवस्था

माडी खोला रोल्पा नगरपालिकाको प्रमुख जलस्रोतको रुपमा रहेको छ। यसले पालिकाका विभिन्न वडालाई जोड्ने काम गरेको छ । त्यसैगरी धाड्सी खोलाले वडा नं. २, ८ र १० लाई जोड्ने काम गरेको छ भने परेमा खोलाले वडा नं. ६ र ७ लाई छोएको छ। भू संरक्षणका लागि नगरपालिकाले वडा नं. २, ५, ६, ९ र १० का खुल्ला ठाउँ तथा पाखो क्षेत्रमा वृक्षारोपण गरेको छ। त्यसै गरी भूक्षय नियन्त्रणका लागि वडा नं. ७, ९, र १० मा पहिरो नियन्त्रणको काम गरिएको छ भने वडा नं. ६ र ८ मा संवेदनशिल क्षेत्रको पहिचालन र नक्शाङ्कनको काम भएको छ ।

### ७.३.२ सम्भावना /अवसर तथा समस्या/चुनौती

| सम्भावना /अवसर | समस्या/चुनौती |
|---|---|
| • जलाधार संरक्षण र व्यवस्थापनको कार्य गर्न सकिने ।<br>• छोरेपाना र पानामा लहरी खोलाले पहिरो जोखिम न्यूनीकरण गर्न सकिने ।<br>• प्रकोप पहिचान गरी आवश्यक कार्यक्रम गर्न सकिने । | • छोरेपाना र पानामा लहरी खोलाले पहिरो जोखिम रहेको<br>• जलाधार व्यवस्थापनको कार्य नभएको ।<br>• प्राकृतिक जल प्रकोप बढ्दो ।<br>• जलाधार व्यवस्थापन र संरक्षण नभएको ।<br>• नयाँ निर्माणाधिन सडकले पहिरोको जोखिम ।<br>• पूर्ण रुपमा भुकम्प प्रतिरोधी सार्वजानिक निकाय नभएको ।<br>• सेलकुड खोला, जेरीबाड र धरबासमा पहिरो जाने समस्या |

### ७.३.३ दीर्घकालीन सोच, लक्ष्य, उद्देश्य, रणनीति, कार्यनीति, मुख्य कार्यक्रम तथा तर्कवद्ध खाका

#### ➧ दीर्घकालीन सोच

जलस्रोतको दीगो उपयोगबाट समृद्ध नगरपालिकाको निर्माणमा योगदान

#### ➧ लक्ष्य

जलाधार क्षेत्रको बहुआयामिक तथा दीगो उपयोगबाट आर्थिक समृद्धि हासिल गर्ने

#### ➧ उद्देश्य

जलस्रोतको बहुआयामिक तथा समन्यायिक उपभोग तथा जल उत्पन्न विपद् न्युनीकरण एवम व्यवस्थापनबाट आर्थिक तथा समाजिक क्षति न्युनीकरण गर्नु

➧ **रणनीति तथा कार्यनीति**

| रणनीति | कार्यनीति |
|---|---|
| ➧ भूसंरक्षण तथा जलाधार व्यवस्थापन सम्बन्धी स्थानीय नीति, योजना कार्यान्वयन गर्ने | ➧ भूसंरक्षण तथा जलाधार व्यवस्थापन सम्बन्धी स्थानीय नीति, कानून, मापदण्ड, योजना, कार्यान्वयन, अनुगमन तथा नियमन गरिनेछ । |
| ➧ जलाधार क्षेत्रफलको संरक्षण र सम्वर्द्धन गर्ने | ➧ उपयुक्त क्षेत्रमा डाले तथा बहुवर्षिय घाँसखेति को विकास गरिने |
| | ➧ जलाधार क्षेत्रलाई पर्यटकीय आकर्षणको केन्द्र बनाइनेछ । |
| | ➧ बाढी पहिरोको जोखिमयुक्त क्षेत्रमा तारजाली तथा वृक्षारोपण गरिनेछ । |
| | ➧ भू क्षय संवेदनशिल क्षेत्रमा तटबन्धन गरिनेछ |
| ➧ जलाधार क्षेत्रको दीगो व्यवस्थापन गरी आन्तरिक स्रोत तथा रोजगारी प्रवर्द्धन गर्ने | ➧ मासिदै गएका जलाधारहरुको पुनरुत्थान गरिनेछ र संवेदनशील जलाधारको संरक्षण र विकासका लागि प्रदेश सरकारसँगको सहकार्यमा विशेष जलाधार क्षेत्र घोषणा गरी भू उपयोगका आधारमा व्यवस्थापन गरिनेछ । |
| | ➧ नदी प्रणालीको ढुङ्गा, गिटि, बालुवाको आँकलन गरी निर्दिष्ट क्षेत्रबाट त्यस्ता वस्तुको उत्खनन्, सङ्कलन, प्रशोधन,ओसार पसार र बिक्री वितरण व्यवस्थित एवम् प्रभावकारी बनाईनेछ (प्रदेश) |
| | ➧ नगरको सौन्दर्यसँग गासिएका माडिखोला र धाङसीखोलालाई पर्यापर्यटनको नमुनाको रुपमा विकास गरिनेछ । |
| | ➧ नगरक्षेत्रका अन्य खोला खोल्साहरुमा ढल मिसाउन निरुत्साहन गरिनेछ । माडिखोलाका सहायक खोलाको आधुनिक प्रविधि अपनाई बहुउपयोग र संरक्षण गरिनेछ । |

| | |
|---|---|
| ➧ भूक्षय नियन्त्रण गर्ने | ➧ भूक्षय तथा बाढी पहिरो प्रभावित क्षेत्रहरुको नक्साङ्कन गरी त्यस्ता क्षेत्रहरुमा मानव बसोबासका लागि बन्देज लगाइनेछ । |
| | ➧ जोखिम क्षेत्रका बस्तीहरुलाई स्थानान्तरण गर्दै सो क्षेत्रमा वाँस, वावियो, अम्रिसो जस्ता वोट बिरुवाहरुको वृक्षारोपण गरी भूक्षयलाई नियन्त्रण गरिनेछ |
| | ➧ जथाभावी सडक निर्माण गर्ने कार्यलाई पूर्णत निषेध गरी वातावरण प्रभाव मूल्याङ्कन एवंम् डिपिआर पश्चात वायो इन्जिनियरिङ्ग प्रविधि अपनाई सडक निर्माण गर्ने परिपाटिको विकास गरिनेछ। |
| | ➧ ढुङ्गा बालुवा गिटीको उपयोगलाई व्यवस्थित एवंम् किनारामा तटबन्ध निर्माण गरी नदीको प्रवाहलाई च्यानलाइजेशन गरिनेछ। |
| | ➧ बगेर जाने पानीको भण्डारण, सडक छेउ नाली निर्माण, रिचार्ज पोखरी निर्माण, हरियोहारको व्यवस्था, गरासुधार व्यवस्थापन गरी सम्भावित भूक्षयलाई न्यूनीकरण गरिनेछ। |
| | ➧ भूक्षय तथा बाढी पहिरो प्रभावित क्षेत्रहरुको नक्साङ्कन गरी त्यस्ता क्षेत्रहरुमा मानव बसोबासका लागि बन्देज लगाइनेछ । |

## मुख्य कार्यक्रम

| कार्यक्रम | सहकार्य | | | | | | अनुमानित लागत |
|---|---|---|---|---|---|---|---|
| | पालिका | अन्तरपालिका | संघ | प्रदेश | नीजि क्षेत्र | सहकारी | |
| वडा नं. २,५,६,९ र १० मा डाले तथा बहुवर्षिय घाँसखेति कार्यक्रम | √ | | | | | | २०० |
| माडी, धाङ्सी र परेमा खोला जलाधार सौन्दर्यीकरण आयोजना | √ | √ | √ | √ | √ | | २००० |
| बाढी पहिरोको जोखिमयुक्त क्षेत्रमा तारजाली तथा वृक्षारोपण कार्यक्रम | √ | | | | | | १०० |
| भू-क्षय संवेदनशिल क्षेत्रमा तटबन्धन कार्यक्रम | √ | | √ | √ | | | १००० |
| जलाधार संरक्षण, पुर्नउत्थान तथा दीगो प्रयोग कार्यक्रम | √ | | | √ | | | ५०० |
| नदी प्रणालीको ढुङ्गा, गिटि, बालुवा उत्खनन उद्योग (प्रदेश) | √ | | √ | √ | | | १००० |
| जम्मा | | | | | | | ४८०० |

## तर्कबद्ध खाका

| नतिजा स्तर | नतिजा | सूचक | इकाई | आधार वर्ष ०७८/७९ | आर्थिक वर्ष : लक्ष्य परिमाण | | | पुष्टयाईको श्रोत | जिम्मेवार निकाय | दीराल संकेत | दिविल संकेत | प्रसस संकेत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | ०७९/८० | ०८१/८२ | ०८३/८४ | | | | | |
| प्रभाव | जलाधार क्षेत्रको बहुआयामिक तथा दीगो उपयोगबाट आर्थिक समृद्धि हासिल भएको हुने | | प्रतिशत | | | | | न पा | न पा | ७ | १३ | २.१ |
| असर | प्राकृतिक श्रोतहरूको जलवायु उत्थानशीलता अभिवृद्धि भएको हुने | संरक्षित पानी मुहान क्षेत्र | संख्या | ७० | | | | ” | ” | ७ | १३ | २.१ |
| | | संरक्षित खेतबारीको क्षेत्रफल | प्रतिशत | २६.४ | | | | ” | ” | ७ | १३ | २.१ |
| | | नदी नियन्त्रण लम्बाई | कि.मि. | | | | | ” | ” | ७ | १३ | २.१ |
| | | संरक्षित गल्छी र पहिरो | संख्या | २ | | | | ” | ” | ७ | १३ | २.१ |
| | | संरक्षित भू-क्षय र बाढी संवेदनशील क्षेत्र | संख्या | २ | १ | १ | ० | ” | ” | ७ | १३ | २.१ |
| | | जलउत्पन्न प्रकोपबाट प्रभावित घरपरिवार | संख्या | | | | | ” | ” | ७ | १३ | २.१ |
| | | वायोइन्जिनियरिङ प्रविधि प्रयोग संरचनाको लम्बाई | कि.मि. | ० | ५ | १० | २० | ” | ” | ७ | १३ | २.१ |
| | | प्रतिफल ४.२ जलाधार तथा भूमि संरक्षण , इकाइ नगरपलिकाले आफ्नो अनुकूलमा तय गर्ने छ। | | | | | | | | | | |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| प्रतिफल तह | नगरपालिकाको भू तथा जलाधार संरक्षणका गतिविधि बढ् नाले जलाधार संरक्षणमा सकारात्मक प्रभाव परेको हुने | वडा नं. २,५,६,९ र १० मा डाले तथा बहुवर्षिय घाँसखेति कार्यक्रम | संख्या | | | | | " | " | ७ | १३ | २.१ |
| | | माडी, धाङ्सी र परेमा खोला जलाधार सौन्दर्यीकरण आयोजना | संख्या | | | | | " | " | ७ | १३ | २.१ |
| | | बाढी पहिरोको जोखिमयुक्त क्षेत्रमा तारजाली तथा वृक्षारोपण कार्यक्रम | संख्या | | | | | " | " | ७ | १३ | २.१ |
| | | भू क्षय संवेदनशिल क्षेत्रमा तटबन्धन कार्यक्रम | संख्या | | | | | " | " | ७ | १३ | २.१ |
| | | जलाधार संरक्षण, पुर्नउत्थान तथा दीगो प्रयोग कार्यक्रम | | | | | | | | | | |
| | | नदी प्रणालीको ढुङ्गा, गिटि, बालुवा उत्खनन उद्योग (प्रदेश) | | | | | | | | | | |

## ७.४. वातावरण तथा स्वच्छता

### ७.४.१ विद्यमान अवस्था

नगर क्षेत्रको वातावरणीय स्वच्छताका लागि नगरपालिकाले आवश्यक पहल गरेको अवस्था छ। नगर क्षेत्रका करिब ७४ प्रतिशत घरधुरीले व्यवस्थित रुपमा फोहोरमैला व्यवस्थापन गर्ने गरेको देखिन्छ भने १४ प्रतिशतले अझैपनि सडकमै फोहोर मैला व्यवस्थापन गर्ने गरेका छन ।

### ७.४.२ सम्भावना/अवसर तथा समस्या/चुनौती

| सम्भावना /अवसर | समस्या/चुनौती |
|---|---|
| • बजार क्षेत्रको वातावरणीय संरक्षणका लागि नीतिगत व्यवस्था गर्न सकिने<br>• वातावरणको दीगो व्यवस्थापनका लागि जलाधार व्यवस्थापन तथा वन क्षेत्रको संरक्षण गर्न सकिने<br>• गोवर ग्याँस, सुधारिएको चुलो, विद्युतिय चुलो जस्ता कम खर्चिला तथा वातावरणीय रुपमा अनुकूल प्रविधिको प्रयोगमा जोड दिन सकिने<br>• स्थानीय समुदायहरुसँगको सहकार्यमा प्राकृतिक पार्क, पोखरी आदिको निर्माण तथा संरक्षण गर्न सकिने | • जनचेतनाको अभाव<br>• वातावरणीय स्वच्छताका लागि नीतिगत व्य( वस्थाको कमी<br>• नगरपालिकासँग वातावरणीय स्वच्छता कायम गर्न ठोस कार्यक्रमको अभाव<br>• प्राकृतिक जल प्रकोप बढ्दो ।<br>• जलाधार व्यवस्थापन र संरक्षण नभएको ।<br>• नयाँ निर्माणाधिन सडकले पहिरोको जोखिम । |

### ७.४.३ दीर्घकालीन सोच, लक्ष्य उद्देश्य, रणनीति, कार्यनीति, मुख्य कार्यक्रम तथा तर्कवद्ध खाका

- **दीर्घकालीन सोच**

स्वच्छ वातावरण सहितको हरित नगरपालिका

- **लक्ष्य**

नगरपालिका क्षेत्र भित्रको वतावरणलाई दीगो तथा स्वच्छ बनाउने

- **उद्देश्य**

नगर क्षेत्र भित्रको वातावरणलाई स्वच्छ र हराभरा बनाउनु

## ➧ रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| ➧ वातावरणीय स्वस्छतालाई दीगो रुपमा व्यवस्थापन गर्न समुदायसँगको सहकार्यलाई जोड दिने । | ➧ वातावरणीय स्वच्छता कायम गर्न आवश्यक कानुन तथा मापदण्डको निर्माण गरिनेछ |
| | ➧ नगरपालिकालाई पूर्ण सरसफाईयुक्त नगर घोषणा गर्नेतर्फ अभियान अगाडि बढाईनेछ । |
| | ➧ कुहिने, नकुहिने तथा सिसा र फलामजन्य फोहरलाई छुट्टाछुट्टै स्थानमा राख्ने व्यवस्था मिलाईनेछ र फोहरमैला व्यवस्थापन गरिनेछ । |
| | ➧ गोवर ग्याँस, सुधारिएको चुलो, विद्युतिय चुलो जस्ता कम खर्चिला तथा वातावरणीय रुपमा अनुकूल प्रविधिको प्रयोगमा जोड दिईने छ । |
| | ➧ स्थानीय समुदायहरुसँगको सहकार्यमा प्राकृतिक पार्क, पोखरी आदिको निर्माण तथा संरक्षण गरिनेछ । |
| | ➧ सामुदायिक संस्थाहरुसंग सहकार्य गरी फोहोर न्यूनीकरण, प्रशोधन तथा प्रयोग जस्ता विधिहरु अवलम्बन गरी फोहोरमैलाको व्यवस्थापन तथा श्रोतमै न्यूनीकरण गरिनेछ । |
| | ➧ बजार क्षेत्रहरुमा ढलहरु निर्माण र गाउँबस्तीका घर आँगनबाट निस्कने फोहोरपानीलाई नजिकको खेतवारीमा सुरक्षित निकास तथा करेशावारी प्रवर्द्धन गरिनेछ । |
| | ➧ दलित, अति विपन्न समुदायको घरघरमा चर्पीको व्यवस्था गरी खुल्ला क्षेत्रमा हुने शौचलाई न्यूनीकरण, र सुधारिएको चुलो निर्माणमा सहयोग उपलब्ध गराउदै वातावरण संरक्षण गरिनेछ । |
| ➧ वातावरणीय स्वच्छतालाई नगर सौन्दर्यीकरण तथा आन्तरिक स्रोत वृद्धिसँग आवद्ध गराउने | ➧ Zero Waste प्रणालीलाई अझ प्रभावकारी बनाई घरबाट उत्पादन हुने फोहरलाई मलकोरुपमा र अन्य फोहोरबाट आधुनिक प्रविधि अपनाई बैकल्पिक उर्जा निकाल्न अध्ययन गरिनेछ । |
| | ➧ शहरको सौन्दर्य अभिवृद्धि गर्न रोल्पा नगरपालिकाका शहरी क्षेत्रहरुमा एक पसल/एक घर दुई गमलाको कार्यक्रमलाई अभियानको रुपमा सञ्चालन गरिनेछ । |
| | ➧ नगरपालिकालाई प्लाष्टिक मुक्त नगरपालिको रुपमा घोषणा गरिनेछ । |
| | ➧ जलक्षेत्रको संरक्षण गर्दै वगरखेती सम्बन्धी सिप प्रदान गरी आय श्रोत वृद्धि गर्न अति विपन्न समुदायलाई प्रोत्साहित गरिनेछ । |

- **मुख्य कार्यक्रम**

| कार्यक्रम | सहकार्य | | | | | | अनुमानित लागत (लाखमा) |
|---|---|---|---|---|---|---|---|
| | पालिका | अन्तरपालिका | संघ | प्रदेश | नीजि क्षेत्र | समुदाय | |
| वातावरणीय स्वच्छता कायम गर्न आवश्यक कानुन तथा मापदण्ड तर्जुमा | √ | | | | | | १० |
| फोहोरमैला व्यवस्थापन कार्यक्रम | √ | √ | √ | √ | √ | | १०० |
| गोवर ग्याँस, सुधारिएको चुलो, विद्युतिय चुलो जस्ता कम खर्चिला तथा वातावरणीय रुपमा अनुकूल प्रविधिको प्रयोगमा अनुदान | √ | | | | | | ३०० |
| स्थानीय समुदायहरुसँगको सहकार्यमा प्राकृतिक पार्क, पोखरी आदिको निर्माण तथा संरक्षण । | √ | | | | | √ | २०० |
| जम्मा | | | | | | | ६१० |

## तर्कवद्ध खाका

| नतिजा स्तर | नतिजा | सूचक | इकाई | आधार वर्ष ०७८/७९ | आर्थिक वर्ष : लक्ष्य परिमाण | | | पुष्टयाईको श्रोत | जिम्मेवार निकाय | दीराल संकेत | दिविल संकेत | प्रसस संकेत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | ०७९/८० | ०८१/८२ | ०८३/८४ | | | | | |
| **प्रभाव** | वातावरणमैत्री विकास मार्फत सफा, स्वच्छ र हरित वातावरण सहितको समृद्धि हाँसिल भएको हुने | | प्रतिशत | | | | | न पा | न पा | ७ | १५ | २.१ |
| | | | प्रतिशत | ० | | | | ” | ” | ७ | १५ | २.१ |
| **असर** | उत्पादन तथा पूर्वाधार निर्माणका कार्यहरू वातावरणमैत्री भएको हुने | मनोरञ्जनस्थल, पार्क र हरित क्षेत्र | संख्या | ५ | ५ | ५ | १० | ” | ” | ७ | १५ | २.१ |
| | | प्रयोगमा आएको फोहोरमैला व्यवस्थापन प्रणाली | संख्या | १ | १ | १ | २ | ” | ” | ७ | १५ | २.१ |
| | | कम्पोष्ट-विन र गार्वेज-पिट प्रयोग गर्ने परिवार | संख्या | ० | १०० | ५०० | ५००० | ” | ” | ७ | १५ | २.१ |
| | | निष्काशित फोहोरमैलाको औषत वार्षिक परिमाण | मे.टन | १२० | | | | ” | ” | ७ | १५ | २.१ |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | नियमित सरसफाइको अभ्यास गर्ने घरधुरी | प्रतिशत | ४५ | ५० | ६० | ८० | ” | ” | ७ | १५ | २.१ |
| | | शौचालय, घर आँगनको कुहिने फोहोरलाई व्यवस्थित गर्ने घरधुरी | संख्या | ४००० | ५००० | ६००० | ६००० | ” | ” | ७ | १५ | २.१ |
| | | परम्परागत उर्जा (दाउरा) प्रयोग गर्ने घरधुरी | प्रतिशत | ७५ | ७० | ६० | ४० | ” | ” | ७ | १५ | २.१ |
| | | घरभित्रको धुवाँबाट मुक्त घरधुरी | प्रतिशत | २५ | ३० | ४० | ६० | ” | ” | ७ | १५ | २.१ |
| प्रतिफल तह ४.३ वातावरण तथा स्वच्छता **इकाइ नगरपलिकाले आफ्नो अनुकूलमा तय गर्ने छ।** | | | | | | | | | | | | |
| **प्रतिफल तह** | वातावरणीय स्वच्छता सम्बन्धी कानुन तथा कार्यक्रमले नगरकोस्वच्छतामा अभिवृद्धि भएको हुने | वातावरणीय स्वच्छता कायम गर्न आवश्यक कानुन तथा मापदण्ड तर्जुमा | संख्या | | | | | ” | ” | ७ | १५ | २.१ |
| | | फोहोरमैला व्यवस्थापन कार्यक्रम | संख्या | | | | | ” | ” | ७ | १५ | २.१ |
| | | गोवर ग्याँस, सुधारिएको चुलो, विद्युतिय चुलो जस्ता कम खर्चिला तथा वातावरणीय रुपमा अनुकूल प्रविधिको प्रयोगमा अनुदान | प्रतिशत | | | | | ” | ” | ७ | १५ | २.१ |
| | | स्थानीय समुदायहरुसँगको सहकार्यमा प्राकृतिक पार्क, पोखरी आदिको निर्माण तथा संरक्षण। | संख्या | ० | | १ | | ” | ” | ७ | १५ | २.१ |

## ७.५.विपद् व्यवस्थापन तथा जलवायु परिवर्तन

### ७.५.१ विद्यमान अवस्था

नगरपालिकाले विपद् व्यवस्थापनका लागि समुदायमा आधारित विपद् व्यवस्थापन समिति बनाएको छ । नगरपालिकामा विपद् व्यवस्थापन तथा जलवायु परिवर्तन न्युनिकरणका लागि आवश्यक संरचनाको निर्माण अपरिहार्य रहेको छ ।

### ७.५.२ सम्भावना /अवसर तथा समस्या/चुनौती

| सम्भावना /अवसर | समस्या/चुनौती |
|---|---|
| ➧ विपद् व्यवस्थापन सम्बन्धी प्रतिकार्य सञ्चालन केन्द्र लगायतका अन्य संरचना र सामग्री, जनचेतना अभिवृद्धि, पूर्व तयारी र वडा स्तरिय आपतकालिन कोष स्थापना गर्न संभावना भएको ।<br>➧ वडाले एम्बुलेन्स सञ्चालन गर्न सकिने । | ➧ प्रतिकार्य सञ्चालन केन्द्र लगायतका अन्य संरचना र सामाग्री अभाव ।<br>➧ मानिसमा उचित जनचेतनाको कमी ।<br>➧ वडाका सबै संरचना भुकम्प प्रतिरोधि नरहेको ।<br>➧ विपद् व्यवस्थापन सम्बन्धी कुनै पूर्व तयारी र वडा स्तरिय आपतकालिन कोष नभएको ।<br>➧ वडाका सबै संरचना भुकम्प प्रतिरोधि बनाउन चुनौतीपूर्ण ।<br>➧ पूर्वसूचना प्रणाली अभाव । |

### ७.५.३ दीर्घकालीन सोच, लक्ष्य, उद्देश्य, रणनीति, कार्यनीति, मुख्य कार्यक्रम तथा तर्कवद्ध खाका

- **दीर्घकालीन सोच**

विपद् पूर्वतयारी पुर्वाधार युक्त नगर

- **लक्ष्य**

प्राकृतिक विपद् तथा जलवायु परिवर्तनबाट सृजना हुन सक्ने प्रकोप न्युनिकरणका लागि आवश्यक पूर्वाधारको व्यवस्थापन गर्ने

- **उद्देश्य**

प्राकृतिक विपतबाट हुने जोखिम तथा  क्षति न्यूनीकरणका साथै जलवायु अनुकूलन योजना निर्माण गरि समुदायस्तरमा कार्यन्वयन भएको हुने

## रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| ➧ नगरपालिका स्तरिय विपद् व्यवस्थापनको योजना बनाई कार्यान्वयन गर्ने | ➧ पालिका र वडा स्तरीय विपद् व्यवस्थापन समिति गठन गरि विपद् व्यवस्थापन योजना तयार गरि कार्यान्वयन गरिनेछ । |
| | ➧ विपद् व्यवस्थापन र जोखिम न्यूनिकरण कोष खडा गरिनेछ । |
| | ➧ विपद् व्यवस्थापनका लागि आवश्यक पूर्वाधारको व्यवस्थापन गरिनेछ । |
| | ➧ नगरपालिकामा विपद् व्यवस्थापन केन्द्र र आपतकालिन कार्यसञ्चालन केन्द्र स्थापना गरिनेछ । विपद् व्यवस्थापनका लागि अस्थायी क्जभतिभच को व्यवस्था गरिनेछ । |
| | ➧ नगरभित्र हुने भूस्खलन, बाढी पहिरो, आगलागी, भुकम्प, आदि जस्ता प्राकृतिक विपत्ति र अन्य कृत्रिम विपत्तिबाट तुरुन्त खोजी, उद्धार र राहत प्रदान कार्य गर्न नगरपालिका, सशस्त्र प्रहरी, नेपाल प्रहरी र नेपाल रेडक्रससँग समन्वय गरिनेछ । |
| | ➧ भूकम्प तथा विपद् प्रतिरोधात्मक भौतिक संरचनाहरु निर्माण गर्न प्रोत्साहन गरिनेछ । यसका लागि मापदण्ड बनाई कार्यान्वयन गरिनेछ । |
| ➧ संघ तथा प्रदेश सरकारसँगको सहकार्यमा जलवायु अनुकूलनका कार्यक्रम सञ्चालन गर्ने | ➧ जलवायु परिवर्तनले मानव स्वास्थ्यमा पारेको प्रभाव र अनुकूलन सम्बन्धी तालिम लगायत चेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ । |
| | ➧ कृषि तथा पशुपंक्षी पालनमा जलवायु परिवर्तनका असर न्युनीकरण गर्न अनुसन्धानमा आधारित वातावरणमैत्री र जलवायु अनुकूल कृषि प्रविधिको विकास गरिनेछ । |
| | ➧ स्थानीय परम्परागत ज्ञानलाई आधार मानेर जैविक विविधता व्यवस्थापनमा अनुकूलन कार्यक्रम सञ्चालन गरिनेछ । |
| ➧ विपद् व्यवस्थापन सम्बन्धी नीति, योजना कार्यान्वयन गर्ने । | ➧ विपद् व्यवस्थापन सम्बन्धी स्थानीय नीति, कानून, मापदण्ड बनाई कार्यान्वयन एवंम् अनुगमन तथा नियमन गरिनेछ । |
| | ➧ विपद् व्यवस्थापन सम्बन्धी दीर्घकालीन नीति तथा योजना विकास गरी कार्यान्वयन गरिनेछ । |
| ➧ जोखिमबाट हुने क्षति न्यूनीकरण गर्ने | ➧ एकीकृत बस्ती विकासको अवधारणा अनुसार जोखिमयुक्त क्षेत्रबाट बस्ती स्थानान्तरण गर्दै आवश्यक सबै प्रकारका भौतिक पूर्वाधारहरुको सेवा सुविधाहरु उपलब्ध गरी सुरक्षित बस्ती विकास गरिनेछ । |
| | ➧ भवन निर्माण आचार संहितालाई कडाइका साथ लागू गर्नुका साथै जुनसुकै पनि भौतिक पूर्वाधार निर्माणगर्दा वातावरणमैत्री हिसाबले गरिनेछ । |
| | ➧ आपतकालीन उद्धारका लागि दमकल, एम्बुलेन्स, दक्ष जनशक्तिको व्यवस्था गरिने र उद्धार सामाग्रीहरुको व्यवस्थाका लागि स्थानीय रेडक्रस संस्थासंग सहकार्य गरिनेछ । |
| | ➧ नजिकको अस्पताल तथा स्थानीय स्वास्थ्य चौकीहरुमा औषधी एवंम् उपकरणहरुको व्यवस्था गरी प्रारम्भिक तहको औषधोपचारलाई सहज बनाइनेछ |
| | ➧ विकास पूर्वाधारबाट हुनसक्ने जोखिमको न्यूनीकरण गर्न सबै उपाय अवलम्बन गरिनेछ । |

## प्रमुख कार्यक्रम

| कार्यक्रम | सहकार्य | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | पालिका | अन्तरपालिका | संघ | प्रदेश | नीजि क्षेत्र | सहकारी | अनुमानित लागत |
| पालिका र वडा स्तरीय विपद् व्यवस्थापन समिति गठन गरि विपद् व्यवस्थापन योजना तर्जुमा | √ | | | | | | १५ |
| विपद् व्यवस्थापन र जोखिम न्यूनिकरण कोष स्थापना | √ | √ | | | | | १०० |
| विपद् व्यवस्थापनका लागि आवश्यक पूर्वाधारको व्यवस्थापन | √ | | | | | | २०० |
| जलवायु परिवर्तनले मानव स्वास्थ्यमा पारेको प्रभाव र अनुकूलन सम्बन्धी तालिम लगायत चेतनामूलक कार्यक्रम सञ्चालन | √ | | | | | | १० |
| कृषि तथा पशुपंक्षी पालनमा जलवायु परिवर्तनका असर न्युनीकरण गर्न अनुसन्धानमा आधारित वातावरणमैत्री र जलवायु अनुकूल कृषि प्रविधिको विकास | √ | √ | √ | √ | | | १०० |
| | | | | | | | ४२५ |

## तर्कवद्ध खाका

| नतिजा स्तर | नतिजा | सूचक | इकाई | आधार वर्ष ०७८/७९ | आर्थिक वर्ष : लक्ष्य परिमाण ०७९/८० | ०८१/८२ | ०८३/८४ | पुष्टयाईको स्रोत | जिम्मेवार निकाय | दिविल | दिराल | दिप्रल |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| **प्रभाव** | प्राकृतिक विपद् तथा जलवायु परिवर्तनबाट सृजना हुन सक्ने प्रकोप न्युनिकरणका लागि आवश्यक पूर्वाधारको व्यवस्थापन भएको हुने | विपद् व्यवस्थापन तयारीको अवस्था | प्रतिशत | ० | ३ | ४ | ५ | पार्श्व चित्र | न पा | १५ | ७ | ५ |
| | | | | | | | | | | | | |
| **असर** | विपद् व्यवस्थापनका लागि आवश्यक पूर्वाधारको व्यवस्था भएको हुने | सुरक्षित, एकीकृत र व्यवस्थित बस्ती/आवास क्षेत्र | संख्या | २ | | | | पार्श्व चित्र | न पा | १५ | ७ | ५ |
| | | अयोग्य बस्ती वा स्थानमा बसोबास गरेका परिवार | संख्या | | | | | पार्श्व चित्र | न पा | १५ | ७ | ५ |
| | | विपद्बाट भएको वार्षिक क्षती (जग्गा, संरचना, बाली नाली, पशुपंक्षी र अन्य सम्पत्ती) | रु. | | | | | पार्श्व चित्र | न पा | १५ | ७ | ५ |
| | | खुल्ल ा क्षेत्र तथा स्थानहरु | संख्या | | | | | पार्श्व चित्र | न पा | १५ | ७ | ५ |
| | | आपतकालीन उद्धारका लागि तालिम प्राप्त स्वयंसेवक | जना | | | | | पार्श्व चित्र | न पा | १५ | ७ | ५ |
| | | विपद् व्यवस्थापन स्थानीय कोषमा भएको रकम | रु. | | | | | पार्श्व चित्र | न पा | १५ | ७ | ५ |
| | | विपद् व्यवस्थापनमा क्रियाशील संघ/संस्थाहरु | संख्या | | | | | पार्श्व चित्र | न पा | १५ | ७ | ५ |
| | | विपद् पूर्वतयारी तथा प्रतिकार्य समिति गठन भएका वडाहरु | संख्या | | | | | पार्श्व चित्र | न पा | १५ | ७ | ५ |
| | | विपद् प्रतिकार्यका लागि भएको आपतकालीन नमूना अभ्यास | संख्या | | | | | पार्श्व चित्र | न पा | १५ | ७ | ५ |
| | | विपद् व्यवस्थापन सूचना प्रणाली (पूर्व | संख्या | | | | | | | | | |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | जलवायु परिवर्तन अनुकूलन न्यूनीकरण सम्बन्धी सचेतना लगायतका कार्यक्रम सञ्चालन | संख्या | | | | | पार्श्व चित्र | न पा | १५ | ७ | ५ |
| | | प्रतिफल तह ४.४ विपद् व्यवस्थापन ९.इकाइ नगरपालिकाले आफू अनुकूल तय गर्नेछ | | | | | | | | | | |
| **प्रतिफल तह** | विपद्को पूर्व सूचना प्राप्त गर्ने प्रणाली तयार भएको हुने | पालिका र वडा स्तरीय विपद् व्यवस्थापन समिति गठन गरि विपद् व्यवस्थापन योजना तर्जुमा | | | | | | पार्श्व चित्र | न पा | १५ | ७ | ५ |
| | विपद् तथा प्रकोपबाट पिडितले राहत प्राप्त गर्नेछन् | विपद् व्यवस्थापन र जोखिम न्यूनिकरण कोष स्थापना | | | | | | पार्श्व चित्र | न पा | १५ | ७ | ५ |
| | विपद्को पूर्वतयारीमा सकारात्मक प्रभाव परेको हुने | विपद् व्यवस्थापनकालागि आवश्यक पूर्वाधारको व्यवस्थापन | | | | | | पार्श्व चित्र | न पा | १५ | ७ | ५ |
| | तालिम लगायत चेतनामूलक कार्यक्रम सञ्चालनबाट लक्षित वर्गमा सचेतना आएको हुने | जलवायु परिवर्तनले मानव स्वास्थ्यमा पारेको प्रभाव र अनुकूलन सम्बन्धी तालिम लगायत चेतनामूलक कार्यक्रम सञ्चालन | | | | | | | | १५ | ७ | ५ |
| | जलवायु अनुकूल क्रियाकलापको शुरुवात भएको हुने | कृषि तथा पशुपंक्षीपालनमा जलवायु परिवर्तनका असर न्युनीकरण गर्न अनुसन्धानमा आधारित वातावरणमैत्री र जलवायु अनुकूल कृषि प्रविधिको विकास | | | | | | | | १५ | ७ | ५ |

# परिच्छेद - आठ

# संस्थागत विकास तथा सुशासन

## ८.१ पृष्ठभूमि

संस्थागत संरचना, दक्ष मानव संशाधन र संस्थागत क्षमता विकास बाटै स्थानीय शासनको प्रभावकारी सञ्चालन, परिणाममुखी विकास तथा प्रभावकारी सेवा प्रवाह सुनिश्चिततता गर्न सकिन्छ र स्थानीय सरकारको संस्थागत विकास तथा सुशासनबाट मात्र संघीयता अनि राज्य प्रणालीको सुदृढ हुन सक्दछ । तीनै तहको सरकारहरुले बिधिको शासन, मूल्य तथा मान्यता अनुरूप नागरिक संलग्नता, जवाफदेहिता, पारदर्शिता र भ्रष्टाचारमुक्त अवस्थाको श्रृजना र सञ्चालित विकास कार्य तथा प्रवाहित सेवाको प्रभावकारिता अभिवृद्धि गरी विकास कार्यलाई नतिजामुखी बनाउन सकिन्छ । स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले स्थानीय तहका सरकारहरुबाट सम्पादन हुने सबै काम तथा सेवालाई सरल, सुव्यस्थित, सेवाग्राहीमैत्री र जवाफदेही बनाई नागरिकप्रति उत्तरदायी हुने अपेक्षा गरेको छ । आवधिक विकास योजना आफैमा संस्थागत विकास तथा सुशासनको एक प्रमुख रणनीति भएकोले संस्थागत विकास, क्षमता विकास र सुशासन र योजना कार्यान्वयन जस्ता पक्षहरुलाई यस भित्रको प्रमुख साधन तथा माध्यमको रूपमा लिइएको छ ।

### ८.१.१ वर्तमान अवस्था

नगरपालिकामा संस्थागत तथा संरचनागत विकास प्रयासको शुरुवात भएको छ । यसै क्रममा नगरसभा सहितको नगर कार्यपालिकाको प्रशासकीय भवन निर्माण, कार्यसम्पादनलाई सूचना प्रविधिसंग आवद्धता, जनशक्तिलाई सूचना प्रविधिमा अभ्यस्त बनाउने लगायत काम सम्पन्न गरिसकेको छ तापनि परिवर्तित सन्दर्भमा नगरपालिकाको संगठन संरचना तथा आवश्यक जनशक्तिको खाका निर्माण, आवश्यक बिज्ञ जनशक्तिको व्यवस्थापन, आन्तरिक श्रोतको पहिचान तथा परिचालन जस्ता समस्याहरु प्रमुख रूपमा रहदै आएको छ । सेवा प्रवाहको केन्द्रको रूपमा रहेका वडा कार्यालयहरूको भौतिक संरचनाहरुमा भवन लगायत दक्ष जनशक्तिको व्यवस्था एवंम् आधुनिक प्रविधिको उपयोगमा प्रभावकारीता र सशक्तको आवश्यकता देखिएको छ ।

नगरपालिकाले गरेका काम कारवाहीको पारदर्शिता, जवाफदेहिता तथा उत्तरदायित्व अभिवृद्धि गर्न सार्वजनिक सुनुवाई तथा परीक्षण हुने गरेको भएपनि सेवा प्रवाहमा त्यसको प्रभाव कम देखिनु, नगरपालिकामा निरीक्षण, अनुगमन र मुल्यांकन गर्ने दक्ष संयन्त्र नहुनु, व्यवस्थित र प्रभावकारी सूचना प्रणाली नहुनु जवाफदेहिता तथा पारदर्शितासँग जोडिएका समस्या हुन भने पालिकाको आफ्नै कार्यालय नभएका वडाहरुको भौतिक संरचनाको अवस्था पनि सेवा प्रवाहका दृष्टिले जनमैत्री हुन नसक्नु पनि भौतिक अवस्था सँग जोडिएको समस्या हो ।

त्यसै गरी दक्ष कर्मचारी तथा विषय विज्ञको अभाव, जनप्रतिनिधिमा पर्याप्त विषयगत ज्ञानको अभाव, पालिकाले योजना निर्माण तथा कार्यान्वयनमा परिवर्तित राजनीतिक संरचनालाई पूर्ण रुपमा आत्मसाथ गर्न नसक्नु, कर्मचारी प्रशासन र जनप्रतिनिधि बीचको बुझाईमा एकरुपता हुन नसक्नु मानव संसाधन सँग सम्बन्धित समस्या हुन ।

अर्को तर्फ योजना छनौट तथा कार्यान्वयन प्रभावकारी नहुनु, नियमित अवलोकन, निरीक्षण, अनुगमन संयन्त्रको अभाव, विद्यमान कर प्रणाली व्यवहारिक नहुनु, पेश्की फर्छ्यौट नहुनु, बेरुजु नियमित नहुनु र लेखा समितिबाट आन्तरिक लेखा परीक्षण नहुनु, र एका तर्फ सात तहको योजना निर्माण प्रक्रिया र अर्को तर्फ ऐनद्वारा निर्देशित आवधिक योजना तथा मध्यकालिन खर्च संरचनाको सैद्धान्तिक आधार पालिकाको वित्तीय श्रोत परिचालन र योजना व्यवस्थापन सम्बन्धि समस्या हुन ।

## ८.१.२ सुशासन तथा संस्थागत क्षेत्र विकासको दीर्घकालीन सोच लक्ष्य उद्देश्य, लक्ष्य परिमाण, रणनीति तथा प्रमुख कार्यक्रम

### दीर्घकालीन सोच

उच्च मनोबल युक्त संगठनात्मक विकास सहितको नगरपालिका

### लक्ष्य

रोल्पा नगरपालिकाको मानव संसाधन तथा संगठन व्यवस्थापनलाई  प्रभावकारी, दक्ष, प्रविधिमैत्री र उच्च मनोबल युक्त बनाउने

### उद्देश्य

"स्थानीय तहमा प्रभावकारी तथा गुणस्तरीय सार्वजनिक सेवाप्रवाह गर्न दक्ष, प्रविधिमैत्री मानव संशाधन व्यवस्थापन, कर्मचारी तथा जनप्रतिनिधि र नागरिकको क्षमता विकास गरी प्रभावकारी एवंम् गुणस्तरीय सेवा प्रवाहको सुनिश्चिता गर्दै जवाफदेहीता,  पारदर्शिता, उत्तरदायी सुशासन अभिवृद्धि हुनेछ"

### रणनीति

- सुशासन तथा संस्थागत क्षेत्र विकास अन्तर्गत सुशासन, ऐन नियम तर्जुमा तथा जवाफदेहिता, संस्थागत संरचना तथा मानव संसाधन विकास, श्रोत परिचानल र योजना व्यवस्थापन जस्ता संविधान प्रदत्त एकल अधिकार तथा संघीय र प्रादेशिक कानून बमोजिम साझा अधिकार क्षेत्र भित्रका विषयमा आवश्यक नीति, कानून, कार्यविधि, संरचना तथा मापदण्डहरू निर्माण गरी कार्यान्वयनमा ल्याउने,

- संघीय तथा प्रादेशिक सरकारबाट प्राप्त सुशासन तथा संस्थागत विकास क्षेत्रसंग सम्बन्धित नमूना मापदण्ड मस्यौदालाई स्थानीय परिवेश अनुसार अनुकूलन, परिमार्जन र पारित गरी कार्यान्वयनमा ल्याउने,

- संविधान प्रदत्त अधिकार तथा कार्य जिम्मेवारीको अधिनमा रही संघ र प्रदेशसंग सहकारिता, सहअस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्दै जनसहभागिता, उत्तरदायित्व र पारदर्शिता सुनिश्चित गरी सुशासन तथा संस्थागत विकास क्षेत्र अन्तर्गतका सेवाहरु सुलभ र गुणस्तरीय रुपमा प्रवाह गर्ने,
- लैंङ्गिक समानता तथा सामाजिक समावेशीकरण, सुशासन, जलवायु अनुकूलन तथा विपद् व्यवस्थापन जस्ता अन्तर सम्बन्धित विषयहरुलाई यस अन्तर्गतका सबै उपक्षेत्रमा उपयुक्त रुपमा समावेश र सम्बोधन गर्ने,

- सुशासन तथा संस्थागत विकास क्षेत्रको लक्ष्य (प्रभाव तह), उद्देश्य (असर तह) र उपलब्धि (प्रतिफल तह) को लक्ष्य परिमाण हासिल गर्ने तर्फ नीति, कार्यक्रम र श्रोत विनियोजन भए नभएको अनुगमन तथा मूल्याङ्कन पद्धतिको विकास गर्ने ।

**तालिका २१: सुशासन तथा संस्थागत क्षेत्रको लक्ष्य परिमाण**

| सूचक | इकाई | आधार वर्ष | आर्थिक वर्ष : लक्ष्य परिमाण | | | पुष्ट्याईको आधार | पूर्वानुमान तथा जोखिम पक्ष |
|---|---|---|---|---|---|---|---|
| | | ०७८/७९ | ०७९/८० | ०८१/८२ | ०८३/८४ | | |
| सरोकारवाला एवंम् सहभागितात्मक ढंगबाट कार्यान्वयन भएका ऐनहरु | संख्या | १५ | १६ | १७ | १८ | | |
| प्रतिव्यक्ति बजेट खर्च | रु. | १९४४४ | २०००० | २२००० | २५००० | | |
| लक्षित वर्ग, सशक्तीकरण र क्षमता विकास कार्यक्रमबाट लाभन्वित पिछ्डिएका तथा विपन्न वर्ग | प्रतिशत | १० | २० | ३० | ४० | | |
| लैङ्गिक उत्तरदायी बजेट विनियोजन | रु.लाखमा | ३ | ४ | ५ | १० | | |
| उपभोक्ता समितिहरुबाट कार्यान्वयन आयोजना संख्या | प्रतिशत | ९३ | ९४ | ९५ | ९६ | | |
| न्यायिक समितिबाट फछ्यौंट भएका मुद्दाहरु | प्रतिशत | ८० | | | १०० | | |
| पालिकामा क्रियाशिल गैसस, विकास साझेदार संस्था | संख्या | २५ | | | | | |

## ८.२ सुशासन, ऐन, नियम तथा जवाफदेहिता

### ८.२.१ विद्यमान अवस्था

रोल्पा नगरपालिकाले विधिको शासनको संस्थागत विकासका लागि कानुन निर्माणलाई विशेष प्राथमिकता दिएको छ । हाल सम्म नगरपालिकाले ५४ वटा ऐन, नियम, कार्यविधि तथा मापदण्ड तयार पारेको छ । शासन प्रक्रियामा जवाफदेहिता तथा पारदर्शिताको प्रत्याभूतिका लागि नगरपालिकाले नागरिक वडापत्र, सार्वजनिक सुनुवाई, सामाजिक परीक्षण, सुझाव पेटिका लगायतका औजारहरुको प्रयोग गर्ने गरेको छ भने वार्षिक चारवटा सार्वजनिक सुनुवाईको कार्यक्रम राख्ने गरेको छ । नगरपालिकामा दैनिक सरदर १२५ सेवाग्राही विभिन्न सेवा लिन आउने गरेका छन भने सेवालाई अझ प्रभावकारी बनाउने विद्युतीय प्रविधिको प्रयोगको शुरुवात गरिएको छ ।

### ८.२.२ समस्या /चुनौती तथा सम्भावना/ अवसर

| समस्या /चुनौती | सम्भावना/ अवसर |
|---|---|
| सेवाग्राहीलाई स्थानीय सरकारको आभास दिलाएर काम गर्नु, | परिवर्तित अवस्था अनुरुप संविधानले स्थानीय तहलाई सरकारको हैसियतमा काम गर्ने अवसर |
| संघ, प्रदेश तथा स्थानीय तह बीचको अधिकार बाँडफाँडमा पूर्णरुपमा प्रष्टता ल्याउनु, | स्थानीय तह हैसियतमा नगरपालिकाले आवश्यकता अनुसार कानुन तर्जुमा गरी कार्यान्वयन गर्ने अवसर |
| ऐन,नियम तथा कार्यविधिको कार्यान्वयनका लागि आवश्यक पूर्वाधार निर्माण हुन नसकेको | शिक्षा, स्वास्थ्य, लैङ्गिक हिंसा, वन वातावरण, वाल विवाह न्युनीकरण, नगर प्रहरी, कर्मचारी व्यवस्थापन, न्यायिक समिति लगायतका १५ वटा ऐन र ३४ कार्यविधिको निर्माण |
| कानुन निर्माणमा सरोकारवाला निकायसँग समन्वयको अभाव | |
| कानुन कार्यान्वयनमा भौगोलिक कठीनाई | |

### ८.२.३ दीर्घकालीन सोच, लक्ष्य, उद्देश्य, रणनीति, कार्यनीति, मुख्य कार्यक्रम तथा तर्कवद्ध खाका

- **दीर्घकालीन सोच**

सेवा प्रवाहलाई पारदर्शी, प्रविधिमैत्री, जवाफदेहि, परिणाममुखी, नागरिक मैत्री बनाउने ।

- **लक्ष्य**

चुस्त र प्रविधिमैत्री प्रशासनिक संरचना, पारदर्शी र मितव्ययी सेवाप्रवाह, दीगो र फराकिलो वित्तीय स्रोत व्यवस्थापन तथा प्रभावकारी योजना व्यवस्थापन सहितको नगरपालिका निर्माण गर्ने

## ➧ उद्देश्य

नगरपालिकाको प्रशासनिक संरचनालाई प्रविधिमैत्री, पारदर्शी र मितव्ययी बनाउने,

## ➧ रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| ➧ सुशासन तथा जवाफदेहिता प्रवर्द्धन सम्बन्धी नीति, योजना र कार्यान्वयन | ➧ सुशासन तथा जवाफदेहिता सम्बन्धी स्थानीय नीति, कानून, मापदण्ड, योजना, कार्यान्वयन, अनुगमन तथा नियमन गरिनेछ । नीति, कानून तथा मापदण्ड सम्बन्धित सबै सरोकारवालाहरुको सहमतिमा र विज्ञह( रुसंगको परामर्शको आधारमा तयार पारिनेछ । |
| ➧ सुशासन तथा जवाफदेहिता प्रवर्द्धन | ➧ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले व्यवस्था गरेको समिति, एवंम् कार्य प्रकृतिका आधारमा बन्ने समितिलाई पूर्णता दिदै कार्यक्षेत्रको स्पष्टताका साथ कार्यसम्पादनमा प्रभावकारी ल्याइनेछ ।<br>➧ संविधान एवंम् स्थानीय सरकार सञ्चालन ऐनमा गरिएको प्रावधान अनुसारको कार्यसम्पादनका लागि आवश्यक सबै प्रकारका ऐन, नियम, कार्यविधि एवंम् मापदण्डहरु बनाई राजपत्रबाट सार्वजनिकीकरण गर्दै कार्यान्वयनमा ल्याइनेछ ।<br>➧ सम्भव भए सम्मका नगरपालिकाको काम कारवाही एवंम् सेवा प्रवाह( लाई अनलाइन तथा आइसिटि मार्फत गर्ने गरिने व्यवस्था मिलाई सेवा प्रवाहलाई चुस्त बनाइनेछ ।<br>➧ सूचनाको हक सम्बन्धी ऐनले व्यवस्था गरेको प्रावधानलाई व्यवहारमा ल्याउदै सूचना अधिकृत एवंम् गुनासो सुनुवाई संयन्त्रको विकास गरिनेछ ।<br>➧ लैङ्गिक तथा सामाजिक समावेशीकरण रणनीति तर्जुमा गर्नुका साथस( ाथै सबै योजना तर्जुमा कार्यमा मूलप्रवाहीकरण गरिनेछ ।<br>➧ नागरिकलाई प्रवाह हुने सेवा सुविधाको सहज पहुँचका लागि वडा स्तरमा कानून द्वारा नै कार्य व्यवस्थित गरिनुका साथै जिम्मेवारीमा स्पष्टता र संस्थागत क्षमता अभिवृद्धि गरिनेछ । |

- **मुख्य कार्यक्रम**

| कार्यक्रम | सहकार्य | | | | | | अनुमानित लागत |
|---|---|---|---|---|---|---|---|
| | पालिका | अन्तरपालिका | संघ | प्रदेश | नीजि क्षेत्र | सहकारी | |
| सेवा प्रवाहलाई अनलाईन तथा आइसिटिमा आवद्ध गर्ने । | √ | | | | | | ५० |
| सामाजिक जवाफदेहिता र पारदर्शिता प्रवर्द्धन । | √ | | | | | | ५० |
| ऐन, नियम, मापदण्डहरु प्रकाशन । | √ | | | | | | २० |
| जम्मा | | | | | | | १२० |

## तर्कवद्ध खाका

| नतिजा स्तर | नतिजा | सूचक | इकाई | आधार वर्ष ०७८/७९ | आर्थिक वर्ष : लक्ष्य परिमाण ०७९/८० | ०८१/८२ | ०८३/८४ | पुष्टयाईको स्रोत | जिम्मेवार निकाय | दिविल | दिराल | दिप्रल |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| प्रभाव | नगरपालिका सेवाग्राहीमा स्था( नीय सरकारको आभास दिन सफल भएको हुने | सेवा प्रवाहमा सेवा ग्राहीको सन्तुष्टिको स्तर | प्रतिशत | ७६ | ८० | ८५ | ९० | पार्श्व चित्र | न पा | १६ | ८ | ६ |
| | | वार्षिक योजनामा आर्थिक विकास तथा आयमूलक क्षेत्रमा लगानी | प्रतिशत | ४ | ७ | १५ | २५ | पार्श्व चित्र | न पा | १६ | ८ | ६ |
| | | | | | | | | | | | | |
| असर | संघीय, प्रादेशिक तथा स्थानीय ऐन, कानूनको परिपालन( ाबाट सेवाप्रवाहमा प्रभावकारीता एवंम् सुशासन अभिवृद्धि भएको हुने | पालिकाले स्वीकृत गरेको ऐन, नियम, निर्देशिका, कार्यविधि तथा मापदण्ड | संख्या | ५४ | ५५ | ५७ | ६० | पार्श्व चित्र | न पा | १६ | ८ | ६ |
| | | अभ्यास गरिएका सामाजिक जवाफदेहिताका औजारका प्रकार (क्षतिपूर्ति सहितको नागरिक वडापत्र, सार्वजनिक सुनुवाई, सार्वजनिक परीक्षण, सामाजिक परीक्षण, सुझाव पेटिका, GESI परीक्षण, वहिरर्गमन अभिमत पत्र, समुदाय स्कोर कार्य आदि) | संख्या | ८ | ८ | ८ | ८ | पार्श्व चित्र | न पा | १६ | ८ | ६ |
| | | वर्षभरीमा भएका सार्वजनिक सुनुवाई | संख्या | ४ | ४ | ४ | ४ | पार्श्व चित्र | न पा | १६ | ८ | ६ |

| प्रतिफल तह ५.१ सुशासन, ऐन, नियम तथा जवाफदेहिता | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| **प्रतिफल** | नगरपालिकाको सेवा प्रवाह पारदर्शी तथा प्रभावकारी भएको हुने | सेवा प्रवाहल(ाई अनलाईन तथा आइसिटिमा आवद्ध गर्ने । | संख्या | | | | | पार्श्व चित्र | न पा | १६ | ८ | ६ |
| | | सामाजिक जवाफदेहिता र पारदर्शिता प्रवर्द्धन । | संख्या | ७ | ८ | ९ | १० | | | १६ | ८ | ६ |
| | | ऐन, नियम, माप(दण्डहरु प्रकाशन । | संख्या | २ | ३ | ४ | ५ | | | १६ | ८ | ६ |

## ८.३ संस्थागत संरचना तथा मानव संशाधन

### ८.३.१ विद्यमान अवस्था

हाल नगरपालिकामा ६७ जना कर्मचारी कार्यरत छन जसमा प्राविधिक जनशक्तिको संख्या १७ रहेको छ । नगरपालिका अझै करिब १० वटा दरबन्दी खाली रहेको अवस्था छ भने सेवाग्राहीले सेवा पाउने औषत समय १५ मिनेट रहेको छ । नगरपालिकाका दशैवटा वडा कार्यालयहरु नगरपालिकाकै स्वामित्वका छन ।

### ८.३.२ समस्या /चुनौती तथा अवसर /सम्भावना

| समस्या /चुनौती | अवसर /सम्भावना |
|---|---|
| पर्याप्त कर्मचारीको अभाव | दक्ष र क्षमतावान मानव संसाधनको व्यवस्था गर्न सकिने कानुनी व्यवस्था भएको |
| भैतिक संरचना (कार्यालय भवन तथा कार्यकक्षको अवस्था कमजोर हुनु | भौतिक संरचनाको क्रमिक रुपमा विकास हुदै गएको |
| ज्ञान, अनुभवी, दक्ष मानव संसाधानको अभाव | कर्मचारीको क्षमता अभिवृद्धि गर्न सकिने |
| संविधान बमोजिम नगरपालिकाको आवश्यकता अनुसार संगठन संरचना लागु हुन नसक्नु | विज्ञ कर्मचारीको व्यवस्थापन गर्न सकिने |

### ८.३.३ दीर्घकालीन सोच, लक्ष्य, उद्देश्य, रणनीति, कार्यनीति, मुख्य कार्यक्रम तथा तर्कवद्ध खाका

- **दीर्घकालीन सोच**

प्रविधि मैत्री दक्ष संगठनात्मक विकास भएको नगरपालिका

- **लक्ष्य**

नगरपालिकाको संगठनात्मक व्यवस्था तथा मानव संशाधनलाई चुस्त, प्रभावकरी तथा दक्ष बनाउने

- **उद्देश्य**

दक्ष, जनमैत्री , प्रविधिमैत्री दक्ष मानव संसाधन सहितको नगरपालिका बनाउने

## ➧ रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| ➧ मानव संसाधन विकास सम्बन्धी स्थानीय नीति निर्माण | ➧ मानव संसाधन विकास सम्बन्धी स्थानीय नीति, कानून, मापदण्ड, योजना, कार्यान्वयन, अनुगमन तथा नियमन गरिनेछ। |
| ➧ संस्थागत संरचना चुस्त बनाउने | ➧ विषयगत समिति एवंम् न्यायिक समितिको क्षमता विकास गरी कार्यसम्पादन स्तरमा अभिवृद्धि ल्याइनेछ।<br>➧ संगठन तथा व्यवस्थापन अध्ययन (O&M) गरी नगरपालिकाको वडा स्तर सम्म आवश्यकतानुसारको नयाँ संगठन संरचना तयार गरी लागु गरिनेछ र पालिकामा लैङ्गिकमैत्री एवंम् समावेशीताका आधारमा कर्मचारी दरबन्दी निर्धारण गरिनेछ।<br>➧ कार्यबोझ विश्लेषणको आधारमा जनशक्ति व्यवस्थापन गरी कार्यसम्पादनस्तरलाई चुस्त दुरुस्त बनाइनेछ र कार्य सम्पादन करार प्रणाली लागू गरी कार्य उपलब्धिका आधारमा कर्मचारीको कार्य सम्पादन मूल्याङ्कन गरिने प्रणाली अवलम्बन गरिनेछ।<br>➧ सेवा प्रवाहलाई गुणस्तरीय, न्यून समय लागत छिटो सेवा उपलब्ध बनाउन सम्भव भएका सेवा सुविधाहरु अनलाइन, वडा कार्यालय एवंम् सेवा केन्द्रबाट उपलब्ध गराउदै वडा कार्यलयहरुलाई भौतिक श्रोत साधन सुविधायुक्त बनाइनेछ।<br>➧ सेवा प्रवाहसंग सम्बन्धित विषयगत शाखाहरुको आवश्यकतानुसार वडा स्तरसम्म पुनः संरचना गरिनेछ। |
| ➧ मानव संशाधन विकास | ➧ तालिम, तथा अभिमुखीकरणबाट नगरपालिकाका जनप्रतिनिधि एवंम् कर्मचारीहरुको क्षमता अभिवृद्धि गरी निर्णय प्रक्रिया र सेवा प्रवाहमा प्रभावकारीता ल्याइनेछ ।<br>➧ नगरकार्यपालिका तथा सभाका सबै समितिलाई कृयाशील वनाई उत्तरदायि र जिम्मेवार संस्थाका रुपमा विकास गर्दै स्थानीय लोकतन्त्रलाई सुदृढ गरिनेछ।<br>➧ नगरपालिकाका अन्तर्गत विद्यालय, विषयगत कार्यालय एवंम् सरकारी कार्यालयहरुमा कार्यरत कर्मचारीहरुसंग कार्यसम्पादन सम्झौता गरिनेछ र नियमित मूल्याङ्कनका मापदण्ड निर्धारण गरी मापदण्डका आधारमा उत्कृष्टलाई पुरस्कृत गर्ने अभ्यासको थालनी गरिनेछ।<br>➧ नगरपालिका अन्तर्गत सहकारी, गैसस, नागरिक समाज, सामुदायिक संस्था, निजी क्षेत्रमा कार्यरत कर्मचारीहरुलाई तालिम, अभिमुखीकरण मार्फत क्षमता अभिवृद्धि गरी दक्ष, सबैल, सक्षम जनशक्ति विकास गरिनेछ।<br>➧ जनप्रतिनिधिहरुको क्षमता अभिवृद्धि गर्ने र महिला तथा दलित वडा सदस्यको क्षमता विकासमा जोड दिइनेछ<br>➧ नगरपालिका तथा सभामा लक्षित समूहको समुचित प्रतिनिधित्व गराई समावेशी गराउनका साथै जुनसुकै क्षमता विकास कार्यक्रममा सहभागी छनौट गर्दा महिला, दलित, जनजाति र अपाङ्गता भएका व्यक्तिलाई प्राथमिकता दिइनेछ। |

## मुख्य कार्यक्रम

| कार्यक्रम | सहकार्य | | | | | | अनुमानित लागत (लाखमा) |
|---|---|---|---|---|---|---|---|
| | पालिका | अन्तरपालिका | संघ | प्रदेश | नीजि क्षेत्र | सहकारी | |
| कार्यवोझ र संगठन तथा व्यवस्थापन (O&M) अध्ययन कार्यक्रम । | √ | | | | | | १० |
| साधन सम्पन्न वडा कार्यलय निर्माण । | √ | | | | | | १०० |
| न्यायिक समिति लगायत विषयगत समितिहरुको क्षमता विकास कार्यक्रम । | √ | | | | | | २० |
| मानव संसाधन विकास कार्यक्रम । | √ | √ | √ | √ | | | १०० |
| जम्मा | | | | | | | २३० |

## ➧ तर्कवद्ध खाका

| नतिजा स्तर | नतिजा | सूचक | इकाई | आधार वर्ष ०७८/७९ | आर्थिक वर्ष : लक्ष्य परिमाण | | | पुष्ट्याईको स्रोत | जिम्मेवार निकाय | दिविल | दिराल | दिप्रल |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | ०७९/८० | ०८१/८२ | ०८३/८४ | | | | | |
| प्रभाव | नगरपालिका सेवाग्राहीमा स्थानीय सरकारको आभास दिन सफल भएको हुने | सेवा प्रवाहमा सेवा ग्राहीको सन्तुष्टिको स्तर | प्रतिशत | ८५ | ९० | | ९५ | पार्श्व चित्र | न पा | १६ | ८ | ६ |
| | | वार्षिक योजनामा आर्थिक विकास तथा आयमूलक क्षेत्रमा लगानी | प्रतिशत | ४.३६ | ८ | | १० | पार्श्व चित्र | न पा | १६ | ८ | ६ |
| | | | | | | | | | | | | |
| असर २ | प्रभावकारी सँगठन संरचना निर्माणका साथै संस्थागत क्षमता विकास भई गुणस्तरीय सेवा प्रवाहमा अभिवृद्धि भएको हुने | पालिकामा कार्यरत मानव संशाधन | संख्या | ६७ | ६७ | ७० | ७० | पार्श्व चित्र | न पा | १६ | ८ | ६ |
| | | पालिकामा कार्यरत प्राविधिक जनशक्ति | संख्या | १७ | १७ | २० | २० | पार्श्व चित्र | न पा | १६ | ८ | ६ |
| | | एक सेवाग्राहीलाई सेवा प्रवाह गर्न लाग्ने औषत समयावधि | मिनेट | १५ | | | | पार्श्व चित्र | न पा | १६ | ८ | ६ |
| | | क्षमता विकास कार्यक्रमबाट लाभान्वित पालिकाका पदाधिकारी, सदस्यहरु, कर्मचारी, गैसस, सरोकारवाला संघ संस्थाहरु | संख्या | २३४ | २४० | २५९ | ३०० | पार्श्व चित्र | न पा | १६ | ८ | ६ |
| | | कार्यसम्पादन करार गरिएको तथा कार्यविवरण दिई सोही अनुसार कार्यसम्पादन गर्ने कर्मचारी संख्या | संख्या | ६७ | ६७ | ७० | ७० | | | | | |
| | | पालिका केन्द्र तथा वडा कार्यालयको आफ्नै भवन | संख्या | १० | १० | १० | १० | | | | | |
| | | सेवा सूचारु भएका सेवा तथा श्रोत केन्द्र (स्वास्थ्य, कृषि, पशुसेवा, शिक्षा) | संख्या | १९ | १९ | १९ | १९ | | | | | |
| प्रतिफल तह ५.२ संस्थागत विकास तथा मानव संसाधन | | | | | | | | | | | | |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| **प्रतिफल तह** | संगठन विकास अध्ययनबाट नगरपालिकाको आवश्यकता बमोजिमको प्रशासनिक संरचना निर्माण गर्न सहयोग पुगेको हुने | कार्यवोझ र संगठन तथा व्यवस्थापन (O&M) अध्ययन कार्यक्रम । | संख्या | | | | | पार्श्व चित्र | न पा | १६ | ८ | ६ |
| | सेवा ग्राही मैत्री वडाको घोषणाबाट सेवा ग्राहीले प्रभावकारी सेवा पाएका हुने | साधन सम्पन्न वडा कार्यलय निर्माण । | संख्या | | | | | | | १६ | ८ | ६ |
| | न्यायिक कार्य सम्पादनमा सहजता आएको हुने | न्यायिक समिति लगायत विषयगत समितिहरुको क्षमता विकास कार्यक्रम । | संख्या | | | | | पार्श्व चित्र | न पा | १६ | ८ | ६ |
| | क्षमतावान मानव संसाधनको विकास भएको हुने | मानव संसाधन विकास कार्यक्रम । | | | | | | | | | | |

## ८.४ श्रोत परिचालन

### ८.४.१ विद्यमान अवस्था

नगरपालिकाको चा लु आ.व २०७८/८९ को कुल बजेट ७५ करोड रहेको छ जुन गत वर्षको तुलनामा १.६९ प्रतिशतले बढी हो । नगरपालिकाले वित्तीय हस्तान्तरण बापत प्राप्त गर्ने समानीकरण अनुदानको तुलनामा विगत तीन वर्षमा तथा ससर्त अनुदानको वृद्धिदर बढी देखिन्छ । आन्तरिक स्रोत तर्फ आ.व २०७५/७६ मा ९५ लाख रहेकोमा आ.व २०७७/७८ मा १ करोड ३८ लाख तथा चालु आ.व मा २ करोड रहेको छ जुन कुल बजेटको २ प्रतिशत हो ।

### ८.४.२ समस्या /चुनौती तथा अवसर /सम्भावना

| समस्या /चुनौती | अवसर /सम्भावना |
|---|---|
| कर एवंम् राजस्वका श्रोत पहिचान हुन | स्थानीय सरकार सञ्चालन ऐनले तोकेका विषय क्षेत्र भित्र रही वित्तीय कानुन निर्माण गर्ने अवसर नगरपालिकालाई रहेको छ |
| राजस्व सुधार गर्ने सम्बन्धी सम्भाव्यता अध्ययन | आन्तरिक स्रोतको अभिवृद्धिका लागि करको दायरा र दर व्यवस्थापन गर्ने अधिकार नगरपालिकासँग रहेको छ |
| जनस्तरमा कर तिर्नुपर्छ भन्ने भावना नै विकसित हुन सकिरहेको छैन | स्रोत व्यवस्थापनका लागि उच्च प्रतिफल युक्त क्षेत्रको पहिचान गरी सहकार्य तथा समन्वयका आधारमा पुँजी जुटाउन सक्ने अवसर नगरपालिकालाई छ । |
| सम्भावित करदाताहरुको अभिलेख अद्यावधि हुन सकिरहेको छैन । | क्षेत्रिय विकास को अवधारणा अन्तरगत अन्तरपालिका सहकार्यमा लगानी आकर्षण गर्ने क्षमता नगरपालिकासँग रहेको छ । |
| कर तथा राजस्व श्रोतहरु वारे विस्तृत रुपमा अध्ययन अनुसन्धान समेत हुन सकिरहेको छैन र जनशक्तिको अभाव छ । | |
| पूँजी वृद्धि हुने अर्थात छिटो प्रतिफल आउने क्षेत्रहरुमा कार्यक्रमहरु सञ्चालन गर्न सकेको अवस्था छैन । | |
| संघ तथा प्रदेश सरकारले प्रदान गर्ने समानीकरण अनुदानको वृद्धि दर उत्साहजनक हुन सकेको छैन | |

## ८.४.३ दीर्घकालीन सोच, लक्ष्य, उद्देश्य, रणनीति, कार्यनीति, मुख्य कार्यक्रम तथा तर्कवद्ध खाका

- दीर्घकालीन सोच

उच्च तथा दीगो आर्थिक वृद्धि

- लक्ष्य

वित्तीय क्षेत्रको पहिचान तथा आन्तरिक स्रोतको अभिवृद्धि मार्फत आत्मनिर्भर नगरपालिका बनाउने

- उद्देश्य

नगरपालिकालाई दीगो र नियमित प्राप्त हुने सक्ने वित्तीय श्रोतको पहिचान गरी अधिकतम उपलब्धि हुने क्षेत्रहरुमा श्रोत परिचालन गर्नु ।

### रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| वित्तीय श्रोत परिचालन सम्बन्धी स्थानीय नीति निर्माण | वित्तीय श्रोत परिचालन सम्बन्धी स्थानीय नीति, कानून, मापदण्ड, योजना, कार्यान्वयन, अनुगमन तथा नियमन गरिनेछ । |
| वित्तीय श्रोत परिचालन | आन्तरिक श्रोत परिचालनका लागि राजश्व सुधार कार्ययोजना तयार पारी नगरपालिकाको आन्तरिक आय श्रोतमा वृद्धि ल्याइनेछ ।<br>स्थानीय राजस्व परामर्श समितिको क्षमता अभिवृद्धि गरी राजस्व सुधार कार्य योजना लागू गरिनेछ ।<br>सार्वजनिक खर्चलाई पूँजी निर्माण (आय आर्जन)का क्षेत्रहरुमा लगानी गरी आन्तरिक आयलाई सुदृढ पारिनेछ ।<br>सम्भावित करदाताहरुको पहिचान गर्दै वित्तीय साक्षरता कार्यक्रमहरु सञ्चालन गरी कर तिर्ने अभ्यासलाई प्रोत्साहन गरिनेछ । करको दरमा वृद्धि गर्ने भन्दा पनि दायरामा बिस्तार ल्याइनेछ ।<br>उपभोक्ता समितिहरुसँग लागत सहभागितामा आयोजनाहरु सञ्चालन गरी नगरपालिकाको लागत भारलाई न्यून गरिनेछ ।<br>निजी क्षेत्रसँग सहकार्य र समन्वय गरी आयोजनाहरु कार्यान्वयनमा ल्याइने छ। यसका लागि सार्वजनिक निजी साझेदारी नीति ल्याइनेछ ।<br>नगरपालिकाको चल अचल सम्पत्तिहरु परिचालन गरी सेवा शुल्क संकलन गरिनेछ ।<br>अन्तरपालिका सहकार्यमा उच्च प्रतिफल युक्त आयोजना निर्माण गरी कार्यान्वयन गरिनेछ |

| | |
|---|---|
| ➧ वित्तीय सुशासन प्रवर्द्धन | ➧ पालिकाको आर्थिक ऐनका प्रावधानहरुलाई कडाइका साथ कार्यान्वयनमा ल्याइनेछ ।<br>➧ लेखा प्रणालीलाई आइसिटिमा आवद्ध गर्दै आन्तरिक लेखा परीक्षण तथा वित्तीय प्रशासनलाई सक्षम र प्रभावकारी बनाइनेछ ।<br>➧ वार्षिक खरिद योजना बनाउदै सार्वजनिक खरिदलाई पारदर्शिता, ई-विडिङ्ग तथा प्रक्रियागत ढंगबाट खरिद गर्ने व्यवस्था मिलाइनेछ ।<br>➧ नियमित लेखापरीक्षण, पेश्की तथा वेरुजु फछ्र्यौटलाई प्रभावकारी बनाई वित्तीय जोखिम न्यूनीकरण गरिनेछ ।<br>➧ निश्चित अवधि (मासिक, चौमासिक, वार्षिक) मा भएको आर्थिक कारोवारहरुलाई वेवसाइट तथा प्रकाशनहरु मार्फत आम नागरिकहरुलाई जानकारी हुनेगरी सार्वजनिकीकरण गरिनेछ । |

➧ **मुख्य कार्यक्रम**

| कार्यक्रम | सहकार्य | | | | | | अनुमानित लागत (लाखमा) |
|---|---|---|---|---|---|---|---|
| | पालिका | अन्तरपालिका | संघ | प्रदेश | नीजि क्षेत्र | सहकारी | |
| राजश्व सुधार कार्ययोजना तर्जुमा कार्यक्रम । | √ | | | | | | १० |
| कर सम्बन्धी जनचेतनामूलक अभियान । | √ | | | | | | १० |
| मध्यमकालीन खर्च संरचना तयारी । | √ | | | | | | १० |
| उच्चतम प्रतिफल दिने आयोजनाको अध्ययन तथा कार्यान्वयन | √ | √ | √ | √ | √ | √ | ५० |
| वित्तीय जोखिम न्यूनीकरण कार्ययोजना तर्जुमा कार्यक्रम । | √ | | | | | | २० |
| जम्मा | | | | | | | १०० |

## तर्कबद्ध खाका

| नतिजा स्तर | नतिजा | सूचक | इकाई | आधार वर्ष ०७८/७९ | आर्थिक वर्ष : लक्ष्य परिमाण | | | पुष्टयाईको स्रोत | जिम्मेवार निकाय | दिविल | दिराल | दिप्रल |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | ०७९/८० | ०८१/८२ | ०८३/८४ | | | | | |
| प्रभाव | नगरपालिका सेवाग्राहीमा स्थानीय सरकारको आभास दिन सफल भएको हुने | सेवा प्रवाहमा सेवा ग्राहीको सन्तुष्टिको स्तर | प्रतिशत | ८५ | ९० | | ९५ | पार्श्व चित्र | न पा | १६ | ८ | ६ |
| | | वार्षिक योजनामा आर्थिक विकास तथा आयमूलक क्षेत्रमा लगानी | प्रतिशत | ४.३६ | ८ | | १० | पार्श्व चित्र | न पा | १६ | ८ | ६ |
| | | | | | | | | | | | | |
| असर | नगरपालिकाको दीगो र नियमित प्राप्त हुने सक्ने वित्तीय श्रोतको पहिचान भई अधिकतम उपलब्धि हुने क्षेत्रहरुमा श्रोत परिचालन भएको हुने | नगरपालिकाको वार्षिक आन्तरिक आय रकम (हजारमा) | रु. | 15,075 | 16,130 | 17,259 | 18,468 | पार्श्व चित्र | न पा | १६ | ८ | ६ |
| | | संघीय सरकारबाट राजस्व बाँडबाँडप्राप्त रकम | रु. हजारमा | 78,406 | 83,894 | 89,767 | 96,051 | पार्श्व चित्र | न पा | १६ | ८ | ६ |
| | | प्रदेश सरकारबाट राजस्व बाँडफाँडबाट प्राप्त रकम | रु.हजारमा | 7,055 | 7,549 | 8,077 | 8,643 | पार्श्व चित्र | न पा | १६ | ८ | ६ |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | संघ समानीकरण | रु हजारमा | 125,300 | 134,071 | 143,456 | 153,498 | | | १६ | ८ | ६ |
| | | प्रदेश समानीकरण | रु हजारमा | 5,915 | 6,329 | 6,772 | 7,246 | | | १६ | ८ | ६ |
| | | संघ सशर्त | रु. हजारमा | 26,900 | 28,783 | 30,798 | 32,954 | पार्श्व चित्र | न पा | १६ | ८ | ६ |
| | | प्रदेश सशर्त | रु हजारमा | 8,544 | 9,142 | 9,782 | 10,467 | पार्श्व चित्र | न पा | १६ | ८ | ६ |
| | | सार्वजनिक निजी लगानी (हजारमा) | रु | ० | १०००० | १५००० | २०००० | पार्श्व चित्र | न पा | १६ | ८ | ६ |
| | | निजी क्षेत्रको लगानी (हजारमा) | रु | ० | ५००० | ७००० | १०००० | पार्श्व चित्र | न पा | १६ | ८ | ६ |
| | | प्रतिफल तह ५.३ सार्वजनिक स्रोत तथा खर्च व्यवस्थापन, इकाई नगरपालिकाले आफ्नो अनुकूल तय गर्ने छ | | | | | | | | | | |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| प्रतिफल | नगरपालिकाको आन्तरिक आयको सम्भाव्य स्रोतको लेखाजोखा हुने | राजश्व सुधार कार्ययोजना तर्जुमा कार्यक्रम । | संख्या | | | | | पार्श्व चित्र | न पा | १६ | ८ | ६ |
| | | कर सम्बन्धी जनचेतनामूलक अभियान । | दरबन्दी | | | | | पार्श्व चित्र | न पा | १६ | ८ | ६ |
| | वित्तीय कारोवार व्यवस्थित हुने | मध्यमकालीन खर्च संरचना तयारी । | प्याकेज | | | | | पार्श्व चित्र | न पा | १६ | ८ | ६ |
| | | वित्तीय जोखिम न्यूनीकरण कार्ययोजना तर्जुमा कार्यक्रम । | | | | | | पार्श्व चित्र | न पा | १६ | ८ | ६ |

## ८.५ योजना व्यवस्थापन

### ८.५.१ विद्यमान अवस्था

रोल्पा नगरपालिकामा योजना कार्यान्वयनको मुख्य जिम्मेवारी उपभोक्ता समितिले लिने गरेका छन । लगभग ९३ प्रतिशत आयोजना उपभोक्ता समितिमार्फत कार्यान्वयन गर्ने गरिएको छ । नगरपालिकाले वार्षिक रुपमा कार्यान्वयन हुने आयोजनाहरुलाई मात्र प्राथमिकता दिएको छ। हाल सम्म दीर्घकालीन गरुयोजनाका आधारमा योजना कार्यान्वयनमा गएको देखिदैन । नगरपालिकाको कुल लगानीको लगभग २५ प्रतिशत आयमूलक क्षेत्रमा लगानी हुने गरेको छ भने सतप्रतिशत आयोजनाहरु समयमा नै सम्पन्न हुने गरेका छन ।

### ८.५.२ समस्या/ चुनौती तथा अवसर/ सम्भावना

| समस्या/ चुनौती | अवसर /सम्भावना |
|---|---|
| योजना व्यवस्थापन तथा कार्यान्वयनमा संघ र प्रदेश सरकार हावी हुदै जानु | योजना व्यवस्थापनको गुणस्तरीयता अभिवृद्धिमा स्थानीय आवश्यकता अनुसार कानुन निर्माण गर्न सक्ने |
| कार्यान्वयनमा भएका योजनाको गुणस्तरीयता कमजोर हुनु | स्थानीय आवश्यकता अनुसारका योजनाको छनौट तथा कार्यान्वयन गर्न सक्ने |
| उपभोक्ता समितिको क्षमता कमजोर हुनु | वहूवर्षिय योजनाको पहिचान र कार्यान्वयन गर्न सक्ने |
| परामर्श दायी संस्थाको काम कमजोर हुनु | अन्तरपालिका सहकार्यमा योजना व्यवस्थापन तथा कार्यान्वयन गर्न सक्ने |
| योजना व्यवस्थापनका लागि दक्ष मानव संसाधनको अभाव हुनु | |

### ८.५.३ दीर्घकालीन सोच, लक्ष्य, उद्देश्य, रणनीति, कार्यनीति, मुख्य कार्यक्रम तथा तर्कवद्ध खाका

- **दीर्घकालीन सोच**

  परिणाममुखी तथा उच्च प्रतिफल युक्त योजनाबाट आर्थिक समृद्धि

- **लक्ष्य**

  नगरपालिकाको पुँजी निर्माण प्रक्रियालाई योगदान पुऱ्याउने गरी योजना व्यवस्थापनको कार्ययोजना तयार गर्ने

- **उद्देश्य**

  स्थानीय योजना तर्जुमा र कार्यान्वयनमा व्यापक जनसहभागिता साथै नतिजामुखी अनुगमन मूल्याङ्कनको सुश्चितता गर्नु ।

### ➧ रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| ➧ योजना व्यवस्थापन सम्बन्धी स्थानीय नीति निर्माण | ➧ योजना व्यवस्थापन सम्बन्धी स्थानीय नीति, कानून, मापदण्ड, योजना, कार्यान्वयन, अनुगमन तथा नियमन गरिनेछ । |
| ➧ योजना तर्जुमा सहभागिता | ➧ मध्यमकालीन खर्च संरचनाका तयार पारी सोको आधारमा वार्षिक कार्यक्रम विकास गरिनेछ ।<br>➧ आवधिक नगरविकास योजना, मध्यकालीन खर्च संरचना र वार्षिक योजना बीच घनिष्ट अन्तर सम्बन्ध स्थापित गरिनेछ र आवधिक योजनाले लिएका लक्ष्य, उद्धेश्य, रणनीतिको प्रभावकारी कार्यान्वयन वार्षिक योजनाको माध्यमबाट गरिनेछ ।<br>➧ आवश्यकताका आधारमा दीर्घकालीन सोचलाई आधार मानी सबै सरोकारबालाहरुको वृहत सहभागितामा विषयगत क्षेत्रका गुरुयोजनाहरु बनाई बनाइनेछ ।<br>➧ सबै खाले योजना तर्जुमा तथा कार्यक्रम सञ्चालन गर्दा बस्ती स्तरबाटै सहभागितामूलक र समावेशी योजना तर्जुमाका निर्दिष्ट चरण र प्रक्रिया अवलम्बन गरिनेछ र विपन्न, दलित, जनजाति र महिलालाई प्राथमिकता दिइ तिनको अर्थपूर्ण सहभागिता सुनिश्चित गरिनेछ ।<br>➧ उपभोक्ता समितिमा लक्षित वर्गहरुको सहभागितालाई अर्थपूर्ण गराउन प्रोत्साहन गरिनेछ । |
| ➧ योजना कार्यान्वयनमा प्रभावकारीता | ➧ आयोजनाहरुको लागत अनुमान स्वीकृती र सम्भाव्यता अनुमान सहित आयोजना बैंकमा समावेश गर्दै बजेट विनियोजन गरी कार्यान्वयन गरिनेछ ।<br>➧ योजनाको कार्यान्वयन योजना **(Calender of Operation)** अख्तियार प्राप्त अधिकारीबाट स्वीकृत गराई जिम्मेबारी तालिका समेत तोकी कार्यान्वयनमा ल्याइनेछ ।<br>➧ योजनाहरु कार्यान्वयनमा उपभोक्ता समूहको लागत सहभागितामा सम्पन्न गर्दै आयोजनको मर्मत सम्भार र दीगोपनमा अपनत्व श्रृजना गराइनेछ ।<br>➧ आयोजनाको प्रभावकारी अनुगमन तथा मूल्याङ्कनका लागि लैङ्गिक तथा समावेशी संयन्त्र एवंम् विषयक्षेत्रगत सूचक निर्धारण र विकास गरी सूचकका आधारमा नियमित अनुगमन गरिनेछ ।<br>➧ उपभोक्ता समितिमा महिलाहरुको सहभागितालाई अर्थपूर्ण गराउन योजना तर्जुमा सम्बन्धी क्षमता विकास मार्फत सशक्तीकरण गरिनेछ ।<br>➧ नगरपालिकाका विद्यमान विकास साझेदार, गैर सरकारी संघ संस्था, नागरिक समाज, सामुदायिक संस्थाहरु परिचालनका लागि कार्यविधि तर्जुमा गर्दै विकास आयोजनाहरुको कार्यान्वयनमा सहकार्य गरिनेछ । |

➧ **मुख्य कार्यक्रम**

| कार्यक्रम | सहकार्य | | | | | | अनुमानित लागत (लाखमा) |
|---|---|---|---|---|---|---|---|
| | पालिका | अन्तरपालिका | संघ | प्रदेश | नीजि क्षेत्र | सहकारी | |
| प्राविधिक जनशक्ति व्यवस्थापन । | √ | √ | √ | √ | √ | | १०० |
| डिपिआर एवंम् योजना वैंक तयारी । | √ | √ | √ | √ | √ | | २०० |
| विषयगत क्षेत्रको गुरुयोजना निर्माण । | √ | √ | √ | √ | √ | | १०० |
| मध्यमकालीन खर्च संरचना तयारी । | √ | √ | √ | √ | √ | | १५ |
| अनुगमन र मूल्याङ्कन प्रणाली स्थापना । | √ | √ | √ | √ | √ | | १० |
| जम्मा | | | | | | | ४२५ |

## तर्कबद्ध खाका

| नतिजा स्तर | नतिजा | सूचक | इकाई | आधार वर्ष ०७८/७९ | आर्थिक वर्ष : लक्ष्य परिमाण | | | पुष्टयाईको स्रोत | जिम्मेवार निकाय | दिविल | दिराल | दिप्रल |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | ०७९/८० | ०८१/८२ | ०८३/८४ | | | | | |
| प्रभाव | नगरपालिका सेवाग्राहीमा स्थानीय सरकारकोआभास दिन सफल भएको हुने | सेवा प्रवाहमा सेवा ग्राहीको सन्तुष्टिको स्तर | प्रतिशत | ८५ | ९० | | ९५ | पार्श्व चित्र | न पा | १६ | ८ | ६ |
| | | वार्षिक योजनामा आर्थिक विकास तथा आयमूलक क्षेत्रमा लगानी | प्रतिशत | ४.३६ | ८ | | १० | पार्श्व चित्र | न पा | १६ | ८ | ६ |
| | | | | | | | | | | | | |
| असर | स्थानीय योजना तर्जुमा एवंम् कार्यान्वयनमा व्यापक जनसहभागिता र अनुगमन नतिजामूलक र प्रभावकारी भएको हुनेछ। | स्थानीय गौरवका आयोजनाहरुको सूची | संख्या | ६ | ६ | ७ | ७ | पार्श्व चित्र | न पा | १६ | ८ | ६ |
| | | वार्षिक योजनामा आर्थिक विकास तथा आयमूलक क्षेत्रमा लगानी अनुपात | प्रतिशत | २५ | २७ | ३० | ५० | पार्श्व चित्र | न पा | १६ | ८ | ६ |
| | | कूल आयोजना मध्ये उपभोक्ता समितिबाट कार्यान्वयन भएका आयोजनाको अनुपात | प्रतिशत | ९३ | ९३ | ९५ | ९५ | पार्श्व चित्र | न पा | १६ | ८ | ६ |
| | | समयमा सम्पन्न आयोजना/कार्यक्रमको अनुपात | प्रतिशत | १०० | | | | पार्श्व चित्र | न पा | १६ | ८ | ६ |
| | | आयोजना/कार्यक्रम अनुगमन प्रतिवेदन संख्या (पटके, मासिक, चौमासिक, वार्षिक) | पटक | **वर्षको एक पटक** | **वर्षको एक पटक** | **वर्षको एक पटक** | **वर्षको एक पटक** | पार्श्व चित्र | न पा | १६ | ८ | ६ |
| | | **प्रतिफल तह ५.४ योजना व्यवस्थापन, इकाइ नगरपालिकाले आफ्नो अनुकूल तय गर्ने छ** | | | | | | | | | | |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| **प्रतिफल तह** | योजना व्यवस्थापनमा प्रभावकारीता आएको हुने | प्राविधिक जनशक्ति व्यवस्थापन । | | | | | | **पाश्र्व चित्र** | **न पा** | १६ | ८ | ६ |
| | | डिपिआर एवंम् योजना बैंक तयारी । | | | | | | **पाश्र्व चित्र** | **न पा** | १६ | ८ | ६ |
| | | विषयगत क्षेत्रको गुरुयोजना निर्माण । | | | | | | **पाश्र्व चित्र** | **न पा** | १६ | ८ | ६ |
| | | मध्यमकालीन खर्च संरचना तयारी । | | | | | | **पाश्र्व चित्र** | **न पा** | १६ | ८ | ६ |
| | | अनुगमन र मूल्याङ्कन प्रणाली स्थापना । | | | | | | **पाश्र्व चित्र** | **न पा** | १६ | ८ | ६ |

## परिच्छेद - नौ

# वित्तीय विश्लेषण

### ९.१ स्रोत व्यवस्थापनको प्रविति

**तालिका २२: नगरपालिकाको वित्तीय स्रोतको प्रवृत्ति**

| सूचक | इकाई | आर्थिक वर्ष | | | २०७८/७९ |
|---|---|---|---|---|---|
| | | २०७५/७६ | २०७६/७७ | २०७७/७८ | |
| पालिकाको वार्षिक आन्तरिक आय रकम | रु. लाख | 95 | 67 | 138 | 200 |
| संघीय सरकारबाट राजस्व बाँडफाड प्राप्त रकम | रु. लाख | 718 | 696 | 884 | 987 |
| प्रदेश सरकारबाट राजस्व बाँडफाड बाट प्राप्त रकम | रु. लाख | 55 | 52 | 65 | 242 |
| संघीय सरकार बाट प्राप्त समानीकरण अनुदान | रु. लाख | 1074 | 1151 | 1135 | 1179 |
| प्रदेशबाट प्राप्त समानीकरण अनुदान | रु. लाख | 43 | 43 | 52 | 55 |
| संघ बाट प्राप्त विशेष अनुदान | रु. लाख | | 83 | 150 | 88 |
| प्रदेशबाट प्राप्त विशेष अनुदान | रु. लाख | | 70 | 70 | 70 |
| संघबाट प्राप्त ससर्त अनुदान | रु. लाख | 1953 | 2190 | 2972 | 2609 |
| प्रदेश बाट प्राप्त ससर्त अनुदान | रु. लाख | 72 | 108 | 178 | 115 |
| संघबाट प्राप्त समपुरक अनुदान | रु. लाख | | 106 | 80 | 62 |
| प्रदेशबाट प्राप्त समपुरक अनुदान | रु. लाख | | 200 | 200 | 200 |
| पालिकाको कूल वार्षिक बजेट | रु. लाख | 5512 | 6899 | 7367 | 7501 |
| बजेटको वार्षिक वृद्धिदर | | | 25.16 | 6.78 | 1.82 |
| कूल बजेटको वास्तविक खर्च | प्रतिशत | 85.34 | 89.69 | 87.12 | |
| कूल बजेटको पूँजिगत खर्च | प्रतिशत | 23.51 | 33.26 | 30.94 | |

संघ र प्रदेश सरकारबाट प्राप्त हुने वित्तीय समानीकरण अनुदान, राजश्व बाँडफाँड, विशेष, ससर्त, समपुरक अनुदान तथा आन्तरिक आय रोल्पा नगरपालिकाको वित्तीय स्रोतका मुख्य स्रोत हुन । विगत तीन वर्षमा नगरपालिकालाई प्राप्त हुने कुल बजेट घट्दो दरमा वृद्धि भएको देखिन्छ । आर्थिक वर्ष २०७६/७७ मा २५.१६ प्रतिशतले वृद्धि भएको कुल बजेट आ. व २०७७/७८ मा ६.७८ प्रतिशत र आ.व २०७८/७९ मा १.८१ प्रतिशतले वृद्धि भएको छ। अर्को तर्फ आ.व २०७६/७७ मा आन्तरिक राजश्वको वृद्धिदर नकारात्मक थियो भने आ. व २०७७/७८ मा वृद्धिदर अघिल्लो आ.व को तुलनामा १०० प्रतिशत भन्दा बढी थियो । कुल बजेटको तुलनामा आन्तरिक राजश्वको वृद्धिदर अधिक भएपनि यसले नगरपालिकाको कुल आयको अधिकतम २ प्रतिशत मात्र योगदान गर्छ ।

नगरपालिकाको बाह्य स्रोतका रुपमा प्राप्त हुने समानीकरण र ससर्त अनुदानको वृद्धिमा पनि ठुलो अन्तर पाईन्छ। आ.व २०७६/७७ मा समानिकरण अनुदानको वृद्धिदर ७.१७ प्रतिशत हुदा ससर्त अनुदानको वृद्धिदर १२.१ प्रतिशत थियो । त्यसैगरी आ.व २०७७/७८ मा समानीकरण अनुदानको वृद्धि ऋणात्मक हुदा ससर्त अनुदानको वृद्धिदर अघिल्लो आ.वको तुलनामा ३५.७ प्रतिशत थियो भने चालु आव मा ससर्त अनुदानको वृद्धिदर ऋणात्मक देखिन्छ। तर समग्रमा संघ सरकारबाट प्राप्त हुने समानीकरण बाहेकका अनुदानको वृद्धि क्रमिक रुपमा बढीरहेको देखिन्छ । यसले गर्दा आगामी दिनमा रोल्पा नगरपालिकाले स्थानीय सरकारको प्रत्याभूति दिने गरी काम गर्न व्यापक रुपमा पूजी निर्माण युक्त क्षेत्रमा लगानी विस्तार गर्नु पर्ने देखिन्छ।

## ९.२ राजश्व (आय) प्रक्षेपण ४

### ९.२.१ वर्तमान अवस्था

नगरपालिकाको विगत तीन वर्षको वित्तीय परिचालनको प्रवृत्ति हेर्दा संघ तथा प्रदेश सरकारबाट प्राप्त हुने अनुदानहरु तथा नगरपालिकाको आन्तरिक राजश्वको वार्षिक वृद्धिदरमा उतारचढाप आएको देखिन्छ। तसर्थ प्राप्त सम्पूर्ण अनुदानको तीन वर्षको औषत वृद्धिदर ७ प्रतिशतका दरले भएका अनुमान गरी नगरपालिकाको आगामी ५ वर्षको अनुमानित राजश्वको प्रक्षेपण गरिएको छ। नगरपालिकाले संघ, प्रदेश तथा आन्तरिक स्रोतबाट आ.व २०७८/**७९** मा प्राप्त गरेको कुल वित्तीय स्रोत रु. ५८ करोड ७ लाख रहेकोमा प्रस्तुत आवधिक योजनाको अवधि भर उक्त स्रोतमा वार्षिक १० प्रतिशतका दरले वृद्धि हुने अनुमान गरिएको छ जस अनुसार योजनाको अन्तिम वर्षसम्ममा नगरपालिकाले कुल ३ अर्व ७३ करोड बराबरको वित्तीय स्रोत परिचालन गर्ने देखिन्छ। उक्त स्रोत मध्ये लगभग ६० प्रतिशत ससर्त अनुदान अन्तर्गत चालु खर्च बापत हुन आउने १ अर्व ६६ करोड र प्रशासनिक खर्च बापतको २४ करोड ४२ लाखलाई घटाई बाँकी हुन आउने १ अर्व ८२ करोड नगरपालिकाले आगामी ५ वर्षमा (आ.व २०८३/८४) खर्च गर्न सक्ने लगानी योग्य राजश्वका रुपमा रहने देखिन्छ।

### ९.२.२ समस्या /चुनौती तथा सम्भावना /अवसर

| समस्या /चुनौती | सम्भावना /अवसर |
|---|---|
| ➧ क्षेत्रगत विकास समितिहरु निष्कृय अवस्थामा हुनु<br>➧ नगरपालिकाका लागि आवधिक योजनाको अवधारणा नयाँ तथा नौलो हुनु<br>➧ संघ तथा प्रदेशबाट प्राप्त गर्ने अनुदानको अनुपातमा एकरुपता नहुनु<br>➧ नगरपालिकाले प्राप्त गर्ने वित्तीय समानीकरण अन्तर्गतको अनुदान क्रमश घट्दो दरमा वढ्नु<br>➧ आवधिक योजना कार्यान्वयनका लागि कार्यपालिकाले साझा धारणा चुनौतीपुर्ण हुनु<br>➧ नगरपालिकासँग योजना व्यवस्थापन तथा कार्यान्वयनका लागि आवश्यक दक्ष मानव संसाधनको अभाव हुनु<br>➧ नगरपालिकामा उपलब्ध कर्मचारी प्रशासनको क्षमता अभिवृद्धि हुन नसक्नु<br>➧ नगरपालिकामा विज्ञ कर्मचारीको अभाव हुनु<br>➧ आन्तरिक आयको हिस्सा कमजोर हुनु<br>➧ योजना कार्यान्वयनमा संघ र प्रदेश हावी हुन खोज्नु | ➧ संविधान तथा स्थानीय सरकार सञ्चालन ऐनले नगरपालिकालाई कानुन निर्माण गरी काम गर्न सक्ने अधिकार प्रदान गर्नु<br>➧ योजना कार्यान्वयनका लागि नगरपालिकाले आवश्यकता बमोजिम करारमा विज्ञ नियुक्त गर्न सक्ने<br>➧ वित्तीय स्रोत परिचालनका लागि संघ र प्रदेशका अलावा अन्तरपालिका सहकार्य, नीजि क्षेत्र, जनसहभागिता आदि पक्षसँग हातेमालो गर्न सक्ने<br>➧ संघ, प्रदेश र सरकारका अन्य निकायहरुसँग सहकार्य गर्न सकिने<br>➧ आन्तरिक राजश्व अभिवृद्धिका लागि करको दायरा फराकिलो बनाउने सकिने |

तालिका २३ राजश्व प्रक्षेपण

| आय शिर्षक | आ.व.०७८।७९ | आ.व.०७९।८० | आ.व.०८०।८१ | आ.व.०८१।८२ | आ.व.०८२।८३ | आ.व.०८३।८४ | कूल राजश्व परिचालन |
|---|---|---|---|---|---|---|---|
| **समानिकरण** | | | | | | | 9,432.48 |
| संघ | 1,179 | 1,297 | 1,427 | 1,569 | 1,726 | 1,899 | 9,097 |
| प्रदेश | 55 | 61 | 67 | 73 | 81 | 89 | 336 |
| **राजश्व वांडफांड** | | | | | | 0 | 7,503 |
| संघ | 987 | 1,086 | 1,194 | 1,314 | 1,445 | 1,590 | 6,026 |
| प्रदेश | 242 | 266 | 293 | 322 | 354 | 390 | 1,477 |
| शसर्त | | | | | | 0 | 16,630 |
| संघ | 2,609 | 2,870 | 3,157 | 3,473 | 3,820 | 4,202 | 15,928 |
| प्रदेश | 115 | 127 | 139 | 153 | 168 | 185 | 702 |
| समपुरक | | | | | | 0 | 1,600 |
| समपुरक संघ | 62 | 68 | 75 | 83 | 91 | 100 | 379 |
| समपुरक प्रदेश | 200 | 220 | 242 | 266 | 293 | 322 | 1,221 |
| विशेष अनुदान | | | | | | 0 | 965 |
| संघ | 88 | 97 | 106 | 117 | 129 | 142 | 537 |
| प्रदेश | 70 | 77 | 85 | 93 | 102 | 113 | 427 |
| आन्तरिक | 200 | 220 | 242 | 266 | 293 | 322 | 1,221 |
| | 5,807 | 6,388 | 7,026 | 7,729 | 8,502 | 9,352 | 37,351 |
| प्रशासनिक खर्च र सामाजिक सुरक्षा | | | | | | | 2442 |
| सशर्त अनुदानको ६० प्रतिशत | | | | | | | 16,630 |
| कुल लगानी योग्य राजश्व प्रक्षेपण | | | | | | | 18,279 |

## ९.३. रणनीतिक कार्यक्रम र श्रोत अनुमान (व्यय प्रक्षेपण)

| तालिका २४ : क्षेत्रगत बजेट विनियोजन (सारांश) | | |
|---|---|---|
| **विषय क्षेत्र** | **कुल अनुमानित लागत** | **प्रतिशत** |
| **नगर गौरवका आयोजना** | 27000 | 32.13 |
| **१. आर्थिक विकास** | 17540 | 20.87 |
| प्रतिफल १.१ (कृषि विकास) | 4700 | 5.59 |
| प्रतिफल १.३ (पशु विकास) | 2900 | 3.45 |
| प्रतिफल १.४ (उद्यम तथा व्यवसाय) | 2280 | 2.71 |
| प्रतिफल १.५( पर्यटन विकास) | 6810 | 8.10 |
| प्रतिफल १.६ (बैंक तथा वित्तीय संस्था) | 850 | 1.01 |
| प्रतिफल १.६ (वैदेशिक रोजगार तथा सुरक्षित आप्रवासन) | 100 | 0.12 |
| **२. सामाजिक विकास** | 8950 | 10.65 |
| प्रतिफल २.१ (शिक्षा) | 3000 | 3.57 |
| प्रतिफल २.२ (स्वास्थ्य) | 1660 | 1.98 |
| प्रतिफल २.३ (खानेपानी तथा सरसफाई) | 1760 | 2.09 |
| प्रतिफल २.४ (लैङ्गिग समानता तथा सामाजिक समावेशीकरर्ण) | 1440 | 1.71 |
| प्रतिफल २.५ (युवा) | 820 | 0.98 |
| प्रतिफल २.६ (कला संस्कृति) | 270 | 0.32 |
| **३. पूर्वाधार विकास** | 22800 | 27.13 |
| प्रतिफल ३.१ (सडक तथा यातायात) | 15010 | 65.83 |
| प्रतिफल ३.२ (आवास तथा बस्ती) | 3210 | 14.08 |
| प्रतिफल ३.३ (विद्युत तथा उर्जा) | 1310 | 5.75 |
| प्रतिफल ३.४ (सूचना तथा संचार) | 170 | 0.75 |
| प्रतिफल ३.५ (सिँचाइ) | 3100 | 13.60 |
| **४.वन, वातावरण तथा विपद् व्यवस्थापन** | 6865 | 8.17 |
| प्रतिफल ४.१: (वन तथा जैविक विविधता) | 1030 | 15.00 |
| प्रतिफल ४.२: (जलाधार तथा भुमि संरक्षण) | 4800 | 69.92 |
| प्रतिफल ४.३: ( वातावरण  तथा स्वच्छता) | 610 | 8.89 |
| प्रतिफल ४.४ (विपद् व्यवस्थापन) | 425 | 6.19 |
| **५. सुशासन तथा क्षमता विकास** | 875 | 1.04 |
| प्रतिफल ५.१ (ऐन, नियम तथा कार्यविधि) | 120 | 13.71 |
| प्रतिफल ५.२ (संस्थागत तथा मानव संसाधन क्षमता) | 230 | 26.29 |

| | | |
|---|---|---|
| प्रतिफल ५.३ (नगरपालिकाको आम्दानी तथा खर्च व्यवस्थापन) | 100 | 11.43 |
| प्रतिफल ५.४ (योजना तर्जुमा तथा अनुगमन ) | 425 | 48.57 |
| **कुल बजेट** | 84,030 | 100 |
| **अनुमानित चालु खर्च (१५ प्रतिशत)** | 12604 | |
| **लगानी योग्य बजेट** | 71426 | |

रोल्पा नगरपालिकाको योजना तर्जुमा कार्यशालाले आ.व २०८३/८४ सम्ममा कार्यान्वयन गर्ने गरी परिकल्पना गरेका रणनीतिक कार्यक्रम तालिका........ मा प्रस्तुत गरिएको छ। यी कार्यक्रमले नगरपालिकाको आर्थिक, सामाजिक, पुर्वाधार, वन वातावरण, तथा संस्थागत विकास गरी पाँच विकास क्षेत्रका कार्यक्रमहरुलाई समेटेको छ।

प्रस्तुत क्षेत्रगत बजेट विनियोजन अनुसार आवधिक योजनाको अन्त्यसम्ममा सम्पुर्ण विषय क्षेत्र अन्तर्गतका आयोजनाहरुको सफल कार्यान्वयनका लागि नगरपालिकालाई पुँजीगत र चालु गरी कुल ८ अर्व ४० करोड राजश्व आवश्यक पर्ने अनुमान गरिएको छ।

नगरपालिकाको योजना तर्जुमा कार्यशाला गोष्ठीले कृषि तथा पशुपालन, पर्यटन, जलस्रोत तथा खनिज सम्पदालाई नगरपालिकाको समृद्धिका क्षेत्रका रुपमा अंगिकार गरेकाले क्षेत्रगत बजेट विनियोजनमा ती क्षेत्रमा हुने स्रोत विनियोजनलाई प्रमुख प्राथमिकता दिईएको छ। जस अनुसार पुर्वाधार विकासलाई २७.१३ आर्थिक विकासलाई २०.८७, वन, वातावरण तथा विपद् व्यवस्थापनलाई ८.१७ प्रतिशत बजेट विनियोजन गरिएको छ। त्यसैगरी उपक्षेत्रगत रुपमा कृषि विकासका लागि आर्थिक क्षेत्रको कुल बजेट मध्ये ५.५९, पशुपालनलाई ३.४५ र पर्यटनलाई ८.१ प्रतिशत बजेट विनियोजना गरिएको छ भने जलाधार तथा भूमि संरक्षणलाई वन बातावरण क्षेत्रको कुल बजेटको ६९.९ प्रतिशत बजेट विनियोजन गरिएको छ। अर्को तर्फ नगर गौरव अन्तर्गतका आयोजनाका लागि कुल बजेटको ३२.१ प्रतिशत बजेट विनियोजन गरिएको छ।

लगभग ८ अर्व ४० करोड बराबरको कुल अनुमानित क्षेत्रगत बजेटमा करिब १५ प्रतिशत चालु खर्चमा जाने अनुमान गरिएको छ।[4] जस अनुसार योजना तर्जुमा गोष्ठीले परिकल्पना गरेका आयोजनाहरुको कार्यान्वयनका लागि नगरपालिकाले आगामी ५ वर्षमा लगानी गर्न मिल्ने लगानी योग्य राजश्व रु. ७ अर्व १४ करोड २६ लाख बराबरको देखिन्छ।

## ९.४ अपुग बजेटको परिपुर्ति

नगरपालिकालाई संघ र प्रदेशबाट विभिन्न शीर्षकमा प्राप्त अनुमानित लगानी योग्य राजश्व १ अर्व ८२ करोड ७९ लाख रहेकोमा आवधिक योजना तर्जुमा गोष्ठीले आगामी पाँच वर्षका लागि कुल ७ अर्व १४ करोड २६ लाख राजश्व अनुमान गरेको छ। यसबाट गोष्ठीले परिकल्पना गरेका क्षेत्रगत आयोजनाहरुको कार्यान्वयनका लागि कुल ५ अर्व ३१ करोड ४७ लाख बराबरको बजेट अपुग हुने देखिन्छ। उक्त अपुग

4 उक्त अनुमान नगरपालिकाको हालको प्रशासनिक खर्चको प्रवृत्तिका आधारमा गरिएको हो।

बजेटको परिपुर्तिका लागि नगरपालिकाले देहायका कार्यहरु गर्नु पर्ने हुन्छ :

- राष्ट्रिय तथा अन्तराष्ट्रिय विकास साझेदारहरुसँग समन्वय गर्ने
- आन्तरिक आयस्रोतको दायराको खोजी गर्ने
- संघ तथा प्रदेशसँग समन्वय गर्ने
- अन्तर स्थानीय तह साझेदारी गर्ने
- निजी तथा सार्वजनिक साझेदारी एवंम् सहकार्य
- जनसहभागिता वृद्धि गर्ने

# परिच्छेद - दश

## आयोजना वैंक

### १०.१ पृष्ठभूमि

| तालिका २५ : योजना छनौटका आधारहरु |
|---|
| आर्थिक विकास तथा गरिवी निवारणमा प्रत्यक्ष योगदान पुऱ्याउने |
| जनताको आम्दानी र रोजगार बढाउने आयोजनाहरु |
| उत्पादनमूलक तथा छिटो प्रतिफल प्राप्त गर्न सक्ने आयोजनाहरु |
| लागत सहभागिता जुट्ने आयोजनाहरु |
| दीगो विकास, वातावरणीय संरक्षण तथा सम्वर्द्धन गर्न सघाउ पुऱ्याउने आयोजनाहरु |
| समावेशी विकासमा योगदान पुऱ्याउने आयोजनाहरु |
| स्थानीय स्रोत साधन र सिपको अधिकतम प्रयोग हुने आयोजनाहरु |
| भाषिक तथा सांस्कृतिक पक्षको जगेर्ना र सामाजिक सदभाव तथा एकता अभिवृद्धिमा सघाउ पऱ्याउने |
| शुसासन वृद्धि गर्न सघाउ पऱ्याउने आयोजनाहरु |
| अन्तरप्रदेश तथा अन्तरपालिका समृद्धिका आयोजनाहरु |
| प्रदेश, संघ तथा अन्य स्रोतबाट प्राप्त अनुदानबाट हाल कार्यान्वयनमा रहेका योजना |
| DPR भैसकेका आयोजना |

रोल्पा नगरपालिकाको आवधिक नगर विकास योजना तर्जुमा प्रयोजनका लागि गरिएको वडागत भेला तथा आवधिक योजना तर्जुमा गोष्ठीबाट नगरपालिकाले आगामी पाँच वर्षमा कार्यान्वयन गर्ने प्रमुख आयोजनाहरु तय गरिएको थियो । आयोजना तय गर्दा नगरपालिकाको वस्तुगत अवस्था, स्थानीय आवश्यकता तथा पहिचानलाई उजागर गर्ने आयोजना, आर्थिक विकास तथा गरिवी निवारणमा प्रत्यक्ष योगदान पुऱ्याउने, जनताको आम्दानी र रोजगार बढाउने आयोजनाहरु, उत्पादनमूलक तथा छिटो प्रतिफल प्राप्त गर्न सक्ने आयोजनाहरु, लागत सहभागिता जुट्ने आयोजनाहरु, दीगो विकास, वातावरणीय संरक्षण तथा सम्वर्द्धन गर्न सघाउ पुऱ्याउने आयोजनाहरु, समावेशी विकासमा योगदान पुऱ्याउने आयोजनाहरु, स्थानीय स्रोत साधन र सिपको अधिकतम प्रयोग हुने आयोजनाहरु, भाषिक तथा सांस्कृतिक पक्षको जगेर्ना र सामाजिक सदभाव तथा एकता अभिवृद्धिमा सघाउ पऱ्याउने, शुसासन वृद्धि गर्न सघाउ पऱ्याउने आयोजनाहरु, अन्तरप्रदेश तथा अन्तरपालिका समृद्धिका आयोजनाहरु, प्रदेश, संघ तथा अन्य स्रोतबाट प्राप्त अनुदानबाट हाल कार्यान्वयनमा रहेका योजना र DPR भैसकेका आयोजनालाई प्राथमिकता दिईएको छ ।

योजनाले समाजमा पार्ने प्रभाव, रोजगारीको अवस्था, योजनाको लागत आदि आधारमा योजना वैंक अन्तर्गत

रहने योजनालाई नगर गौरवका आयोजना, अन्तरपालिका समन्वयमा सम्पन्न गर्न सकिने आयोजना, नगरपालिकाको भू–उपयोगलाई समेट्ने आयोजना र वडागत मुख्य आयोजना गरी चार भागमा बिभाजन गरिएको छ  जसको विस्तृत विवरण तल प्रस्तुत गरिएको छ ।

## १०.२ नगर गौरवका आयोजना

नगरपालिकाको सामाजिक तथा आर्थिक विकासको गतिलाई तिव्रता दिनसक्ने योजनाहरुलाई नगरपालिका गौरवका योजनाको रुपमा यहाँ प्रस्तुत गरिएको छ । यी बहुवर्षिय योजनाको कार्यान्वयनका लागि नगरपालिकाले छिमेकी पालिका, संघ तथा प्रदेश सरकारका अलावा जनता, सहकारी तथा नीजि क्षेत्रलाई पनि साथमा लिएका काम गर्न सक्ने छ ।

| प्रमुख कार्यक्रम<br>के गर्ने | कहाँ गर्ने (कुन ठाउँमा योजना निर्माण गर्ने) | योजनाले ओघट्ने क्षेत्र आना वा रोपनी | योजनाको प्रभाव | | अनुमानित लागत ( रु.लाखमा ) |
|---|---|---|---|---|---|
| | | | योजनाबाट लाभान्वित हुने घरधुरी | कति रोजगारी सृजना हुन्छ | |
| **माडी - दाङ डाईभर्जन बहुउद्देशिय आयोजना**<br>● माडी खोलालाई डाईभर्ट गरेर सुरुङ मार्फत रोल्पा नगरपालिकाबाट लमही लगिने<br>● १५६ मेगावाट क्षमताको हाईड्रोपावर प्लान्ट भएको<br>● सिँचाइ, खानेपानी लगयातका बहुउद्देशिय आयोजना<br>● नेपाल सरकार मार्फत को आयोजना<br>● वडा १, २, ५, ७ र ६ को क्षेत्रफल समेटिने<br>● जलाशय निर्माण हुने र नगरपालिकामा पर्यटनको प्रचुर संभावना उजागर गर्ने<br>● १८ - २० कि मि लामो सुरुङ हुने | ● वडा १, २, ५, ७ र ६ को क्षेत्रफल समेटिने<br>● ईनटेक वडा ५ मा रहने | सर्भे भईरहेको | | प्रत्यक्ष १०००० भन्दा बढी | २०००० |

| प्रमुख कार्यक्रम<br>के गर्ने | कहाँ गर्ने (कुन ठाउँमा योजना निर्माण गर्ने) | योजनाले ओघट्ने क्षेत्र आना वा रोपनी | योजनाको प्रभाव | | अनुमानित लागत ( रु.लाखमा ) |
|---|---|---|---|---|---|
| | | | योजनाबाट लाभान्वित हुने घरधुरी | कति रोजगारी सृजना हुन्छ | |
| **धाङ्सी खोला सना जलविद्युत आयोजना**<br>● पालिकाको आयोजना<br>● स्थानीय जनता माझ आई पि ओ निस्कासन गरेर लगानी उठाउने<br>● श्रोत जुटाउन लगानी सम्मेलनमा निजी कम्पनीहरुसंग प्रारम्भिक छलफल भएको<br>● बाँध निर्माण गर्ने<br>● माछापालन<br>● पर्यटन बढाउने<br>● रोजगारी बढाउने | ● वडा ४, २, ९ र १० को क्षेत्रफल समेटिने | | पालिकाभरिका विद्युत खपत गर्ने घरधुरी | प्रत्यक्ष ५०० – ७०० | ५००० |
| **लिबाङ - जलजला - थबाङ - लिबाङ - सल्लिबोट - सल्लिबोट - कोछ्याप - घोराही सडक**<br>● पालिकालाई घोराही हुँदै दक्षिण जोड्ने सडक<br>● अहिलेको मुल सडक (भालुबाङ - लिबाङ सडक) को वैकल्पिक सडक बन्न सक्ने | वडा १ , ५, १०, ४ भई घोराही | | | | |
| **जनयुद्ध स्मृति टावर**<br>● ढुङ्गे बगैचा सहितको दृश्यावलोकन गर्ने भ्यू टावर<br>● जनयुद्धको स्मृतिमा निर्मित<br>● पालिकाको हाल कायम भएको प्रमुख पर्यटकिय स्थल | वडा ३, सातदोबाटो | १५रोपनी | | प्रत्यक्ष अप्रत्यक्ष गरि करीब ५०० | १००० |
| **माडिचौर रंगशाला**<br>● मैदान निर्माण भएको<br>● व्यावसायिक भवनहरु सहितको प्यारापेट र कभर्ड हल भएको संरचना निर्माण गर्ने योजना | वडा ७, माडिचौर | | | करीब ५०० | १००० |

## १०.३ अन्तरपालिका सहकार्यमा सम्पन्न गर्न सकिने आयोजना

| सहकार्यका संभाव्य विषय क्षेत्र | संभाव्य परियोजना | उपयुक्त क्षेत्र | |
|---|---|---|---|
| **पर्यटन, उर्जा तथा सिँचाइ** | बृहत पर्यटकीय क्षेत्र, माडी बहुउद्देशिय आयोजना | जलजला पदमार्ग (सुनछहरी, धवाङ, प्युठान स्वर्गद्वारी र रुण्टीगडी गा पा) | |
| **शिक्षा** | आवाशिय प्राविधिक विद्यालय | सबै पालिकालाई पायक पर्ने स्थानको खोजी गरी सर्वसम्मत निर्णय गर्न सकिने, | |
| **व्यावसायिक प्रर्वद्धन** | एकिकृत उद्योग ग्राम प्रर्वद्धन आयोजना | सबै पालिकालाई पायक पर्ने स्थानको खोजी गरी सर्वसम्मत निर्णय गर्न सकिने, | |
| **स्वास्थ्य सेवा** | बिशिष्ट स्वास्थ्य सेवा प्रर्वद्धन आयोजना | सबै पालिकामा निर्माणको चरणमा रहेको १५ शैयाको अस्पतालमा (ENT, Orthopedic, Gynecology, Pediatric) जस्ता बिशिष्ट सेवा उपलब्ध गराउन सहकार्य गर्ने | |
| **आकस्मिक सेवा व्यवस्थापन** | एकिकृत अग्नी उपकरण सञ्चालन तथा व्यवस्थापन आयोजना, एम्बुलेन्स आदि | सबै पालिकालाई पायक पर्ने स्थानको खोजी गरी सर्वसम्मत निर्णय गर्न सकिने, | |
| **कृषिमा आधारित उद्यम विकास** | खाद्य कृषि, मौसमी वेमौसमी तरकारी, मसला, दलहन, फलफुल, जडीबुटी उत्पादन, भण्डारण तथा प्रशोधनसंग सम्बन्धित एकिकृत उद्यम विकास परियोजना | सबै पालिकालाई पायक पर्ने स्थानको खोजी गरी सर्वसम्मत निर्णय गर्न सकिने, | |
| **उद्योग** | घरेलु तथा साना उद्योग (अल्लो, कपडा, टोपी, फर्निचर,) तथा हस्तकला सम्बन्धी उद्योग | सबै पालिकालाई पायक पर्ने स्थानको खोजी गरी सर्वसम्मत निर्णय गर्न सकिने, | |

## १०.४ रुपान्तरणकारी आयोजना

| आयोजनाको नामा | क्षेत्र (समेट्ने वडाहरु) |
|---|---|
| कृषि पकेट क्षेत्र | तरकारी पकेट क्षेत्र माडीचौर, आलु पकेट क्षेत्र वडा नं. १० धवाङ, सुन्तला पकेट क्षेत्र वडा नं. १,४,१०, |
| आवासीय क्षेत्र | वडा नं. ४ लिवाङ, रेउघा, जेवाङ, ह्वामा, कोटगाउँ |
| कृषि हाट बजार, संकलन केन्द्र, चिस्यान केन्द्र | वडा नं. ७ माडीचौर दुग्ध सहकारी, वडा नं. ४ हाट बजार |
| वस पार्क | वडा नं. २ रेउघा, वडा नं. ४ सोलावाङ्ग |
| व्यावसायिक क्षेत्र | कृषि (माडीचौर)व्यापारिक केन्द्र (लिवाङ),रेउघा, सातदोबाटो, दार्वोट |
| खेलकुद क्षेत्र | माडीचौर रंगशाला (७),कालिमाटी खेलमैदान (२), गुरुङगाउँ (४) लिवाङ टुडीखेल र कवर्डहल |
| विद्यालय, कलेज क्षेत्र (शैक्षिक क्षेत्र) | जलजला क्याम्पस (४), रोल्पा बहुप्राविधिक शिक्षालय (१), प्राकृतिक स्रोत व्यवस्थापन कलेज (७) |
| पार्क तथा पर्यटकीय क्षेत्र तथा कृषि पर्यटन र जलाशय क्षेत्र | रक गार्डेन (३), गुरुङ गाउँ बुद्धपार्क, मधुरिमा (२)कालिपोखरी (४), कोतालिम चुनारी भिर (२) |
| स्वास्थ्य क्षेत्र | जिल्ला अस्पताल (२), स्वास्थ्य केन्द्र (४) |
| वन क्षेत्र | रोल्पा न पा अन्तर्गत १५८९८ हेक्टर |
| धार्मिक क्षेत्र | भदौरे मन्दिर (१), दह(२)शिवालय (४), देवीस्थान (७) |
| फोहोर मैला व्यवस्थापन क्षेत्र | लेदो व्यवस्थापन स्थल (४), फाहोर मैला व्यवस्थापन (गुरुङगाउँ) |

## १०.५ वडागत योजना

| मुख्य आयोजना | सहकार्य | | | | | प्राथमिकीकरण | | | अनुमानित बजेट |
|---|---|---|---|---|---|---|---|---|---|
| | पलिका आफै | अन्तरपालिका | संघ | प्रदेश | नीजि क्षेत्र | P1 | P2 | P3 | |
| **वडा नं. १ अर्न्तगतका आयोजनाहरु** | | | | | | | | | |
| उचित श्रोत पहिचान गरेर वडामा सिँचाई र खानेपानी पुर्याउन बृहत खानेपानी तथा सिँचाई लिफ्ट परियोजना | √ | | √ | √ | | √ | | | |
| संकलन केन्द्र स्थापना गरेर जडीबुटी खेती को बिस्तार कार्यक्रम | √ | | | √ | √ | | √ | | |
| बामरुक धारापानी निगाले मोटरबाटो स्तरोन्नती | | | | | | | | | |
| खेलकुद मैदान निर्माण | | | | | | | | | |
| हाल सञ्चालनमा रहेको सुन्तला पाकेट क्षेत्रलाई ब्लक क्षेत्रका रूपमा विस्तार गरिने | √ | | √ | √ | | | √ | | |
| वडा नं. १ लाई धान पाकेट क्षेत्रको रूपमा विकास गरिने | √ | | | √ | | | √ | | |
| मसिनाडाँडा कालीपोखरीलाई पर्यटन गन्तव्यका (पिकनिक स्पोट) रूपमा स्थापित गर्ने | √ | | | √ | | √ | | | |
| भदौरे मन्दिर क्षेत्र विकास कार्यक्रम | √ | | | | √ | √ | | | |
| विद्यालय संरचना निर्माण तथा स्तोरन्नती कार्यक्रम | √ | | √ | √ | | √ | √ | | |
| कालीपोखारीमा रहेको डम्पिङ साईट व्यवस्थापन | √ | | | | | √ | | | |
| लिवाङ मसिना सल्लिबोट माडिखोला सडक र भैंसीगैरा खेवासे बाजबिसौना सडक स्तोरन्नती गरी यातायात सेवा सुचारु कार्यक्रम | √ | | √ | √ | | √ | | | |
| छहरेपाना र पानामा लहरी खोलाको पहिरो नियन्त्रण कार्यक्रम | √ | | | √ | | √ | | | |
| बाँकी रहेका ५ प्रतिशत घरधुरीमा विद्युतिकरण गरिने | √ | | √ | √ | | √ | | | |
| समुदायिक भवन निर्माण | √ | | | √ | | √ | | | |
| वन क्षेत्रको आगलागी, चोरी नियन्त्रण र सिमाना विवाद समाधान कार्यक्रम | √ | | √ | √ | | | √ | | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| फुसको छाना हटाउने कार्यक्रम निरन्तरता | √ | | | √ | | √ | | | |
| **वडा नं. २ अर्न्तगतका आयोजनाहरु** | | | | | | | | | |
| वडा नं. २ लाई पशुपालनको पाकेट क्षेत्रको रूपमा विकास गरिने | √ | | | √ | | √ | | | |
| समस्त वडामा खानेपानी पुर्याउन बृहत खानेपानी परियोजना | √ | | √ | √ | | | √ | | |
| विद्यार्थी आवास गृह निर्माण | | | | | | | | | |
| मुलपानी धाइरे पोखरी खेलमैदान | √ | | √ | √ | | | √ | √ | |
| देउराली कपासेनी पक्की पुल निर्माण | √ | | √ | √ | | | √ | √ | |
| रेउघा मुलपानी पेकट क्षेत्र | √ | | √ | √ | | | √ | √ | |
| सिबाङमा कृत्रिम पोखरी निर्माण गरी वडामा सिँचाई परियोजना कार्यक्रम | √ | | | √ | | | √ | | |
| वडामा एउटा बैंकको स्थापना गरिने | √ | | | | √ | √ | | | |
| चुनारेभिरमा आकाशेपुल निर्माण गरेर बन्जी जम्प लगायतका साहसिक पर्यटन सुचारु गर्ने | √ | | √ | √ | √ | | | √ | |
| विद्यालय संरचना निर्माण तथा स्तोरन्नती कार्यक्रम | √ | | √ | √ | | √ | √ | | |
| रेउघा मगर होम्स्टेलाई स्तोरन्नती गरी नगरकै प्रमुख होमस्टेका रूपमा स्थापना गरिने | √ | | | √ | | | √ | | |
| स्वास्थ्य चौकीमा बर्थिङ सुविधा सुचारु गरी स्तोरन्नती गरिने | √ | | √ | √ | | √ | | | |
| मधुरमा पर्यटन क्षेत्र, दह बराह मन्दिर, भिमसेन मन्दिर, बागेश्वोरी मन्दिर क्षेत्र विकास कार्यक्रम | √ | | | | | √ | | | |
| रिठाबोट देउराली सडक, क्याम्पस धनमुडा सडक र साततले थलिबाङ सडक स्तोरन्नती गरी यातायात सेवा सुचारु कार्यक्रम | √ | | √ | √ | | √ | √ | | |
| जापा - क्वांगा र खाडाबाङ - वाजा जोड्ने झोलुङ्गे पूल निर्माण गर्ने | √ | | | √ | | √ | | | |
| बाँकी रहेका २ प्रतिशत घरधुरीमा विद्युतिकरण गरिने | √ | | √ | √ | | √ | | | |
| रेउघा बसपार्क निर्माण | √ | | | √ | | √ | | | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| वडाका मुख्य चौक, सार्वजनिक कार्यालय, विद्यालय लगयातका प्रमुख स्थानहरुमा Wi-Fi zone र सोलार बत्तीहरु जडान गरिने | √ | | | | √ | √ | | | |
| वन क्षेत्रको आगलागी र चोरी नियन्त्रण समाधान कार्यक्रम | √ | | √ | √ | | √ | | | |
| फुसको छाना हटाउने कार्यक्रम निरन्तरता | √ | | | √ | | √ | | | |
| **वडा नं. ३ अर्न्तगतका आयोजनाहरु** | | | | | | | | | |
| वडा नं. ३ लाई आलु उत्पादनको पाकेट क्षेत्रको रूपमा विकास गरिने | √ | | | | | √ | | | |
| कृषि उत्पादन भण्डारण गर्न कोल्ड स्टोरको स्थापना गरिने | √ | | | √ | | | √ | | |
| समस्त वडामा सिँचाई सेवा पुर्याउन बृहत सिँचाई परियोजना | √ | | √ | √ | | √ | | | |
| वडाको चौरपानी धुमखोला क्षेत्रको कोइलाखानी अन्वेशण र उत्पादन गर्ने | | | √ | √ | √ | | | √ | |
| राष्ट्रिय मा.वि., जनसुधार आ. वि. र गणेश आ. ज्ञवि. मा पक्की भवन निर्माण कार्यक्रम | | | √ | | | √ | | | |
| स्वास्थ्य चौकीको पक्की भवन निर्माण कार्यक्रम | | | √ | | | √ | | | |
| रामदशी गुरुङटोलमा पहिरो नियन्त्रण कार्यक्रम | √ | | | | | √ | | | |
| नौलापानी मन्दिर, खड्गथान, रानी बाराह मन्दिर, सिद्धबाबा मन्दिर , गुफालेक क्षेत्र विकास कार्यक्रम | √ | | | | √ | | √ | | |
| धुमखोला र बैधाराडेरामा लिफ्टिङ खानेपानी आयोजना निर्माण | √ | | | √ | | √ | | | |
| नुवाकोटमा खेलकुद मैदान निर्माण | √ | | | √ | | √ | | | |
| मारुनी नांच, मयुर नांच र पञ्चेबाजा संरक्षण र सम्बर्धन कार्यक्रम | √ | | | | | √ | | | |
| फुसको छाना हटाउने कार्यक्रम निरन्तरता | √ | | | √ | | √ | | | |
| लम्पुजा बराहथान सडक र वडा कार्यालय सडक स्तोरन्नती गरी यातायात सेवा सुचारु कार्यक्रम | √ | | | √ | | √ | | | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| वडाका मुख्य चौक, सार्वजनिक कार्यालय, विद्यालय लगयातका प्रमुख स्थानहरुमा Wi-Fi zone र सोलार बत्तीहरु जडान गरिने | √ | | | | √ | √ | | | |
| वडा नं. ४ अन्तर्गतका आयोजना | | | | | | | | | |
| गुरुङ गाउँ सातदोवटो कालीपोखरी पदमार्ग | √ | | | | √ | | √ | | |
| कालिमाटि कालिपोखरी पर्यटकीय क्षेत्र विकास | √ | | | √ | | √ | | | |
| गुरुङगाउँ थामधुरी पदमार्ग | √ | | | √ | | √ | | | |
| मोटरबाटोहरु कालोपत्रे र स्तरउन्नती | √ | | | | | √ | | | |
| बजार क्षेत्रमा व्यवस्थित ढल | √ | | | √ | | √ | | | |
| लघु उद्यमी कोशेली घर | √ | | | √ | | √ | | | |
| कृषि क्षेत्र आधुनिकीकरण का लागि औजार वितरण | √ | | | | √ | √ | | | |
| हाट बजार सञ्चालन | √ | | | | √ | | √ | | |
| सबैजी भण्डार तथा कोल्ड स्टोर भवन निर्माण | √ | | | √ | | √ | | | |
| बाल मन्दिरलाई नमुना विद्यालयमा परिणत गरी आठ कक्षा सम्म सञ्चालन | √ | | | √ | | √ | | | |
| व्यवस्थित खेलमैदान निर्माण | √ | | | | | √ | | | |
| सुनिल मार्ग स्तरोन्नती | √ | | | √ | | √ | | | |
| गुरुङगाउँ लिफ्ट् सिँचाइ आयोजना | √ | | | √ | | √ | | | |
| युवा लक्षित उद्यमविकास कार्यक्रम | √ | | | | √ | √ | | | |
| हेलावाङ घुम्टी पिपलवोट सडक स्तरोन्नती | | | | | | | | | |
| धाङसी खोलामा शवदह स्थल तथा क्रियापुत्री भवन निर्माण | | | | | | | | | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| **वडा नं. ५ अर्न्तगतका आयोजनाहरु** | | | | | | | | | |
| नगरपालिका केन्द्रसम्म सहज जडान गर्न बाजाबाङ माडीखोलामा पक्की पूल निर्माण | √ | | | √ | | √ | | | |
| मौरीपालन र बाख्रापालनको पाकेट क्षेत्र कार्यान्वयन कार्यक्रम | √ | | | | | √ | | | |
| ठुलालेकमा पिकनिक रिजोर्ट र पर्यटन क्षेत्र विकास कार्यक्रम | √ | | | √ | √ | | √ | | |
| उचित श्रोत पहिचान गरेर वडामा सिँचाई र खानेपानी पुर्याउन बृहत खानेपानी तथा सिँचाई लिफ्ट परियोजना | √ | | √ | √ | | | √ | | |
| स्वास्थ्य चौकीको पक्की भवन निर्माण कार्यक्रम | √ | | | √ | | √ | | | |
| डाब्र, कल्लेरी र कोछापमा झोलुङ्गे पूल निर्माण | √ | | | | | √ | | | |
| बालप्रकाश आ. वि. को पक्की भवन निर्माण | √ | | | | | √ | | | |
| लिबाङ सल्लिबोट कोछाप उग घलेबाङ दाङ सडक र लिबाङ बाजाबाङ जेतबाङ गोगनपानी रुन्टी सडक स्तोरन्नती गरी यातायात सेवा सुचारु कार्यक्रम | √ | | √ | √ | | | √ | | |
| बाँकी रहेका ५० प्रतिशत घरधुरीमा विद्युतिकरण गरिने | √ | | √ | √ | | √ | | | |
| वडामा हेलिप्याड निर्माण गर्ने र एम्बुलेन्स सेवा सुचारु गर्ने | √ | | | | | √ | | | |
| वडाका मुख्य चौक, सार्वजनिक कार्यालय, विद्यालय लगयातका प्रमुख स्थानहरुमा Wi-Fi zone र सोलार बत्तीहरु जडान गरिने | √ | | | | √ | √ | | | |
| **वडा नं. ६ अर्न्तगतका आयोजनाहरु** | | | | | | | | | |
| राष्ट्रिय दलित संग्रहालय निर्माण सम्पन्न | | | √ | | | √ | | | |
| सिँचाईका लागि मर्काबाङ परेमाखोलामा जलाशय निर्माण | √ | | | √ | | | √ | | |
| दारबोटमा युद्ध पर्यटन क्षेत्र निर्माण | √ | | √ | | | √ | | | |
| देउराली डाँडामा युद्धकालका गुरिल्ला तालिम र ट्र्याकहरुलाई युद्ध पर्यटन क्षेत्रका रूपमा विकास गर्ने | √ | | | √ | | | √ | | |
| वडा नं. ६ लाई बंगुर र बाख्रापालनको पाकेट क्षेत्रको रूपमा विकास गरिने | √ | | | | | √ | | | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| झिडसिलमा तरकारी र कृषि उपज संकलन केन्द्र निर्माण | √ | | | | | √ | | | |
| लिबाङ दारबोट सडक र बेलैटी धाराकोपो सडक स्तोरन्नती गरी यातायात सेवा सुचारु कार्यक्रम | √ | | √ | √ | | | √ | | |
| कोटालिम, ङर्कोबाङ, काफलबोट र दारबोटमा निर्माणाधिन पार्कहरुको निर्माण सम्पन्न गर्ने | √ | | | √ | | √ | | | |
| झुलाबाङ, चुव, देव्स्थल, कुइरीबाङ र गोरुबारेमा लाग्ने वर्षेनी मेला व्यवस्थित गर्न संरचना निर्माण गरिने | √ | | | | | | √ | | |
| विद्यालय संरचना निर्माण तथा स्तोरन्नती कार्यक्रम | √ | | √ | √ | | | √ | | |
| स्वास्थ्य चौकीको पक्की भवन निर्माण कार्यक्रम | √ | | | √ | | √ | | | |
| वडा स्तरिय खेलकुद मैदान निर्माण गरिने | √ | | | | | | √ | | |
| जापामा झोलुङ्गे पूल निर्माण | √ | | | | | √ | | | |
| रिचार्ज पोखरी व्यवस्थापन र संरक्षण कार्यक्रम | √ | | | | | √ | | | |
| वडामा हेलिप्याड निर्माण गर्ने र एम्बुलेन्स सेवा सुचारु गर्ने | √ | | | | | √ | | | |
| वडाका मुख्य चौक, सार्वजनिक कार्यालय, विद्यालय लगयातका प्रमुख स्थानहरुमा Wi-Fi zone र सोलार बत्तीहरु जडान गरिने | √ | | | | √ | √ | | | |
| **वडा नं. ७ अन्तर्गतका आयोजनाहरु** | | | | | | | | | |
| वडा नं. ७ लाई तरकारी खेतीको पाकेट क्षेत्रको रूपमा विकास गरिने | √ | | | | | √ | | | |
| कृषि उत्पादन भण्डारण गर्न कोल्ड स्टोरको स्थापना गरिने | | | | √ | | | √ | | |
| माडीचौर क्षेत्रलाई सांस्कृतिक ग्रामको रुपमा विकास गर्ने | | | | | | | | | |
| चङलिङ लिफ्ट सिँचाइ आयोजना | | | | | | | | | |
| ग्रामिण विद्युतीकरण (१५ प्रतिशत घरधुरीलाई) | | | | | | | | | |
| माडीखोला – रम्जागाँउ र गरम्पु – दाङबाङ सिँचाई योजना | | | | √ | | √ | | | |
| ऋकेश्वर तातोपानी क्षेत्रलाई पर्यटन गन्तव्यका रूपमा स्थापित गर्ने | √ | | | | √ | √ | | | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| विद्यालय संरचना निर्माण तथा स्तोरन्नती कार्यक्रम | √ | | √ | √ | | √ | | | |
| बाल उदय मा. वि. मा ल्याब निर्माण | √ | | | | | √ | | | |
| स्वास्थ्य चौकी भवन निर्माण | | | √ | | | √ | | | |
| नगर रंगशालाको प्यारापेट निर्माण | √ | | | √ | | | √ | | |
| माडिचौर कोटगाँउ सडक र माडिचौर जडखोला सडक स्तोरन्नती गरी यातायात सेवा सुचारु कार्यक्रम | √ | | | | | √ | | | |
| ज्याब्यु र धतुङ्सीमा झोलुङ्गे पूल निर्माण | √ | | | | | √ | | | |
| हुङ्ग्री खोलामा पक्की पूल निर्माण | | | | √ | | √ | | | |
| समुदायिक भवन निर्माण | | | √ | | | √ | | | |
| माडीखोला तटबन्धन कार्यक्रम | | | | √ | | √ | | | |
| वडाका मुख्य चौक, सार्वजनिक कार्यालय, विद्यालय लगयातका प्रमुख स्थानहरुमा Wi-Fi zone र सोलार बत्तीहरु जडान गरिने | √ | | | | √ | √ | | | |
| **वडा नं. ८ अर्न्तगतका आयोजनाहरु** | | | | | | | | | |
| कुदहर खानेपानी योजना | | | | √ | | √ | | | |
| स्वास्थ्य चौकी भवन निर्माण | | | √ | | | √ | | | |
| नम्ली आ. वि. भवन निर्माण | | | √ | | | √ | | | |
| विद्यालय संरचना निर्माण तथा स्तोरन्नती कार्यक्रम | √ | | √ | √ | | | | √ | |
| धारीखोला, लिजाखोला, कपैखोला – तिलाचौर सिँचाई योजना | √ | | | √ | | | √ | | |
| मगर सांस्कृतीक संग्रहालय निर्माण सम्पन्न | √ | | | | | √ | | | |
| तिलाचौरमा युद्ध स्मरण पार्क लगायतका अन्य संरचना स्थापना गरि पर्यटन क्षेत्रका रुपमा स्थापित गर्ने | √ | | √ | √ | √ | | √ | | |
| तामाखानी झरना र छायाछत्र झरना तथा भिरमौरी पर्यटन क्षेत्र विकास कार्यक्रम | √ | | | √ | | | | √ | |
| माडिचौर कुरेली सडक र माडिचौर गैराकोटी सडक स्तोरन्नती गरी यातायात सेवा सुचारु कार्यक्रम | √ | | √ | √ | | | √ | | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| बाँकी रहेका ५ प्रतिशत घरधुरीमा विद्युतिकरण गरिने | √ | | √ | √ | √ | √ | | | |
| वडा नं. ८ लाई जडीबुटी उत्पादन क्षेत्रको रूपमा विकास गरिने | √ | | | | | | √ | | |
| सेलकुड खोला, जेरीबाङ र धरबासमा पहिरो नियन्त्रण कार्यक्रम | √ | | | | | √ | | | |
| वडामा हेलिप्याड निर्माण गर्ने | √ | | | | | √ | | | |
| वडाका मुख्य चौक, सार्वजनिक कार्यालय, विद्यालय लगयातका प्रमुख स्थानहरुमा Wi-Fi zone र सोलार बत्तीहरु जडान गरिने | √ | | | | √ | √ | | | |
| **वडा नं. ९ अर्न्तगतका आयोजनाहरु** | | | | | | | | | |
| हुड्रे खोला र फाल्जा खोलामा पक्की पुल निर्माण | | | √ | | | √ | | | |
| वडा नं. ९ लाई आलु उत्पादनको पाकेट क्षेत्रको रूपमा विकास गरिने | √ | | | | | √ | | | |
| नैपोट र कूलोबोटखोला – कुवापातल सिँचाई योजना निर्माण | | | | √ | | | √ | | |
| ह्वमा दुलीडाँडामा शहिद पार्क निर्माण | | | √ | | | √ | | | |
| ह्वमा सिद्धगुफा विकास कार्यक्रम | √ | | | | | | √ | | |
| स्वास्थ्य चौकी भवन निर्माण | | | √ | | | √ | | | |
| विद्यालय संरचना निर्माण तथा स्तोरन्नती कार्यक्रम | √ | | √ | √ | | | | √ | |
| समस्त वडामा खानेपानी पुर्याउन बृहत खानेपानी परियोजना | √ | | √ | √ | | | √ | | |
| क्यूवाङखोला, वनकाखोला, फाल्जाखोला र अँधेरीखोला र ह्वमामा पूल निर्माण | √ | | | | | √ | | | |
| लिवाङ ह्वमा टुटु मिरुल सडक, गर्पा तवारी फाल्चा लटाबाङ सडक, माडिचौर रिसबाङ सडक स्तोरन्नती गरी यातायात सेवा सुचारु कार्यक्रम | √ | | √ | √ | | | √ | | |
| स्मार्ट कृषि गाउँ | | | | | | | | | |
| गर्पा, लातावाङ रिस्वाङ, गोल्वाङ, धाङसी खोला, ह्वामा, भिरुल मा मोटरबाटो | | | | | | | | | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| वडालाई जडीबुटी पकेट क्षेत्र बनाउने | | | | | | | | | |
| मा.वि र स्वास्थ्य चौकी  लिवानको भवन निर्माण | | | | | | | | | |
| हाडबाङ र फाल्जागाउँलाई फलफूल खेतीको पकेट क्षेत्र निर्माण | | | | | | | | | |
| फुसको छाना हटाउने कार्यक्रम निरन्तरता | √ | | | | | √ | | | |
| बाँकी रहेका ७५ प्रतिशत घरधुरीमा विद्युतिकरण गरिने | √ | | √ | √ | | √ | | | |
| वन क्षेत्रको आगलागी, पहिरो र चोरी नियन्त्रण समाधान कार्यक्रम | √ | | | | | √ | | | |
| वडालाई जडीबुटी उत्पादन क्षेत्रको रूपमा विकास गरिने | √ | | | | | | √ | | |
| रिस्बाङ खेलकुद मैदान निर्माण | √ | | | | | √ | | | |
| वडाका मुख्य चौक, सार्वजनिक कार्यालय, विद्यालय लगयातका प्रमुख स्थानहरुमा Wi-Fi zone र सोलार बत्तीहरु जडान गरिने | √ | | | | √ | √ | | | |
| **वडा नं. १० अन्तर्गतका आयोजनाहरु** | | | | | | | | | |
| वडा नं. १० लाई किवी र अलैंची उत्पादन क्षेत्रको रूपमा विकास गरिने | √ | | | | √ | √ | | | |
| वडामा एउटा वित्तीय संस्थाको स्थापना गरिने | √ | | | | √ | √ | | | |
| ओखेनी–छेडा–जलजला बेशक्याम्प ट्रेकिङ रुट तथा स्याकाई होमस्टेलाई वडाको प्रमुख पर्यटन गन्तव्यका रूपमा स्थापित गरिने | √ | | | √ | √ | √ | | | |
| बराह मन्दिर र जिजुधुरी पर्यटन विकास कार्यक्रम | √ | | | | | | √ | | |
| दोभान धाङसी भाकासी मोटरबाटो | √ | | | √ | √ | √ | | | |
| कासावाङ रिसौखोला चौइवाङ लातावाङ मोटरबाटो | √ | | | √ | √ | √ | | √ | |
| दोभान पक्की पुल | √ | | | √ | √ | √ | | √ | |
| भावाङ धैरेनी पक्की पुल | √ | | | √ | √ | √ | | √ | |
| भेडीखर्क, भोकासीवाङ पक्की पुल | √ | | | √ | √ | √ | | √ | |
| खाङच्याङ धाङसी सिँचाइ आयोजना | √ | | | √ | √ | √ | | √ | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| लिफ्किका तरकारी, धाङसी र कुलुम्पा आलु पकेट तथा भैसी पालन | √ | | | √ | √ | √ | | √ | |
| धाङसी खुङ, टापु जडीवुटी अल्लोखेती | √ | | | √ | √ | √ | | √ | |
| धाङसी विद्यालय, हिमालय मा.वि, जनप्रिय प्रा.वि, गुरुदय आ.वि विश्वतेज आ.वि र जलजला प्रा.वि को पक्की भवन | √ | | | √ | √ | √ | | √ | |
| धामतारा गल्फुमा युद्धकालका गुरिल्ला तालिम र ट्र्याकहरुलाई युद्ध पर्यटन क्षेत्रका रूपमा विकास गर्ने | √ | | | | | | √ | | |
| भनभने न पा शहरी स्वास्थ्य केन्द्र निर्माण | √ | | √ | | | √ | | | |
| लिबाङ थबाङ जलजला सडक, लकसमारे धबाङ न पा धाङ्सी सडक सडक स्तोरन्नती गरी यातायात सेवा सुचारु कार्यक्रम | | | √ | | | √ | | | |
| जोगिनमारे भुम सडक निर्माण | | | √ | | | √ | | | |
| पैरा बर्मथान सडक निर्माण | | | | √ | | √ | | | |
| कर्चेखोला सुनाबाङ सडक निर्माण | √ | | | | | √ | | | |
| धबाङ धाङ्सी खोला, जेनोताङ कर्जा खोला र सानोच्युरीधारामा झोलुङ्गे पुल निर्माण | √ | | | | | √ | | | |
| धाङ्सी, पेवा, खाँमन र धबाङमा पहिरो नियन्त्रण कार्यक्रम | √ | | | √ | | √ | | | |
| बाँकी रहेका ५५ प्रतिशत घरधुरीमा विद्युतिकरण गरिने | √ | | √ | √ | | √ | | | |
| वडामा हेलिप्याड निर्माण गर्ने र एम्बुलेन्स सेवा सुचारु गर्ने | √ | | | | | √ | | | |
| वडाका मुख्य चौक, सार्वजनिक कार्यालय, विद्यालय लगयातका प्रमुख स्थानहरुमा Wi-Fi zone र सोलार बत्तीहरु जडान गरिने | √ | | | | √ | √ | | | |

परिच्छेद - एघार

# अनुगमन तथा मूल्याङ्कन

स्थानीय तहको विकासको मेरुदण्डको रूपमा रहेका विकास नीति, योजना तथा कार्यक्रमहरूको सफल कार्यान्वयनका लागि अनुगमन तथा मूल्याङ्कनको महत्वपूर्ण भूमिका रहन्छ। स्थानीय तहले योजना तर्जुमा तथा कार्यान्वयनमा सशक्त स्वःअनुगमन तथा मूल्याङ्कन प्रणालीको स्थापना गरी आफूले निर्धारण गरेका लक्ष्य तथा उद्देश्य हासिल गर्ने दिशातर्फ योजनाको प्रगति उन्मुख भएको छ वा छैन भन्ने जानकारी प्राप्त गर्नुपर्ने हुन्छ । कार्यान्वयन चरणको समयमा नै आयोजनाहरूमा भएको लगानी तथा साधनको प्रवाह समुचित ढंगले भएको छ वा छैन, कार्यतालिका अनुसार क्रियाकलापहरू सुचारु भएका छन् वा छैनन साथै व्यवस्थापकीय कमजोरीहरू के के छन् भन्ने जानकारी प्राप्त गर्नुपर्ने हुन्छ। त्यसैले, नगरपालिकाले आवधिक योजनाको आधारमा वार्षिक विकास योजना तर्जुमा गर्नुपर्ने हुन्छ। वार्षिक योजना कार्यान्वयनका लागि कार्यान्वयन तालिका समेत तयार गर्नुपर्ने र सो कार्यान्वयन तालिकामा बजेट सहितका अनुगमनका कार्यहरूसमेत निर्दिष्ट गरी तदअनुसार अनुगमन गर्ने कार्यप्रणाली स्थापित गरिनु पर्दछ।

### ११.१ अवसर र चुनौती

योजनाबद्ध विकासको प्रयासमा अनुगमनलाई योजना चक्रको अभिन्न हिस्सा र प्रगति सिंहावलोकन गर्ने प्रमुख आधार मान्ने गरिन्छ। स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १४ ले नगर प्रमुख र उपप्रमुखको काम कर्तव्य र अधिकारमा योजना तथा कार्यक्रमको अनुगमन तथा सुपरिवेक्षण गरी सोको प्रतिवेदन बैठकमा पेस गर्नुपर्ने कानुनी व्यवस्था गरेको छ । त्यस्तै उपप्रमुखको अध्यक्षतामा अनुगमन समितिको समेत प्रबन्ध भएको देखिन्छ। जिल्ला समन्वय समितिले पनि अनुगमन र वार्षिक समीक्षा गर्नुपर्ने संस्थागत र कानूनी व्यवस्था भएको छ। त्यस्तै ऐनको दफा ८४ ले प्रमुख प्रशासकीय अधिकृतले प्रमुखको निर्देशनमा अनुगमन तथा मूल्याङ्कन गर्ने गराउने कानूनी व्यवस्था गरेको छ। स्थानीय सरकार सञ्चालन ऐनले नगरपालिकालाई आफ्नो कार्यक्षेत्रभित्र पर्ने विकास योजनाको अनुगमन सम्बन्धी कानूनी संस्थागत तथा कार्यविधिगत जिम्मेवारी समेत किटानी व्यवस्था हुनुलाई प्रभावकारी अनुगमन प्रणाली स्थापना गर्ने अवसरको रूपमा लिनुपर्ने हुन्छ।

स्थानीय तहहरूको संस्थागत विकास भइनसकेको वर्तमान अवस्थामा उपरोक्त कानूनी व्यवस्थाको कार्यान्वयन गर्नु चुनौतीपूर्ण रहेको छ । योजना सम्बद्ध प्राविधिक जनशक्तिको अभावले नियमित अनुगमन प्रभावित भइरहेको अवस्था छ । अनुगमन सम्बन्धी संयन्त्रहरू क्रियाशील हुन सकिरहेका छैनन, अनुगमनका लागि छुट्टै बजेटको विनियोजन समेत हुन सकेको देखिदैन। यसैगरी स्थानीय सरकारका रूपमा विभिन्न विषयगत

कार्य जिम्मेवारीहरू प्राप्त भए तापनि ती कार्य जिम्मेवारी अनुसारका अनुगमनका सूचकहरू निर्धारण हुन नसक्नु, तत्तत् विषयगत शाखाबाट आआफ्नो कार्यक्रम अनुसारका क्रियाकलापगत, परिमाणत्मक, नतिजागत, असर वा प्रतिफलगत तहसम्मका सूचकहरू प्राप्त गरी अनुगमन प्रणालीलाई सुव्यवस्थित गर्नु चुनौतीपूर्ण कार्यको रूपमा रहेको छ। प्रतिनिधिहरूलाई अनुगमनको महत्वबोध गराउन नसकिँदा अनुगमनले उचित प्राथमिकता प्राप्त गर्न सकेको देखिँदैन।

कार्यक्रम अनुसारका चरणगत अनुगमन गरी पूर्वनिर्धारित समय, गुणस्तर, लागतमा कार्य भए नभएको यकिन गर्न कार्यान्वय चरणदेखि नै प्रभावकारी अनुगमन प्रणाली स्थापित गरी नतिजामुखी अनुगमन प्रणालीको स्थापना हुन झनै जरुरी देखिन्छ।

## ११.२ उद्देश्य / असर

आवधिक नगर विकास योजना र यस बमोजिम तर्जुमा हुने वार्षिक योजनाहरूको नतिजामुखी अनुगमन तथा मूल्याङ्कन पद्धति स्थापित भई संस्थागत भएको हुनेछ।

## ११.३ रणनीति

- स्थानीय सरकार सञ्चालन ऐन बमोजिमको अनुगमन संयन्त्रलाई संस्थागत गरी क्रियाशील गराइनेछ।
- आवधिक नगर विकास योजनाले निर्दिष्ट गरेका लक्ष्य, उद्देश्य हासिल भए नभएको लक्ष्य र नतिजा सूचकहरूको विकास गरी मध्यावधि मूल्याङ्कन गरिनेछ।
- आवधिक नगर विकास योजनाका आधारमा वार्षिक योजना तर्जुमा गरी योजनाले निर्दिष्ट गरेका लक्ष्यहरू प्राप्त उन्मुख भए नभएको अनुगमन गरिनेछ।
- विषयगत कार्यक्रमहरूको कार्यक्रमगत सूचकहरूको निर्माण गरी तदअनुसार अनुगमन गरिनेछ।
- अनुगमनको कार्यतालिका बनाई अनुगमन गर्ने प्रणालीको विकास गरी, तदअनुसार क्षमता विकासका साथै बजेटको व्यवस्था गरिनेछ।
- अनुगमन पश्चात अनुगमनकर्ताबाट लिखित रूपमा अनुगमन प्रतिवेदन लिने, यसलाई नियमित बैठकमा छलफल गरी देखिएका बाधा अड्चन फुकाइनेछ।
- प्राप्त अनुगमन प्रतिवेदन अनुगमन समितिमा र चौमासिक र वार्षिक प्रतिवेदनको चौमासिक र वार्षिक समीक्षा नियमित रुपमा नगरपालिकामा सबै सरोकारवालाहरुको संलगनतामा गरिनेछ र तत्काल समस्याको समाधान गरी योजना समयमा नै सम्पन्न गर्न तदारुकता लिइनेछ।
- चौमासिक समीक्षा तथा स्थानीय तहको समस्या समाधान समितिको बैठकमा अनुगमन समितिबाट समष्टिगत अनुगमन प्राप्त गरी छलफल गरी समस्याको समाधान गर्ने प्रणालीको स्थापना गरिनेछ।
- योजनाको आर्थिक तथा भौतिक प्रगतिको प्रतिवेदन सम्बन्धित तह, निकायमा तोकिएको समयमा पठाइनेछ। यसका लागि संघ र प्रदेशसंग समन्वय गरी कम्प्युटरमा आधारित एकिकृत सूचना प्रणालीका

फर्मेटहरु विकास गरी आबद्ध गरिनेछ ।

- आवधिक नगर विकास योजनाको मध्यावधि मूल्याङ्कन तेश्रो वर्षमा र अन्तिम मूल्याङ्कन योजनाको समाप्ति पछि गरिनेछ ।
- अनुगमन र मूल्याङ्कन प्रतिवेदन नगरपालिकाको वेबसाइटमा राखिनुका साथै सार्वजनिक समेत गरिनेछ ।

## ११.४ अनुगमन मुल्याङ्कन खाका

आवधिक नगर विकास योजनाको प्रभाव, असर, प्रतिफलको नतिजा मापन तथा सञ्चालित कार्यक्रमको प्रक्रिया अनुगमन गरिनेछ। प्रक्रिया अनुगमन तथा प्राप्त नतिजाको मापन गर्ने जिम्मेवारी नगर कार्यपालिकाको हुनेछ भने यस कार्यमा सुपरीवेक्षण तथा अनुगमन समितिलाई परिचालन गरिनेछ । आवधिक नगरविकास योजनाको अनुगमन तथा मूल्याङ्कनको जिम्मेवारी तथा विधि देहायअनुसार रहेका छन् :

- नगर कार्यपालिका तथा विषयगत समिति
- सुपरीवेक्षण तथा अनुगमन समिति
- जिल्ला समन्वय समिति
- विषयगत शाखा उपशाखा, परियोजना, संघ संस्था
- नागरिक समाज संस्था तथा तेश्रो पक्ष

आवधिक नगर विकास योजनाको अनुगमन तथा मूल्याङ्कनका साधन तथा विधि देहायअनुसार रहनेछन ।

- स्थलगत अनुगमन ।
- कार्ययोजना (लक्ष्य) र प्रगति बीच तुलना ।
- नागरिक अनुगमन ।
- सहभागितामूलक मध्यावधि समीक्षा ।
- सहभागितामूलक अन्तिम समीक्षा (तेश्रो पक्षबाट मूल्याङ्कन) ।

आवधिक नगरविकास योजनाको अनुमान तथा मूल्याङ्कन प्रक्रिया देहाय बमोजिम हुनेछ

| तालिका २६ आवधिक नगरविकास योजनाको अनुमगन तथा मूल्याङ्कन प्रक्रिया | | | |
|---|---|---|---|
| **के अनुगमन गर्ने ?** | **कसले अनुगमन गर्ने ?** | **कहिले अनुगमन गर्ने ?** | **कसरी अनुगमन गर्ने?** |
| कार्यक्रम वा प्रक्रिया अनुगमन | सुपरिवेक्षण तथा अनुगमन समिति, वडा समिति, सरकारी र गैसस, परियोजना | पटके, मासिक, चौमासिक र वार्षिक | स्थलगत अनुगमन गर्ने,<br>चौमासिक कार्ययोजनाको लक्ष्य र प्रगति, विवरणको तुलना गर्ने, |
| प्रतिफल अनुगमन | नगर कार्यपालिका, सुपरिवेक्षण तथा अनुगमन समिति | चौमासिक, अर्धवार्षिक, वार्षिक र मध्यावधि | स्थलगत अनुगमन गर्ने,<br>वार्षिक कार्ययोजनाको लक्ष्य र प्रगति, विवरणको तुलना गर्ने,<br>नतिजामूलक अनुगमन खाका अनुसार नतिजा मापन गर्ने, |
| असर तह अनुगमन | सुपरिवेक्षण तथा अनुगमन समिति र तेश्रो पक्ष | वार्षिक, मध्यावधि र अन्तिम वर्ष | सहभागितामूलक छलफल गर्ने,<br>नतिजामूलक अनुगमन खाका अनुसार नतिजा मापन गर्ने,<br>नमूना सर्वेक्षण गर्ने, |
| प्रभाव तह मूल्याङ्कन | सुपरिवेक्षण तथा मूल्याङ्कन समिति र तेश्रो पक्ष | मध्यावधि र अन्तिम वर्ष | नतिजामूलक अनुगमन खाका अनुसार नतिजा मापन गर्ने,<br>सहभागितामूलक छलफल गर्ने,<br>अध्ययन तथा सर्वेक्षण गर्ने, |

| अनुसूचि | |
|---|---|
| अनुसूची- १ | |
| नगरपालिकाको जिआईएस नक्शा | |
| अनुसूची- ३ | |
| आवधिक विकास योजना तर्जुमा मूल-समिति आवधिक विकास योजना तर्जुमा विषयक्षेत्रगत समिति | |
| अनुसूची- ४ | |
| आवधिक योजना तर्जुमा कार्यशाला गोष्ठीका सहभागीहरुको विवरण: | |
| अनुसूचि ५ | |
| आवधिक योजना तर्जुमा का झलकहरु | |